CC-0. Digitized by eGangotri and MIDF- Delhi

# मीमांसापरिभाषा

## (नेपालीभाषानुवादसहिता)

प्रकाशकम्
जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"जयतु-संस्कृतम्" - संस्थायाः एकोनविंशतितमं पुष्पम्- १९

-कृष्णयज्वाविरचिता

# मीमांसापरिभाषा

(नेपालीभाषानुवादसहिता)

अनुवादकः
प्रा. डा. ऋषिरामपोखरेलः

सम्पादकः
सहप्रा. डा. नवराजकट्टेलः

प्रकाशकः
**जयतु-संस्कृतम्**
काष्ठमण्डपः, नेपालः
दूरभाषः -०१-५७०५३७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


| | | |
|---|---|---|
| पुस्तकनाम | = | **मीमांसापरिभाषा** |
| लेखकः | = | कृष्णयज्वा |
| अनुवादकः | = | प्रा.डा. ऋषिरामः पोखरेलः |
| सम्पादकः | = | सह प्रा.डा. नवराजकट्टेलः |
| प्रकाशकः | = | जयतु संस्कृतम्, नेपालः |
| संस्करणम् | = | प्रथमम् |
| पुस्तकसङ्ख्या | = | ५०० प्रतयः |
| प्रकाशनवर्षम् | = | २०७५ रामनवमी |
| सर्वाधिकारः | = | © अनुवादके |
| मुद्रकः | = | किशोर-अफसेट-मुद्रणालयः, नेपालः |
| ISBN | = | ९७८-९९३७-८५८८-७-८ |
| मूल्यम् | = | रू. २०१/- |


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# प्रकाशकीय

वि.सं २००४ सालमा एकतन्त्रीय राणाशासनको विरोधमा सर्वश्री पूर्णप्रसाद ब्राम्हणको विमर्शमा श्रीभद्र शर्मा, राजेश्वर देवकोटा, कमलराज रेग्मी, पद्मराज अधिकारी आदि विद्यार्थी नेताहरूको नेतृत्वमा सञ्चालित 'जयतु संस्कृतम्' नामक विद्यार्थी आन्दोलनले नेपालको शैक्षिक एवं राजनीतिक इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको छ। वि.सं. २०५४ सालमा सो आन्दोलनले ५० वर्ष पूरा गरेको उपलक्ष्यमा स्वर्णमहोत्सवको आयोजना गरी वि.सं. २०५५ सालमा सो आन्दोलनलाई 'जयतु संस्कृतम्' संस्थाका नाममा रूपान्तरित गरी यसको स्मरणमा तीनधारा छात्रावास अगाडि स्मारकस्तम्भ स्थापित गरिएको छ।

संस्थामा रूपान्तरित भएपछि यसले प्राच्य भाषा, धर्म, संस्कृति, परम्परा मूल्य र मान्यताको संरक्षण, संवर्द्धन र प्रचारलाई आफ्नो मुख्य अभियान वनाएको छ र संस्कृत भाषाको लोकप्रियता वढाउन संस्कृतको पठनपाठन प्रक्रियालाई अरू व्यापक वनाउने, संस्कृत वाङ्मयका महत्त्वपूर्ण ग्रन्थहरूलाई नेपाली सहित विभिन्न लोकभाषामा अनुवाद गर्दै प्रकाशित गर्ने, संस्कृत भाषाको प्रचारप्रसार गर्दै नेपाली संस्कृति र सभ्यताको संरक्षण एवं संवर्द्धन गर्ने, गोष्ठी, प्रशिक्षण, कार्यशाला आदि सञ्चालन गर्ने जस्ता विविध कार्य गर्दै आइरहेको छ। यस संस्थाकै प्रयत्नमा नेपालको सवैभन्दा पुरानो, नेपाल सरकारको प्रकाशन, 'गोरखापत्र' दैनिकमा संस्कृत पृष्ट २०७२ असार १ गते (जयतु संस्कृतम् दिवस) देखि पाक्षिक रूपमा प्रकाशन हुँदै आएको छ। त्यस्तै जयतु संस्कृतम् कै प्रयत्नमा ०७५ भाद्रदेखि नेपाल टेलिभिजनमा संस्कृतसमाचार प्रसारण हुन थालेको छ। लोकसेवा आयोगमा संस्कृत पत्र राख्न, , नेपाल एकेडेमीमा संस्कृत विभाग गठन गराउन, खुला विश्वविद्यालय र अन्य विश्वविद्यालयमा संस्कृत विषय समावेश गर्न गराउन, संस्कृत मा.वि पुनःस्थापित गर्न, गुरुकुल सुदृढ गराउन संस्थाले आवाज उठाउँदै आएको छ। उत्तरमहाभारत र संस्कृत वाङ्मयमा महत्त्वपूर्ण मौलिक ग्रन्थहरू लेखी-लेखाई प्रकाशित गर्ने उद्देश्य पनि संस्थाको छ। संस्कृत नाटकको लेखन र मञ्चन कार्यलाई गति दिन संस्थाले कार्यारम्भ गरिसकेको छ। प्रकाशित संस्कृतको मौलिक पुस्तकको मूल्याङ्कनको आधारमा 'जयतु संस्कृतम्' पुरस्कारद्वारा १२ जना संस्कृतका विद्वान्हरू पुरस्कृत भइसक्नुभएको छ। संस्कृत वाङ्मयको सेवाको आधारमा विद्वान्हरूलाई 'जयतु संस्कृतम् सम्मान'वाट विभूषित गर्ने अर्को कार्यक्रम रहेको छ, जसअन्तर्गत हालसम्म डा. स्वामी प्रपन्नाचार्य, आचार्य केशवशरण, प्रा.डा. वेणीमाधव ढकाल सम्मानित भइसक्नुभएको छ। जयतु संस्कृतम् संस्थाले नै थाइल्यान्डमा सन् १९१५ मा १७ औं विश्व संस्कृत सम्मेलन सम्पन्न हुँदा नेपालमा विश्व संस्कृत सम्मेलन गर्न आफ्ना प्रतिनिधिमार्फत अनुरोध गरी पठाएको थियो। सो प्रक्रिया अगाडि वढ्दै गएर सन् २०१८ मा क्यानडामा सन् २०२४ मा नेपालमा विश्वसंस्कृत सम्मेलन गर्न घोषणा भएको छ। भाषा आयोग र पाठ्यक्रम विकास केन्द्रमा पनि संस्थाले पटकपटक आत्मधारणा लिखित तथा मौखिक रूपमा राख्दै संस्कृतको विकासमा पूर्ण ध्यानकेन्द्रीत गरेको छ। ०७५ को उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगमा यस संस्थाले महत्त्वपूर्ण सुझावहरू दिएको थियो। ती सुझावहरू समावेश पनि भएका छन्।

यस संस्थाले ग्रन्थानुवाद एवं प्रकाशन परियोजनालाई आफ्नो उद्देश्य अन्तर्गत समावेश गरेको छ। तदनुसार कार्यसमितिका निवर्तमान अध्यक्ष प्रा. विद्यानाथ उपाध्यायज्यूको विशेष



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्रियता र निर्देशनमा संस्कृतमा रहेका वैदिक, लौकिक र आगमन दर्शनका ग्रन्थहरूलाई नेपालीमा अनुवाद गरी प्रकाशन गर्ने अठोट यस संस्थाले गरेकोमा सो अठोटलाई निरन्तरता दिइएको छ । यस योजना अन्तर्गत पहिलो चरणमा दशवटा दर्शनग्रन्थहरू प्रकाशित गर्ने लक्ष्य राखियो, जसनुसार हालसम्म वेदान्त, न्याय, बौद्ध, चार्वाक, तन्त्र, जैन दर्शनका ग्रन्थहरू प्रकाशित भैसकेका छन् भने मीमांसादर्शन अन्तर्गतको यो मीमांसा परिभाषा प्रकाशित भएको छ । एवं वैशेषिक र साङ्ख्यदर्शनका ग्रन्थहरू पनि अनुवाद भई प्रकाशनको तयारीमा रहेका छन् । त्यसैगरी योग र पाशुपत दर्शनका ग्रन्थहरू पनि अनुवादको क्रममा रहेका छन् । यस संस्थावाट अहिलेसम्म यो समेत बीसवटा पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

संस्कृत वाङ्मयमा अनेक दर्शनका सैद्धान्तिक ग्रन्थ र अन्य विधाका सैद्धान्तिक ग्रन्थहरू प्रशस्त मात्रामा रहेका छन् । तीमध्ये षड्दर्शन प्रसिद्ध रहेका छन् भने अन्य दर्शनहरू पनि उत्तिकै मात्रामा रहेका छन् । ती षट् आस्तिक दर्शनमा सांख्य, योग, वेदान्त, न्याय, मीमांसा, वैशेषिक दर्शन पर्दछन् । यी दर्शनहरूले कुनै न कुनै रूपमा 'सत्' को व्याख्या विवेचना गर्दछन् र वेदलाई प्रमाण मान्दछन् । यसैले यी दर्शनलाई वेदप्रामाण्यवादी वा आस्तिक दर्शन भनिन्छ । दर्शनशास्त्रका अनेक मान्यताहरू यत्रतत्र छरिएर रहेका अवस्थामा सायणमाधवले सङ्कलन गरी 'सर्वदर्शनसङ्ग्रह'मा लिपिवद्ध गरेका छन् । तिनमा षड्दर्शन सहित बौद्ध, जैन, शैव, वैष्णव आदि दर्शन पनि समेटिएका छन् । तिनै दर्शनहरूमध्ये वेदप्रामण्यवादी दर्शनको रूपमा मीमांसादर्शनको उच्च स्थान रहेको छ ।

यस ग्रन्थका अनुवादक प्राध्यापक डा. ऋषिराम पोखेलसँग ३६ वर्षको प्राध्यापनको अनुभव छ भने केही वर्षको प्रशासनिक अनुभव पनि छ । उहाँको शुक्लयजुर्वेदको नेपाली अनुवाद प्रज्ञाप्रतिष्ठानवाट प्रकाशित छ । उहाँका अन्य एक दर्जन वढी पुस्तक प्रकाशनको प्रतीक्षामा छन् । पोखेलले एक दर्जनभन्दा वढी पत्रपत्रिकाको सम्पादन गर्नु भएको छ भने एक दर्जनभन्दा वढी पुस्तकहरूको सम्पादन पनि गर्नुभएको छ । उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय गोष्ठीहरूमा एक दर्जनभन्दा वढी संस्कृत तथा नेपालीमा कार्यपत्र प्रस्तुत गर्नुभएको छ । उहाँले दर्जनौं विद्यालय र धार्मिक, सामाजिक सङ्घ-संस्थालाई पुराण र यज्ञानुष्ठानवाट आर्थिक सहयोग जुटाइदिनुभएको छ भने धर्मसंस्कृतिको प्रचारमा ५० भन्दा वढी जिल्लाको भ्रमण गर्नुभएको छ । डा. पोखेलले दर्जनौं दर्जन सामाजिक सङ्घ-संस्था र विद्यालयको संस्थापक, संस्थापक अध्यक्ष, सदस्य आदि वनेर पनि समाज सेवामा ठूलो सहयोग गर्नुभएको छ । दर्जनौं पाटीपौवा, मठमन्दिहरूको निर्माण र जीर्णोद्धारमा पनि उहाँको योगदान स्मरणीय रहेको छ । उहाँले आधा दर्जन वढी सुप्रवल गोरखादक्षिणवाहु लगातका विभूषण र दर्जनौं अभिनन्दन पत्र प्राप्त गर्नुभएको छ । हाल उहाँ कान्तिभैरव गुरुकुल खोलेर त्यसको संस्थापक अध्यक्ष हुनुहुन्छ, जहाँ ५० भन्दा वढी विद्यार्थीहरू वेदवेदाङ्गको अध्ययन गरिरहेका छन् । उहाँको विज्ञतासँग जोडिएका पुस्तकहरूमध्ये प्रस्तुत पुस्तक पनि एक हो । प्रस्तुत ग्रन्थ मीमांसादर्शनको वाक्यविवेचनसँग सम्वन्धित रहेको छ । यसका अनुवादक, सहयोगीहरू, संस्थाका पदाधिकारी एवं सदस्यहरू सवै धन्यवादका पात्र हुनुहुन्छ ।

डा. वद्री पोखेल

अध्यक्ष

**जयतु संस्कृतम्**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**सम्पादकीय**

# मीमांसादर्शन-परिचय

**डा. नवराज कट्टेल**

## १. विषयप्रवेश

पौरस्त्य जगत्का षड्दर्शनहरूमध्ये मीमांसादर्शन एक हो। षड्दर्शनमा सांख्य, योग, वेदान्त, न्याय, मीमांसा र वैशेषिक रहेका छन्। 'पदवाक्यप्रमाणैः परीक्षितम्' भनेर विभिन्न ठाउँमा उल्लेख गरेको पाइन्छ। यसको मतलव व्याकरणशास्त्र, मीमांसाशास्त्र, तर्कशास्त्रबाट परीक्षण गरिएको कुरा प्रमाणित हुन्छ भन्ने हो। मीमांसा शब्द जिज्ञासार्थक 'मान' पूजायाम्' भन्ने धातुबाट (मान पूजायाम्, भ्वादि र चुरादि गणपठित धातु, मा + सन् (स) धातुको द्वित्व, मान्+मान् स, पूर्वमान्को एकशेष, मा मान् = स, पहिलो 'मा'मा रहेको आको इत्व, मिमान्स, अभ्यासको दीर्घ, न्को अनुस्वार, मीमांस् (सनन्तधातु) मीमांस्यते इति (मीमांसा वा समीक्षा गरिन्छ) मीमांस् + अ (प्रत्यय) टाप्, दीर्घ) मीमांसा शब्द बन्दछ (बराल, २०६८ : ५९९)। यस शब्दले गहनविचार, परीक्षण, विवेचना गर्ने कार्य आदि अर्थ दिन्छ। नेपाली बृहत् शब्दकोषले **मीमांसा र** यसबाट बन्ने शब्दको सामान्य अर्थ गरेको पाइन्छ। जस्तो **: 'मीमांसा–** ना.(सं.) १. भारतीय छवटा मुख्य दर्शनशास्त्रमध्ये मूलतः पूर्व मीमांसा र उत्तर मीमांसा दुई भागमा बाँडिएको एक दर्शन। २. अनुमान र तर्कवितर्कद्वारा कुनै विषयका मूल तत्त्व वा वास्तविकताको पत्तो लगाउने काम; सो सन्दर्भमा गरिने गम्भीर मनन वा विचार; तत्त्वनिर्णय; विवेचना। मीमांसाकार वा मीमांसासूत्रका प्रणेता जैमिनि ऋषि। **मीमांसामूलक– (वि.)** मीमांसाको प्रधानता रहेको; मीमांसाका दृष्टिले हेरिने वा अध्ययन गरिने। **मीमांसित– (वि.)** मीमांसा गरिएको वा भएको। **मीमांस्य– (वि)** मीमांसा गर्न योग्य वा उचित (त्रिपाठी, बराल, र अन्य, २०४० : १०१९)।

मीमांसा दर्शन वेदको कर्मनिर्वचनसँग सम्बन्धित रहेको छ। मीमांसाले वेदलाई अपौरुषेय मान्दछ र स्वतः प्रमाण ठानी वेदविहित याज्ञीय कर्मको विवेचना गर्दछ। चार वेद, वेदका षडङ्ग (व्याकरण, ज्योतिष, निरुक्त, शिक्षा, कल्प, छन्द), धर्मशास्त्र, पुराण, मीमांसा र तर्कशास्त्रलाई चतुर्दश विद्या मानिएको छ। त्यस्तै आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्रलाई थप्दा अष्टादश विद्या हुन्छन्। वेद



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्नाले संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्समेत बुझिन्छन् ।

**षडङ्गमिश्रिता वेदा धर्मशास्त्रं पुराणकम् ।**
**मीमांसा तर्कशास्त्रञ्च विद्या ह्येताश्चतुर्दश ॥** इति (वाचस्पत्यमिति कोशे)
**आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः ।**
**अर्थशास्त्रं चतुर्थञ्च विद्या ह्यष्टादशैव तु ॥** इति

चतुर्दश विद्या वा अष्टादश विद्यामा मीमांसा दर्शनको गणना गरिएकाले यसको महत्त्व, प्राचीनता र प्रामाणिकता रहेको स्पष्ट हुन्छ ।

विद्याका चार अवस्था छन् 'अधीतिबोधाचारप्रचारः' अध्ययन, बोध, आचार (प्रयोग) र प्रचार । वेदको संहिताध्ययन गरिसकेपछि त्यसको बोध र प्रयोग गर्नुपर्दछ, त्यही बोध र प्रयोगका सन्दर्भमा मीमांसाशास्त्रको उत्पत्ति भएको हो । वेदको याज्ञीय प्रयोग गर्दा विभिन्न किसिमका जिज्ञासा उत्पन्न हुन्छन् । वेदविहित कर्म नै धर्म हो, र धर्म जिज्ञासाका सन्दर्भमा चार प्रकारका जिज्ञासाहरू पैदा हुन्छन्, ती हुन् (क) धर्म स्वरूप जिज्ञासा, (ख) धर्म प्रमाण जिज्ञासा (ग) धर्म साधन जिज्ञासा, (घ) धर्म फल जिज्ञासा । यी चारैवटा जिज्ञासाको निर्वचन मीमांसाले गर्दछ । मीमांसादर्शनले कर्ममीमांसा, वा यज्ञमीमांसा गर्दा के गर्ने ? कहिले गर्ने ? कसले गर्ने ? कसरी गर्ने ? कहाँ गर्ने ? जस्ता प्रश्नको आफ्नै शब्दावली र शैलीमा तर्कवितर्क गरी उत्तर खोज्ने वा समाधान खोज्ने प्रयत्न गरेको पाइन्छ ।

## २. मीमांसादर्शनको उत्पत्ति र विकास

मीमांसा दर्शन किन र कसरी जन्मियो भन्ने विषयमा जिज्ञासा उठ्नु स्वाभाविक नै हो । पौरस्त्य दर्शनको आदि स्रोत वैदिक साहित्य हो, वेद विभिन्न विचार र चिन्तनको प्रस्थान विन्दु हो, वेद र मूलतः ब्राह्मणग्रन्थको अर्थबोध र प्रयोगमा दुरूहता आएपछि, वैदिक मन्त्र र यागको प्रयोगमा अस्पष्टता भएपछि त्यो अस्पष्टता, जटिलता र दुरुहतालाई स्पष्ट र सहज बनाउन महर्षि जैमिनिले करिव ईशापूर्व पाँचौं शताब्दीमा २५ सय सूत्रयुक्त 'जैमनिसूत्र' प्रणयन गरे (कृष्णकुमार, सन् २००१ : २२०) । यो सूत्रग्रन्थ नै मीमांसादर्शनको मूलचिन्तन हो । जैमिनि कृष्णद्वैपायन व्यासका शिष्य मानिन्छन् । त्यसैले व्यासले आफ्नो ब्रह्मसूत्रमा दर्जनौं ठाउँमा मीमांसादर्शन र जैमिनिको (साक्षादप्यविरोधं जैमिनिः १।२।२८) नाम लिएका छन् भने जैमिनिले पनि वादरायणको नाम (वादरायणस्यानपेक्षत्वात् ।१।५)



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएका छन् । अतः शिष्य जैमिनिप्रतिपादित दर्शनलाई 'पूर्वमीमांसा' र गुरु व्यास प्रतिपादित दर्शनलाई 'उत्तरमीमांसा' पनि भनिन्छ । यसलाई अर्को शव्दमा क्रमशः 'कर्ममीमांसा' र 'ज्ञानमीमांसा' पनि भन्ने गरेको पाइन्छ । वेदका कर्म, उपासना र ज्ञानकाण्डमध्ये कर्ममीमांसा कर्मकाण्डसँग सम्वद्ध रहेको देखिन्छ । पूर्वमीमांसा यज्ञप्रधान दर्शन भएकाले अथवा 'यज्ञविद्या', कर्मप्रधानदर्शन भएकाले 'कर्ममीमांसा' बाह्र अध्यायमा आधारित 'द्वादशलक्षणी' का नाममा प्रख्यात रहेको छ । मीमांसाको मुख्य उद्देश्य र गन्तव्य धर्मको प्रतिपादन र प्रकाशन गर्नु हो । त्यसैले 'धर्माख्यं विषयं वक्तुं मीमांसायाः प्रयोजनम्' अर्थात् धर्म-विवेचन नै मीमांसा दर्शनको प्रयोजन रहेको छ । हरेक ग्रन्थ 'विषय', 'प्रयोजन', 'अधिकारी' र 'सम्बन्ध' को आधारमा संरचित र संगठित रहेको हुन्छ । मीमांसाको तत्त्वचिन्तन 'धर्मसिद्धि' रहेकाले पहिलो सूत्र नै 'अथातो धर्मजिज्ञासा' र दोस्रो सूत्र 'चोदनालक्षणोऽर्थो धर्मः' रहेको छ । पौरस्त्य चिन्तनमा वेदलाई 'अपौरुषेयो वेदः' अर्थात् वेद कुनै पुरुषविशेषले बनाएको होइन, यो सनातन र शाश्वत ज्ञान हो भन्ने धारणा सुदृढ रहेको पाइन्छ । मीमांसादर्शनले वेदलाई अपौरुषेय मान्दै 'कर्म' नै 'पुरुषार्थसिद्धि'को 'मूलहेतु' ठान्दछ । शब्दज्ञान मीमांसा दर्शनको प्रधान सिद्धान्तमा परिणत रहेको देखिन्छ । माथि पनि भनियो 'पदवाक्यप्रमाणैः परीक्षितं ज्ञानं' मतलब ज्ञान पदशास्त्र, वाक्यशास्त्र र प्रमाणशास्त्रबाट परीक्षित र प्रमाणित हुनुपर्दछ । पदज्ञानका लागि 'व्याकरणशास्त्र' वाक्यज्ञानका लागि 'मीमांसाशास्त्र' प्रमाणज्ञानका लागि 'न्याय वा तर्कशास्त्र' को ऊहापोह अध्ययन हुनुपर्दछ । वेदान्तदर्शनले 'ब्रह्म', योगदर्शनले 'ईश्वर' सांख्यदर्शनले 'प्रकृति-पुरुष' प्रतिपादन गरेझैं मीमांसादर्शनले 'धर्म' 'कर्मवाद' वा 'अपूर्व' को प्रतिपादन गरेको पाइन्छ ।

## ३. मीमांसा दर्शनमा तत्त्व चिन्तन

मीमांसा दर्शनमा प्रौढ र प्राञ्जलशैलीमा तत्त्वचिन्तन गरिएको पाइन्छ । यसको तर्कप्रणाली पनि बेजोड रहेको देखिन्छ । यस दर्शनमा हरेक प्रतिपाद्य विषयलाई तर्कपूर्णशैलीमा विवेचना गरिएको हुन्छ ।

### (क) मीमांसादर्शनमा पदार्थ

कुमारिल भट्टले द्रव्य, गुण, कर्म, सामान्य र अभाव गरी पाँच पदार्थ मानेका छन् भने प्रभाकर भट्टले द्रव्य, गुण, कर्म, सामान्य, समवाय, शक्ति, शादृश्य र संख्या गरी ८ पदार्थ मानेका छन् । अर्का मीमांसक मुरारि मिश्रले धर्म, धर्मी,



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आधार र प्रदेशविशेष गरी चार पदार्थ मानेका छन् । नैयायिकहरूले १६ पदार्थ मानेका छन् भने वैशेषिकहरूले सात पदार्थ मानेका छन् । सांख्य दर्शनमा २५ तत्त्व वा पदार्थ मानिएको छ ।

**(ख) मीमांसा दर्शनमा प्रमाण**

पतञ्जलि र जैमिनिले 'प्रत्यक्ष, अनुमान र शब्द' तीन प्रमाण मानेका छन् । नैयायिकले प्रत्यक्ष, अनुमान, उपमान र शब्द समेत चार प्रमाण मानेका छन् । प्रभाकर भट्टले अरू दुई प्रमाण 'उपमान' र 'अर्थापत्ति' थपेर पाँच प्रमाण मानेका छन् । कुमारिलले 'अभाव' थपेर ६ प्रमाण मानेका छन् । सांख्यदर्शनले प्रत्यक्ष, अनुमान र आप्तोपदेश (शब्द) तीन प्रमाण मानेको छ । मीमांसकहरू ५ वा ६ प्रमाण मान्दछन् ।

**१. प्रत्यक्ष प्रमाण -** इन्द्रिय र पदार्थको संयोगजन्य ज्ञान प्रत्यक्ष प्रमाण हो । यसलाई अर्को शब्दमा भन्दा इन्द्रियको अर्थका साथ साक्षात् सन्निकर्ष नै प्रत्यक्ष हो । सन्निकर्ष पनि संयोग-सन्निकर्ष र समवायसन्निकर्ष गरी दुई किसिमको मानिएको छ । मीमांसकहरू यज्ञ र यज्ञपुरुषलाई मात्र होइन यो लोक र व्यवहारलाई पनि सत्य मान्दछन् । त्यसैले यिनीहरू प्रत्यक्षप्रमाणलाई बढी महत्त्व दिन्छन् ।

**२. अनुमान प्रमाण -** अनुमीयते इति ('अनु' उपसर्गपूर्वक 'माङ्' माने शब्दे च - धातुमा ल्युट् प्रत्यय) अनुमान यस्तो अर्थ देखिन्छ । अर्थात् जसबाट कुनै कुराको अनुमान गरिन्छ, यसो होला वा यो यो आधारमा यसो हुनसक्छ भन्ने अड्कल काटिन्छ, लखकाट्ने कार्य गरिन्छ त्यो अनुमान हो, (बराल, २०६८ : ३५) अनुमान कुनै लिङ्ग (उपलब्धसङ्केत वा कार्यकारणभाव) मा आधारित हुन्छ । मीमांसहरूले नैयाकिहरूको अनुसरण गरी अनुमानको व्याख्या गरेका छन् । तर अनुमानको अवयव भने नैयायिकको जस्तो ५ नमानेर ३ मानेका छन् प्रतिज्ञा, हेतु र दृष्टान्त । हेत्वाभास पनि तीन नै मानेका छन्- असिद्ध, अनेकान्तिक र बाधित ।

**३. उपमान प्रमाण -** उपमान (उपमीयते अनेन इति उप मा ल्युट् उपमान) पनि एक प्रमाण मानिएको छ । तुलना, समरूपता वा जसबाट अर्को वस्तुको सादृश्य वा समानता देखाइन्छ त्यसलाई उपमान भनिन्छ । दृष्टबाट अदृष्टको बोध गर्नु नै उपमान हो, जस्तो गाई जस्तै गवय हुन्छ भन्दा दृष्ट गाईबाट अदृष्ट गवयको बोध हुन्छ । मीमांसकहरूले उपमानको स्वतन्त्र विवेचना गरेका छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**४. शब्दप्रमाण -** मीमांसकहरूले दुई किसिमको शब्दप्रमाण मानेका छन् - पौरुषेय र अपौरुषेय । आप्तपुरुषको वाक्य पौरुषेय हो भने वेदवाक्य अपौरुषेय हो । वेदलाई नै मीमांसकहरू परमप्रमाण मान्दछन् ।

**५. अर्थापत्ति -** पदार्थको उपपत्ति अर्थान्तरबाट हुन्छ, यसलाई नै अर्थापत्ति प्रमाण मानिन्छ । कुमारिल भट्टले श्रुतार्थापत्ति र दृष्टार्थापत्ति गरी दुई भेद मानेका छन् भने प्रभाकरले भेदलाई स्वीकार गरेका छैनन् ।

**६. अभाव -** अभावको ज्ञानका लागि अभावलाई नै प्रमाण मानिएको छ । जुन वस्तुको अभाव छ त्यसको अनुपलब्धि नै 'अभाव' हो । अभावलाई कुमारिल भट्टले प्रमाण माने पनि प्रभाकरले खण्डन गरेका छन् ।

दर्शनशास्त्रमा 'प्रमिति, प्रमेय र प्रमाण' का आधारमा प्रतिपाद्य विषयको विवेचना गरिएको हुन्छ । मीमांसकहरू शब्द र अर्थलाई नित्य मान्दछन्, शब्द र अर्थको सम्बन्धलाई पनि नित्य मान्छन् । वैयाकरणहरू पनि शब्दलाई नित्य मान्दछन् तर नैयायिकहरू शब्दलाई अनित्य मान्दछन् ।

**(ग) आत्मा, परमात्मा र मोक्ष**

पूर्वमीमांसा र उत्तरमीमांसा (वेदान्त) मा आत्मा, परमात्मा र मोक्षका विषयमा केही मतभिन्नता रहेको पाइन्छ । मीमांसकहरू शरीर, मन र बुद्धिभन्दा भिन्न चैतन्य वा बोध गर्ने तत्त्वलाई आत्मा मान्दछन् । आत्मा शाश्वत, व्यापक र अनेक छ भनी स्वीकार गर्दछन् । प्रत्येक शरीरवान् प्राणीमा भिन्न भिन्न आत्मा हुन्छ भन्ने कुरा मीमांसा र सांख्यमा मिल्न जान्छ । वेदान्तीहरू आत्मा एक छ, सत्, चित् र आनन्दमय छ, शरीर, इन्द्रिय, चित्त, बुद्धि र अहङ्कारभन्दा भिन्न छ भन्ने मान्दछन् । प्रत्येक संज्ञानमा आत्माको बोध हुन्छ, बोध शरीरबाट नभएर आत्माबाट हुन्छ भन्ने विश्लेषण मीमांसामा पाइन्छ । संकल्प-विकल्प, ज्ञान, सुख-दुःख, गति, स्पन्दन आदि शरीरको होइन, आत्माको अङ्ग हो, मृत्युपछि शरीर रहे पनि उक्त सबै क्रिया र अनुभूति समाप्त हुन्छ । क्रिया, गति, शक्ति या ऊर्जाको आधार वा स्रोत नै आत्मा हो । आत्मा नै शरीरको प्रेरक शक्ति र कर्ता हो, जो शरीर र इन्द्रियभन्दा भिन्न छ (दासगुप्ता, १९७८ : ४०६) ।

आत्माको बोध कसरी गर्ने त ? यहाँ 'त्रिपुटि-प्रत्यक्ष' का आधारमा विवेचना गरिएको पाइन्छ । प्रभाकरका मतमा आत्मा ज्ञाता हो, त्यसैले सबै ज्ञान आत्माद्वारा नै संबोधित हुन्छ । ज्ञातानिष्ठ 'ज्ञान' 'ज्ञेय' बिना हुँदैन । 'ज्ञाता' र 'ज्ञेय' भएपछि 'ज्ञान' हुन्छ । त्यस्तै 'द्रष्टा' र 'दृश्य' भएपछि 'दर्शन' हुन्छ । 'ध्याता' र 'ध्येय'



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएपछि 'ध्यान' हुन्छ । यस्तै गरी अरू कुरामा पनि 'त्रिपुटी' बोध र विश्लेषण गर्न सकिन्छ । अतः मीमांसामा ज्ञाता, ज्ञेय र ज्ञानको एकसाथ प्रत्यक्ष हुने कुरा उठाइएको छ । यस दर्शनमा ज्ञाननिष्ठ क्रियाको मुख्य आधार आत्मालाई मानिएको छ र यो कर्ताको रूपमा प्रकट हुन्छ । संज्ञान नै आत्मा होइन, तर आत्मा संज्ञानको अधिष्ठान हो, त्यसैले आत्माबिना संज्ञान वा बोध संभव हुँदैन (दासगुप्ता, १९७८ : ४०८) ।

मीमांसा दर्शनमा सृष्टि, स्थिति र लयकर्ताको रूपमा परमात्मालाई स्वीकार गरिएको पाइँदैन । यो संसार अनादि, अनन्त र शाश्वत छ, यो यसै गरी चल्दै आयो, यसै गरी चल्दै जान्छ । जीवको उत्पत्ति पनि जननक्रियाअनुसार नै चल्छ, परमात्माको आवश्यकता पर्दैन । न्यायमा जस्तै 'क्षित्यङ्कुरादिकं कर्तृजन्यं, कार्यत्वाद् घटवत्' भन्ने नियम मीमांसामा देखिँदैन । मीमांसासूत्र आत्मा, अनात्मा, ईश्वर, अनीश्वर, सृष्टि, स्थिति र लय, जीवात्मा, परमात्मा आदिको विश्लेषणमा केन्द्रित नभई वा निरपेक्ष जस्तै भई यज्ञमीमांसामा वा कर्ममीमांसामा नै केन्द्रित रहेको देखिन्छ (दासगुप्ता, १९७८ : ४०९) ।

मीमांसा दर्शनमा मोक्षका विषयमा पनि त्यति धेरै विवेचना गरिएको पाइँदैन । कुमारिल भट्ट आत्मालाई ज्ञान र शक्तिको रूपमा हेर्दछन् । मन र इन्द्रियको क्रियाबाट संज्ञान हुन्छ । भट्टका अनुसार आत्माको संज्ञानको माध्यम मन हो । मोक्षपश्चात् मन अथवा इन्द्रियको क्रिया समाप्त भएपछि आत्मा शुद्ध ज्ञान-शक्तिका रूपमा अव्यक्त अवस्थामा रहन्छ । यस्तो अवस्थामा आत्मामा सुख, दुःख, आनन्द, संकल्प-विकल्प आदि कुरा रहँदैनन् । मोक्ष कसरी प्राप्त गर्ने त ? यसमा पनि त्यति लामो विवेचना छैन । तर केही सङ्केत पाइन्छ । राम्रा नराम्रा कर्मको फल भोग गरी 'काम्य-कर्म'लाई पनि त्याग गरेर नैष्कर्म्य-कर्ममा लाग्नुपर्दछ, निष्काम रूपमा सन्ध्यादि नित्यकर्म गर्नुपर्दछ । निष्कामयुक्त नित्यकर्मवाट 'कर्मबीज' नष्ट हुन्छ र फलदायक कर्मबाट मुमुक्षु उपरत हुन्छ, अनि मुमुक्षु साधकलाई मोक्ष प्राप्त हुन्छ (दासगुप्ता, १९७८ : ४०८) ।

## ४. मीमांसादर्शनको साहित्य

मीमांसा दर्शनको पहिलो आधार ग्रन्थ 'मीमांसासूत्र' हो र यसलाई जैमिनिसूत्र पनि भनेको पाइन्छ । १२ अध्यायमा विभक्त भई २६४४ सूत्रमा यस ग्रन्थको कलेवर खडा भएको छ र यो सूत्रग्रन्थ नौ सय नौ अधिकरणमा विभक्त



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । दार्शनिक सूत्रग्रन्थहरूमा यो सबैभन्दा ठूलो देखिन्छ । १२ अध्यायसम्मको भागलाई **'द्वादशलक्षणी'** भनिएको छ र यस भागमा धर्मजिज्ञासा, भेद (एक धर्म र अर्को धर्मका विचको भेद) शेषत्व (प्रयोज्य प्रयोजक), कर्मको क्रम, अधिकार (यज्ञकर्ताको योग्यता) सामान्य तथा विशेष, ऊह, बाध, तन्त्र, र आवाप आदि विषयको विवेचना गरिएको छ (सिंह, सन् १९८४ : २८६) । अन्तिम चार अध्यायलाई 'देवताकण्ड' वा 'संकर्षणकाण्ड' भनिएको छ र यस काण्डमा 'यज्ञीयदेवता'का विषयमा विवेचना गरिएको छ ।

यस दर्शनका प्रथम आचार्य जैमिनि होइनन्, उनी अगाडि पनि दर्जनौं आचार्यहरू रहेका छन्, तिनमा आत्रेय, आश्मरथ्य, कार्ष्णाजिनि, बादरि, ऐतिशायन, कामुकायन, लावुकायन, आलेखन आदि चिन्तकहरू रहेका थिए भन्ने अनुसन्धाताहरूको धारणा रहेको पाइन्छ (सिंह, सन् १९८४ : २८५) । महर्षि पतञ्जलिले महाभाष्यमा काशकृत्स्नको (काशकृत्स्नेन प्रोक्ता मीमांसा काशकृत्स्नी) नाम लिएका छन् ।

ईशाको प्रथम शताब्दीतिर मीमांसासूत्रमाथि शवरस्वामीले 'शाबरभाष्य' लेखे, यसले मीमांसाको लुप्तपरम्परालाई उत्खनन गरेर प्रकाशित गऱ्यो भने मीमांसादर्शनको विस्तार पनि गऱ्यो । शाबरभाष्य सर्वप्राचीन र प्रामाणिक मानिन्छ । शाबरभाष्य भन्दा अगाडि उपवर्षको प्राचीन र प्रामाणिक वृत्तिग्रन्थ रहेको सूचना पनि शाबर (१।१।५) बाट नै प्राप्त हुन्छ । शाबरभाष्यविना मीमांसादर्शन अधुरो नै रहन्छ, जसरी 'ब्रह्मसूत्र' 'शाङ्करभाष्य' विना अधुरो रहन्छ । यिनको समय प्रथम शताब्दीदेखि चारौं शताब्दीसम्म मानिएको छ अनुसन्धाताहरूले यस विषयमा फरकफरक धारणा राखेका छन् । यिनलाई विक्रमादित्यका समकालिक पनि मानिएको छ । यिनको नाम पनि अनौठो रहेको छ । यिनी मैथिल ब्राह्मण थिए, वैदिक संस्कृतिका अनुयायी थिए, तर यिनी जैनहरूको आतङ्कबाट पीडित भएर भिल्ल (शबर) को भेशमा वनमा नै बसेर यज्ञविज्ञानको अध्ययन गरे । त्यसैले यिनी 'शबरस्वामी' नामबाट प्रसिद्ध हुन गए (कृष्णकुमार, २००१ : २२०) । यिनको वास्तविक नाम आदित्यदेव थियो ।

ईशाको प्रथम शताब्दीदेखि १२ औं शताब्दीसम्म मीमांसा दर्शनमा अनेक प्रतिभा र चिन्तकहरू आएको पाइन्छ । शाबरभाष्यमाथि कुमारिलभट्ट, प्रभाकर भट्ट र मुरारि मिश्रले प्रौढ र पाण्डित्यपूर्ण टीकाग्रन्थ लेखे । त्यतिमात्र होइन प्रौढ टीकाग्रन्थ लेखेर उनीहरूले नवीन मत र सम्प्रदायको स्थापना पनि गरे, जुन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भाट्टमत', 'गुरुमत' र 'मुरारिमत'को नामबाट प्रसिद्ध रहेको छ । यिनीहरू सातौँ वा आठौँ शताब्दीका मानिन्छन् ।

शबरस्वामी पछि कुमारिल भट्टको योगदान अतुलनीय छ । कुमारिल भट्टले १. श्लोकवार्तिक, २. तन्त्रवार्तिक र ३. टुप्टीका गरी तीन वटा महत्त्वपूर्ण ग्रन्थ लखेको पाइन्छ । कुमारिल भट्ट मिथिलानिवासी थिए भन्ने कुरा धेरैले बताएका छन् । कुमारिल भट्टका पट्टशिष्य मण्डनमिश्र रहेका थिए । यिनी पनि मिथिलावासी मानिन्छन् । मिश्रले **१. भावनाविवेक, २. विधिविवेक, ३. विभ्रमविवेक, र ४. मीमांसानुक्रमणी** जस्ता प्रसिद्ध ग्रन्थको प्रणयन गरेका थिए। मण्डन मिश्र शास्त्रार्थमा शङ्कराचार्यबाट पराजित भई शङ्करकै शिष्य बनेर सुरेश्वराचार्य नामबाट प्रसिद्ध भएर वेदान्तदर्शनमाथि अनेक ग्रन्थ लेखे । यसै क्रममा अर्का प्रतिभा आउँछन् पार्थसारथि मिश्र । यिनी एघारौँ शताब्दीका मानिन्छन् । यिनले **१. न्यायरत्नाकर, २. न्यायरत्नमाला, ३. तन्त्ररत्न र ४. शास्त्रदीपिकाको** प्रणयन गरे । भाट्टमतका अनन्यतम आचार्यमध्ये माधवाचार्य (१४ शताब्दी) पनि एक हुन् । यिनी वेदका भाष्यकार शायणका भाइ हुन् । यिनको पिताको नाम मायण र माताको नाम श्रीमती थियो । यिनले **'न्यायमालाविस्तर'** नामक प्रौढ ग्रन्थको प्रणयन गरेका थिए । यस्तै खण्डदेव पनि मीमांसादर्शनका प्रतिभा हुन्, यिनले मीमांसासूत्रमाथि **'भाट्टकौस्तुभ'** नामक टीकाग्रन्थ र स्वतन्त्ररूपमा **'भाट्टदीपिका' र 'भाट्टरहस्य'** नामक ग्रन्थ प्रणयन गरेको पाइन्छ । त्यस्तै वाचस्पति मिश्रले **'न्यायकणिका' र 'तत्त्वविन्दु'** लेखेको पाइन्छ भने अप्पय दीक्षितले **'विधिरसायन'** प्रणयन गरेका थिए । आपदेवले **'मीमांसान्यायप्रकाश'** लौगाक्षिभास्करले **'अर्थसंग्रह',** केशव भट्टले **'मीमांसार्थप्रकाश'**, शङ्कर भट्टले **'मीमांसाबालप्रकाश'** जस्ता ग्रन्थ प्रणयन गरेका थिए ।

प्रभाकर भट्ट कुमारिल भट्टका चेला हुन्, गुरु-चेलाका विषयमा अनेक किंवदन्ती र कहावतहरू रहेको पाइन्छ । अनेक किंवदन्तीले प्रभाकर अत्यन्त मेधावी र प्रातिभ व्यक्तित्व थिए भन्ने बुझिन्छ । प्रभाकरले शाबरभाष्यमाथि दुई वटा टीकाग्रन्थ लेखेका थिए **१. बृहती वा निबन्धन** अर्को **२. लघ्वी वा विवरण** ग्रन्थ । प्रभाकरको **'बृहती'** ग्रन्थ प्रकाशित भएको छ । प्रभाकर तीव्र प्रतिभाशाली चतुर, प्रत्युत्पन्नमतिवान् भएकाले गुरु कुमारिलबाट 'गुरु' पदले सम्मानित भएका थिए । त्यसैले उनकै नाममा गुरुमतको सम्प्रदाय नै खडा भएको देखिन्छ । प्रभाकरका मुख्य शिष्य शालिकनाथ मिश्र हुन् । यिनी पनि मिथिलाका हुन् भन्ने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकथरीको धारणा छ। यिनी नवौं शताब्दीका हुन सक्ने देखिन्छन्। शालिकनाथले **१. ऋतुमालापञ्जिका** (प्रभाकरको 'वृहती' ग्रन्थको टीका) **२. दीपशिखापञ्जिका** (प्रभाकरकै 'लघ्वी' ग्रन्थको टीका) **३. प्रकरणपञ्जिका** (मौलिक रचना) तीन प्रसिद्ध ग्रन्थ रहेका छन्। यस परम्परामा अर्का प्रतिभा देखापर्दछन् भवनाथ मिश्र। यिनको **'नयविवेक'** प्रसिद्ध ग्रन्थ हो । यस ग्रन्थमाथि ५ वटा टीका लेखिएको पाइन्छ।

मीमांसाका तीन धारामध्ये 'मुरारिमत' पनि एक हो तर यस धारामा त्यति धेरै ग्रन्थ लेखिएको पाइँदैन। यिनको ग्रन्थ लामो समयसम्म प्रकाशनमा आउन सकेको थिएन, डा. उमेश मिश्रले **'त्रिपादि-नीतिनयन' र 'एकादशाध्यायाधिकरण'** दुई ग्रन्थ प्रकाशित गराएर मुरारिमतलाई जीवन्तः तुल्याएको पाइन्छ।

मीमांसा दर्शनमा कलम चलाउने अन्य प्रतिभाहरू पनि रहेका छन्। भट्ट सोमेश्वरले **१. न्यायसुधा र २. तन्त्रसारः** नामक दुई ग्रन्थ लेखेको पाइन्छ। त्यस्तै अर्का प्रतिभा रामकृष्णले **१.सिद्धान्तचन्द्रिका र २.सिद्धान्तचन्द्रिकानिगूढार्थविवरणम्** दुई ग्रन्थ प्रणयन गरेको देखिन्छ । त्यस्तै विश्वेश्वरसूरिले **भाट्टचिन्तामणि** प्रणयन गरेको पाइन्छ भने खण्डदेवले **भाट्टदीपिका, भाट्टरहस्यम्, भाट्टकौस्तुभः, फलैकत्ववादः** गरी चार ग्रन्थ प्रणयन गरेको दृष्टिगोचर हुन्छ । अर्का प्रतिभा भास्काररायले **चिन्तामणिः** को रचना गरेका छन् । भवनाथको **नयविवेकः** ग्रन्थ पाइन्छ भने वरदराजको **नयविवेकदीपिका** उपलब्ध हुन्छ । रामेश्वरसूरिको **सुबोधिनी** र आपदेवको **मीमांसान्यायप्रकाशः**, शम्भु भट्टको **प्रभावली,** श्रीवेङ्केटेश्वरको **वार्तिकाभरणम्,** कृष्णयज्वाको **मीमांसापरिभाषा,** रामकृष्णभट्टाचार्यको **पूर्वमीमांसाधिकरणकौमुदी,** वासुदेवाध्वरीको **कुतूहलवृत्तिः**, गोविन्दमुनिको **शाबरभाष्यविवरणम्,** ब्रह्मानन्दसारस्वत्य को **मीमांसाचन्द्रिका** जस्ता अनेक कृति मीमांसा साहित्यमा रहेका छन्।

मीमांसादर्शनको विकास प्रक्रियाका विषयमा छलफल गर्दा महर्षि जैमिनिले सूत्र रचना गरेको समयखण्ड प्रारम्भिक वा प्रथम काल हो भने शाबरभाष्यको रचना भएको कालखण्ड विकासावस्था रहेको देखिन्छ। आठौँ शताब्दीदेखि १४ औं शताब्दीसम्मको समयावधि मीमांसा दर्शनको 'उत्कर्ष काल' रहेको देखिन्छ। १४ औं शताब्दीपछाडि अपकर्षकाल शुरु भएको मान्न सकिन्छ।

## ५. मीमांसादर्शन र अन्य शास्त्र

मीमांसा प्राचीन दर्शन भएकाले यसको प्रभाव अन्य दर्शन र ग्रन्थमा पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेको पाइन्छ भने अन्य दर्शन र ग्रन्थको प्रभाव यस दर्शनमा पनि परेको पाइन्छ ।

**(क) मीमांसा र कल्पसूत्र**

मीमांसादर्शनले वेद र मूलतः ब्राह्मण ग्रन्थमा आएका परस्पर बोध र प्रयोगमा असमन्जस, अस्पष्ट, द्व्यर्थक वा बह्वर्थक मन्त्र वा वाक्यको प्रयोग र प्रक्रियाका विषयमा विमर्श गरी निचोड वा निष्कर्ष दिएको हुन्छ । कल्प शब्दका अनेक अर्थ भए पनि सामान्यार्थमा यसले वेदाङ्गका सन्दर्भमा वेदको हात भन्ने अर्थ दिन्छ । क्लृपि संवरणे, 'कृपू' सामर्थ्ये धातुबाट (कल्पयति इति कृप् + णिच्, गुण, कृप्का रेफको लत्व, कल्पि । कल्पि + अच् (पचादि) णिलोप = कल्प वा कृप्+घ (अ) गुण, रेफको लत्व) कल्प शब्द बन्दछ । हातले कर्म गर्दछ । त्यसैले कल्पसूत्रहरूले वेदका मन्त्रहरूको प्रयोगको विधि बताउँछन् भने विभिन्न यज्ञको विधान गर्दछन् यसैले गर्दा कल्पसूत्र र मीमांसासूत्रको सम्बन्ध रहेको देखिन्छ । कल्पसूत्र र ब्राह्मण ग्रन्थमा यज्ञको विस्तृत चर्चा पाइन्छ । यज्ञ नित्य, नैमित्तिक काम्य र प्रायश्चित्तीय गरी ४ किसिमका छन् । यिनको पनि अनेक किसिमको विभाजन र वर्गीकरण रहेको देखिन्छ ।

प्रत्येक महिनामा पर्ने औंसी र पूर्णिमाका यज्ञ २४, अष्टक ३, अग्निष्टोम, सोमयाग, चातुर्मास्य, राजसूययज्ञ, अश्वमेधयज्ञ, सौत्रामणि यज्ञसमेत गरी ३३ र अजामेध, गोमेध, पुरुषमेधसमेत गरी ३६ किसमका यज्ञको विधान गरेको कुरा ब्राह्मण र कल्पसूत्रको अध्ययनबाट अवबोध गर्न सकिन्छ । तर सौत्रामणि, नरमेध, अश्वमेध र गोमेध यज्ञ कलियुगका लागि निषेध गरिएको पाइन्छ । सामवेदीय ताड्यब्राह्मणमा १८३ किसिमका यज्ञको निरूपण गरिएको छ (पाण्डेय, सन् २००५ : १२९) । यज्ञमा होता, उद्गाता, अध्वर्यु र ब्रह्माको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यी अनेक यज्ञ र अन्य कर्मका विषयमा विधान गर्ने कल्पसूत्र पनि वेद र वेदका शाखैपिच्छे अनेक रहेका छन् । कल्पसूत्र चार किसिमका छन् : श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शूल्बसूत्र । वैदिक साहित्यको ऐतिहासिक स्वरूपको अध्ययन गर्दा ११३० वेद शाखा रहेकाले त्यतिकै संख्यामा कल्पसूत्रहरू हुनुपर्ने हो तर हाल ४० वटा मात्र कल्पसूत्र पाउन सकिन्छ (गैरोला, १९८९ : १३८) । श्रौतसूत्रले श्रौतयागहरूको, याज्ञीय कर्मकाण्डहरूको विषयमा निर्वचन गरिएको पाइन्छ । यद्यपि यिनीका बारेमा ब्राह्मण ग्रन्थमा पनि नपाइने होइन तर सूत्रग्रन्थले फरक ढङ्गमा प्रस्तुत गरेको पाइन्छ । **श्रौतसूत्र**अन्तर्गत **आश्वलायन, संख्यायन, मानव, बौधायन, आपस्तम्ब, हिरण्यकेसी, कात्यायन, लाट्यायन, द्राह्यायण, जैमिनी र**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**वैतान श्रौतसूत्र** आदि रहेका छन् (गैरोला, १९८९ : १३८) ।

**गृह्यसूत्रले** गृहस्थहरूले गृहस्थजीवनमा सम्पादन गरिने नित्यकृत्य, संस्कारकृत्य (जन्म, नामकरण, व्रतबन्ध, विवाह, अन्त्येष्टि लगायत १६ देखि ४८ सम्मका संस्कार), सात गृहयज्ञ (पितृयज्ञ, पार्वणयज्ञ, अष्टकायज्ञ, श्रावणीयज्ञ, अश्वायुजीयज्ञ, आग्रहायणीयज्ञ, चैत्रीयज्ञ), पाँच महायज्ञ (देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ, ब्रम्हयज्ञ, मनुष्ययज्ञ) आदिको विधान र व्यवस्था गरिएको पाइन्छ । गृह्यसूत्रअन्तर्गत **आश्वलायन, संख्यायन, मानव, बौधायन, आपस्तम्ब, हिरण्यकेसी, भारद्वाज, पारस्कर, द्राह्यायण, गोभिल, खादिर, कौशिक** आदि रहेका छन् (गैरोला, १९८९ : १३८) ।

**धर्मसूत्रमा** व्यक्ति, परिवार, समाज राज्यव्यवस्था कसरी चल्ने, तिनको नीतिनियम, आचार, विचार र व्यवहार र विधिनिषेध कस्तो हुनुपर्ने, राज्य कसरी चल्नुपर्ने चलाउनुपर्ने आदि विषयमा विमर्श गरिएको छ । धर्मसूत्रअन्तर्गत वशिष्ठ, **मानव, बौधायन, आपस्तम्ब, गौतम, हिरण्यकेसी, विष्णुधर्मसूत्र, वशिष्ठ, वैखानससूत्र** आदि रहेका छन् (गैरोला, १९८९ : १३९) ।

**शुल्बसूत्रले** वैदिक यज्ञ गर्दा यज्ञ मण्डप बनाउनुपर्दछ, त्यो यज्ञकुण्ड, यज्ञवेदी कुन यज्ञका लागि कत्रो, कस्तो कसरी बनाउने भन्ने कुराको नाप-नक्साको गणितीय, ज्यामितीय ढङ्गमा उत्तर खोज्ने प्रयत्न गरेको पाइन्छ । शुल्बसूत्रअन्तर्गत **वशिष्ठ, मानव, आपस्तम्ब, हिरण्यकेशी, कात्यायन शुल्बसूत्र** आदि रहेका छन् (गैरोला, १९८९ : १३९) । शुल्बसूत्रबाट नै वास्तुशास्त्र र ज्यामितिको विकास भएको पाइन्छ । यी कल्पसूत्रहरूको व्याख्या, अर्थविवेचना, समन्वय र निष्कर्षका लागि मीमांसादर्शनको आवश्यकता पर्दछ ।

### (ख) मीमांसा र निरुक्त

निरुक्त : वेदका ६ अङ्गमध्ये निरुक्त पनि एक हो । निरुक्तले (निर् + वच्+क्त=निरुक्त) निर्वचन, निरूपण गर्ने अर्थ दिन्छ । निरुक्त भनेको निघण्टुकै व्यवस्थित टीका हो । निघण्टुमा वेदका कठिन शब्दहरूको व्यवस्थित रूपमा सङ्कलन गरिएको छ । निरुक्त र निघण्टु दुवैका रचयिता यास्क हुन् भन्ने चिन्तकहरू पनि छन् (द्विवेदी, सन् १९८३:१७३) तर कतैकतै कश्यपलाई निघण्टुका रचयिता भनिएको छ (मोक्षधर्मपर्व ३४२।८६-८७) । निरुक्तले शब्द र अर्थको निर्वचन वा निरूपण गर्दछ । यास्कले शब्दको निरूपण गर्दा अर्थको ज्यादै ख्याल गर्नु (अर्थः नित्यं परीक्षेत) भनेका छन् । निरुक्तको मुख्यकार्य :



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ ।**
**धातोस्तदर्थातिशयेन योगः, यदुच्यते पञ्चविधं निरुक्तम् ॥**

वर्णागम, वर्णविपर्यय, वर्णविकार, वर्णनाश र धात्वर्थको अतिशय योगजस्ता पाँच कुराको निरूपण नै निरुक्तको प्रतिपाद्य विषय रहेको देखिन्छ (द्विवेदी, सन् १९८३ : १७५) । अतः यी दुई शास्त्रमा परस्पर मूल र व्याख्याका रूपले सम्बन्ध रहेको स्पष्ट हुन्छ । मीमांसा कर्म निरूपणसंग र निरुक्त अर्थनिरूपणसंग सम्बन्धित रहेका देखिन्छन्, त्यसैले परस्पर सम्बन्धित छन् ।

**(ग) मीमांसा र प्रातिशाख्य एवं वर्णोच्चारण शिक्षा**

वेदमन्त्रको उच्चारण कसरी गर्ने भन्ने कुरा र स्थापित उच्चारण पद्धतिलाई जीवन्त राख्नका लागि शिक्षाको उत्पत्ति, विकास र विस्तार भएको हो । सानाठूला गरी ५० भन्दा बढी शिक्षाका पुस्तक उपलब्ध रहेका छन् । शिक्षामा वर्ण, स्वर, मात्रा, बल, साम र सन्तान गरी मुख्य ६ कुराको व्याख्या गरिएको पाइन्छ । **वर्ण (स्वर र व्यञ्जन गरी ६४), स्वर (उदात्त, अनुदात्त, स्वरित), मात्रा (ह्रस्व, दीर्घ, प्लुत, बल (स्थान र प्रयत्न)** जस्ता चार कुरा भाषा व्याकरणसँग प्रत्यक्ष सम्बन्धित रहेका देखिन्छन् भने साम र सन्तान दोषरहित गुणयुक्त उच्चारण र संहितापाठसँग सम्बन्धित रहेका छन् (द्विवेदी, सन् १९८३ : १७३) । वैदिक यागमा शुद्ध मन्त्रोच्चारण आवश्यक हुन्छ। यज्ञमा देवतालाई उद्देश्य गरेर मन्त्रोच्चारणपूर्वक द्रव्य वा हविः त्याग (प्रदान) गरिन्छ । यिनै सन्दर्भमा मीमांसा र प्रातिशाख्य एवं वर्णोच्चारण शिक्षाको सम्बन्ध रहेको देखिन्छ । वेदका प्रत्येक शाखाका प्रातिशाख्य रहेका छन् तर आज सबै प्रातिशाख्य उपलब्ध छैनन् । प्रातिशाख्यमा उच्चारण, स्वरविधान, सन्धिविधान, ह्रस्वदीर्घविधान, लोपागमविकारादिविधान र वैदिक छन्दको समेत विवेचना गरिएको पाइन्छ । हाल **ऋक् प्रातिशाख्य, तैत्तिरीय प्रातिशाख्य, वाजसनेयि प्रातिशाख्य, अथर्ववेद प्रातिशाख्य, सामप्रातिशाख्य** गरी ५ प्रातिशाख्य उपलब्ध छन् । अथर्वका २ र सामका ३ भेद रहेकाले जम्मा ८ प्रातिशाख्यका ग्रन्थ हाल उपलब्ध छन् (द्विवेदी, सन् १९८३ : १७६) । प्रातिशाख्य र शिक्षाविना वैदिक मन्त्रको शुद्ध उच्चारण हुन सक्तैन र त्यो विना कर्म र कर्मफल प्राप्त हुन सक्तैन । प्रातिशाख्य र शिक्षाकै अर्थनिरूपणमा मीमांसाले मद्दत गर्ने हुँदा यी शास्त्रको परस्पर सम्बन्ध रहेको देखिन्छ ।

**(घ) मीमांसा र व्याकरण**

वेदका ६ अङ्गमध्ये व्याकरण पनि एक हो । व्याकरणका वेदको रक्षा, ऊह,



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगम, लघु र असन्देह जस्ता पाँच प्रयोजन रहेका छन् । यी पाँच वटै प्रयोजन वेदमा घटित हुन्छन् । व्याकरणमा शब्दको प्रकृति प्रत्यय विवेचनापूर्वक नाम, आख्यात, उपसर्ग, निपातको निरूपण गरिएको पाइन्छ भने वर्ण, पद, सन्धि, वैदिकस्वर, शब्दरचना जस्ता कुराको पनि विवेचना रहेको देखिन्छ (द्विवेदी, सन् १९८३ : १८२) । महर्षि पतञ्जलिले महाभाष्यमा **'एकः शब्दः सम्यक् ज्ञातः, सुष्ठु प्रयुक्तः स्वर्गे लोके च कामधुग् भवति'** भनेका छन् अर्थात् एउटै शब्द पनि राम्रोसँग जानेर सही ढङ्गमा प्रयोग गरेमा यहाँ मात्र होइन स्वर्गलोकमा समेत इच्छा परिपूर्ति हुन्छ भन्ने आशय यहाँ देखिन्छ । यज्ञ शुद्धसँग सम्पादन गर्न द्रव्य, कर्म र मन्त्रोच्चारणको शुद्धता आवश्यक रहन्छ भने ठाउँठाउँमा मन्त्रहरूको व्यत्यय र ऊह अर्थात् विभक्ति, वचन, लिङ्ग र शब्दको हेर फेर गरेर प्रयोग गर्नुपर्ने हुन्छ, यी दुवैको ज्ञान र प्रयोगका लागि व्याकरण आवश्यक हुन्छ, त्यसैले व्याकरणको सम्यक् ज्ञानबिना मन्त्रको याज्ञीय प्रयोग र मीमांसाको सम्यक् ज्ञान सम्भव हुँदैन । साथै व्याकरणशास्त्रकै विवेचना र अर्थस्फोटनका लागि पनि मीमांसा आवश्यक पर्दछ, त्यसैले यी दुई शास्त्रका बिच परस्पर सम्बन्ध रहेको देखिन्छ ।

### (ङ) मीमांसा र धर्मशास्त्र

मीमांसा दर्शनले धर्मको विवेचना गर्दछ, त्यो धर्म मूलतः वैदिक यज्ञविधानसँग सम्बन्धित छ । मीमांसाको पहिलो र दोस्रो सूत्र नै 'अथातो धर्मज्ञिासा' र 'चोदना लक्षणो धर्मः' रहेका छन् । श्रुति, कल्पसूत्र, स्मृति, पुराण र तदुत्तर सम्पादित धर्म कर्म संस्कार विषयका निबन्धग्रन्थहरूको समुदायलाई नै धर्मशास्त्र भनिन्छ । कल्पसूत्रलाई नै आधार मानेर वैदिक परम्पराको संरक्षणका लागि स्मृतिग्रन्थहरूको उदय भएको पाइन्छ । स्मृतिग्रन्थ १०८ भन्दा बढी छन् । तिनमा १८ स्मृति मुख्य छन् ।

**विष्णुः पराशरो दक्षः संवर्तव्यासहारिताः ।**
**शातातपो वसिष्ठश्च यमापस्तम्बगौतमाः ॥**
**देवलः शङ्खलिखितौ भरद्वाजोशनोऽत्रयः ।**
**शौनको याज्ञवल्क्यश्च दशाष्टौ स्मृतिकारकाः ।**

यी १८ आचार्य धर्मशास्त्रका प्रवर्तक हुन् । प्रकारान्तरमा मनु, बृहस्पति, अङ्गिरा, योगीश्वर, प्रचेतासहित १८ आचार्यको नाम उल्लेख भएको पाइन्छ (विट्ठल, शक १८७५ : ६) । सबै स्मृतिकार एवं धर्मशास्त्रकारहरूले वेद र वैदिक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मलाई नै केन्द्रमा राखेर धर्मशास्त्रीय निर्वचन गरेका छन्, मीमांसाले पनि वेद र वैदिक कर्मकै निरूपण र निर्वचन गरेको पाइन्छ। आह्निकसूत्रावलीमा व्यासवचन उद्धृत गर्दै **"श्रुतिः स्मृतिश्च विप्राणां नयने द्वे विनिर्मिते। एकेन विकलः काणो द्वाभ्यामन्धः प्रकीर्तितः"** भनिएको छ, अर्थात् श्रुति र स्मृति दुवै विप्रका आँखा हुन् भन्ने आशय यहाँ छ। अत्रिका वचनको उद्धृत गर्दै आह्निकसूत्रावलीमा वेद र स्मृति दुवै प्रमाण मानिएको छ।

**वेदाः प्रमाणं स्मृतयः प्रमाणं धर्मार्थयुक्तं वचनं प्रमाणम्।**
**एतत्त्रयं यत्र भवेत्प्रमाणं तद्वाक्ययुक्तं कुरु तत्प्रमाणम्॥**
(विट्ठल, शक १८७५ : ६)॥

मीमांसा र धर्मशास्त्र दुवैले धर्मको व्याख्या र विवेचना गरेको पाइन्छ। मीमांसाले वेदविहित यज्ञलाई प्रधान मानेर व्याख्या गरेको र धर्मशास्त्रले वैदिक तथा उत्तरवैदिक कालीन धर्मव्यवस्थालाई आधार मानेर धर्म विवेचन गरेको हुनाले र धर्मशास्त्रको विवेचनाका लागि मीमांसाको आवश्यकता रहने हुँदा दुवै शास्त्रको परस्पर सम्बन्ध रहेको देखिन्छ।

### (च) मीमांसा र अन्य दर्शन

मीमांसा दर्शन र अन्य दर्शनको कतै प्रत्यक्ष र कतै परम्परया सम्बन्ध रहेको पाइन्छ। दर्शनहरू परस्पर खण्डन गरेर आफ्नो मतको मण्डन गर्दछन्। पूर्वमीमांसा दर्शनमा यज्ञ वा कर्मको मीमांसा गरिएको छ भने उत्तर मीमांसामा आत्मा वा ब्रह्मको विषयमा मीमांसा गरिएको छ। व्यासले जैमिनिको र जैमिनिले व्यासको नाम लिएका छन्, परस्पर सहमत वा असहमतका विचारहरू पनि राखेका छन्। यी दुईबाहेक सांख्य, योग, न्याय र वैशेषिक दर्शनसमेत गरी ६ आस्तिक दर्शन रहेका छन्। यी दर्शनहरू परस्पर प्रभावित देखिन्छन्। यी षड्दर्शनमा चिन्तन गरिएका विषयका सूत्रगत चिन्तनबीज वेदमा पाइन्छ। पदार्थको चिन्तन सबै दर्शनले गरेका छन्, तर संख्या र स्वरूपमा कतैकतै फरक पाइन्छ, प्रमाणका विषयमा सबैले उल्लेख गरेका छन्, प्रत्यक्ष, अनुमान र शब्द प्रमाणलाई सबैजसो ले मानेका छन्, यहाँ पनि संख्या र स्वरूपमा फरक पाउन सकिन्छ। ईश्वर, अनीश्वर, आत्मा अनात्मा, सृष्टि, स्थिति, लय, ज्ञान र मोक्ष जस्ता विषयमा सबै दर्शनले चिन्तन गरेका छन्, यिनमा परस्पर मिल्दा नमिल्दा प्रस्तुतीकरण प्राप्त गर्न सकिन्छ। ता पनि वेदलाई प्रमाण वा आधार मान्ने हुनाले यी ६ दर्शनलाई आस्तिक दर्शन र वेद नमान्ने बौद्ध, चार्वाक्, जैन, शिख, पारिभाषिकलाई नास्तिक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वेद मान्ने) भनिन्छ ।

## ६. मीमांसामा भाषिक चिन्तन

पौरस्त्य दर्शन र अन्य पौरस्त्य शास्त्रमा शब्दका विषयमा विचार-विमर्श गरिएको पाइन्छ । वैयाकरण, मीमांसक, नैयायिक आदि शास्त्रवेत्ताहरूले शब्दका विषयमा वा भाषाका सन्दर्भमा महत्त्वपूर्ण चिन्तन गरेका छन् । सबै शास्त्रहरू भाषामा आश्रित हुने, भाषाकै माध्यमबाट व्यक्त हुने भएकाले दर्शन, व्याकरण र साहित्यमा भाषाका विषयमा छलफल गरेको पाइन्छ । भर्तृहरिले वाक्यपदीयम् मा अनादि र अनन्त शब्दतत्त्व अक्षरतत्त्वमय ब्रह्म अर्थभावले प्रतिबिम्बित हुन्छ र जगत्को सृष्टि प्रक्रिया पनि यस्तै हुन्छ भनेका छन् र शब्दतत्त्वलाई ब्रह्मतत्त्वसँग जोडेका छन् ।

**अनादिनिधनब्रह्म शब्दतत्त्वं यदक्षरम् ।**

**विवर्ततेऽर्थभावेन प्रक्रियाजगतो यतः ॥** (वाक्यपदीयम्, प्रथमकाण्ड, श्लोक १) प्रायः सबै पौरस्त्य दर्शनले प्रत्यक्ष, अनुमान र शब्दलाई प्रमाण मानेका छन् । वेदलाई प्रमाण मान्ने दर्शनशास्त्र आस्तिक हुन् भने वेदलाई प्रमाण नमान्ने दर्शन नास्तिक हुन् । मूलतः बौद्ध र चार्वक दर्शन नास्तिकमा पर्दछन् । षड्दर्शन आस्तिक दर्शन हुन् । मीमांसकहरू वेदलाई अपौरुषेय र सर्वाधिक प्रमाण मान्दछन् । इन्द्रिय सन्निकर्ष ज्ञान प्रत्यक्ष ज्ञान हो तर इन्द्रियको प्रत्यक्ष सन्निकर्ष नभए पनि (व्यक्ति उपस्थित नभए तापनि) ज्ञाताले अरूले बताएको शब्दाश्रित वाक्य श्रवणरूप ज्ञानबाट ज्ञेय पदार्थको बोध गर्दछ । यसरी शब्द नै ज्ञानोत्पत्तिको कारण र प्रमाण हुन्छ । मीमांसकहरू शब्द अपौरुषेय र पौरुषेय दुई किसिमको मान्दछन् । वेदका वाक्य 'अपौरुषेय' भएकाले स्वतः प्रमाण हुन्छन् । पौरुषेय पनि 'आप्तवचन' मात्रै प्रमाण हुन्छ । वाक्यको अर्थबोधका लागि पहिले शब्दको अर्थ बोध गर्नुपर्दछ, अनि वाक्यमा प्रयुक्त नाम, आख्यात आदिको पारस्परिक सम्बन्धको बोध गर्नुपर्दछ अनि मात्रै वाक्यार्थ बोध हुन्छ । त्यो शब्दाश्रित वाक्यमा पनि योग्यता, आकांक्षा र आसत्तिको उपक्रम मिलेको हुनुपर्दछ । त्यो पनि पहिला शब्द श्रवण हुन्छ, त्यसपछि शाब्दबोध हुन्छ, अनि नाम र आख्यातको अर्थबोध हुन्छ, अनि वाक्यमा प्रयुक्त नाम, आख्यात र अन्य तत्त्वको पारस्परिक सम्बन्धको बोध हुन्छ । अनि बल्ल 'शब्दाश्रित' 'वाक्यजन्य' 'अभिधार्थ' खुल्दछ । यदि अभिधार्थबाट समन्वित अर्थ खुलेन, वक्ताको आशय, भाव वा विचार स्पष्ट भएन भने 'लक्षणा' गर्नुपर्दछ । विशिष्ट अर्थबोधका लागि 'व्यञ्जना' सम्म पुग्न



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्छ । मीमांसक प्रभाकर शब्दलाई ज्यादै महत्त्व दिन्छन् । उनी सबै शब्दलाई 'ध्वनिरूप' मान्दछन् र ध्वनिको पूर्ण रूप 'अक्षर' हो भन्दछन् । अक्षरको अभावमा 'शब्दध्वनि' सार्थक बन्न सक्दैन । प्रत्येक अक्षरको आआफ्नो 'ध्वनिक्षमता' हुन्छ । 'अक्षरध्वनि'बाट शब्द 'उत्पन्न' वा 'निर्माण' हुन्छ । 'स्वतन्त्र अक्षर'मा 'अर्थक्षमता' नभए पनि 'अक्षर' वा 'अक्षरसमूहजन्य' शब्दमा 'अर्थक्षमता' हुन्छ । शब्दको मूल आधार 'अक्षरशक्ति' भएकाले सबै 'शब्द, अर्थ र संज्ञान'को मूलाधार पनि 'अक्षरशक्ति' नै हो भन्ने मत मीमांसामा पाइन्छ ।

मीमांसकहरू 'शब्द'लाई नित्य, शाश्वत र सनातन मान्दछन्, वैयाकरणहरू पनि शब्दलाई नित्य मान्दछन् र 'शब्दब्रह्म' को व्याख्या गर्दछन् अनि 'शब्दस्फोट' को कुरा उठाउँछन् । नैयायिकहरू शब्दलाई अनित्य मान्दछन्, तर यिनीहरू परमात्माले नै 'शब्द' र 'अर्थ' निर्माण गरेका हुन् भन्ने मान्यता राख्दछन् । मीमांसकहरू पनि 'शब्द' र 'अर्थ' 'मानवनिर्मित' होइन, 'शाश्वत' छ, 'सनातन' छ, नित्य छ, अनादि अनन्त छ भन्दछन् । 'श्रुतिक्षमता'को कारण अथवा 'बोधक्षमता'को कारण शब्दमा रहेको 'अर्थशक्ति' प्रभावित हुँदैन । अथवा कुनै कमजोर श्रोता वा पाठकले शब्दको अर्थ बुझ्नेन भने पनि त्यो शब्दको अर्थ नहुने, घट्ने वा अन्यार्थ हुने होइन । भाषाका प्रयोक्ताले शाश्वत सनातन 'शब्दराशि' लाई बोधमा ल्याउने र 'उच्चारण अवयव' बाट 'श्रवणयोग्य' बनाई 'श्रोता' समक्ष 'सम्प्रेषण' गर्दछ ।

'शब्दार्थबोध' का विषयमा विमर्श गर्दै जाँदा मीमांसा दर्शनमा 'अन्विताभिधानवाद' र 'अभिहितान्वयवाद' को उत्पत्ति भएको पाइन्छ । अन्विताभिधानवादले शब्दले वाक्यमा 'अनुबन्धित' र समन्वित भएर 'समष्टि'बाट अर्थबोध गराउँछ भन्ने मान्यता राख्दछ । शब्दको तात्पर्य अन्य वाक्यांशको प्रसङ्गबाट मात्रै स्पष्ट हुन्छ । 'वाक्य'मा नबाँधिएका स्वतन्त्र शब्दको अर्थ स्पष्ट वा पूर्ण हुन सक्दैन । व्याकरणमा 'सर्वे सर्वार्थवाचका' भनेको पाइन्छ । त्यसैले वाक्यमा बाँधिएपछि शब्दको अर्थ स्पष्ट र सीमित हुन्छ । प्रभाकरका मतमा 'गामानाय' 'गां बन्धय' यस्तो वाक्य वरिष्ठ व्यक्तिले बोलेपछि कार्यसहयोगीले गाई ल्याएको र बाँधेको बच्चाले देख्दछ, एकाध पटक यस्तो सुनेपछि र देखेपछि 'गामानय' भनेको गई ल्याउने र 'गां बधान' भनेको गाई बाध्ने भन्ने कुरा समष्टिमा बोध गरेको हुन्छ । बच्चाले 'गां' भनेको गो शब्दको कर्मकारक, द्वितीया विभक्तियुक्त शब्द हो र 'गो' शब्दले 'श्रृङ्गित्वे सति गलकम्बलवत्वं' भन्ने अर्थ दिन्छ भन्ने बुझ्दैन, अनि 'आनय' ले णीञ् प्रापणे धातुमा आङ् उपसर्ग लागेको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र लिङ् लकारको मध्यमपुरुषको एक वचन, 'आज्ञार्थक क्रियापद' हो भन्ने अर्थ बोध पनि गर्दैन । समष्टिमा गाई ल्याउने र गाई बाँध्ने भन्ने अर्थ बोध गर्दछ । 'गां' मात्रले पनि अर्थ बोध हुँदैन, 'आनय' मात्रैले पनि अर्थबोध हुँदैन, 'गामानय' समष्टिले मात्रै अर्थबोध हुनसक्छ भन्ने कुरा प्राभाकरी मतमा रहेको पाइन्छ । 'आवापोद्वाप'का माध्यमले वाक्यघटक पदहरूको पनि पछि अर्थबवोध हुन्छ ।

कुमारिल भट्टले 'अभिहितान्वयवाद' को प्रतिपादन गरेका छन् । कुमारिल प्रभाकरको विपरीत मान्यता राख्दछन् । उनका मतमा प्रत्येक शब्दका आ-आफ्ना स्वतन्त्र अर्थ रहेका हुन्छन् । अक्षर अक्षर मिलेर शब्द बन्छ, शब्द शब्द मिलेर वाक्य बन्दछ । शब्दको समूह संयुक्त भएर नै वाक्यरूपमा परिवर्तित हुन्छ र प्रसङ्गअनुसारको अर्थ प्रदान गर्दछ । यस वादमा शब्दको स्वतन्त्र 'अर्थसत्ता' स्वीकार गरिन्छ । शब्दमा निहित अर्थ नै वाक्यमा प्रतिबिम्बित हुन्छ भन्ने आशय यहाँ देखिन्छ । 'गामानय' यस्तो वाक्यमा 'गो' शब्दको कर्मकारक एक वचनान्त 'सिङ् गलकम्वलवाला पशुविशेष' भन्ने अर्थ हुन्छ । 'आनय' ले लिङ्लकार, एकवचन, द्वितीय पुरुषले सम्पादन गर्ने काम विशेषलाई संकेत गर्दछ । यी दुवै पदलाई एकै ठाउँमा राख्दा 'गाम् आनय' ले 'गाई ल्याऊ' भन्ने अर्थ दिन्छ । यसै गरी भाषाका अन्य पक्षमा पनि मीमांसाले प्रत्यक्षतया वा परम्परया चर्चा गरेको पाइन्छ ।

## ७. प्रस्तुत ग्रन्थको सन्दर्भ

प्रस्तुत ग्रन्थका मूल लेखक कृष्णयज्वा हुन् । यो कृति प्रौढ र प्राञ्जल संस्कृत भाषामा निबद्ध रहेको छ । ५८ वटा शीर्षकहरूमा यज्ञविधानसँग सम्बद्ध वाक्यहरूको वा याज्ञीय प्रसङ्गहरूका विषयमा वा मीमांस्य विषय सन्दर्भमा बौद्धिक र तार्किक विवेचना गरिएको छ । प्रस्तुत कृतिको परिशिष्ट क मा ७८ वटा मीमांसापरिभाषामा प्रसङ्गअनुसार उद्धरण गरिएका श्रुति (वेद) का वचनहरू प्रस्तुत गरिएको छ भने परिशिष्ट ख मा १०२ वटा पारिभाषिक शब्दको अर्थ प्रदान गरिएको छ ।

संस्कृतको अत्यन्त संश्लिष्ट एवं गाढशैलीमा निबद्ध कृतिलाई नेपालीमा रूपान्तरण गरेर पाठकहरूलाई लाभान्वित गरिदिनु हुने प्रा.डा.ऋषिराम पोखेलज्यू अभिनन्दनका पात्र हुनुहुन्छ ।

## ८. अन्त्यमा

पूर्वीय दर्शनशास्त्रहरूमध्ये मीमांसा दर्शन एक हो । यो वैदिक चिन्तनसंग



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्बद्ध छ। पौरस्त्य चिन्तनको केन्द्र वेद हो र अन्य शास्त्रहरू त्यसैको सेरोफेरोमा परिभ्रमण गर्दछन्, वेदको पोषण गर्दछन्, उपकारक छन्। पूर्व चर्चित मीमांसाले वेदमा निहित कर्मकाण्डीय वा यज्ञीय पक्षको विवेचना गर्दछ भने उत्तरमीमांसा (वेदान्त)ले वेदविहित ब्रह्मचिन्तनको विवेचना गर्दछ। त्यसैले उत्तरमीमांसा 'अथातो धर्मजिज्ञासा'बाट शुरु भएको छ भने उत्तरमीमांसा 'अथातो ब्रह्मजिज्ञासा' बाट शुरु भएको छ। यी दुवै दर्शनले वेदप्रतिपाद्य 'कर्ममीमांसा' र 'ज्ञानमीमांसा' प्रस्तुत गर्दछन्, ती दुई विषयमा उठेका प्रश्न, जिज्ञासा, अस्पष्टता, भ्रम आदिको निवारण गर्दछन्। त्यसैले भनिएको छ :

**वेदे काञ्चनपत्तने परिलसद् वेदान्तदुर्गो महान्**
**मीमांसा-परिखा विभाति परितः शाब्दं लसद् गोपुरम्।**
**योगो यामिनि जागरूकनिचयः सांख्यो विवेकात्मको**
**धर्मं चोरयितुं विशन्ति सुगताः नैयायिकाः कुक्कुराः।**

वेदरूपी सुन्दर 'स्वर्णनगर'मा त्यसकोसुरक्षाका लागि वेदान्तरूपी किल्ला छ, त्यसमा मीमांसारूपी पर्खालले चारैतिरबाट घेरेको छ। वेदरूप स्वर्णनगरमा छिर्न व्याकरणरूपी सुदृढ द्वार रहेको छ। त्यस वेदरूप स्वर्णनगरमा योगरूपी यामिनि परिव्याप्त छ, त्यहाँ सांख्यरूप विवेक रहेको छ। त्यस्तो वेदरूप 'स्वर्णनगर'मा धर्म चोर्नलाई वा 'सनातनपथ'लाई भ्रष्ट पार्न 'सुगत'हरू अर्थात् नास्तिकहरू प्रवेश गर्न खोज्दछन्, तिनलाई कुक्कुरजस्तै चङ्ख रहेका नैयायिकहरूले झम्टन्छन् भन्ने उक्त श्लोकको आशय छ। यसरी हाम्रा सबै पौरस्त्य शास्त्रहरू वेदको व्याख्या, संरक्षण, प्रयोग, पोषण र उपकारमा प्रवृत्त रहेका छन्। प्रस्तुत 'मीमांसापरिभाषा' पनि वेद, वैदिक यज्ञ र वेदवाक्यको व्याख्या, विश्लेषण, पोषण कार्यमा नै परिदृढ रहेको देखिन्छ।

## सन्दर्भ सामग्री सूची

अग्निहोत्री, प्रभुदयाल (सन् १९६३), **पतञ्जली कालीन भारत**, पटना : विहार राष्ट्रभाषा परिषद्।

अग्रवाल, वासुदेव (सन् १९६९), **पाणिनिकालीन भारतवर्ष**, बनारस : चौखम्वा प्रकाशन।

आपटे, वामनशिवराम (१८१९), **संस्कृत हिन्दी कोश**, (दो.सं.), दिल्लीः मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि.।

उपाध्याय, काशीनाथ (सन् १९०४), **धर्मसिन्धुः**, बम्बैः निर्णयसागर मुद्रणालय।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाध्याय, बलदेव (सन् १९८०), **वैदिक साहित्य और संस्कृति**, (पाँ.सं) वाराणसी,: शारदा संस्थान ।

उपाध्याय, रामजी (सन् १९६६), **प्राचीन भारतीय साहित्य की सांस्कृतिक भूमिका**, इलाहबाद : देवभारती प्रकाशन ।

कृष्णकुमार, (सन् २००१), **प्राचीन भारतका सांस्कृतिक इतिहास**, दिल्ली : श्रीसरस्वती सदन ।

गैरोला, वाचस्पति, (सन् १९७५), **संस्कृत साहित्य का इतिहास**, वाराणसी : चौखम्बा विद्याभवन ।

गैरोला, वाचस्पति (१९८९), **वैदिक साहित्य और संस्कृति**, (दो.सं.) बनारस : चौखम्वा प्रकाशन ।

गौतम (सन् १९३१), **गौतमधर्मसूत्र,** बनारस : आनन्दाश्रम ।

चित्राव, सिद्धेश्वरशास्त्री (वि.सं. २०२१), **भारत वर्षीय प्राचीन चरित्रकोश,** पुना : भारतीय चरित्रकोश मण्डल ।

त्रिपाठी, वल्लभमणि दाहाल र अन्य (२०४०), **बृहत् नेपाली शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दासगुप्ता, एस.एन. (सन् १९७८), **भारतीय दर्शनका इतिहास**, (भाग १), जयपुर, राजस्थान : हिन्दी ग्रन्थ अकादमी ।

मिश्र, वाचस्पति (सन् १९७३), **भारतीय दर्शनका इतिहास**, (भाग २), राजस्थान : हिन्दीग्रन्थ अकादमी ।

द्विवेदी, पारशनाथ, (वि.सं २०२९), **वैदिक साहित्यका इतिहास**, बनार : चौखम्बा सुरभारती प्रकाशन ।

बराल, टीकादत्त २०६८), **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्ट कमलाकर (वि.सं. २०६९), **निर्णयसिन्धु,** (अनु. वेणीमाधव ढकाल) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विट्ठल, नारायण (शक १८१७), **आह्निकसूत्रावली**, मुम्बई : तुकाराम पुंडलिक शेट्ये ।

वेत्तममणि (सन् १९७५), **पुराणिक इन्साइक्लोपेडिया**, बनारस : मोतीलाल बनारसीदास ।

शर्मा, कुन्दनलाल, (सन् १९८१), **कल्पसूत्र, पञ्जाव** : विश्वेश्वरानन्द वैदिक शोध संस्थान ।

सिंह, राजकिशोर सिंह (सन् १९८४), **भारतीय दर्शन : सरल विवेचना,** आगरा : विनोद पुस्तक मन्दिर ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# मीमांसा परिभाषा

# अनुवादकीय

संस्कृत भाषालाई देवभाषा (अमरभारती) भनिन्छ । देवताले बोलेको कुरा सत्य, शाश्वत, त्रिकालस्थायी हुन्छ। यो मान्यता अन्ध विश्वासको भरमा अडिएको होइन, अपि तु सत्य र तथ्यका आधारमा प्रचलित भएको हो । देवता भनेका दानी, द्युस्थानी, प्रकाशमान, ज्ञानी, सबैका अन्तर्मन बुझ्ेका, सबैका हितकारी अजर अमर शक्तिका प्रतीक हुन् । संस्कृत व्याकरणशास्त्रअनुसार, पृषोदरादिको समेत विशेष नियमबमोजिम २१ थरि धातुहरूबाट "देव" शब्द बन्दछ। दिवु धातु क्रीडा-विजिगीषा-व्यवहार-द्युति-स्तुति मद-मोद स्वप्न-कान्ति-गति समेत ११ अर्थमा प्रयोग हुने गर्दछ। यसका साथै धातूनामनेकार्था अर्थात् धातुका अनेकौं अर्थ हुन्छन् र उपसर्गलाग्नाले पनि धातुका अनेकौं अर्थ हुने नियम छ। देववाणी सँधै सत्य, अपरिवर्तनीय, शुद्ध र पूर्ण हुन्छ। संस्कृत व्याकरणका नियमअनुसार संस्कार गरिएको अथवा प्रकृतिबाट अर्थअनुसार लोप, आगम, वर्ण विकार तथा प्रकृतिभाव रूपी संस्कार, लिङ्गानुशासन आदिवाट नियमद्वारा परिष्कृत शब्दहरूको सामूहिक नाम संस्कृत भाषा हो । सारांशमा भन्नुपर्दा परिष्कृत भाषाको नाम संस्कृत हो ।

निष्कर्षमा भन्नुपर्दा देश, काल आदिको सीमाले न बाधिएको सँधै धातुको प्रकृति प्रत्यय अर्थ स्थान र प्रयोगका विशेष नियमले बाधिएको साह्रै नै परिष्कृत र सम्पन्न भाषाको नाम संस्कृत हो। संस्कृतका कोष ग्रन्थअनुसार ब्राह्मी, भारती, भाषा, गीः, वाक्, वाणी, सरस्वती, व्याहार, उक्ति, लपित, भाषित, वचन, आदि अनेकौं नामहरू भाषाका पर्याय हुन् । आज भन्दा अगाडि सृष्टि देखि नै उही, उस्तै, उसैगरी प्रयोग हुने, निष्पन्न हुने, व्याकरण नियममा आबद्ध एक रूपता सम्पन्न भाषा संस्कृत भाषा हो। यसैले करोडौं वर्षसम्म पनि संस्कृत भाषा उस्तै छ, उही छ, उसै गरी बोल्ने उसैगरी लेख्ने गरिन्छ । लेख्ने र वोल्ने उस्तै रूप स्वरूप छ । यो विशेषता संसारका अरू कुनै भाषामा छैन । यसै कारणले गर्दा अमर मानिएको संस्कृत भाषा विश्व-भाषाको माउ भाषा हो, भनिन्छ ।

यसरी संस्कृत भाषा एक नास छ, एकरूप छ, अजर छ, अमर छ, अपरिवर्तनशील छ। यी सबै कारणले गर्दा संस्कृत भाषालाई देवभाषा, अमरभारती अमरवाणी आदि भनिएको हो । संस्कृत भाषालाई साक्षात् सरस्वती नै भनिन्छ । संस्कृत भाषामा नभएका वा नबन्ने कुनै शब्द छैनन् । अर्थअनुसार कुनै न कुनै धातु (प्रकृति) का आधारमा प्रत्यय गरेर तत्कालै शब्द बन्न बनाउन सकिने अथाह



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान भण्डार भएको र एउटै नियम वा सूत्रका आधारमा अनेकौं शव्दनिर्माण गर्न सक्ने हुनाले संस्कृत भाषा नै आजको कम्प्युटरको निम्ति उपयुक्त भाषा हो, भन्ने मानिन्छ। संस्कृत भाषामा भएका लेखिएका शव्दहरूको अर्थ यही हो यस्तै हो भन्ने कुरा वक्ता र श्रोताको आकाङ्क्षा (चाहना) अनुसार निधो गरिन्छ। यसै कारण "कामदुघाः शव्दाः" अर्थात् शव्दले जे चाहेको अर्थ (आशय, प्रयोजन) वोध गराउन सक्छन् भन्ने मान्यता संस्कृत शास्त्रले सँगालेको छ।

संस्कृत वाङ्मयमा मौलिक रूपमा लेखिएका कतिपय महत्त्वपूर्ण विषयमध्ये मीमांसा दर्शन पनि एउटा हो। दर्शनको आफ्नै पारिभाषिक प्रक्रिया हुन्छ। मीमांसाशास्त्र प्रवेशगर्न आवश्यक केही शव्दहरूको परिभाषाका साथै मीमांसा दर्शनका कतिपय विशेष सिद्धान्तको जानकारी गराउने लघुकाय पुस्तक मीमांसा-परिभाषा हो। कतिपय शव्दको अर्को पर्याय दिनै नमिल्ने र सामान्य तवरमा अर्थ्याउन अुनवाद गर्न पनि ज्यादै अप्ठेरो पर्ने हुनाले प्रस्तुत अनुवाद गर्दा पनि मैले त्यो परिस्थितिको सामना गर्नु परेको छ। प्रस्तुत मीमांसा परिभाषाको लेखक कृष्ण यज्वा हुन्। यहाँ मीमांसा दर्शनको सामान्य परिचय पनि जिज्ञासु पाठक समेतलाई सुविधा हुने गरी प्रस्तुत गर्नु प्रासङ्गिक सम्झिएको छु।

संस्कृत वाङ्मय (शव्दशास्त्र) समान्यतया एउटा महासागरै हो। संस्कृत वाङ्मयमा वैदिक र लौकिक गरी २ मुख्य विभाजन छ। वैदिक वाङ्मयलाई मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्का रूपमा बाँडिएको छ। मन्त्रहरूको अर्थ ज्ञान नभएसम्म स्वाध्याय पूर्ण हुँदैन। वेदको अर्थ जान्नको निम्ति शिक्षाशास्त्र, कल्पशास्त्र, व्याकरणशास्त्र, निरूक्तशास्त्र, ज्योतिषशास्त्र र छन्दः शास्त्र नामका छ अङ्ग (षडङ्ग, षट्शास्त्र) पढ्नु आवश्यक पर्छ। ४ वटा वेदका आ-आफ्ना छुट्टा छुट्टै ६-६ वटा अङ्ग छन्। ६ अङ्गका ४ वटा उपाङ्ग छन्। मीमांसा यही ४ उपाङ्ग भित्र पर्दछ। मीमांसाका अतिरिक्त न्याय, पुराण इतिहास र धर्मशास्त्र एवं आन्विसिकी विद्या उपाङ्गमा पर्दछन्।

मीमांसा शब्द मीञ् माने (चुरादि उभयपदी) र भ्वा, परस्मैपदी धातु, मान्नु जान्नु अर्थवाला म्ना अभ्यासे, दुवै धातुबाट "मीयते, अर्थानुसारं वारं वारं मीयते कर्म विषयकं ज्ञानं यया सा मीमांसा" भन्ने व्युत्पतिबाट निष्पन्न हुन्छ। शास् अनुशिष्टौ धातुबाट शास्त्र बन्दछ। तर्क वितर्क गरेर निर्क्योलमा पुग्न सघाउने शास्त्रलाई मीमांसा शास्त्र भनिन्छ। तसर्थ तर्कद्वारा प्रमाणको टुङ्गो लाउने शास्त्र मीमांसा शास्त्र हो। वेदले कर्म उपासना र ज्ञानका कुरा बताउँछन्। कर्म (यज्ञादि)को अुनष्ठानसँग सम्वद्ध कुराको छलफलगरी निर्क्योलमा पुग्ने काम मीमांसा शास्त्रले गर्दछ। मीमांसाले कर्मलाई नै ईश्वर मान्दछ। कर्म र फलको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बीचमा तारतम्य मिलाउने माध्यम अपूर्व अथवा अदृश्यलाई मीमांसाले ईश्वरकै रूपमा लिएको छ । यज्ञ-कर्मानुष्ठानबाट अपूर्व पैदा हुन्छ । त्यो अदृष्य बनेर परिणाम (परन्तु)मा कर्तालाई फलसँग सङ्गत बनाइदिन्छ । त्यसैले त्यो अपूर्व नै कर्मफलको उद्भावक हो भन्ने मीमांसा शास्त्रको मत छ ।

"अथातो धर्म जिज्ञासा" भन्ने मीमांसाशास्त्रको प्रथम सूत्रको अर्थ स्पष्ट गर्दै शास्त्र दीपिका भन्दछ स्वाध्याय अर्थात् स्वशाखाको वेदाध्ययन सकेपछि पढिएको वेदलाई कार्यान्वयन गर्नु पर्ने हुँदा सो धर्म(कर्म) अर्थात् वेदोक्त कार्य गर्न पर्ने हुनाले सो धर्म जिज्ञासाका क्रममा चार प्रकारका जिज्ञासाहरू पैदा हुन्छन् ।

१) धर्म स्वरूप जिज्ञासा २) धर्म प्रमाण जिज्ञासा ३) धर्म साधन जिज्ञासा ४) धर्म फल जिज्ञासा ।

यिनै चार वटा जिज्ञासालाई मीमांसा शास्त्रले शान्त गराउँद छ । त्यो मीमांसाशास्त्र पूर्वमीमांसा र उत्तरमीमांसा गरी दुई किसिममा विभक्त छ । मुक्ति वा मोक्ष भन्ने चौथो पुरूषार्थ भन्दा पहिले नै वेदोक्त कर्ममार्गद्वारा आर्जन गरिने धर्म, अर्थ, कामसँग सम्बद्ध हुनाले मीमांसाशास्त्रलाई पूर्वमीमांसा(कर्ममीमांसा) भनिन्छ । वेदको उत्तरभाग वा वेदान्तद्वारा समुपदिष्ट विद्या किंवा मोक्ष विद्यासँग संबद्ध भएकाले वेदान्त विद्या विषयक शास्त्रलाई उत्तरमीमांसा भनिन्छ । अथवा अर्को अर्थमा भन्नुपर्दा पराविद्या (ब्रह्म-विद्या) विषयको ज्ञान दिने शास्त्र उत्तरमीमांसा हो ।

पूर्व मीमांसा- सामान्यतया मीमांसाशास्त्र 'मीमांसा' शब्दको नामले शास्त्रहरूमा सर्वत्र व्यवहार हुने गरेको छ । मीमांसाशास्त्रलाई कर्म-मीमांसाशास्त्र पनि भनिन्छ । मीमांसाशास्त्रका प्रवर्तक आचार्य जैमिनि हुन् । मीमांसाशास्त्रका प्रवर्तक जैमिनि-द्वारा प्रणीत मीमांसा सूत्रले वाक्यज्ञान (विशेषत श्रुतिवाक्यको अर्थज्ञान) गराउने कार्यलाई आफ्नो मुख्य उद्देश्य बनाएको छ । मीमांसा शास्त्रले प्रत्यक्ष, अनुमान र शब्द समेत ३ वटा प्रमाण मात्र मान्दछ । मीमांसा शास्त्रका पछिल्ला विचारक प्रभाकर मिश्रले उपमान, र अर्थापत्तिलाई समेत जोडेर पाँच प्रमाण स्वीकारेका छन् । प्रभाकरका गुरु कुमारील भट्टले अभावलाई पनि स्वीकारेर ६ वटा प्रमाण मान्दछन् । मीमांसाशास्त्रका मतमा ज्ञान प्रत्यक्षप्रमाणगम्य नभएर स्वतः प्रकाश मानिन्छ । प्रभाकरका अनुसार प्रत्यक्षप्रमाणका २ रूप छन् सविकल्प र निर्विकल्प । पूर्वीय षट् दर्शनमध्ये मीमांसा दर्शनलाई अनीश्वरवादी दर्शन भनिन्छ । वेदलाई स्वतः प्रमाण मान्ने हुनाले कर्मेश्वर अर्थात् कर्मलाई नै ईश्वर मान्ने भए पनि मीमांसालाई आस्तिक दर्शनभित्र नै गनिन्छ र वेदलाई प्रमाण नमान्ने हुनाले बौद्ध, दर्शनलाई नास्तिक दर्शन भनिन्छ–"नास्तिको वेदनिन्दकः" २/११ मनुस्मृति ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीमांसाशास्त्रका प्रथम आचार्य महर्षि जैमिनिको ग्रन्थ जैमिनिसूत्र नै मीमांसाशास्त्रको मुख्यग्रन्थ हो । त्यसमा महत्त्वपूर्ण र प्रामाणिक भाष्य लेख्ने विद्वान् शबर स्वामी हुन् । मीमांसाशास्त्रको मर्म प्रकाश पार्ने (चुरो बुझाउन) ग्रन्थ नै शाबर-भाष्य हो । मीमांसा दर्शनका व्याख्यताहरूमा कुमारिल भट्ट अद्वितीय छन् । उनका शिष्य प्रभाकर मिश्र अर्का प्रसिद्ध विद्वान् हुन् । पछि उनी गुरूका रूपमा स्थापित भएका छन् यसै गरी मुरारिमत पनि मीसांसाको अर्को प्रसिद्ध मत हो । इतिहासज्ञ डा. गंगानाथ झाले आफ्नो कृतिको नाम नै "प्रभाकरः स्कुल आफ पूर्वमीमांसा" राखेर प्रभाकरको सूक्ष्म ज्ञानको सम्मान गरेका छन् । मीमांसाशास्त्रका प्रमुख ग्रन्थहरूमा सामान्यतया जैमिनी सूत्र, त्यसमा शवरस्वामी कृत शावरभाष्य र त्यसमा प्रभाकर मिश्र र कुमारिल भट्टका टीका ग्रन्थ श्लोक वार्तिक, तन्त्रवार्तिक, गुरूमतका समर्थक प्रभाकार शिष्य शालिकनाथको प्रकरण पञ्जिका, भट्टमतानुयायी पार्थ-सारथिमिश्रको "शास्त्रदीपिका", मण्डनमिश्रको 'विधि विवेक र भावना विवेक,' माधवाचार्यकृत "जैमिनीय न्यायमाला" र त्यसको टीका "न्यायमालाविस्तर", खण्डदेवको रचना 'भाट्टदीपिका' र "मानमेयोदय" तथा आपदेवको 'मीमांसान्यायप्रकाश,' लौगाक्षि मास्करकृत 'अर्थसङ्ग्रह' तथा कृष्ण यज्वकृत 'मीमांसा परिभाषा' आदि ग्रन्थहरू परिगणनीय छन् । मीमांसाशास्त्रले वैदोक्त यज्ञकर्मलाई धर्म मानेर त्यसको सम्वधमा मीमांसा (तर्क वितर्क) गरी विचार विमर्शद्वारा निर्क्योलमा पुग्ने हुनाले यस शास्त्रलाई 'धर्म मीमांसा' पनि भनिन्छ । यसरी नै कर्म प्रधान भएकोले 'कर्म मीमांसा' यज्ञ कार्य विवेचन प्रधान भएकोले यज्ञमीमांसा वा 'यज्ञविद्या', समेत भनिन्छ । जैमिनीय सूत्र बाह्र अध्यायमा परिलक्ष्यित र परिनिष्ठित हुनाले यस मीमांसालाई द्वादशलक्षणी पनि भनिन्छ । विशेषतः वाक्य ज्ञानका निम्ति मीमांसा शास्त्रको सहयोग आवश्यक पर्दछ । मीमांसा दर्शनले वाक्यार्थ ज्ञानलाई व्यापक रूपमा प्रतिपादन गरेको छ । वाक्यार्थ ज्ञानलाई आफ्नो दृष्टिले विश्लेषण गर्दै कुमारिल भट्ट(स्वामी) ले अभिहितान्वयवादी सिद्धान्त र प्रभाकर मिश्र (गुरू)ले अन्विताभिधानवादी सिद्धान्तको बारेमा व्यापक विचार प्रस्तुत गरेका छन् ।

वेदोक्त कर्मकाण्ड विधानका सिद्धान्तमा उठाइएका तर्कहरूको खण्डन वा निराकरण गरी वेदोक्त कर्मको समर्थनद्वारा एकवाक्यता स्थापितगर्ने क्षेत्रमा तैत्तिरीय ब्राह्मण, ताण्डय ब्राह्मण, छान्दोग्य उपनिषद् र शतपय ब्राह्मणआदि ग्रन्थले विस्तृत विचार विमर्शद्वारा वैदिक कर्म मार्गको किंवा वेदले बताएको कर्मकाण्डको समर्थन गरेका छन् । यसरी नै उपनिषद्हरूले कर्मलाई उपासना काण्डको पूरक मान्दछन् । कर्म र उपासनाकाण्डले ज्ञान काण्डलाई सबल



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमाण सम्पुष्टि दिएर वेदप्रतिपाद्य तीन वटै पक्ष (कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड)लाई पूर्ण समर्थन गरेका छन् । उपर्युक्त पूर्वमीमांसा र उत्तरमीमांसा परिचयलाई संस्कृतमा सङ्क्षिप्त रूपले निम्न प्रकार प्रस्तुत गर्न सकिन्छ ।–

**क)** मीमांसा द्विविधा लोके, पूर्वोत्तर-विशेषणात् ।
पूर्वा तु कर्ममीमांसा, वेदान्त उत्तराभिधा ॥१॥
वेद-वेदार्थ-मीमांसां, धर्मजिज्ञासयान्विताम् ।
मीमांसितं तत्र तत्र, श्रुतौ यत्सूत्ररूपतः ॥२॥
तत्स्वबुद्ध्या समालोच्य, मीमांसाशास्त्रमुत्तमम् ।
वेदादेव तु सङ्गृह्य, रचयामास जैमिनिः ॥३॥
द्वादशाध्यायसंयुक्तं, षष्टिपादसमन्वितम् ।
यत्राधिकरणान्याह, सप्ताकाशाङ्क(९०७) सम्मितान् ॥४॥
सूत्राणि च चतुर्वेदरसनेत्र(२६४४)-मितान् बुध : ।
इत्येतत् पूर्वमीमांसा-शास्त्रमित्युच्यते बुधैः ॥५॥
तत्र भाष्यमद्वितीयं शबरेण विनिर्मितम् ।
जैमिनीया न्यायमाला माधवेन सविस्तरा ॥६॥
कृता, न्यायप्रकाशश्चापदेवेन विनिर्मितः ।
मीमांसानुक्रमणिकां मिश्रो मण्डन आतनोत् ॥६॥
तौतातिमततिलकं शालिग्रामो व्यरीरचत् ।
तन्त्रालोको भट्टकृतो मिश्रेण श्लोकवार्तिकम् ॥७॥
मीमांसार्थ-संग्रहश्च लौगाक्षिणा विनिर्मितः ।
मीमांसा-परिभाषां च कृष्णयज्वा विनिर्ममे ॥८॥
इत्यनेके सन्ति ग्रन्था मीमांसा-शास्त्रबोधकाः ।
श्रुतिमार्ग-प्रकाशार्थाः कर्मणोऽपूर्वसाधकाः ॥१०॥
यत्र कर्मेश्वरोऽ पूर्वोऽदृष्टत्वेन निरूपितः ।
तत्तत्कर्मोद्भवोऽपूर्वः सर्वत्र फलसाधकः ॥११॥
तन्मीमांसा-शास्त्रपुञ्ज-सारमादाय तत्वतः ।
सामान्यज्ञान-मीमांसा ऋषिरामेण निर्मिता ॥१२॥

**ख)** ज्ञानार्थं ब्रह्मविद्याया व्यासेन वेदमूर्तिना ।
वेदस्यान्तं ब्रह्मविद्याविज्ञानेन समन्वितम् ॥१॥
वेदोपनिषदां सारमादाय सुनिरूपितम् ।
मीमांसाशास्त्रसर्वस्वं प्रोक्तं वेदान्तमुत्तमम् ॥२॥
तदेवोत्तरमीमांसाशास्त्रं वेदान्तमुच्यते ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्र मूलं ब्रह्मसूत्रं व्यासेनोक्तमितीर्यते ॥३॥
"अथातो ब्रह्मजिज्ञासा" प्रथमं सूत्रमुच्यते ।
कर्मधर्मस्य मीमांसाथातो धर्म इतीरितः ॥४॥
तत्र प्रकरणाच्चेति षड्वाणशर-(५५६) सम्मितान् ।
आहु प्रकरणन्येकेऽ न्ये तदूनानि तानि हि ॥५॥
तत्राधिकरणान्याहुरक्षिवाणेन्दु -(१५२) सम्मितान् ।
सर्वं खलु त्विदं ब्रह्म ब्रह्म नानात्वमेयिवान् ॥६॥
नेह नानास्ति विज्ञेयं ब्रह्मणोऽ न्यन्नविद्यते ।
तस्माद् ब्रह्म विदित्वैव ब्रह्मभूत्वातिवर्तते ॥७॥
ब्रहविद् ब्रह्म भवति नात्र कार्या विचारणा ।
प्रज्ञा ब्रह्मेति विज्ञेयं लोकः पश्यति प्रज्ञया ॥८॥
तत्वं ब्रह्मासि जानीहि स्वानुभूत्या यथोदितम् ।
इति स्वगुरुणा प्रोक्तः चतुःसाधनसम्मितः ॥९॥
शिष्यो ब्रह्माहस्मीति यदानुभवमश्नुते ।
तदा स मुक्तो भवतीत्येवं व्यासेन भाषितम् ॥१०॥
ब्रह्मसूत्रं समासेन वेदान्तशास्त्रमुच्यते ।
वेदान्ताचार्यमुख्यानां गोपालनिधिशर्म्मणाम् ॥११॥
तिवारीत्युपनाम्नां वै गुरूणामनुरोधतः
इतीदं ऋषिरामेण पद्यैरत्रप्रकाशितम् ॥१२॥

प्रकृत प्रसंगमा भन्नुपर्दा जयतु संस्कृतम् नेपालले "संस्कृतमा के छ ?" भन्ने कुरा सर्वसाधारणलाई वुझाउनका निमित्त संस्कृतमा भएका मुख्य-मुख्य विषयलाई नेपाली भाषामा अनुवाद गर्ने गराउने कार्यक्रमानुसार मीमांसाचार्य श्रीकृष्णयज्वाले रचेको प्रस्तुत "मीमांसा-परिभाषा"को अनुवादगर्ने जिम्मा मलाई दिइएकोमा प्रथमतः "जयतु संस्कृतम् नेपाल" प्रति हार्दिक कृतज्ञता पूर्वक साधुवाद अर्पन्छु । मलाई यस कार्यका निम्ति बार बार उत्प्रेरित गर्नु हुने जयतु संस्कृतम् संस्थाका तत्कालीन अध्यक्ष एवं म.सं.वि.का पूर्व शिक्षाध्यक्ष श्रद्धेय मित्रवर प्रा.श्री विद्यानाथ उपाध्याय लगायत सो संस्थाका परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस कार्यमा अनुकूल बनेर सघाएकोमा धर्मपत्नी श्रीमती ओमकुमारी, बुहारी मीरा, नाति जगदीश र अजय, नातिनी अजिता, छोरीहरू सर्वश्री गंगा दाहाल (कीर्तिपुर), सरस्वती न्यौपाने (बडीखेल), अलका चालिसे (हेटौंडा) र उमा लामिछाने (आरुबारी) प्रति हार्दिक धन्यवाद सहित शुभाशीर्वाद दिन्छु ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तमा यस लघुकाय (सानो) पुस्तक अनुवाद गर्दा २–३ वर्षको दौरानमा धेरै विघ्नबाधा आई परे । सम्भवतः कर्मेश्वरको यस्तै इच्छा थियो । यो कार्य अपूर्वरूपी कर्मेश्वरकै कृपाले गर्दा पूर्ण गर्न सकियो । यसमा वेद र मीमांसा परस्पर गाँसिएका विषय भएकोले यथामति यसको अनुवाद गर्ने धृष्टता गरेको हुँ । मेरो स्वाध्याय र मेधाले भ्याएसम्म, जतिसकेको अनुवाद गरेँ । यस्मा कतिपय स्थानमा असावधानीले समेत धेरै त्रुटिरहेका होलान् । मेरा प्रातःस्मरणीय पूज्यपाद गुरुवर प्रा.सोमनाथ पौडेलबाट उसबेला ०२२-०२३ ताका पढेजानेबुझेको भरमा अनुवाद गरेर प्रस्तुत गरेको छु । कमी कमजोरी सबै मेरा अल्पज्ञता र दृष्टिदोषकै प्रतिफल हुन् । अतः विद्वान् पाठक समक्ष लोक प्रसिद्ध सुक्ति प्रस्तुत गर्दै यसका निम्ति प्रायः प्रेरित गर्दै मीमांसा परिचयसहित सम्पादकीय लेख्नुहुने ज.स.का सदस्यसचिव सहप्रा. डा. नवराज कट्टेल एवं वर्तमान अध्यक्ष भाइ डा. बद्री पोखेल, कम्प्युटर टङ्कणकर्ता राजेन्द्र डंगोल र सञ्जीव कम्प्युटर संयोजन गरिदिने मित्र कवि वेदमणि घिमिरेलाई धेरै धेरै धन्यवाद संहित कलमलाई यहीं विश्राम दिने अनुमति माग्दछु । जयतु संस्कृतम् ।

*"गच्छत स्खलनं क्वापि भवत्येव प्रमादत :*
*हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ॥*

विद्वज्जनानुरागी–

प्रा.डा.ऋषिराम पोखरेल



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# विषय- सूची


| विषय | | पृष्ठसङ्ख्या |
|---|---|---|
| क. | प्रकाशकीय | |
| ख. | सम्पादकीय | |
| ग. | अनुवादकीय | |
| घ. | विषयसूची | |
| ङ. | मङ्गलाचरण | |
| १) | धर्माधर्मनिरूपण | ३४ |
| २) | वेदका विभाग | ३७ |
| ३) | ब्राह्मण वाक्य भेद | ३८ |
| ४) | कर्मोत्पत्ति वाक्य | ३८ |
| ५) | गुण वाक्य | ३८ |
| ६) | फल वाक्य | ३९ |
| ७) | फलाय गुण वाक्य | ४० |
| ८) | सगुण कर्मोत्पत्ति वाक्य | ४१ |
| ९) | सफल कर्मोत्पत्ति वाक्य | ४२ |
| १०) | प्रयोग विधि | ४२ |
| | क) वेदको तीन अर्थ वोधकता | ४४ |
| | ख) विधिका प्रकार | ४४ |
| ११) | फलापूर्व कल्पना | ४४ |
| १२) | उत्पत्त्यपूर्व कल्पना | ४६ |
| १३) | यज् क्रिया श्रवणाभावमा याग विधान | ४८ |
| १४) | लिङादि लकाराभावमा पनि विधि वाक्यता | ५० |
| १५) | त्रिकापूर्वादि उत्पत्ति | ५१ |
| १६) | विधिका तीन भेद | ५३ |
| १७) | अपूर्व विधि | ५३ |
| १८) | नियम विधि | ५४ |
| १९) | परिसङ्ख्या विधि | ५४ |




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| २०) | श्रुत्यादि छ प्रमाण | ५६ |
| २१) | श्रुति | ५७ |
| २२) | लिङ्ग | ५७ |
| २३) | वाक्य | ५८ |
| २४) | प्रकरण | ५९ |
| २५) | स्थान | ६० |
| २६) | समाख्या | ६१ |
| २७) | श्रुति आदिको बलाबल | ६२ |
| २८) | लिङ्गादि प्रमाणको प्रबलता | ६३ |
| २९) | अङ्ग लक्षण | ६५ |
| ३०) | सन्निपत्योपकारक अङ्ग | ६६ |
| ३१) | आरादुपकारक अङ्ग | ६७ |
| ३२) | कर्म भेद | ६७ |
| ३३) | प्रतिपत्ति कर्म | ६८ |
| ३४) | प्रतिपत्ति कर्म भेद | ६९ |
| ३५) | याग होम | ७० |
| ३६) | उपयोक्ष्यमाण सँस्कार | ७२ |
| | क) उपयुक्त सँस्कार | ७३ |
| ३७) | प्रतिपत्तिकर्मान्तर | ७३ |
| ३८) | अर्थकर्म र गुणकर्म प्रधानता | ७४ |
| ३९) | गुणकर्मका ४ भेद | ७४ |
| ४०) | अर्थ कर्मका भेद | ७६ |
| ४१) | काम्यकर्मका भेद | ७६ |
| ४२) | वेदको अलौकिक अर्थ | ७७ |
| ४३) | विधिको विधायकता | ७८ |
| ४४) | आर्थी भावना | ७९ |
| ४५) | शाब्दी भावना | ८१ |
| | निष्कर्ष | ८४ |
| ४६) | भावना लक्षण | ८५ |
| ४७) | ज्योतिष्टोम आदिको नामत्व | ८५ |
| ४८) | तत्प्रख्य आदि हेतु विचार | ८६ |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi


| | | |
|---|---|---|
| | क) तद्व्यपदेश न्याय द्वारा नामत्व | ८८ |
| | ख) यौगिक न्यायद्वारा नामकरण | ८९ |
| ४९) | विरुद्ध त्रिक विचार | ९० |
| | वाक्य भेदभयाद् नामत्व | ९३ |
| ५०) | अर्थवाद | ९७ |
| | अर्थवाद भेद | ९८ |
| ५१) | मन्त्र विचार | १०० |
| ५२) | परिसङ्ख्याका तीन दोष | १०२ |
| ५३) | विकल्पका आठ दोष | १०४ |
| | क) एकार्थकारिता | १०५ |
| | ख) वचन बल विकल्पता | १०५ |
| | ग) व्यवस्थित विकल्प | १०६ |
| ५४) | धर्माधर्म प्रमाण्य | १०६ |
| ५५) | स्मृतिको प्रामाणिकता | १०७ |
| | क) शिष्टाचार प्रामाण्य | १०८ |
| ५६) | कर्मभेद विचार | १०८ |
| ५७) | प्रमेय विचार | १११ |
| | क) प्रयोजक लक्षण | ११२ |
| ५८) | क्रम निरूपण | ११३ |
| | क) श्रुति क्रम | ११४ |
| | ख) पाठ क्रम | ११४ |
| | ग) अर्थक्रम | ११५ |
| | घ) प्रवृत्ति क्रम | ११५ |
| | ङ) स्थानक्रम | ११७ |
| | च) मुख्य क्रम | ११७ |
| ५९) | उपसंहार | ११७ |
| ६०) | परिशिष्ट | ११८ |
| | क) वेदका वचनहरु | ११८ |
| | ख) पारिभाषिक शब्दको अर्थ | १२० |




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ श्रीकृष्णः शरणं मम

(श्रीकृष्णयज्वा रचित)

# मीमांसापरिभाषा

(नेपालीभषानुवाद)

## मङ्गलाचरण

श्रीमन्मङ्गलमूर्तयेनमः

वेदपुरुषाय नमः

सूर्यनारायणं वन्दे देवीं त्रिपुरसुन्दरीम् ।
गुरूनधिगतार्थांश्च निरन्तरमहं भजे ॥१॥

भगवान् श्री सूर्यनारायणलाई, देवी श्री त्रिपुरासुन्दरीलाई र जसबाट आफूले अर्थहरू (धर्म, अर्थ, काम, मोक्ष रूपी ४ प्रयोजन) प्राप्त गरियो ती गुरुलाई समेत म (कृष्णयज्वा) सदा सर्वदा स्मरण गर्दछु ।

वालानां शास्त्रसिद्धार्थलेशबोधाय धीमता ।
मीमांसा-परिभाषेयं क्रियते कृष्णयज्वना ॥२॥

वालक वा जिज्ञासुहरूलाई मीमांसाशास्त्रबाट सिद्ध भएको विषयवस्तुको सङ्क्षिप्त जानकारी प्राप्त होस् भन्ने उद्देश्य लिएर म कृष्णयज्वाले वुद्धिमान् भएर (अर्थात् शास्त्रीय कुरामा बुद्धि पुऱ्याएर) यो मीमांसा-परिभाषा (मीमांसाशास्त्रलाई सङ्क्षेपमा चिनाउने) पुस्तक तयार गर्दछु ।

## अनुवादकीय मङ्गलाचरण

आत्मानन्द-स्वरूपी हरिहरविधिका शक्तिका साथ लागी,
कर्मापूर्वात्म बन्दै सकल यजनको पुण्यका भागधारी ।
विश्वात्मा विश्ववन्द्य प्रकटभव सबै तत्त्वका पूर्वरूप,
बन्ने कर्मेश्वरात्मा हरि ! गर ऋषिको कर्म यो पूर्णरूप ॥

## १) धर्माधर्मनिरूपणम् ।

**इह खलु महर्षिणा जैमिनिना द्वादशलक्षण्यां पूर्व्वमीमांसायां धर्म्माधर्म्माविवानुष्ठानोपयोगितया विचारितौ । तत्र वेदबोधितेष्टसाधनताको धर्म्मः। यथा यागादिः । वेदबोधितानिष्टसाधनकोऽधर्म्मः । यथा कलञ्जभक्षणादिः । तयोश्च वेदः, स्मृतिः, आचारश्च प्रमाणम् । तत्र वेदः स्वतन्त्रं प्रमाणम्, इतरौ तु वेदमूलकतया ।**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**अनुवाद-** यस दुनियाँमा मीमांसा (अर्थात् कुन काम गर्ने, किन, कसरी, कहाँ, कैले, कसले, कुन साधनले गर्ने आदि इत्यादि बारे छलफल गरी छिनोफानो गर्ने) शास्त्रमा बताइने कुरा वा नियम, परिभाषा र विषयवस्तुहरू मोटामोटी रूपमा यी हुन् :

महर्षि जैमिनिले- "आथातो धर्मजिज्ञासा" देखि सुरु गरी "अन्वाहार्ये च दर्शनात्" मा समाप्त हुने १२ अध्यायवाला ग्रन्थ बनाएका छन्। यस ग्रन्थमा, १. धर्मप्रमाण, २. धर्मभेद, ३. शेषशेषी-भाव, ४. क्रत्वर्थ-पुरुषार्थ-विशेष-भेदकृत-प्रयोग-विशेषता, ५. श्रुत्यर्थपाठादिक्रम-भेद, ६. अधिकारविशेषः, ७. सामान्यातिदेश, ८. विशेषातिदेश, ९. ऊह, १०. बाध, ११. तन्त्र र १२. प्रसङ्ग समेत क्रमैसँग बाह्र वटा कुराका उदाहरण र लक्षणहरू बताएको हुनाले यसलाई द्वादशलक्षणी (ग्रन्थ) भनेर समेत चिनिने गरिएको छ । यो पूर्व मीमांसा दर्शनको कुराहरूले गुथिएको रचना (ग्रन्थ) मा धर्म र अधर्म के हो र यीमध्ये कुन चाहिँ प्रयोग (अनुष्ठान) गर्न उपयोगी (फाइदा दिने) वा उपयुक्त (ठीक) छ र अनुपयुक्त (बेठीक) वा अनुपयोगी (बेफाइदा गर्नेवाला) छ भन्ने कुराको छिनोफानो हुनेगरी विचार-विमर्श गरिएको छ । **धर्म भन्नाले वेदले बताएको, मान्छेको हित चाहना अनुसारको कामकुरालाई प्राप्त गर्ने साधन हो** अथवा माध्यम, बाटो, मान्यता वा मर्यादा हो । अर्थात् धर्म भनेको मानवमात्रको हित र समुन्नति दुवै कुरालाई प्राप्त गर्ने मार्ग हो । जस्तो कि यज्ञ, याग, आदि । यज्ञ भनेको देवपूजा, सङ्गतीकरण र दान हो । देव-पूजा भन्नाले देवताको पूजा सम्मान गर्नु हो । "देव" शब्द पाणिनीय व्याकरण अनुसार विभिन्न २१ धातुहरूबाट व्युत्पन्न हुन्छ । देवको भाव वा शक्तिलाई समेत बुझाउँदा देवताशब्द बन्छ । देवता भनेको दानी, उज्ज्वलता भएको र अरूलाई पनि उज्ज्वलता दिन सक्ने स्वयम् ज्ञानी अरूलाई ज्ञान दिन सक्ने जन्म, कर्म र दर्शनद्वारा परहितकारी भएर संसारमा चिनिएको, अजर, अमर, सधैं समुज्ज्वल, चैतन्यपूर्ण अनुकरणीय व्यक्तित्व हो । त्यस्तो व्यक्तित्वको पूजा वा सम्मान गर्नु (१), त्यस्को विचार ग्रहण गर्नु वा परहितकारी सत्पुरुषको सङ्गत गर्नु (२), आफूले न्यायपूर्वक आर्जेको धन सम्पत्तिलाई दानमा, अर्थात् परोपकार-पूर्णकार्य वा सेवाका निम्ति त्याग (दान)गर्नु समेत यी (३) अर्थमा याग, (यज्ञ, वा होम) शब्दको व्यवहार वा लोकहितमा प्रयोग हुन्छ । सत्कार्यहरूमा इष्ट, आपूर्त र श्रेष्ठ कार्य पर्दछन् । परोपकार भन्नाले इनार, कुवा, धारा, पोखरी, तीर्थ, पाटी, धर्मशाला, यात्रीको निम्ति भोजनशाला, विद्यालय, औषधालय, बाटो, पुल, मठमन्दिर निर्माण आदि सार्वजनिक कल्याणकारी कार्यहरू गर्नु गराउनु भन्ने बुझिन्छ ।

'वेदले यसो नगर्नू' भनेर बताएका वेद विरोधी अनिष्ट कुरा गर्नु गराउनु



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधर्म हो । उदाहरणको निम्ति कलञ्ज भक्षण पाप अर्थात् अनिष्टकारी (आफूले नचाहेको) फल परिणाम दिने कामकुरा हो । कलञ्ज भनेको विषादि प्रयोग भएका वा उन्मादक वस्तुको प्रयोग वा विषाक्त मलवाट उत्पन्न वा विषालु जन्तु, हतियार आदिले काटिएको खानेकुरा सागपात, फलफूल अथवा जन्तु जनावरको मासु हो । भक्षण भनेको खानु खुवाउनु हो त्यस्तो विषले तत्काल केही नोक्सान, हानि वा बेफाइदा नगरे पनि पछि परन्तुमा आन्द्राको रोग, रक्त रोग, क्षयरोग, अर्वुदरोग आदिको शिकार हुनुपर्ने हुनाले विषादिको प्रयोग भएको वा मादक कुराहरू खानु (कलञ्ज-भक्षण गर्नु) पाप हो । त्यो खाए पाप (रोग, पीडा, अपव्यय, दुःखकष्ट, दुर्नाम, अपमान आदि) हुन्छ भनेको हो । तत्काल राम्रो भए पनि पछि नराम्रो हुनु पाप हो ।

इष्टकर्म भनेको सदाचारद्वारा आफ्नो र आफ्ना परिवार-कुटुम्बको सुख-सुविधा-समुन्नतिको चाहना पुरा गर्ने काम हो । अगाडि नै भनियो– 'श्रेष्ठ कर्म' भनेको यज्ञ हो– **"यज्ञो वैं श्रेष्ठतमं कर्म ।"** ती धर्म र अधर्म अर्थात् पीर, डाहा, रोग, दुःखकष्ट आदिका प्रमाण के के हुन् अथवा के के गरेमा धर्म र के के गरेमा अधर्म पाप, कष्ट, डाहा, छटपटी, मानसिक कष्ट (आधि) शारीरिक रोग (व्याधि) को शिकार बन्नुपर्ने हो भन्ने कुरा वेद धर्मशास्त्र, आचारशास्त्र, नीतिशास्त्र, पुराण, इतिहास आदिले विस्तृत उदाहरणसहित बताएका छन् । तीमध्ये वेदले भनेका कुरा आफैँमा प्रमाण हो । वेदले भनेको छ भने अरूको के मत छ भनी त्यो कुरा हेर्नु वा मान्नु पर्दैन । वेद नै स्वतः प्रमाण हो तर धर्मशास्त्र, आचारशास्त्र पुराणशास्त्र आदि वेददेखि यताका (वेदेतर) शास्त्रहरूले भनेको कुरामा चाहिँ वेदले भनेको कुरासँग विरोध नपर्ने (वेदमूलक) कुरा मात्रै प्रमाण मान्नु पर्दछ भन्ने मीमांसाशास्त्रको सिद्धान्त छ । यही र यस्तै धर्म र अधर्मका विषयमा मीमांसा (छिनोफानो गर्ने, तर्कपूर्ण विचारको काम गर्ने) शास्त्रको नाम मीमांसाशास्त्र हो र यसै मीमांसा दर्शन (जीवनपद्धति)द्वारा धर्मको रक्षा, अधर्मको नाश गरी वैदिक धर्मदर्शनको संरक्षण संवर्द्धनगर्नका निम्ति महर्षि जैमिनीले वेदकै आधारमा मीमांसाशास्त्रको प्रणयन (रचना) गरेका हुन् ।

वेद भनेको ज्ञानको भण्डार हो । पुरुष वा मानव जाति जन्मिएर प्राप्त गर्नु पर्ने लक्ष्य (४ पुरुषार्थ धर्म, अर्थ, काम र मोक्ष) प्राप्त गराउने साधन वेद हुन् । ज्ञानार्थक (विद ज्ञाने) सत्तार्थक (विद सत्तायाम्) विचारार्थक (विद विचारणे) र लाभार्थाक (वेद्लृलाभे) यी चार धातुबाट 'वेद' शब्द बनेको हुनाले वेदले ज्ञान, ईश्वरीय सत्तावोध, विश्व र आत्माबारे विचार तथा यी सबै कुरा जानेबाट प्राप्त हुने लाभलाई समेत (वेदले) बुझाउँछ । ऋक्, यजुः, साम र अथर्व यी ४ वेदका



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी ६ अङ्ग छन् । वेदको ४ उपाङ्गहरूमा न्याय, मीमांसा, धर्मशास्त्र, दण्डनीति लगायत पर्दछन् । उपवेदमा आयुर्वेद, धनुर्वेद, गान्धर्व वेद, स्थापत्य (र अर्थशास्त्र) पर्दछन् । कसैले इतिहास पुराणलाई पाँचौ वेद मानेका छन् । तसर्थ वेदले सूत्र वा सूक्ष्मरूपमा सङ्केत गरेका कुरालाई इतिहास पुराणहरूले व्याख्या विस्तार र दृष्टान्त सहित बुझाउने हुनाले– **"इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्"** पनि भनिएको छ । काव्यशेखरले साहित्यलाई पञ्चम वेद मानेका छन् । चार वेदका शाखा भेदले ११३१ वेद छन् । प्रातिशाख्य, शिक्षा, कल्पशास्त्र, गृह्यसूत्र र धर्मसूत्रहरू पनि शाखा पिच्छे भिन्नै छन् ।

## २) वेदविभागः ।

**तत्र वेदो द्विविधः- मन्त्ररूपो ब्राह्मणरूपश्चेति । तत्र प्रयोगकालीनार्थस्मरणहेतुतया मन्त्राणामुपयोग इति वक्ष्यते । प्रयोगोऽनुष्ठानं तत्कालीनेत्यर्थः । विधायकं वाक्यं ब्राह्मणम् । तच्छेषोऽर्थवादः । तस्य विधेयप्राशस्त्यप्रतीतिजननद्वारा विधिवाक्यैक-वाक्यतया प्रमाण्यमिति वक्ष्यते ।**

**अनुवाद-** वेदको अध्ययन अध्यापन र अनुष्ठानका आधारमा वेदलाई ४भागमा विभाजित गरिएको छ– मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद् । उपर्युक्त चारवटै वेदहरूलाई दुई भागमा बाँडिएको छ (१) मन्त्रात्मक र (२) ब्राह्मणात्मक– **"मन्त्र-ब्राह्मणयोर्वेद-नामधेयम्"** । ती मध्ये प्रयोगसँग सम्वन्धितभई यज्ञसम्वन्धी काम-कुरा गर्ने मन्त्र हुन्, अर्थात् प्रयोगसँग साक्षात् सम्वन्ध राख्ने मन्त्र हुन् । तिनीहरूको विनियोग र विधि विधानका कुरा वुझाउने शास्त्र ब्राह्मणग्रन्थ हुन् । सङ्क्षेपमा कर्मको इतिकर्तव्यता र फलको विधान गर्ने वेदको अर्को भागको नाम ब्राह्मण भाग हो । वेदको ब्राह्मण भागले वताउने कर्म, इतिकर्तव्यता (हथौडी) फलदेखि भिन्न अर्थात् मन्त्र र ब्राह्मण भागदेखि बाँकी कुरा वुझाउने ब्राह्मण भागको शेषांशको नाम अर्थवाद हो । विधिविधान गर्ने ब्राह्मण वाक्यका अर्थ र विधेयवस्तु (द्रव्य, साधन) आदिको प्रशंसाद्वारा विधि-बोधित-यज्ञ-कर्मादिमा मानवमात्रलाई प्रेरितगरी प्रवृत्तगराउनु अर्थवादको प्रयोजन हो, अर्थवादलाई आधार मानेर आजभोलि विज्ञापनको विस्तार भएको मानिन्छ । नामधेय भनेको यज्ञादिको नाम वुझउने र निषेध भनेको व्यवहारमा नल्याउने वा छोड्ने विधिका कुरा हुन्, तसर्थ विधि, मन्त्र, नामधेय, निषेध र अर्थवाद समेत वेदका चार खण्ड वा विभाग छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ३) ब्राह्मणवाक्यभेदा

**तच्चानेकविधम्–कर्मोत्पत्तिवाक्यम्, गुणवाक्यम्, फलवाक्यम्, फलाय गुणवाक्यम्, सगुणकर्मोत्पत्तिवाक्यमित्यादिभेदात् ।**

**अनुवाद-** ब्राह्मणवाक्य अर्थात् विधायकश्रुति(ब्राह्मण)का अनेकौँ भेद छन् । जस्तैः (१) कर्मोत्पत्तिवाक्य, (२) गुणवाक्य, (३) फलवाक्य, (४) फलाय गुणवाक्य (५) सगुणकर्मोत्पत्ति वाक्य, (६) सफल कर्मोत्पत्ति वाक्य आदि ।

## ४) कर्मोत्पत्तिवाक्यम्

**तत्र येन वाक्येन–'इदं कर्म कर्त्तव्यम्' इति बोध्यते तत् कर्मोत्पत्तिवाक्यम् । यथा– "अग्निहोत्रं जुहोति" इति । अत्राग्निहोत्रहोमः कर्तव्यतया विधियत इति कर्मेत्पत्ति-वाक्यमिदम् ।**

**अनुवाद-** कर्मोत्पत्तिवाक्य भनेको फलानो काम गर्नुपर्दछ भनी बुझाउने वाक्य हो । जस्तैः "अग्निहोत्रं जुहोति" अर्थात् अग्निमा होम गर्ने कार्य गर्नु भन्ने कुरा यस वाक्यबाट ज्ञान हुन्छ र अग्निहोत्र होम गर्नु पर्दछ भनी विधान गर्ने वाक्यलाई कर्म अर्थात् अग्निहोत्ररूपी होमलाई कर्तव्य कर्मका रूपमा विधान गर्ने हुनाले यस्ता वाक्यलाई कर्मोत्पत्तिवाक्य भनिन्छ ।

## ५) गुणवाक्यम्

**विहिते कर्म्मणि तदङ्गतया द्रव्यदेवतादिविधायकं वाक्यं गुणवाक्यम् । यथा "दध्ना जुहुयात्" इति । अत्र होममुद्दिश्याङ्गतया दधि विधीयते इति गुणवाक्यमिदम् । कर्म्माङ्गतया विहितत्वमेव दध्यादेर्गुणत्वम् । अत्र होमस्योद्देश्यत्वं नाम मानान्तर- प्राप्तत्वे सति विधेयान्वयितया निर्देश्यत्वम् । तस्यैव मानान्तरप्राप्तस्य पुनः कथ्यमानरूपत्वमनुवाद्यत्वम्, दध्यादिगुणावयितया प्राधान्यञ्च । दध्यादेर्मानान्तर-प्राप्तत्वादत्रैव विधेयत्वम्, होमसाधनत्वाच्च होमापेक्षया गुणत्वम्, पुरुषेणानुष्ठीय-मानत्वाच्चोपादेयत्वञ्च। अत्र मानान्तरप्राप्तत्वं मानान्तरज्ञातत्वम्, अप्राप्तत्वञ्चा-ज्ञातत्वमिति बोध्यम् ।**

**अनुवाद-** विधायक-ब्राह्मण-(श्रुति) ले विधान गरेका कामको निम्ति अङ्गका रूपमा गुणयुक्त वस्तु (हस्तक्रिया) र प्रशंसापूर्वक कामको निम्ति उपकारक द्रव्य, देवता, आदिको उपयोगिता बताई विधान गर्ने वाक्यलाई गुणवाक्य भनिन्छ । जस्तै "दध्ना जुहुयात्" दध्ना जुहोति" यस वाक्यमा दहीद्वारा होम सम्पन्न गरेर अग्निहोत्र कर्मद्वारा उत्पन्न हुने स्वर्गरूप फलको प्राप्तिमा सहयोग वा उपकार गर्ने साधनरूपी दही (गुण, द्रव्य) को विधान गरिएको हुनाले गुण वा साधनको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
विधान वा उपदेश गर्ने यस "दध्ना जुहोति" वाक्यलाई गुणवाक्य भनिएको हो । लोकव्यवहारमा पनि लेख्ने, पढ्ने, बोल्ने, हेर्ने, हिँड्ने समाउने आदि काममा सहयोग गर्ने कलम, पुस्तक, मुख, आँखा, गोडा, हात, आदि अङ्ग वा साधनरूप गुणको काम गर्ने हुनाले कानले सुन्छ, आँखाले हेर्छ आदि तृतीया विभक्तिले गुणत्वको निर्देश गरिन्छ । शास्त्रद्वारा विधान गरिएको वा ऐन कानुनद्वारा विधान गरिएको कार्यको निम्ति साधन वा अङ्गका रूपमा दही, घिउ, चरु, पर्ण- (पलास) मयीजुहु आश्वत्थी उपभृत्, आदिको विधान गर्ने वाक्यहरू गुणवाक्य हुन् ।

गुणहरू वा साधनहरूमा ३ कुरा हुन्छन् । (१) कसैको निम्ति विधान गरिइनु (उद्देश्यत्व, (२) अरूको निम्ति सहयोग गर्न प्रयोग गरिनु (निर्देश्यत्व) र (३) उपादेयत्व अर्थात् साधनका रूपमा प्रयोगमा आउनु (यसैलाई उपकारकत्व पनि भनिन्छ) समेत यी तीन अङ्गत्वका परिचायक धर्म हुन् भन्ने गरिन्छ । यसैगरी प्रधानमा पनि (१) उद्देश्यत्व, (२) विधेयत्व र (३) मुख्यत्व रूप धर्म रहन्छ । यी प्रधान र अङ्गमा रहने ३ गुणलाई विरुद्धत्रिक अर्थात् प्रधानमा रहने तर अङ्गमा नरहने, अनि अङ्गमा रहने तर प्रधानमा नरहने धर्म (गुण वा चिनो) लाई विरुद्धत्रिक समेत भनिन्छ । होमका निम्ति लक्ष्य गरेर विधान वा उपदेश गरिइनुका कारणले गुणत्व भन्ने धर्म द्रव्यादिमा रहन्छ । त्यसैले अग्निहोत्र आदि मुख्य कार्यका निम्ति दही, घिउ, तिल, चामल आदि अनेकौं पदार्थहरू होमका साधन भए तापनि "दध्ना जुहोति" वाक्यबाटै पुनः विधान गर्नुपर्ने हुनाले अनुवाद्यत्व, दधि आदि गुणले प्रधान यज्ञका साथ, प्रधान यज्ञले फलका साथ अन्वय हुने भएबाट प्रधानत्व, अरू वाक्यबाट विधान हुने हुनाले विधेयत्व, होम सम्पादनका दृष्टिले साधन भएबाट गुणत्व, पुरुषहरूले प्रयोगमा ल्याइने हुनाले उपादेयत्व रूप गुणको रूपमा पनि बुझ्न सकिने देखिन्छ । यस क्रममा अरू प्रमाणबाट प्राप्तलाई मानान्तर-ज्ञातत्व, अरूबाट अप्राप्तलाई अज्ञातत्व भन्दा अझ स्पष्ट हुन आउँछ ।

## ६) फलवाक्यम्

**उत्पन्नस्य कर्म्मणः फलाकाङ्क्षायां फलसम्बन्धबोधको विधिः फलविधिः । यथा–"अग्निहोत्रं जुहुयात् स्वर्गकामः" इति । अत्र 'यः स्वर्गं कामयते स तत्साधनत्वेना - ग्निहोत्रनामकं होमं भावयेत्-कुर्यात्' इति अग्निहोत्रवाक्योत्पन्नस्य कर्म्मणः फलसम्बन्धो बोध्यत इति फलवाक्यमिदम् ।**

**अनुवाद-** हर एक कामको सुरुमा फल के मिल्छ अथवा यो कामबाट के लाभ हुन्छ भन्ने सबैको जिज्ञासा हुन्छ । यसैले उत्पत्तिवाक्य अथवा नयाँ कर्मको विधान गर्ने वाक्य सुनेपछि, त्यो कामको फल के मिल्ला भन्ने जिज्ञासा (खसखसी)


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पैदा हुन्छ । त्यसरी फलको साथमा सम्बन्ध राख्ने वा त्यो कर्मको यस्तो फल मिल्छ भन्ने विधि वाक्यको नाम फलविधि (फलादेश दिने) हो । उदाहरणका निम्ति **"अग्निहोत्रं जुहुयात् स्वर्गकामः"** यस वाक्यलाई नै हेरौँ यहाँ तीन कुरा छन्– (१) अग्निहोत्र भन्ने नाम, (२) होम गर्ने काम, (३) स्वर्गका चाहना । अतः अग्निहोत्रं नाम गरेको होम (यज्ञ)द्वारा स्वर्ग पाउँ भन्ने चाहना पूर्ण गरोस् । अथवा स्वर्ग (सुख र भोग) को चाहना गर्नेवालाले अग्निहोत्र नामको यज्ञ गरोस् भन्ने अर्थ 'अग्निहोत्रं जुहुयात् स्वर्गकामः' ले बुझाउँछ । यहाँ अग्निहोत्रको र होमको उत्पत्तिवाक्य "अग्निहोत्रं जुहुयात्"द्वारा जानकारी भइसकेको र त्यसको फल के हुने होला भन्ने खसखसलाई **'अग्होत्रं जुहुयात् स्वर्ग कामः'**ले शान्त गर्ने हुनाले स्वर्गरूपी फलको मात्र विधान गर्ने "फल विधि भनेर स्वीकार गरी **"अग्निहोत्रं जुहोति"** भन्ने कर्मोत्पत्ति वाक्यबाटै अग्निहोत्र होमको अनुवृत्ति गरेमा दुवै वाक्यको सार्थकता हुने र निरर्थकता वा आवृत्ति हुने परिस्थितिबाट समेत बच्ने र वेदका एक मात्राको पनि निरर्थक (सित्तैमा, व्यर्थैमा, उल्लेख भएको) भन्ने अवस्था समेत नरहने भएबाट "अग्निहोत्रं जुहोति" विधान गरेको यज्ञको, "अग्निहोत्रं जुहुयात् स्वर्गकामः" ले "स्वर्ग" रूप फल मात्रै विधान गरिएको मान्नु बुद्धिमानी हुन्छ भनी मीमांसाशास्त्रले विशेष तर्क वा युक्ति प्रस्तुत गरी वेदका वाक्यहरूको समन्वय र सार्थकता सिद्ध गरेर वेदको उपाङ्गका रूपमा अर्थात् मीमांसा (तर्कशास्त्र, प्रमाणमेय परीक्षा) शास्त्रको अध्ययन पनि स्वाध्यायविधिभित्रै पर्ने कुरा मीमांसाको "स्वाध्यायोऽध्येतव्यः" भन्ने स्वाध्यायाधिकरणरूप वेदवाक्यार्थ चर्चामा उल्लेखित गरिएको हो भन्ने कुरा पनि स्वतः सिद्ध हुन्छ । अर्थात् वेदको अर्थ बुझ्न मीमांसा पढ्नै पर्ने रहेछ भन्ने कुरा समेत सिद्ध हुन्छ ।

## ७) फलाय गुणवाक्यम्

**प्राप्तं कर्म्माश्रित्य फलाय गुणविधौ फलाय गुणवाक्यम् । यथा "दध्नेन्द्रियकामस्य जुहुयात्" इति । अत्राग्निहोत्रवाक्योत्पन्नं होममाश्रित्येन्द्रियफलाय दधिरूपो गुणो विधीयते–'होमाश्रितेन दध्ना इन्द्रियरूपं फलं भावयेत्' इति । होमाश्रितेन होमकारकीभूतेनेत्यर्थः । अयमेव गुणफलविधिः गुणकामविधिरिति च उच्यते ।**

**अनुवाद-** वेदवाक्यद्वारा मानवका निमित्त कर्तव्यका रूपमा प्राप्त (विधान गरिएको) कर्मलाई नै आधार मानेर कुनै विशेष फलका निम्ति कुनै विशेष गुण-वस्तु-पदार्थ-चरु-यवागु-तण्डुल, दही आदि) को विधान गर्ने क्रममा इन्द्रियहरूको सक्षमता, सबलतारूप फलविशेषका निम्ति **"दध्नेन्द्रियकामस्य जुहयात् ।"** अर्थात् अग्निहोत्रयज्ञमां दहीले होम गरेमा इन्द्रियहरू-५ ज्ञानेन्द्रिय ५



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मेन्द्रिय र मनअन्तःकरणहरू सधैं सक्रिय, सक्षम, सबल र सार्थक रहनेछन् भनी फलका निम्ति विशेष पदार्थको अथवा भनौं भिन्न भिन्न द्रव्य (होमका सामान चरु, दही आदि) को विधान गर्ने वेद वाक्यको नाम "यस्य पर्णमयी जुहूर्भवति" ले **"पालाशी जुहूः"** भन्ने श्रुतिवाक्यको प्रशंसा गरेबाट यसलाई "न स पापं श्लोकं श्रृणोति" भनेर अर्थवादका रूपमा **"वायव्यं श्वेतं पशुं आलभेत भूतिकामः"** अर्थात् ऐश्वर्य (सम्पन्नता) चाहनेले खुला हावामा चर्ने चम्री गाई र भैंडा पालन व्यवसाय अवलम्बन गर्नु" भन्ने श्रुतिवाक्यको "वायुर्वै क्षेपिष्ठा देवता" अर्थात् वायु छिटो हिंड्ने देवता हुन् "भनी वायुको प्रशंसा गरी छिट्टै यज्ञको फल दिने वायु देवताको यज्ञ "वायव्य श्वेत पशुयाग" मा लोक-प्रवृत्तिकारक प्रशंसाद्वारा विधेयाश्रुतिको संस्तुति भएबाट अर्थवादको सार्थकताको उदाहरणका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । यस्ता यी सबै वाक्यले विशेष फलका निम्ति विशेष द्रव्य आदि गुणको विधान गर्ने हुनाले यस्तो युक्तिबोधक वाक्यलाई फलाय गुणविधि भनिएको हो ।

## ८) सगुणकर्मोत्पत्ति-वाक्यम् ।

**द्रव्यदेवतादिगुणकर्म्मविधायकं वाक्यं सगुणकर्म्मोत्पत्तिवाक्यम् । यथा-"सोमेन यजेत" इति । अत्र सोमलताविशिष्टो यागो विधीयते । विशिष्टविधावपि विशेषणस्य अर्थाद्विधिः ।**

**अनुवाद-** द्रव्य, देवता, दिग्देश, कालादि गुण विशिष्ट कर्मको विधान गर्ने विधिवाक्यलाई सगुण कर्मोत्पत्तिवाक्य भनिन्छ । जस्तै "सोमेन यजेत स्वर्गकामः" सोम नाम गरेको लहराको रसले सोम नाम गरेको यज्ञद्वारा स्वर्गको कामना पूरा गरोस्, भन्ने वाक्यले सोमलता विशेष द्रव्य भएको सोम यागको विधान गरिएको छ । यस विधिवाक्यमा । सोमलता विशिष्ट सोमयागको विधान गर्दा विशिष्ट विधिमा विशेषको पनि स्वतः अर्थात् अर्थबाटै, भनाइबाटै विधान हुन्छ । लोक व्यवहारमा पनि लौरो टेकी आऊ, काँडेलौरी टेकी आउ, प्रथम श्रेणीमा पास गर, विशिष्ट श्रेणीमा पास गर, गतिमा विशेषता ल्याऊ, अमुक जातका हुनुपर्दछ, जस्ता वाक्यहरू विशिष्ट विधिभित्र पर्ने सगुण कर्मोत्पत्ति अर्थात् विषय, स्तर, जात, वर्ग, वर्ण, लिङ्ग उमेर आदिको (स्तर, जात, गुण आदि) विशेषता बोकेको कर्म विशेषमा अधिकारवाला हुन्छन् भन्ने प्रसंगसमेतमा यो विधि उदाहरणीय देखिन्छ । यस न्यायले कुनै पद, मान आदिका निम्ति विशेष योग्यता वा पूर्वावश्यक योग्यताको कुरा गर्नु विज्ञापन कर्ताको आफ्नै क्षेत्राधिकार भित्रको कुरा हो भन्ने स्पष्ट हुन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ९ सफलकर्मोत्पत्ति-वाक्यम् ।

**क्वचित् कर्मोत्पत्तिवाक्यमेव फलसम्बन्धबोधकमपि भवति । यथा- "उद्भिदा यजेत पशुकामः" इति । अत्रोद्भिन्नामको यागो वाक्यान्तराविहित एव पशुकामस्य पशुफलाय विधीयते इत्येकमेवेदं वाक्यं फलसम्बन्ध-विधायकं, यागविधायकम् च ।**

**अनुवाद**-कहीँ कहीँ कर्मोत्पत्तिवाक्य नै फल सम्बन्धलाई समेत बुझाउनेवाला हुन्छ । त्यस अवस्थामा त्यस वाक्यलाई सफल कर्मोत्पत्तिवाक्य भनिन्छ । जस्तैः "उद्भिदा यजेत पशुकामः" (अर्थात् पशुसम्पत्तिको चाहना राख्नेले उद्भिद् नामको यज्ञ गर्नू) यहाँ वेद (श्रुति) वाक्यमा आएको उद्भिद् याग अरू कुनै विधिवाक्यले नबताएको हुँदा यस वाक्यलाई उद्भिद् यागको विधायक उत्पत्तिवाक्य मान्नै पर्ने हुन्छ र अन्य कुनै वाक्यले त्यस यागको फलविधान गरेको श्रवण नभएबाट सोही कर्मोत्पत्ति वाक्यलाई फलसहित कर्मोत्पत्तिवाक्य अर्थात् सफल कर्मोत्पत्तिवाक्य पनि भन्नु उपयुक्त हुने देखिन्छ । अतएव कुनै प्रसङ्ग विशेषमा कर्माङ्ग विशेषका रूपमा फलविशेष विधिलाई समेत बुझाउँदा यसलाई **'सफल कर्मोत्पत्ति वाक्य'** भन्नुपर्ने हुन्छ भन्ने सिद्धान्त मीमांसाशास्त्रले लिएको छ । जस्तै चोरले वा अपराधीले त्यो अपराध गर्दागर्दै पक्रिएमा अर्को साक्षी र प्रमाणको जरुरत नै पर्दैन त्यो नै प्रमाण हुन्छ ।

## १० प्रयोगविधिः ।

**प्रधानविधिरेवाङ्गविधिभिरेकवाक्यतया महावाक्यतामापन्नःसन् सर्व्वाङ्गविशिष्टप्रधान -प्रयोगविधायकत्वात् प्रयोगविधिरित्युच्यते । यथा-"अग्निहोत्रं जुहुयात् स्वर्गकामः" इति । अत्र 'अग्निहोत्रहोमेन स्वर्गं भावयेत्' इत्यर्थः प्रतीयते । भावयेत्–उत्पादयेत् इति यावत् । अत्र 'कथमनेन होमेन स्वर्गं कुर्याद्' इति कथम्भावाकाङ्क्षा जायते । यथा-'कुठारेण द्वैधिभावं कुर्यात्' इत्युक्ते भवत्याकाङ्क्षा 'कथमनेन द्वैधीभावं कुयाद्' इति । तत्रोद्यमननिपातनादिसहायेन इति गम्यते । तद्वदत्रापि "अग्निं प्रणयति" अग्निषु समिध आदधाति" इत्याद्यङ्गविधिविहित-प्रणयनसमिदाधानायतनसोधनादिकाङ्गकलाप- जनितोपकारसहितेन अग्निहोत्रहोमेन स्वर्गं कुर्यात् इति प्रकरणकल्पितेन महावाक्येन स्वर्गाय साङ्गाग्निहोत्रप्रयोगो विधीयते इत्येतादृशः प्रयोगविधिः । अङ्गजातमेवेत्यम्भाव इति, इतिकर्तव्यता इति च उच्यते । अत्राग्निहोत्रहोमः प्रधानं प्रणयनादिकं सर्व्वम् अङ्गम् ।**

**अनुवाद**- मीमांसाशास्त्रमा उत्पत्ति, विनियोग, अधिकार र प्रयोगसमेत ४ विधि छन् । यज्ञको प्रधान विधि अर्थात् फलयुक्त मुख्यकर्म विधान गर्ने विधि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**प्रयोग विधि** हो । त्यस कर्मसँग सम्बन्ध राख्ने अङ्गोपाङ्ग अर्थात् आरात् उपकारक र सन्निपत्योपकारक आदि स्वभाव भएका कर्म दंव्य देश, काल, व्यक्ति आदि सहितका अङ्गविधिहरूसँग एक-वाक्यतारूप समन्वय स्थापित गर्दै सबै अङ्ग विशेषले सहित (वा परिपूर्ण) प्रधान प्रयोगको विधान गर्ने हुनाले यसलाई **प्रयोग-विधि** भनिन्छ । उदाहरणका निम्ति "अग्निहोत्रं जुहुयात् स्वर्गकामः" भन्ने (यज्ञ विधायक) वाक्यलाई लिएर हेरौँ– यस विधिवाक्यले 'अग्निहोत्रं' नाम भएको होम (यज्ञ)द्वारा स्वर्ग (सुख, शान्ति, सम्पन्नताको अनुभूति) को भाव लिने काम गर्नू, अर्थात् अग्निहोत्र होमद्वारा स्वर्ग प्राप्त गर भन्ने अर्थ बुझाउँदछ ।

भाव वा अनुभवलाई उत्पादन गर्नु, प्राप्त गर्नु भन्ने क्रियात्मक अर्थमा लिइन्छ । यसरी अग्निहोत्र होमद्वारा सुखको अनुभूति (स्वर्ग) प्राप्त गरोस् भन्ने सुन्दा सुखशान्ति सम्पन्नतारूपी स्वर्ग आनन्द कसरी प्राप्त गर्ने (के गरेर प्राप्त गर्ने हो) भन्ने खसखसी (जिज्ञासा) पैदा हुन्छ । जसरी वञ्चरोले दाउरा दुई फ्याक (चिरा) पार्नु भनेको सुनेर कसरी दुई फ्याक पार्ने होला भन्दा जसरी वञ्चरो उठाएर सोझो पारी दुई हातले समाएर त्यसको धार दाउरा **(मूढा आदि)को ठीक तेर्सो** पारेकाको बीचमा पर्ने गरी हानेर दुई फ्याक (चिरा) पार्नु अर्थात् दुई चिरा पार्नु भनेको बुझिन्छ, उसरी नै यस अग्निहोत्र यज्ञले स्वर्ग उत्पन्न गरोस् भन्दा पनि अग्निहोत्र होम गरी, समिधादानद्वारा ऋत्विग्वरण गरेर तिनीहरू समेतको मद्दतबाट हविग्रहण, फलीकरण, पेषणादि विभिन्न कर्मद्वारा हविसम्पादनपूर्वक स्रुक्, स्रुचीद्वारा, घिउ, पुरोडाश, चरु आदि हवि अग्निमा होमेर होमद्वारा यज्ञ सम्पादन र यज्ञद्वारा स्वर्ग सम्पादन गर्नु भन्ने अर्थ बुझ्नुपर्दछ भन्ने आशय प्रयोगविधि सुनेर जानिन्छ । यस्तो अर्थ बुझ्दा ३ वटा आकाङ्क्षा स्वभावतः उत्पन्न हुन्छन्: (१) किम्, केन, कथम् अर्थात् कुन कर्म, के साधन र कुन तरिका वा इतिकर्तव्यता रूपी हथौडीद्वारा त्यो कर्म सम्पन्न गरेर सुख सुविस्ता शान्ति समुन्नतिको अनुभूति (स्वर्ग) पाउने हो भन्ने जिज्ञासालाई मीमांसा (तर्कशास्त्र)ले आकाङ्क्षा त्रय (साध्य-साधन-इतिकर्तव्यता)को नामले व्यवहार गर्दछ । यसो हुनाले प्रयोग विधिले 'स्वर्ग आदि फलका निम्ति विधान गरिइने अग्निहोत्रहोम, सोमयाग, आदिका साध्य, साधन-प्रकार सहितका साङ्गोपाङ्ग कर्मको सर्वाङ्गीण उपदेश गर्दछ' भन्ने अर्थ बुझ्नुपर्दछ । यहाँ अग्निहोत्र होमादि कार्य प्रधानकर्म हुन् । अग्निको आधान प्रणयन आदि अङ्ग कार्य हुन् । यसरी उसरी भनेर गर्ने गराउने काम सहित ब्राह्मण (ऋत्विक) वरण आदि इत्यादि कुरा इतिकर्तव्यता (हस्तक्रिया) अन्तर्गत पर्दछन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

### क) वेदको तीन अर्थ बोधकता

आवश्यकताअनुसार विधि-विधेय र तर्क शास्त्रको काम गर्ने विद्याको नाम पनि वेद हो । अरू शास्त्रले नबताएको स्वर्ग आदिलाई प्राप्तगर्ने कर्म तौरतरिका सहितको विधान गर्ने र त्यसमा के, किन, कसरी कहिले, कसको, कहाँ, कसद्वारा के, के, गरेर आदि इत्यादि तर्क वितर्कको समेत साङ्गो-पाङ्गो (चाँजा-पाँचो) मिलाउन सिकाउने बुझाउने काम गरेर मानिसहरूको उपकार गर्ने हुनाले विधि-(कर्म) विधेय (स्वर्गादि) र तर्क (इतिकर्तव्यतादि) समेत बुझ्ने बुझाउने शास्त्र वेद हो । अरू शास्त्र तथा वेदले बताइएका मानवको हित समुन्नतिका कुराको समर्थन र कार्यान्वयनमा बाधा नपारीकन सहयोग गर्ने जति) अङ्ग र उपाङ्ग शास्त्र हुन् । वेदले बताएका मानव हित, सुख, शान्ति समुन्नतिका निम्ति धर्म, अर्थ, काम र मोक्षरूपी पुरुषार्थलाई सम्यक् रूपले आर्जन गर्न सघाउने आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, स्थापत्य वेद, अर्थशास्त्र, साहित्यशास्त्र वा काव्यशास्त्र, इतिहास र पुराण समेत उपवेदभित्र समाहित गरिएका छन् ।

### ख) विधिका प्रकार (भेद):

माथि चर्चा भएअनुसार कर्म, अकर्म, धर्म, अधर्मको विधिलाई विधान गर्ने शास्त्रको नाम ब्राह्मणशास्त्र हो । यसलाई विधिशास्त्र पनि भनिन्छ । वेदलाई स्थान, काम र लक्ष्यअनुसार बुझाउनका निम्ति विधि, मन्त्र, नामधेय, निषेध, अर्थवाद समेत ५ भागमा पनि बाँड्ने गरिन्छ । विधि भागको वाक्य पनि माथि भनेझैँ उत्पत्तिविधि, विनियोगविधि, अधिकारविधि, प्रयोगविधि निषेधविधि र परिसङ्ख्याविधिका रूपमा समेत ६ भागमा विभाजित छ र प्रसङ्गअनुसार अगाडि बढ्दै र पढ्दै जाँदा सबै विधिको परिचय र उदाहरण यथावसर स्पष्ट हुनेछ ।

माथि भनेझैँ मन्त्रका मुख्य ४ भेद– ऋग्वेद, यजुर्वेद, सामवेद र अर्थवेदका रूपमा विभक्त छन् । यी ४ वेदका शाखाभेदले ११३१ शाखा बनेको पाइन्छ । प्रत्येक शाखामा मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद् छन् भने प्रत्येक वेदशाखाका प्रातिशाख्य, शिक्षा, श्रौतसूत्र, शुल्बसूत्र, गृह्यसूत्र र धर्मसूत्र छन् । यी सबैका प्रतिपाद्य विषयको चर्चा अन्यत्र (इतिहास ग्रन्थहरूमा) छुट्टै भएका हुनाले यहाँ मीमांसा परिभाषाले समेटेका विषयको मात्रै चर्चा गरिएको छ ।

## ११) फलापूर्वकल्पना ।

**नन्विदमनुपपन्नम् । आशुतरविनाशिनां कर्म्मणां कालान्तरभाविस्वर्गादि-फलसाधनत्वानुपपत्तेरिति चेन्मैवम् । विहितकर्म्मणां तत्तद्वाक्यैस्तत्तत्-फलसाधनत्वे**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**ऽवगतेआशुतरविनाशिनां कर्म्मणां कालान्तरभाविसाधनत्वोपपत्यर्थमन्तरा पुण्यपाप- रूपमपूर्वं कल्प्यते । ततश्च यागादेरपूर्वद्वारा स्वर्गसाधनत्वं न साक्षात् । तदेव फलापूर्वम् । तत्करणत्वञ्च प्राच्योदिच्याङ्गविशिष्टस्य प्रधानस्य भवति, न प्रधानमात्रस्य । प्रधानमात्रादेव फलापूर्वजनने फलस्यापि तत एव सिद्धेरङ्गनामा-नर्थक्यापत्तेः ।**

**अनुवाद-**एउटापछि अर्को गर्दै सम्पन्न गरिरहने र छिटोभन्दा छिटो नासिने कर्महरूद्वारा कालान्तरमा हुने स्वर्गादिफल मिल्ने कुरा युक्तिसङ्गत हुन सक्तैन कि भनी शङ्का (तर्क) गर्नु पर्दैन, किनभने "यो काम गर्नू, यो कर्म नगर्नू" भनेर विधान वा निषेध गरिएका कामहरू विधिवाक्यले बुझाइएका वाक्यहरूले ती कर्म सम्पन्नतारूपफल उत्पन्न गर्ने साधनका (अथवा माध्यमको) रूपमा रहे भएका कर्मद्वारा कालान्तर (वा अर्को जुनी वा मृत्युपछि) हुने फल (स्वर्ग, पुत्र, सम्पत्ति आदि फल) सम्पन्न गर्नका निम्ति कर्म सम्पन्न भएर फलसम्पन्न नभएसम्मको बीचको समय (अन्तराल) मा पाप र पुण्यरूपी अपूर्व (जो पहिले थिएन तर कर्मपछि कर्ता द्रष्टा र कारयितृ (ऋत्विगादि) कर्म सम्पत्तिद्वारा जन्मने, मैले गरेँ, मैले गराएँ, यसोगरी भयो आदि अमूर्त (दृश्य) मानस संस्काररूप स्मृतिको कल्पना गरेर अर्थात् विहित कर्मानुष्ठान र निषिद्ध कर्म परित्यागपछि स्वर्गादि फल मिल्नु अघिको बीचको अवधिमा पर्ने समयजन्य अन्तराल (फरक वा भिन्न पार्ने अवस्था) जसले दुवै (कृतकर्म र प्राप्तफलका बीचमा फरक पर्दछन्) लाई जोड्ने साँघु अथवा संयोजक तत्त्वका रूपमा पुण्य अथवा पापरूपी अदृष्ट अथवा अपूर्वको अस्तित्व मान्ने अवस्था विशेषको परिकल्पना मीमांसाशास्त्रले स्वीकार गरेको छ ।

यसरी नै त्यो अपूर्व पनि त्यो बीचमा एकपछि अर्को उत्पन्न भई बीचको अन्तराल (समय)लाई मेट्दै गर्ने गर्दछ । जस्तै– चरु, हवि आदि पदार्थको सम्पादनार्थ गरिने कुट्नु (अवघात) जल सेचनगर्नु (प्रोक्षण) आदिले त्यो वस्तुमा अपूर्वरूप संस्कार पैदा गरिन्छ जसरी सागसब्जी काट्ने, पखाल्ने, पकाउने अनि खाने आदि कामले एकपछि अर्को अपूर्व (संस्कार विशेष) पैदा हुन्छ र रोगका कीटाणु नष्ट भई पोषक कीटाणु प्राप्त हुँदै तृप्ति र स्वस्थता रूप सुख र दीर्घजीवनरूप फलहरू क्रमशः प्राप्त हुँदै जान्छन् । किन्तु ती फलहरू एकले अर्कालाई उत्पन्न गर्छन् र फल (सुख वा स्वर्गादि) प्राप्त नभएसम्म यो अपूर्वको प्रक्रिया अदृश्य रूपमा चलिरहेको हुन्छ, हो त्यही अदृश्य (अदृष्ट वा अपूर्व (जो पहिलेनै नभएर तत् तत्कर्म सम्पन्न भएपछि संस्कारापूर्व, कर्मापूर्व, अङ्गापूर्व आदिका नामले आ-आफ्नो आन्तरिक प्रभाव प्रतिप्रभाव प्रकट गर्दै रहन्छ र यो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अदृष्ट प्रक्रिया फलापूर्व (सुखानुभूति अर्थात् तृप्ति, निरोग, आनन्द आदि प्राप्त नभएसम्म चलिरहन्छ न कि सो कर्म गर्नासाथ तत्कालै त्यो फल मिल्छ। यसमा अतिशय प्रभावकारी कर्म भएमा छिटोभन्दा छिटो तत्तत्कर्म फल मिल्न पनि सक्छ। जस्तै– कडा औषधी सेवन वा विशेष मात्रा सेवनपछि कर्मको फल वा परिणाम पनि सम्भव भएसम्म चाँडै प्राप्त हुने गर्दछ नै। तसर्थ भनिएको छ– "अत्युत्कटैः पापुण्यैरिहैव फलमश्नुते। त्रिभिर्वर्षैस्त्रिभिर्मासैस्त्रिभिःपक्षैस्त्रिभिर्दिनैः" अर्थात् अत्यन्त उत्कट (कडा) पाप वा पुण्य (राम्रो वा नराम्रो) कार्य गरेमा त्यसको फल वा प्रभाव ३ वर्ष वा ३ महिना वा ३ हप्ता वा ३ दिन वा ३ घण्टा वा ३ क्षण (निमेष) का बीचमा नै मिल्दछ। यसैलाई फलापूर्व भनेर मीमांसा (तर्कशास्त्र) मा स्वीकार गरिएको हो।

त्यो फलापूर्व पैदा गर्न पनि प्रधानकर्म भन्दा पहिले सम्पन्न गरिने अङ्गकर्म त्यो भन्दा पहिले गरिने पदार्थ संस्कारापूर्वादिको लामो अपूर्वोत्पत्ति-परम्परा-(श्रृङ्खला)ले अन्तिम फलापूर्वसम्म जोड्दै जान्छ। यदि प्रधानले मात्रै फल मिल्थ्यो भने अङ्गापूर्वको काम नै थिएन विधानै हुने थिएन व्यर्थै हुन्थ्यो। अतः प्रधानकर्म सम्पन्न हुनाले मात्रै त्यस्तो प्रभावकारी अपूर्व पैदा हुँदैन। विधि वा नियमापूर्व कर्म सम्पन्न भएपछि मात्रै पूर्ण फल मिल्दछ। जस्तै कुनै औषधी सेवन गर्दा कति खाने, कुन बेला खाने, कसरी खाने, कसले खाने, कुन नियममा बस्ने, कस्तो पथ-परहेज गर्ने, कहिलेसम्म खाने आदि कुराको भरमा नै त्यसको परिणाम वा फल (अपूर्व) मिल्ने कुरा निश्चित हुन्छ। यसकारण वेदको उपाङ्ग मीमांसाशास्त्र प्रतिपादित अपूर्व संस्कार (अदृष्ट प्रभाव, योग्यता, परिणाम, प्रतिपत्ति इत्यादि जे भने पनि) को कल्पनालाई कुनै तर्कले पनि अस्वीकार वा खण्डन गर्न असम्भव छ।

## १२) उत्पत्यपूर्वकल्पना।

**ननु सर्व्वाङ्ग-विशिष्टस्यापूर्व-जनकत्वमुक्तम्। तच्चाशुतरविनाशिनः प्रधानस्याङ्ग-साहित्यभावान्न सम्भवतीति चेन्न। प्रधानकर्म्मणः स्वरूपेणाङ्गसाहित्याभावेऽपि उत्पत्य-पूर्वद्वारा साहित्यसम्भवात्। प्रधानस्य सर्वाङ्गसाहित्यसिद्धयर्थं प्रधानकर्म्म-परमापूर्वयो-र्मध्ये प्रधानमात्रजन्यमुत्पत्तिनामकं किञ्चिदपूर्वमस्तीत्यङ्गीकारात्। एवमङ्गानामपि परस्परसहितानामेव प्रधानोपकारकत्वात्तेषां स्वरूपेण साहित्याभावात् तत्तदुत्पत्य-पूर्वद्वारा साहित्यं बोध्यम्। अङ्गप्रधानयोरुपकार्य्योपकारकभावः, अङ्गानां प्रधानोप-कारकत्वं नाम प्रधानस्य फलापूर्वजननसामर्थ्योन्मुखीकरणमेव।**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**दर्शपूर्णमासयोस्तुविशेषः।"यदाग्नेयोऽष्टाकपालोऽमावास्यायाञ्चपौर्णमास्याञ्चाच्युतो भवति" इत्याग्नेययागो विहितः, "ताभ्यामेतमग्नीषोमीयमेकादशकपालं पूर्णमासे प्रायच्छद्" इत्यग्नी -षोमीययागो विहितः, "उपांशुयाजमन्तरा यजति" इति उपांशुयाजः "तावब्रुतामग्नीषोमावाज्यस्यैव नावुपांशु पौर्णमास्यां यजन्" इति वाक्यात् पौर्णमास्यां विहितः । एतानि पौर्णमास्यां प्रधानानि । एषामाग्नेयाग्नीषोमीयोपांशुयागानां तत्त -द्वाक्यावगतपौर्णमासीकालसम्बन्धं निमित्तीकृत्य "य एवं विद्वान् पौर्णमासीं यजते" इति विद्वद्वाक्ये पौर्णमासीपदेन एकवचनान्तेन समुदायरूपेणानुवादः । तेन वेदे यत्र यत्र पौर्णमासीशब्दः तत्र तत्राग्नेयादिसमुदायोपस्थितिः ।**

**अनुवाद-** अब पुनः यहाँ अर्को शङ्का हुन सक्छ अथवा तर्क वा जिज्ञासा पैदा हुन सक्छ "होइन, सबै अङ्गहरूले सम्पन्न (विशिष्ट अङ्ग सम्पन्न) भएका प्रधान कर्मबाट नै अपूर्व (अदृष्ट, स्वर्गादि फल) पैदा हुन्छ (भनेर अघिल्लो अपूर्वको) चर्चामा भनियो त्यो नै उपयुक्त (उचित) भएन किनभने अघिल्लो उप, अङ्गकर्म पछिल्लो अङ्गकर्म हुनुभन्दा पहिलो, पछिल्लो अङ्गकर्म त्यो पछिको प्रधानकर्म सम्पन्न हुनु भन्दा पहिले र प्रधानकर्म मुख्यक्रतु सम्पन्न हुनु भन्दा पहिलो, क्रतुसम्पन्नता पनि स्वर्गादिफल पैदा हुनु भन्दा पहिले नै नष्ट हुन्छन् भने तिनीहरू आशुतर (छिट्टै) नाश हुने कर्महरूको पूर्व र अपर (पहिलोकर्म र पछिल्लोकर्म) को संयोग सम्वन्धै हुन सक्दैन ।" यस्तो शङ्का गर्नु उचित छैन किनभने प्रधानकर्म र अङ्गकर्महरूको पूर्व र अपर कालमा सम्पन्न हुने विधि (नियम भएकाले एककालावच्छिन्न सम्बन्ध नभए तापनि उत्पत्त्यपूर्व अर्थात् प्रधानकर्मद्वारा फलापूर्व उत्पन्न गर्नमा अङ्गापूर्वद्वारा उत्पन्न उत्पत्त्यपूर्व अर्थात् फलापूर्व उत्पन्न गर्ने माध्यम बन्ने हुनाले त्यही उत्पत्त्यपूर्वको प्रधानापूर्वसँग सम्वन्ध हुन्छ नै । जस्तै ६-६ इन्चको फरकमा लहरमिलाएर राखिएका ९-९इन्चका ईंटाहरूको लहरमा सुरुको एउटा लडेपछि अर्कोलाई घचेडेर त्यो लड्छ त्यसपछि अर्कोलाई घचेडेर त्यो लड्छ यो क्रमले त्यस लहरका सबै ईंटा लड्दै गएर आखिरको ईटा लड्छ उसैगरी वस्तुतः प्रधान कर्मका साथ सर्वाङ्गपूर्ण यज्ञद्वारा सर्वाङ्साहित्य अर्थात् सबै अङ्गसहित कर्म अनुष्ठान गरेको हो भन्ने सिद्ध गर्नकै निम्ति प्रधानापूर्व र परमापूर्व वा फलापूर्वका बीचमा प्रधानकर्मले मात्रै पैदा हुने उत्पत्त्यपूर्व भन्ने अर्को अपूर्वको पनि अस्तित्व स्वीकार गरिएको छ । यसो हुनाले अर्थात् यसै गरेर अङ्गहरूमा पनि उपाङ्ग सहित भएर नै अङ्ग (सहित भएको सहायक अङ्ग सहित भएको) अङ्गले नै प्रधान कर्मलाई परमापूर्व (फलापूर्व) पैदा गर्न मद्दत गर्ने हुनाले ती सबैका बीचमा उत्पत्त्यपूर्वले हर एकको सेवा सम्बन्ध



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थापित गर्ने कुरामा शङ्का गर्ने अवस्था आउँदैन । अङ्ग कर्मले प्रधान कर्मको उपकार गर्नु भनेको प्रधान कर्मद्वारा सक्ने शक्ति पैदा गर्दछ नै भने प्रधान कर्म, गुणकर्म सहायक कर्म सन्निपत्त्योपकारकर्म आदिको कल्पना नै गरिइने अवस्था आउँदैन थियो तर त्यो कल्पना भएकै छ । अतः ती मात्रा, नियम वा पथपरेज नमिलेर औषधीले रोग निको पार्ने क्षमता गुमाउने अवस्था आउन सक्थ्यो । अङ्ग उपाङ्गकर्मको प्रयोजन (अर्थ) पनि सित्तै (व्यर्थ) हुने थियो ।

दर्शपूर्णमास यज्ञमा ता अझ यो कुरा विशेष रूपले चरितार्थ भएको छ । **यदाग्नेयोऽष्टाकपाल अमायां, पूर्णमास्याञ्च अच्युतो भवति"** अर्थात् दर्श र पूर्णमास (औंसी र पूर्णिमा) मा अग्निदेवताका निमित्त आठ कपाल (आठ टुक्रा परेको माटे ताउ जोरेर बनेको तावोमा पकाई अग्निलाई दिइने भुङ्ग्रे रोटी'को विधान गरिएबाट दर्श र पूर्णिमा दुवै एक अ र्कांका पूरक अङ्गका रूपमा रहनुमा अष्टाकपालपुरोडाशको उपयोग हुनुले दुवै पर्वमा गरिएका अनुष्ठानजन्य अपूर्व (उत्पत्त्यपूर्व) द्वारानै स्वर्गादि (परमापूर्व) फल प्राप्ति सम्भव हुन जान्छ । यसरी नै **"ताभ्यामेतमग्नीषोमीयं एकादशकपालं पूर्णमासे प्रायच्छत्"** अर्थात् ती अग्नि र सोमलाई मिलाएको एकादश कपाल पुरोडाश पूर्णमासमा अग्नि सोमलाई प्रदान गर्दछन् भनेर दुवै पुरोडाश प्रदानद्वारा उत्पत्त्यपूर्वका माध्यमले परमापूर्वको उत्पत्ति भएको मानिएको छ । यो विधिलाई "उपांशुयागमन्तरा जुहोति" अर्थात् उपांशु यागको बीचमा अग्नित्रोयमीय एकादश कपाल पुरोडाश होम गर्दछ (गरोस्) भनेर विधान गरी यति दर्श पौर्णमास यज्ञका प्रधान हवि हुन्छन् र यी अग्निषोमीय उपांशु यागहरूका बीचमा तत्तद् याग सम्पादनमा पर्ने पौर्णमास यज्ञको समयसँगको सम्बन्धलाई निमित्त मान्दै अग्नीषोमीय एकादश कपाल र उपांशुयागको (एक वाक्यता कायम गरी एक वचनद्वारा दुवैको सामुदायिक रूपमा ग्रहण गरी) पुनरावृत्ति (अनुवाद) गरेर विधान भएको हो । यस कारण वेदमा जहाँ जहाँ पौर्णमासी" शब्द आउँदछ अर्थात् जहाँ पौर्णमासेष्टिको चर्चा हुन्छ त्यहाँ अग्निषोमीय एकादश कपाल र आग्नेयोऽष्टाकपालको चर्चामा दर्शको अग्निषोमीय उपांशुयागको विधान भएको कुरा स्वतः उपस्थित हुन्छ ।

## १३) यजिपदाश्रवणेऽपि यागविधानम् ।

**ननु "यदाग्नेयं" इति वाक्ये यागवाचकपदस्याश्रवणात् कथं यागविधायकत्वमिति चेन्मैवम् । अग्निदेवता अस्य पुरोडाशस्य इत्यर्थे विहितदेवतातद्धितान्त आग्नेयशब्दः । तस्य पुरोडाशपदसामानाधिकरण्याद् द्रब्यदेवतासम्बन्धोऽवगतः । स यागमन्तरा न सम्भवति, द्रव्यदेवतासम्बन्धस्य यागादन्यत्र क्रियायामसम्भवात्,**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**इति यागक्रिया-यामेव सम्बन्धो वाच्यः । देवतोद्देशेन द्रव्यत्यागस्य यागरूपत्वाङ्गीकारात् । अतः श्रुतद्रव्यदेवतासम्बन्धानुमितो यागो यजेतेति कल्पितेन पदेन विधीयते-अग्निदेवत्य-पुरोडाशद्रव्यकामावास्यादिकालकर्त्तव्ययागेन इष्टं भावयेदिति । एवं यत्र यत्र द्रव्यदेवतासम्बन्धमात्रं श्रूयते, "सौर्यञ्चरुं निर्वपेत्" इत्यादौ, तत्र सूर्यदेवता-दिसम्बन्धानुमितो यागो विधीयते इति न कश्चिद्दोषः ।**

**अनुवाद-** होइन, 'यदाग्नेयम्' भन्ने वाक्य (अर्थात् यदाग्नेयोऽष्टाकपाल अमायां पौर्णमास्यांच अच्युतोभवति' वाक्य)मा यागवाचक पदको यजति रूपमा श्रवण भएको देखिन्न भने त्यसलाई कसरी याग (होम) विधान गर्ने वाक्य मान्ने ?" भन्न मिल्दैन, किनभने "सास्यदेवता" भन्ने तद्धितप्रकरणका प्रयोगअनुसार बनेको 'अग्निदेवता यस्य पुरोडाशस्य भनेर आग्नेयः (पुरोडाश इतिशेषः) शब्द आएको छ । त्यो पुरोडाश द्रव्य र अनि देवताको संयोग (समानाधिकरण" ले (एउटै आधार, होमसँग सम्बन्ध छ भन्ने (नाता) बुझाउँदछ । तर यज्ञ अर्थात् होम नगरेमा त्यो सम्बन्ध (आग्नेय अष्टकपाल" का बीच, समानाधिकरणको नाता) नै स्थापित हुँदैन । "द्रव्यं देवता यागः" अर्थात् द्रव्य र देवताको प्रसङ्ग (संयुक्त) भएमा याग अर्थात् यज्ञ होम) भन्ने बुझ्नुपर्दछ, भनी कल्पसूत्रले बताएको र "नहि वेदे मात्रा मात्रस्यापि आनर्थक्यम्" अर्थात् वेदमा भएको मात्राको पनि प्रयोजन छ कुनै शब्द वा मात्रा पनि अर्थहीन (निरर्थक) छैनन् भन्ने मान्यता पनि छ र यहाँ पनि अग्निदेवताको अष्टाकपाल भनिएको छ । त्यो के गर्ने त ? भन्ने जिज्ञासामा होम (याग) को विधान गर्नुपर्ने रहेछ भन्ने कुरा स्वतः सिद्ध हुन्छ, अन्यथा ती दुवै शब्द व्यर्थ हुने र पौर्णमासेष्टिमा आग्नेयोऽष्टाकपाल पुरोडाशको विधान नै नुहने अवस्था आउँछ । अतः अगत्या (अर्थात् अर्को उपाय नभएको हुनाले) जहाँ जहाँ द्रव्य र देवताको उल्लेखसँगै भएको छ त्यहाँ साक्षात् 'यजेत्' भनेर धातुको अर्थ बुझाउने क्रियापद नभए पनि याग (होम) नै विधान भएको हो भनी मान्नै पर्ने हुन्छ । त्यसकारण अमावास्या र पूर्णिमामा कुन द्रव्यले याग गरी कुन देवताको परितुष्टिद्वारा स्वर्गादि फल पाउने होला ? भन्ने आकाङ्क्षा निवृत्यर्थ आग्नेय पदबाट अग्नि देवता भएको अष्टाकपालः" बाट आठ कपालमा पकाएको भुङ्ग्रेरोटी (पुरोडाश) होमगरी इष्ट प्राप्तिगर्नू भन्ने अर्थ बुझ्नुपर्दछ । त्यस प्रसङ्गमा देखिएको सूर्ययागमा भने सूर्यदेवता र चरुद्रव्यको उल्लेख सहित विधान भएको यज्ञद्वारा "निर्वपेत्"को अर्थ यज्ञगर्नु भन्ने विधान भएको कुरा स्वतः बुझिने हुँदा कुनै दोष वा गल्ती मान्नुपर्ने अवस्था छैन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## १४) लिङ्गप्रत्ययाद्यभावेऽपि विधिकल्पना ।

ननूपांशुयागवाक्ये यजेः श्रवणेऽपि विधिप्रत्ययलिङ्गादेरभावात् कथं विधायकत्वमिति चेन्मैवम् । यजतीत्यस्य यजेतेति विपरिणमेन विधायकत्वसम्भवात् । एवं "व्रीहीन् प्रोक्षति""समिधो यजति" इत्यादावपि विपरिणामो बोध्यः । केचित्तु यजतीत्यस्य पञ्चमलकारत्वाङ्गीकारात् विधायकत्वसम्भव इत्याहुः। तथा-"ऐन्द्रं दध्यमावास्यायाम्" "ऐन्द्रं पयोऽमावास्यायाम्" इतिवाक्यविहितौ सान्नाय्ययागौ, यदाग्नेय इति वाक्य-विहिताग्नेयश्चामावास्यायां प्रधानानि । एषां त्रयाणां "य एवं विद्वानमावास्यां यजते" इति वाक्ये अमावास्यामिति नाम्ना द्वितीयैकवचनान्तेन समुदायरूपेणानुवादः। तेन वेदे यत्र दर्शशब्दोऽमावास्याशब्दो वा श्रुतस्तत्र यागसमुदायोपस्थितिः । त्रिकस्य त्रिकस्यामावास्यापौर्णमासीशब्दाभ्यां समुदायरूपेण विद्वद्वाक्येऽनुवादस्य प्रयोजनन्तु "दर्शपूर्णमासाभ्यां स्वर्गकामो यजेत" इत्यादौ द्विवचनोपपत्तिः । अन्यथा षण्णामा-ग्नेयादियागानां बहुत्वाद्दर्शपूर्णमासैरिति बहुवचनं स्यात् । मानान्तरेण प्राप्तार्थस्य पुनः श्रवणमनुवादः । तथा फलवदाग्नेयादिसन्निधौ आम्नातानि प्रयाजाज्यभागानुयाजादीनि षण्णां प्रधानयागानामङ्गभूतानि ।

**अनुवाद-**"उपांशु यजति" "दध्ना जुहोति" समिधो यजति" आदि श्रुतिवाक्यहरूमा "उपांशुयाग, "दधियाग" "समिद् याग", आदि गर्नू भन्ने विधायक प्रत्यय (विधान गरेको) हो भन्ने पत्यार पार्ने, यजेत, जहुयात् जस्तै लिङ् आदि विधायक वाक्य वा शब्दको साक्षात् श्रवण नभएको अवस्थामा कसरी यागको विधान भएको हो भनेर मान्ने ? भनी शङ्का गर्नु उचित छैन किन भने वेदका व्याख्या (अर्थ प्रकाशन) गर्ने नियममा "अतिरिक्तं पदं त्याज्यं हीनं वाक्ये निवेशयेत् । विप्रकृष्टन्तु सन्दध्यादानुपूर्व्यं च कल्पयेत् । लिङ्गं धातुं विभक्तिं च यथार्थं सन्नमयेदिति" अर्थात् वेदको अर्थ गर्ने क्रममा अतिरिक्त (हि त्व नु वा आदि निपात पदलाई छोड्नु, वाक्यमा न पुग्ने तर पूर्वापर प्रसङ्गसँग मिल्ने पद अध्याहारगर्नु र लिङ्ग, धातु, विभक्ति, वचन, आदिलाई अर्थ मिल्ने गरी व्यत्यय गर्नु भनिएको छ । अतः यहाँ 'यजति' 'जुहोति' जस्ता प्रयोगलाई 'यजेत' 'जुहुयात्' भनी विपरिणमन (वा व्यत्यय) गरी ती वाक्यलाई विधिवाक्य मान्न सकिन्छ नै । केही आचार्यहरू यजति जुहोतिलाई वेदमा प्रयोग हुने अडागम नभएका अवस्थाको लेट्लकार मानेर विधायक वाक्यका रूपमा स्विकार्दछन् ।

त्यसैगरी "ऐन्द्रं दध्यमावास्यायाम्" ऐन्द्रं पयोऽमावास्यायाम्" भनेर दर्शेष्टिमा विधान गरिएका सान्नाय्ययाग (सान्नाय्ये दधिपयसी अर्थात् सान्नाय्य भन्नाले दही र दुध भनेर जान्नू भनिएको छ) र आग्नेयोऽष्टाकपाल दर्शयागका प्रधानद्रव्य हुन् । यी तीन द्रव्य (अर्थात् ऐन्द्रं दधि, ऐन्द्रं पयः आग्नेयोऽष्टाकपाल"लाई "य एवं



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् आमावास्यां यजते" अर्थात् जसले यी तीन द्रव्य होम गर्नुपर्ने रहेछ भनी बुझेर दर्शयज्ञ गर्दछ भनी द्वितीया विभक्तिद्वारा विधान गरेको हुनाले दर्शयागका निम्ति यी द्रव्य र देवता प्रधान मानिन्छन्। यसैगरी दर्शसँगै पौर्णमासयागमा पनि आग्नेय, अग्नीषोमीय पदको प्रसङ्ग समुल्लेख भएको छ। जसरी पूर्वोक्त दधि, पय, पुरोडाशरूप-त्रिक जस्तै आग्नेयोऽष्टाकपाल, अग्नीषोमीय उपांशु, अग्निषोमीय एकादश कपालरूप त्रिकको उल्लेख हुनुबाट "दर्शपूर्णमासाभ्यां यजेत स्वर्गकामः" भन्ने द्विवचनान्त श्रुतिवाक्यमा एक वाक्यता र दर्श र पूर्णमास मिलेर एउटै यज्ञ बनेका हुनाले यी दुवैको समन्वय गर्दै शुक्ल र कृष्णपक्ष एउटा महिना भएझैं दुवै याग एकै पटक स्थापित भएका छन्। अन्यथा शुक्ल (पूर्णिमा) मा ३ याग र कृष्ण (अमावास्या) मा तीन याग गरी छ वटा छुट्टै यज्ञको रूपमा ग्रहण गरेर "दर्शपूर्णमासैः स्वर्गकामा यजेरन्" यस्तो विधान हुने थियो तर त्यो भएको छैन र एउटै कुरा पुनः विधान गरिएकोमा पूर्व विहित कुराको अनुवाद भएको अर्थात् अभ्यासः पूजार्थः (विशेषता प्रतिको सम्मान आदरका निम्ति दोहोराएर उपदेश भएको) मान्नुपर्दछ । यसरी नै आग्नेयोऽष्टाकपाललाई झैं स्वर्गादि फलवान् यागका सामीप्यमा बताएका प्रयाज, आज्यभाग, अनुयाज, आदि फलरहित यज्ञ पनि फलवान् दर्शपौर्णमासका ६ वटा यज्ञका अङ्गकर्म भएबाट समन्वित भै फलवान् नै हुन् र यी अङ्गकर्मविना प्रधानयागद्वारा मात्र दर्शपूर्णमास पूर्णभएर स्वर्गादि अपूर्व फलदायी हुन सक्दैनन् भन्ने पनि बुझ्नु पर्दछ र यसै गरी लौकिक कर्म भक्षण, पाचन, गमन आदिमा पनि प्रधान र अङ्गकार्य दुवै पूर्ण भएपछि मात्र कर्म पूर्ण भै सुख वा आनन्द आदि फलदिने हुन्छन् भन्ने बुझ्नु पर्दछ ।

## १५) त्रिकापूर्वाद्युत्पत्तिः ।

**एवं स्थिते "दर्शपूर्णमासाभ्यां स्वर्गकामो यजेत" इत्यस्यायमर्थः–दर्शपूर्णमासाभ्यां समुदायाभ्यां परस्परसहिताभ्यां स्वर्गापूर्वं कुर्यादिति । तत्र कथं कालद्वयवर्त्तिनोः समुदाययोःपरस्परसाहित्यमित्याकाङ्क्षायां स्वरूपेण साहित्याभावेऽपि त्रिकात्त्रिकादेकैकमपूर्वं जायते, तद्द्वारा द्वयोः समुदाययोः साहित्यमुच्यते। एकैकस्य त्रिकस्यापि त्रिकापूर्वजनकत्वं कथमित्याकाङ्क्षायां प्रयाजानुयाजादिपूर्वोत्तराङ्गकलापविशिष्टस्य एकैकस्यत्रिकस्यसमुदायापूर्वजनकत्वमुच्यते।एकैकत्रिकस्यसर्वाङ्गसाहित्यंस्वरूपेणन सम्भवतीति त्रिभिर्यागैस्त्रीण्युभयपूर्वाणि जायन्ते तद्द्वारा सर्वाङ्गसाहित्यम्। अङ्गानामपि प्रयाजादीनां स्वरूपेण प्रधानासाहित्याभावात् तदुभयापूर्वद्वारा साहित्यं वाच्यम्, तथा च प्रधानजन्योत्पत्त्युभयपूर्व्वाणां प्रयाजादिजन्योत्पत्त्युभयापूर्वैः साहित्यं यदस्ति तदेव प्रधानानामङ्गविशिष्टत्वरूपं साङ्गत्वम् । एवञ्च पौर्णमास्यामाग्नेयादिजन्यै-**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**स्त्रिभिरपूर्वैः प्रयाजादिजन्योत्पत्त्यपूर्वसचिवैः (सहायैः)समुदायपूर्वमेकं जन्यते, तथा दर्शेऽपि आग्नेयेन्द्रद्वयजन्यैस्त्रिभिरपूर्वैरङ्गोत्पत्त्यपूर्वसचिवैरेकं त्रिकापूर्वं जन्यते, ताभ्यां त्रिकापूर्वाभ्याम् आग्नेयाद्युत्त्यपूर्वैत्रितयजन्याभ्यां फलजनकीभूतं महापूर्वं फलापूर्वनामकं जन्यते, ततश्च फलमिति। तथा च सर्वाङ्गोपकृताभ्यां दर्शपूर्णमासाभ्या - मपूर्वद्वारा स्वर्गं कुर्यादिति फलापूर्वनिष्पत्तये साङ्गप्रधानकर्त्तव्यताबोधको विधिः प्रयोगविधिरिति सिद्धम्।**

**अनुवाद**-माथि चर्चा (विचार विमर्शपरिपाक) भए अनुसार "दर्शपूर्णमासाभ्यां स्वर्गकामो यजेत" भन्ने यस श्रुति (वेद) का वाक्यको अर्थ दर्श र पूर्णमासमा गरिइने कर्म समुदायलाई परस्पर मिलाएर पूर्णगरी स्वर्ग (दुखको अन्त्य भएको अथवा दुखको लेश पनि नभएको सुखशान्ति) प्राप्त गर्ने इच्छा पूर्ण गर्नू भन्ने बुझिन्छ।" यसबाट हामीहरूले सम्पन्न गरिइने कर्मले (अङ्ग उपाङ्ग सबै निर्दुष्ट भै समग्रमा मिलेर सुख शान्ति दिने हुन्छन्। मन्त्र, विधि, द्रव्य, देश, काल, याजक, कर्ता, मन, वचन र कर्ममा शुद्धता र समन्वय गरिएका निर्दुष्ट कर्म नै हाम्रा आन्तर र वाह्य सन्तोष, शान्ति र आनन्दरूप फलप्राप्तिका साधन वा माध्यम हुन् भन्ने सङ्केत वेदले गरेको छ।

यस प्रसङ्गमा एउटा शङ्का हुन्छ कि दर्श र पूर्णमासमा गरिने ती ३+३ गरी ६ वटा कार्यहरू भिन्न-भिन्नै समय, द्रव्य र प्रक्रियाबाट सम्पन्न क्रियामा अपूर्वजनकत्व कसरी सम्भव छ र ? यसको समाधानको क्रममा मीमांसा (विचार-विमर्श) शास्त्रले भन्दछ– एउटा एउटा अङ्ग मिलेर २ वटा त्रिक (दर्श र पूर्णमासका पूर्वोक्त ६ यज्ञ) ले क्रमशः एकले अर्को, अर्कोले अर्को गर्दै त्रिकापूर्व उत्पन्न गर्दछन् र ती त्रिकापूर्वद्वयले समुदायापूर्व पैदा गर्दछन्। ती २ थरि त्रिकले मात्रै सामूहिक अपूर्व उत्पन्नहुने हुनाले नै प्रयाजानुयाजादि पूर्वोत्तर (पहिला र पछि गरिने) अङ्गोपाङ्ग क्रियाकलाप-विशिष्ट एक एक त्रिकबाट नै समुदायापूर्व जन्मनु उपयुक्त हुन्छ। यसक्रममा एक एक त्रिकले सर्वाङ्गपूर्ण स्वरूप उत्पन्न हुन सम्भव नभएबाट नै ती तीन तीनवटा यागले क्रमशः तीन अपूर्व पैदा गर्दछन्। त्यसैद्वारा सर्वाङ्गसहितको (सर्वाङ्गसाहित्यपूर्ण)अपूर्व उत्पन्न गर्दछन्। अङ्गपूर्व, प्रधानापूर्व र क्रत्वपूर्व यी तीनले मिलेर फलापूर्व पैदा गर्दछन्।

यसरी हेर्दा अङ्गापूर्वले मात्रै वा प्रधानापूर्वले मात्रै अथवा क्रत्वपूर्वले मात्रै फलापूर्व पैदा हुन सम्भव नहुनाले त्रिकसाहित्यापूर्व बिना फलापूर्व पैदा हुन सक्दैन। त्यसै हुनाले **प्रधानयागजन्य प्रधाना**पूर्व, **प्रयाजादिजन्य अङ्गा**पूर्व, **सर्वाङ्गसाहित्यपूर्ण अपूर्वसमेत**बाट **फलापूर्व पैदाहुने गर्दछ** भन्ने मान्यता **मीमांसाशास्त्रको** छ। त्यसो हुँदा सर्वाङ्गोपकृत दर्श र पूर्णमासद्वारा स्वर्गादि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फलापूर्वोत्पादनगर्ने क्रममा अङ्ग, उपाङ्ग, प्रधान र इतिकर्तव्यता समेत बुझाउनका निम्ति प्रयोगविधिको उपदेश भएको कुरा पनि स्वतः स्पष्ट हुन्छ ।

## १६) विधित्रैविध्यम् ।

**पुनरपि विधिस्त्रिविधः । अपूर्वविधिः, नियमविधिः, परिसङ्ख्याविधिश्चेति ।**

**अनुवाद-** प्रसङ्ग अनुसार विधिका अरू तीन भेद छन् :
१. अपूर्वविधि, २. नियमविधि, ३. परिसङ्ख्याविधि । यसैक्रममा श्लोकवार्तिककार भन्दछन्–

विधिरत्यन्तमप्राप्तौ, नियमः पाक्षिके सति ।
तत्र चान्यत्र सम्प्राप्तौ परिसङ्ख्येति गीयते ॥

अर्थात् कतैबाट पनि प्राप्त नभएको (अत्यन्त अप्राप्त) कुरा बताउने वाक्यलाई विधि, धेरै विकल्पमा एउटालाई मात्रै विधान गर्नेलाई नियमविधि, त्यस्तो कार्य अन्यत्र पनि छ भने परिसंख्याविधिको व्यवस्था गरिन्छ ।

## १७) अपूर्वविधिः ।

**तत्र यो विधिरत्यन्ताप्राप्तमर्थं प्रापयति सोऽपूर्वविधिः । यथा दर्शपूर्णमासप्रकरणे “व्रीहिन् प्रोक्षति” इति । एतद्विध्यभावे दर्शपौर्णमासीयव्रीहिषु प्रोक्षणं कथमपि न प्राप्नोति । एतद्विधिसत्त्वे तु तत्सम्बन्धिव्रीहिषु प्रोक्षणं प्राप्नोत्येव इति अत्यन्ताप्राप्तप्रोक्षणप्रापकत्वादयमपूर्वविधिः ।**

**अनुवाद-** जुन विधि (विधान) ले पहिले कहीँ कतै कसैले नभनेको र प्राप्त पनि नभएको कुरोको विधान गर्दछ त्यो विधि अपूर्वविधि हो । जस्तै दर्शपूर्णमास-प्रकरणमा “ब्रीहीन् प्रोक्षति” भनेर अगाडि कहीँ कसैले नभनेको र नपाएको ब्रीही (धान, जौ आदि द्रव्य वस्तु प्रोक्षणीजलले प्रोक्षण (प्रोक्षणीपात्रको जलले सेचन) गर्ने विधान गरेको हुनाले ब्रीहीन् प्रोक्षति' यो विधिलाई अपूर्वविधि मानियो । यो विधि नभएको भए दर्श-पूर्णमासको ब्रीहि आदि द्रव्यप्रोक्षणको कार्य कहीँ कतैबाट प्राप्त थिएन । यस विधिद्वारा प्रोक्षण विधान भएपछि अत्यन्त नौलो अप्राप्त वस्तु वा कर्मको विधान गरेबाट यसलाई अपूर्वविधि मानिएको हो । यसै गरी व्रीहि, यव, आदि द्रव्य अवघात(लुसिले ओखलमा कुट्ने काम, तण्डुललाई पेषण गर्ने काम, मृगचर्म ओच्छ्याउने काम, शम्या हननको काम र शङ्ख, घण्ट वादनादि समेत अपूर्व उत्पादक कर्म विधायक विधि (अपूर्व विधि) मान्नु पर्ने हुन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## १८) नियमविधिः ।

**यश्च पक्षे प्राप्तमर्थं नियमयति स नियमविधिः। यथा तत्रैव "व्रीहिनवहन्ति" इति। एतद्विध्यभावे दर्शपौर्णमासिकेषु व्रीहिषूत्पत्तिवाक्यावगतपुरोडाशोपयोगितण्डुल-निष्पत्त्यनुकूलवैतुष्य- कार्याय अवहननवत् कदाचिन्नखविदलनमपि प्राप्नुयात् इति तस्मिन् पक्षेऽवहननस्य प्राप्तेरवाभात् कार्यान्यथोपपत्तेरवहनस्य पाक्षिकी प्राप्तिः स्यात्। सति त्वस्मिन् विधाववहननेनैव वैतुष्यं कार्यमिति नियमे सति विदलनं सर्वात्मना निवर्त्तत इति नियमविधिरयम्। नच वैतुष्यस्य नखविदलनेनापि सम्भवात् अवहनननियमो ब्यर्थः प्रयोजनाभावादिति वाच्यम्। अवघातेनैव वैतुष्यकरणे किञ्चिददृष्टं जन्यते इति नियमादृष्टाङ्गीकारात्। नियमेन दृष्टकार्यालाभेऽपि अदृष्टस्योत्पत्तेः। तच्चापूर्वं यागोत्पत्त्यपूर्वद्वारा फलाऽपूर्वे उपयुज्यते, तेन नियमा-पूर्वाभावे फलापूर्वमेव नोत्पद्यते इति कल्पनान्नियमापूर्वस्य न वैयर्थ्यम्। एवं सोमेन यजेत व्रीहिभिर्यजेतेत्यादिनियमेऽपि बोध्यम्।**

**अनुवाद-** जुन कार्यसम्पन्न गर्नका निम्ति धेरै पक्ष अगाल्न सकिन्छ त्यो अवस्थामा यसै गर्नु वा यो गर्नु भनेर नियमले बाँध्ने विधिलाई नियमविधि भनिन्छ। जस्तैः "व्रीहीन् अवहन्ति"। यो विधि नभइदिएको भए दर्श-पौर्णमास आदि यज्ञमा आवश्यक पर्ने चामल वनाउनु पर्दा (कर्ताको इच्छाअनुसार भूष फाल्ने (वितुषीकरण) कामका निम्ति घर्षण, नखविदलन र अवघात मध्ये) कुनै एउटा माध्यम आश्रयगर्न सकिन्थ्यो तर यी मध्ये मुशलले अवघात गरी वितुषीकरण (फूल भूष हटाउने काम) नै गर्नु अरू कुनै कामद्वारा धानको भुस निकाली बनाएको चामल (तण्डुल)बाट निष्पन्न पुरोडाशले यज्ञ गरेमा अपूर्व पैदा हुँदैन, अतः व्रीहि (धान)लाई ओखलमा राखी मुशलले कुटेर नै चामल बनाउनु पर्छ भन्ने विशेषविधि वाक्यलाई नियमविधि भन्ने नाम दिइएको छ। यसरी नियमापूर्वद्वारा निष्पन्न तण्डुलबाट बनेको पुरोडाशले नै अपूर्व उत्पन्न हुन्छ अरूबाट हुँदैन भनेझैँ सोमयागका निम्ति सोमक्रयणी गाईद्वारा किनेको सोमबाट नै अपूर्व उत्पन्न हुन्छ आदि विधान पनि नियमविधिभित्र पर्दछन् भन्ने समेत बुझ्नुपर्दछ।

## १९) परिसंख्याविधिः ।

**द्वयोः समुच्चित्य प्राप्तावितरनिवृत्तिफलको विधिः परिसंख्याविधिः। यथा चयनप्रकरणे "इमामगृभ्णन् रशनामृतस्य इत्यश्वाभिधानीमादत्ते" इत्यश्वरसनाग्रहणाङ्गत्वेन मन्त्रविधिः। एतद्विध्यभावे हि रशनाग्रहणप्रकाशको मन्त्रो रशनाऽऽदानप्रकाशन-सामर्थ्यरूपात् लिङ्गात् अश्वरशनाऽऽदाने इव गर्दभरशनाऽऽदानेऽपि नियमेन प्राप्नुयात्। सत्यस्मिन् विधौ अनेन मन्त्रेण अश्वरशनामेवाददीत न तु गर्दभरशनाम्,**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**सा तु तूष्णीमेव ग्राह्येतिगर्दभरशनायां मन्त्र निवृत्तिर्भवतीति द्वयोः समुच्चित्य प्राप्तावितर -निवृत्तिफलकत्वादयं परिसङ्ख्याविधिः । एवं "पञ्च पञ्चनखा भक्षा" इत्यादावपि बोध्यम् ।**

**अनुवाद**-कुनै कार्यको निम्ति २ वटा कुरा प्राप्त भएमा एउटालाई हटाई एकको मात्रै विधान गर्ने विधिलाई परिसङ्ख्या विधि भनिएको छ । जस्तै अग्निचयन, अश्वमेघ, आदि यज्ञमा "इमामगृभ्णन् रशनामृतस्य" इत्यश्वाभिधानीमादत्ते" अर्थात् "इमामगृभ्णन्" मंत्रले घोडाको लगाम पक्रनु भनी यो मन्त्रलाई घोडाको लगाम समाउने कार्यका वेला उच्चारण गर्नुपर्ने गरी रशानाग्रहण (लगाम पक्रने काम)को अङ्ग कार्यका रूपमा (यो मन्त्र) पढ्नु भनी विधान गरेकोले यसलाई परिसङ्ख्याविधि भनिएको हो । यो मन्त्रमा "लगाम पक्रनु" भनेकोमा घोडा, खच्चर, गधा जुन कुनैको लगाम पक्रे पनि त हुन्थ्यो तर त्यही मन्त्रको पछाडि अमृत शब्दको प्रयोग भएको र त्यो शब्दले घोडालाई बुझाएकोवाट अश्वको लगाम पक्रन पर्ने कुरा परिसङ्ख्याविधिले स्तुति (प्रशंसावाक्य)ले पनि घृताक्ता सर्करा दधाति भनिएझैं वुझ्न मिल्छ तापनि घोडाकोलाई मन्त्र पढेर गधाको लगामलाई मन्त्र नपढीकन पनि पक्रन सकिने अवस्थामा थियो किनभने अवकीर्णीले गर्दभयागगर्दा "सा तु तूष्णीमेव ग्राह्या" भनेर छुट्टै विधान भएको थियो । तापनि गर्दभरशनाको प्राप्तिलाई वाध गरी समन्त्रक अश्वाभिधानी ग्रहणरूप कर्मको विधान गरेको हुनाले यस विधिलाई परिसङ्ख्याविधि भनिएको हो । यसैगरी "पञ्च पञ्चनखा भक्ष्या" इत्यादि श्रुतिवचनमा पनि परिगणित पञ्चनखातिरिक्त पञ्चनखाभक्षणमा तात्पर्य राखी परिसङ्ख्याविधिद्वारा "शल्यकःश्वाविधो गोधा, शशः कुर्मश्व पञ्चमः" भनेर गनिएका ५ नखे ५ जनावरभन्दा अतिरिक्त अन्य पाँच नङ्ग्रे जनावरको मासु आखाद्य हो भनी परिसङ्ख्या विधिले विधान गर्दछ । यसरी श्रुतहानि प्राप्तलाई बाध, अश्रुतको कल्पना यी तीन दोष परिसङ्ख्याविधिमा देखिन आउँछन् । जस्तै अश्वाभिदानी आदत्ते भन्ने श्रुतिवाक्यमा अश्वाभिधानीं ग्रहण गर्नु भन्ने पत्यार पर्छ तर यहाँ त्यसलाई छोडी दिइन्छ, यो श्रुतहानि दोष हो । अश्वाभिधानी ग्रहणका साथै गर्दभाभिधानी ग्रहणको कल्पना गर्नु अश्रुतकल्पना हो । सामान्य रशनादानमा गर्दभरशनाको प्राप्ति कल्पना गर्दै त्यसको वाध (प्रतिवन्ध, निषेध) गर्नु, प्राप्तबाध-दोष हो किनभने "अश्वाभिधानीं आदत्ते" भन्ने श्रुतिवाक्यको शक्ति मर्यादाले गर्दभरशना ग्रहण प्राप्त हुँदैन थियो र सामान्य रशनादानबाट जो गर्दभरशनादानको प्राप्ति हुन सक्थ्यो त्यसलाई बाध (रोक, निषेध) पनि परिसङ्ख्याविधिबाटै हुन गएको छ । यसकारण यहाँ "अभिधत्ते"



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तिको लक्षणाद्वारा अश्वाभिधानीकै मात्र ग्रहण गर्नू भन्ने निर्णय गरिन्छ । यसैले यसलाई त्रिदोषवाला मानिएको हो ।

परिसङ्ख्याविधि २ प्रकारका हुन्छन्: (१) श्रौती, (२) लाक्षणिकी । 'एव' शब्द अथवा नञ् (निषेधार्थक 'न')द्वारा इतरव्यावृत्ति हुने परिसङ्ख्यालाई श्रौती परिसङ्ख्या भनिन्छ । जहाँ इतरव्यावृत्तिबोधक शब्दको उपस्थिति नदेखिनाले लक्षणाद्वारा इतर प्राप्त सम्झेर त्यसको निराकरण गरिन्छ यसैलाई लाक्षणिकी परिसङ्ख्या भनिन्छ । यही कुरा माथिको मीमांसा (विचार विमर्श)को आधारमा स्पष्ट गरिएको छ । यो कुरा जैमिनीय सूत्रको १।२।४२ मा विचार गरिएको छ ।

## २०) श्रुत्यादिषट्प्रमाणानि ।

**पूर्वं दर्शपूर्णमासाङ्गत्वं प्रयाजादीनामुक्तम् । तत्राङ्गत्वबोधकप्रमाणानि तु श्रुतिलिङ्गवाक्य- प्रकरणस्थानसमाख्याभेदेन षट् ।**

**अनुवाद-** विचारशास्त्र (मीमांसा) अन्तर्गत चर्चाक्रममा अङ्ग र प्रधानको प्रसङ्ग आउँदा हामीले प्रयाज आदिलाई दर्शपूर्णमास यज्ञको अङ्ग हो भनियो । अङ्ग र अङ्गी (प्रधान अथवा मुख्य) को विभाजक आधार अथवा अङ्ग र प्रधानमा भिन्नता (अर्थात् अमुक कर्म अमुक कर्मको अङ्ग हो, अमुककर्म अमुक कर्मको अङ्गी हो भनी प्रधान र अङ्गका बीच (अङ्गता र अङ्गिता) को नाता छुट्याउने आधारनै प्रमाण हो । प्रकृति र विकृतिका बीचमा पनि कतिपय प्रसङ्गमा अङ्गाङ्गीरूप सम्बन्ध वा बलाबल बताउने ती प्रमाण छ किसिमका छन्: (१) श्रुति, (२) लिङ्ग), (३) वाक्य, (४) प्रकरण, (५) स्थान र (६) समाख्या । यज्ञ क्रिया, अनुष्ठानक्रम, प्रक्रिया, अङ्गाङ्गीभाव, प्रधान, गौण अङ्ग, उपाङ्ग आदिको उपदेश वेदले गरेको हो । वेदलाई श्रुति छन्द, आदि पनि भनिन्छ । विधानमा, मन्त्र, हस्तक्रिया(हथौडी, इतिकर्तव्यता) पर्दछन् । अङ्गाङ्गीपृथक्करण आदिको पहिलो आधार मानिएको शास्त्र वा प्रमाण वेद (श्रुति) हो । अतः वेद वा श्रुतिले साक्षात् यो यसो गर्नु, यो यस्तो, त्यो त्यस्तो, ऊ उस्तो भनेर बताएको भए अरू सबैभन्दा बलियो र जेठो प्रमाण त्यही नै हुन्छ । त्यस्तो अवस्था नपर्दा यो फलानोको अङ्ग हो, यो अमुकको अङ्गी हो । यी दुईको बीचमा अङ्गाङ्गी-भाव सम्बन्ध छ भन्ने कुराको निक्यौंल (निर्णय, निधो) गर्ने क्रममा विचार विमर्श गर्दा श्रुति लिङ्ग (कर्मस्वरूप), वाक्य, प्रकरण, स्थान र समाख्या यी ६ प्रमाणलाई आधार मान्ने गरिन्छ । अब ती श्रुति आदि ६ प्रमाणको कहाँ कुन प्रमाणले निधो गर्नु पर्दछ भन्ने विषयमा चर्चा हुन्छ:-



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## २१) श्रुतिः ।

**तत्र "दध्ना जुहुयात्" इत्यत्राग्निहोत्रवाक्यप्राप्तं होमं जुहुयादित्यनेनोद्दिश्य तत्करणत्वेन तृतीयाश्रुत्या दधि विधीयते इति श्रुत्या दध्नोऽङ्गत्वम् ।**

**अनुवाद-** "श्रुतिस्तु वेदो विजेयो धर्मशास्त्रं तु वै स्मृतिः" भनिएकोले श्रुति र वेद उही हो, एउटै हो, नाम मात्र फरक हो, अर्थमा एकै हो । वेदलाई मन्त्र र ब्राह्मणका रूपमा २ भाग गरिएको छ । मन्त्रले सम्झाएका काम मन्त्र पढेर सम्पन्न गरिन्छ । मन्त्र उच्चारण कर्मको अटुष्ठानसँगै गर्नुपर्छ अथवा मन्त्रको अन्तमा कर्मको आरम्भ गरिनु पर्दछ– "मन्त्रान्तैः कर्मादि सान्निपात्याभिधानात् ।" मन्त्रैः स्मृतं कर्म कुर्यात्, सिद्धे कर्मणि मन्त्राः प्रवक्तव्याः, मन्त्रहीनं, विधिहीनं च कर्म विगुणं भवतीति वैदिकी मर्यादा" भनिएको छ । गुरुमुखोचारणानुरूप उच्चारण गरिने अर्थात् गुर्वध्ययन-पूर्वकोच्चारण गर्नेहुनाले श्रुति भन्ने नाम सार्थक भएको मानिन्छ । यसकारण श्रुति अर्थात् वेदले (मन्त्र अथवा ब्राह्मणले) साक्षात् विधान गरेको भएमा त्यही कुरालाई पहिलो प्रमाण मानिन्छ ।

यस प्रसङ्गमा "दध्ना जुहोति" अर्थात् दहीले होम गर्दछ । (दहीले होम गर्नू) भनिएकाले होमको अङ्ग दधिद्रव्य हो भन्ने कुरा तृतीया विभक्ति दध्नाले होमको उद्देश्य पुरा गर्ने साधन (करण) दही हो भनी स्पष्ट गरेको छ । यसैगरी 'समिधो यजति,' आदिको पनि अर्थ बुझ्नु पर्दछ । यसरी अङ्गी र अङ्ग (होम र द्रव्य को) को अङ्गाङ्गिता श्रुति प्रमाणले नै स्पष्ट गरिएको हुनाले अरू प्रमाणको खोज गर्नै परेन । श्रुतिको स्वतः प्रमाणिकता छ ।

## २२) लिङ्गम् ।

**लिङ्गं नाम सामर्थ्यं । तच्च द्विविधम्-अर्थगतं शब्दगतञ्चेति । आद्यं यथा- "स्रुवेणावद्यति" इत्यवदानसामान्यशेषत्वावगमेऽपि स्रुवस्य सामर्थ्यरूपात् लिङ्गात् आज्यसान्नाय्यादिद्रवद्रव्यस्यावदानविशेषाङ्गत्वम् । स्रुवेण पुरोडाशाद्यवदानस्य कर्त्तुम- शक्यत्वात् । शब्दगतं तु लिङ्गमर्थप्रकाशनसामर्थ्यम् । यथा-"अग्नयेत्वा जुष्टं निर्वपामि" इति मन्त्रस्य निर्वापप्रकाशनसामर्थ्यरूपात् लिङ्गान्निर्वापाङ्गत्वम् । यस्य मन्त्रस्य यत् प्रकाशनसामर्थ्यं तस्य तदङ्गत्वम् ।**

**अनुवाद-** "सामर्थ्यं सर्वभावानां लिङ्गमित्यभिधीयते" । अर्थात् सबै किसिमका क्रिया (भाव) लाई बुझाउने सामर्थ्यको नाम लिङ्ग भनिएको छ । लिङ्ग भनेको स्वरूपमा रहेको शक्ति (सामर्थ्य) हो । अर्थात् समर्थमा रहेको भाव (क्रिया) को अर्थ सामर्थ्य हो । सामर्थ्य दुई प्रकारको हुन्छ शब्दसामर्थ्य र अर्थसामर्थ्य । शब्दमा रहेको शक्ति नै शब्दसामर्थ्य हो । अर्थमा रहेको सामर्थ्य अर्थ सामर्थ्य हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ सामर्थ्यको आधारमा अङ्गता निक्यौल (निर्णय) गर्ने उदाहरण "स्रुवेण अवद्यति" अर्थात् स्रुवले अवदान (ग्रहण, छुट्टै पारेर लिने) कार्य गर्नु भनेकोले अवदानरूप कार्यको अङ्ग स्रुरो (स्रुव) हो तापनि पुरोडाशादि कडा (द्रवहीन, अद्रव) हविपदार्थ ग्रहण गर्ने सामर्थ्य स्रुवमा नहुने अर्थात् स्रुरोले पुरोडाश (भुङ्ग्रे रोटी, मालपूवा) आदि पदार्थ) काटेर लिन नसक्ने) हुनाले स्रुवमा रहेको सामर्थ्यका आधारमा दही, दूध, घिऊ जस्ता द्रव द्रव्य (तरल पदार्थ) को अवदानको साधनरूप अङ्ग स्रुव हुन सक्छ। पुरोडाशादिको अवदान (टुक्रापारेर, छुट्टा पारेर) लिने शक्ति नभएको हुँदा स्रुवालाई पुरोडाशादि अवदान विशेषकर्मको अङ्ग मान्न सकिँदैन।

शब्दमा रहेको अर्थद्वारा स्पष्ट हुने सामर्थ्यको नाम अर्थसामर्थ्य हो। अर्थसामर्थ्यका आधारमा प्रमाण मानिने लिङ्ग प्रमाणको उदाहरण "अग्नये त्वा जुष्टं निर्वपामि" हो। यहाँ अग्निका निम्ति प्रिय भएको तिमी (हवनीय द्रव्य ब्रीहि, पुरोडाश, आज्य आदि) लाई म हवन (होम) गर्दछु– (अग्नेयत्वा जुष्टं निर्वपामि) भनेर स्पष्टैसँग अग्निका लागि होम गर्ने अर्थ बुझिएको हुनाले अग्नि देवतालाई दिइने आहुति(होम, हवन) को अङ्गको रूपमा यो मन्त्र अर्थसामर्थ्य रूप प्रमाणका आधारमा विनियुक्त भएको मानिन्छ। किनभने जुन मन्त्रले जे कुरा प्रकाशन (अर्थ बोधन) गर्दछ, सोही कार्य मा त्यो मन्त्रको विनियोग (यो कार्य गर्न पढिने) गरिन्छ जस्तै "बर्हिर्देवसदनं दामि" अर्थात् देवताहरूले वस्ने आसन बनाउन कुशलाई छेदन गर्छु भन्ने मन्त्रमा "दामि" अर्थात् काट्दछु भने अर्थ बुझाउने सामर्थ्यवाला शब्द रूपी लिङ्ग प्रमाणका आधारमा यो मन्त्र (वर्हिर्देवसदनं दामि)लाई कुशच्छेदन कर्मको अङ्गका रूपमा स्वीकार गरी त्यो त्यो कार्यमा विनियोग गरिएको छ। यसरी योग्यता र क्षमता दुवै हेरेर व्यक्ति, वस्तुलाई कर्ममा लगाउनु भन्ने अर्थका आधारमा काम तोक्नु पर्दछ भन्ने कुरा लिङ्ग (सामर्थ्य) प्रमाणको चर्चाबाट स्पष्ट गरिएको छ।

## २३) वाक्यम्।

**पदान्तरसममभिव्याहारो वाक्यम्। यथा-"इषेत्वेति छिनत्ति" इति अत्र छेदनाङ्गत्वेन "इषे त्वा" इति मन्त्रो वाक्येन विधीयते। यद्वा "अग्नये जुष्टम्" इत्यत्रैव अग्नये जुष्टमित्यादिपदानां निर्वपामित्यनेकैकवाक्यतापन्नत्वान्निर्वापाङ्गत्वम्।**

**अनुवाद-** एकै वाक्यमा सँगै उच्चारण वा उपदेश गरिने प्रमाणको नाम वाक्य-प्रमाण हो। सहोच्चारण अर्थात् सँगै उपदेश (पढेर, भन्ने) कार्य वाक्य हो। वाक्यमा कर्ता, कर्म, क्रियापद विशेषण, क्रियाविशेषण आदिको एकै साथमा उपदेश (व्यहार) गरिन्छ। उदाहरणको रूपमा हेरौं "इषे त्वा ऊर्जे त्वा" यी



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुई मन्त्रको कुन कार्यमा (के आधारमा) पढनका लागि विनियोग गर्ने होला भन्ने जिज्ञासाको समाधानका क्रममा वाक्य प्रमाणका आधारले यी दुई मन्त्र पलाशशाखा सन्नमन (नुहाउने) र छेदन (काट्ने) कार्यमा विनियुक्त हुन् भन्ने निर्णय गरिन्छ किन भने "ऊर्जे त्वा इति सन्नमयति" "इषे त्वा इति छिनति" भन्ने श्रुतिवाक्यमा "ऊर्जे त्वा" सँगै "सन्नमयति" र "इषे त्वा" सँगै छिनत्तिको समभिव्याहार याने सहोच्चारण (उपदेश, पाठ) भएको हुनाले 'ऊर्जे त्वां'लाई पलाशशाखा सन्नमन गर्ने, 'इषे त्वांलाई छेदन गर्ने कार्यमा विनियोग गरिएवाट ऊर्जेत्वा भन्ने मन्त्र पलाशशाखाच्छेदन कर्म को अङ्गको रूपमा पढ्ने गरी विनियोग भएको हो भन्ने कुरा स्पष्ट भएको छ। अथवा यसैगरी 'अग्नयेत्वा जुष्टं निर्वपामि' यस मन्त्रमा, अग्निको सेवनीय वा प्रिय भएको तिमी(पुरोडाश)लाई म होम गर्दछु भनेर एकै वाक्यमा "समभिव्याहार" अर्थात् सँगै पाठ, (उचारण) भएवाट 'एक वाक्यता' प्राप्त भएकोले यो मन्त्र आग्नेय पुरोडाश निर्वाप (होम) को अङ्ग हो भन्ने पनि स्पष्ट हुन्छ।

## २४) प्रकरणम्।

**प्रकरणं नाम परस्पराकाङ्क्षा। यथा– "दर्शपूर्णमासाभ्यां स्वर्गकामो यजेत" इति दर्शपूर्णमासाभ्यां स्वर्गापूर्वङ्कुर्य्यादित्युक्ते भवत्याकाङ्क्षा कथमाभ्यां स्वर्गापूर्वं कर्त्तव्यमिति। तथा फलवदाग्नेयादिसन्निधौ "समिधो यजति" "तनूनपातं यजति" "आज्यभागौ यजति" इत्यादिभिः प्रयाजादयः फलरहिताः श्रुताः, तेषां स्ववाक्येषु फलाश्रवणात् भवति प्रयोजनाकाङ्क्षा दर्शपौर्णमासयोः कथम्भावाकाङ्क्षायां परस्परा-काङ्क्षालक्षणेन प्रकरणेन प्रयाजादीनां सर्वेषां दर्शपौर्णमासाङ्गत्वं निश्चीयते।**

**अनुवाद–** प्रकरण भनेको एकापसको आकाङ्क्षाबाट सम्पन्न हुने "परस्पराकाङ्क्षा प्रकरणम्" भनी परिभाषा गरिएको छ। अथवा एउटै प्रकरणमा पढिएका कतिपय कुरामा एउटाको पूर्ण वर्णन गरी अर्कोको बारे केही नभनेर नाम मात्र लिइएको खण्डमा बाँकी कुरालाई पूर्ववाक्य अनुसारै गर्ने वा सोही कामलाई पूर्ण गराई आफ्नो सार्थकता वा फलवत्ता सिद्ध गर्नु पर्दछ भन्ने कुरा निर्णय गरिन्छ। जस्तै उदाहरणका निम्ति हेरौं। 'दर्शपूर्णमासाम्यां यजेत स्वर्गकामः' यस विधानमा दर्शपूर्णमासद्वारा कसरी स्वर्गरूप इष्टप्रात्त गर्ने होला ? भन्ने सन्देह भनौं वा जान्ने उत्सुकतापूर्ण आकाङ्क्षा पैदा हुन्छ। एकतर्फ "ऐन्द्रं पयः, आग्नेयोऽष्टाकपालः" आदि कार्यहरू फलदायी छन् तर तिनीहरूका अङ्ग पूरा वताइएका छैनन् र **'बर्हिर्यजति', इडो यजति, स्वाहाकारं यजति, आज्यभागौ यजति** इत्यादि हवनका विधि छन् तापनि ती कर्महरूका फल भने वताइएका छैनन्।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस अवस्थामा दर्शपूर्णमासद्वारा स्वर्गआदि फल पाउने इच्छा पूर्ण गर्नका निमित्त को अङ्ग बन्ला भन्ने आकाङ्क्षा हुन्छ, समिदादि यागमा हामी कसरी फलवान् हुने, कसको साथ लागी फलवान् बन्ने भन्ने आकाङ्क्षालाई एउटै प्रकरणमा पढिएबाट प्रकारणरूप प्रमाणका आधारमा दर्शपूर्णमासको अङ्गाकाङ्क्षा तथा समिदादि यागका फलाकाङ्क्षा पूर्ण गर्न दर्शपूर्णमासले समिदादि यागलाई अङ्ग मान्ने र समिदादिले दर्शपूर्णमासको अङ्ग भएर स्वर्गादिफलवान् भई दुवैले आफ्नो आकाङ्क्षा पूर्ण गर्ने अवसर प्राप्त गर्दछन् । यस प्रकार एउटै प्रकरणमा पढिएका कारणले दर्शपूर्णमासका अङ्ग समिदादियाग र समिदादि यागरूप अङ्गसहित दर्शपूर्णमासबाट स्वर्गादि अपूर्व (फल) प्राप्ति हुनसक्ने देखिनाले दर्शपूर्णमासका अङ्ग समिदादि याग र समिदादि यागको फल दर्शपूर्णमासका साथ लागेर (अङ्ग बनेर) स्वर्गादिफल प्राप्त हुन्छ भन्ने निश्कर्ष (निर्णय) बमोजिम वैदिक यज्ञको यज्ञ मीमांसा (विचार शास्त्र) अनुसार घर परिवार सुखी हुन्छ, देशका जनता सुखी हुन सक्छन् तर कसरी भन्ने र गृहपति (घरमुली)ले कसको मद्दतले कसरी सुखी हुँ भन्ने, सरकारले कसरी सुखी हुँ" कसलाई सुख दिउँ भन्ने आकाङ्क्षा शान्त गर्न ती सबैका आपसी आकाङ्क्षा एकापसमा मिलेर घर परिवारले घरमुलीलाई सघाएर घर जग्गा जमिन धन सम्पद् प्राप्त गरी घरपट्टीसँग सुखी बन्न र सरकारले जनतासँग, जनताले सरकारसँग मिली राष्ट्रिय सम्पद् सदुपयोग गरी एकापसमा सघाएर सबै सुखसुविधा समृद्धि सम्पन्न हुन सकिन्छ, अन्यथा दुवैका आकाङ्क्षा आशा, उमङ्ग सधैँ अधुरा रहन्छन् भन्नेसमेत निक्यौंल गर्न सकिने ज्ञान यो दुनियालाई मीमांसाप्राप्त भएको मान्नु पर्दछ ।

## २५) स्थानम् ।

**स्थानं नाम सन्निधिः । यथा सान्नाय्यपात्रसन्निधौ "शुन्धध्वम्" इतिमन्त्रस्य पाठात् सन्निधानात् सान्नाय्यपात्रप्रोक्षणाङ्गत्वम् ।**

**अनुवाद-** स्थान भनेको सामीप्य वा निकटता हो एकै स्थानमा अर्को कुरा अधुरो पढिएको भए त्यही पढेको पाएको वस्तु वा विधि वा कार्यद्वारा पूर्णता प्राप्त गर्नुपर्दछ । जस्तै सान्नाय्य पात्र (दही र दूध राख्ने भाडो) नजिकै शुद्ध हौँ, सफा हौँ भनेको हुनाले दही दूध राख्ने पात्र (सान्नाय्यपात्र) शुद्धसफा पार्नुपर्ने रहेछ भन्ने बुझेर 'शुन्धध्वं' भन्ने मन्त्रलाई सान्नाय्यपात्र शोधन गर्ने अङ्गकार्यको रूपमा अर्थात् सान्नाय्यपात्र प्रोक्षणाङ्ग मन्त्रका रूपमा "शुन्ध्यध्वम्"लाई लिनुपर्दछ भन्ने निर्णय स्थान प्रमाणका आधारमा गरिएको छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## २६) समाख्या ।

**समाख्या संज्ञा । यथा अध्वर्युकाण्डप्रतिपादिते कर्म्मजाते आध्वर्यवसमाख्यावशात् अध्वर्य्योः कर्तृत्वेनाङ्गत्वम् । तथा "ऐन्द्राग्नमेकादशकपालं निर्वपेत् प्रजाकामः" इत्यादिषु काम्येष्टिसमाख्यातेषु ऐन्द्राग्नादियागेषु काम्येष्टियाज्यानुवाक्याकाण्डसमाख्यावशात् "उभा वामिन्द्राग्नी" इत्यादिनां याज्यानुवाक्यत्वेन विनियोगः । विनियोगो नाम अङ्गत्वेनान्वयः ।**

**अनुवाद-** श्रुतिआदि ६ प्रकारका प्रमाणहरूमा अन्तिम प्रमाणको नाम समाख्या हो । ख्याको अर्थ प्रकृष्ट कथन हो । सम+आ+ख्या को अर्थ वुझ्ने क्रममा 'सम्' उपसर्गको राम्रो, मिलेको, समान भन्ने अर्थ हुन्छ र ठाउँ तथा प्रसङ्ग हेरी उपसर्गको अर्थ प्रकाशित गरिने मर्यादा छ । 'आ' उपसर्गको अर्थ अभिमुख सम्मुख वरिपरि चारैतर्फ भन्ने हुन्छ । 'समाख्या' शव्दको अर्थ ठ्याक्कै मिल्ने प्रसङ्ग अनुसारको नाउँ भन्ने हो । उदाहरणका निम्ति शतपथ ब्राहमणको १४ काण्डमध्ये पहिलो काण्ड आध्वर्यव काण्डको नामले चिनिन्छ । अध्वर्युसँग सम्वन्धित भएवाट "आध्वर्यव" भन्ने नामले गर्दा अध्वर्युसँग सम्वन्धित अथवा अध्वर्युले कर्ता भएर गर्नुपर्ने कार्यहरू मुख्य रूपमा बताइएको हुनाले कर्ताका रूपमा अध्वर्युको अङ्गभाव छ भन्ने सिद्ध हुन्छ । यद्यपि त्यस अध्वर्युकाण्डमा अग्नीतले गर्नुपर्ने अथवा ब्रह्मा, होताआदिले गर्नुपर्ने कुरा पनि प्रसङ्गअनुसार छन् तापनि "प्राधान्येन व्यपदेशा भवन्ति" अर्थात् मुख्य कामका आधारमा नामको व्यवहार हुन्छ । यस्तो मीमांसा (तर्कशास्त्र) को मान्यता रहेको हुनाले अध्वर्यु कर्ता भएर सम्पन्न गर्नुपर्ने धेरै कार्य भएको हुँदा त्यस काण्डको नाम नै आध्वर्यव रहन गएको हो भन्ने कुरा समाख्या प्रमाणद्वारा बुझ्नु पर्दछ ।

त्यसै गरी "ऐन्द्राग्नं एकादशकपालं निर्वपेत् प्रजाकाम :" अर्थात् इन्द्र र अग्नि देवता भएको ११ कपाल याने ११ वटा ढुङ्गा वा माटाको ताउ अथवा फग्लेटा जोरर सो मा पकाएको पुरोडाश हवन गरी यज्ञ–(ऐन्द्राग्न याग)गरे सन्तान प्राप्त हुने, देवता द्वन्द्व भएका यज्ञहरूमा काम्येष्टि– (कुनै चाहना कामना पूर्ण गर्न गरिइने यज्ञ)का याज्या (होमगर्ने बेला देवता बोलाउने अथवा खाने वेलामा खाने, खुवाइने व्यक्तिलाई बोलाइने मन्त्र वाक्य) र अनुवाक्या (लौ हजुर भोजन गर्नुहोस् भनेर पढिने कृष्णार्पण, खानुहोस् "ज्युनारान् होस्" भने जस्ता वेदका मन्त्र वाक्य) हरूको काण्ड भन्ने समाख्या (नाउँ) भएको हुनाले "इन्द्र र अग्नि" दुइ देवताको नामका आधार "उभा वाम् इन्द्राग्नी" इत्यादि मन्त्रहरू याज्या र अनुवाक्याका अङ्गका रूपमा विनियोग (खटन) गरिन्छन् । विनियोग भनेको त्यो कामको अङ्गको रूपमा प्रधानका



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सँगैसँगै बताइने गरिने क्रियाकलाप हो । यहाँ दुई देवता इन्द्र र अग्निको द्विचनान्त रूप नामका आधारमा मन्त्रको विनियोग भएको छ । यो पनि समान आख्या अर्थात् काम र नाम मिल्ने प्रमाण समाख्याकै उदाहरण हो ।

## २७) श्रुतिप्राबल्यविचारः ।

**श्रुत्यादिषट् प्रमाणानामेकत्र समावेशे पूर्वपूर्वस्य प्राबल्यम्, उत्तरोत्तरस्य दौर्बल्यम् । यथा–"कदाचन स्तरीरसि इत्यैन्द्र्या गार्हपत्यमुपतिष्ठते" इत्यग्निहोत्रप्रकरणे श्रूयते । तत्र मन्त्रस्य इन्द्रप्रकाशनसामर्थ्यरूपात् लिङ्गात् इन्द्रोपस्थानाङ्गत्वे प्राप्ते, ऐन्द्रया इति तृतीयाश्रुत्या गार्हपत्यमिति द्वितीयाश्रुत्या च गार्हपत्योपस्थानाङ्गत्वेन विधानात् लैङ्गिक इन्द्रोपस्थाने विनियोगो बाध्यते । श्रुतिर्हि स्वतो विनियोजिका । लिङ्गन्त्विन्द्र-प्रकाशनसामर्थ्यमालोच्य ऐन्द्रणेन्द्रमुपतिष्ठते इति श्रुतिकल्पनाद्वारा विनियोजकमिति वाच्यम् । तच्चात्र न सम्भवति । यत्र श्रुतिविनियोगो नास्ति "अग्नये जुष्टं निर्वपामि" इत्यादौ तत्र मन्त्रस्य निर्वापप्रकाशनसामर्थ्यमालोच्य अनेन मन्त्रेण निर्वापं कुर्यात् इति श्रुतिकल्पनाद्वारा लिङ्गं विनियोजकं भवत्येव । श्रुतिकल्पनाप्रतिबन्धकाभावात् ।**

**अनुवाद-** मीमांसा (तर्कशास्त्र) का निम्ति आधार मानिएका श्रुति, लिङ्ग, वाक्य, प्रकरण, स्थान, समाख्या यी ६ प्रमाणहरूमध्ये पहिलो प्रमाण श्रुति हो । दोस्रो लिङ्ग प्रमाण हो । तेस्रो वाक्य, चौथो प्रकरण, पाँचौ स्थान र छैठौं समाख्या प्रमाणमध्ये पहिलो पहिलो भन्दा पछिल्लो पछिल्लो प्रमाण कमजोर मानिन्छन् ।

यी श्रुति आदि छ प्रमाणहरू एकै ठाउँमा समावेश भएमा पहिलो पहिलो प्रमाण बलियो हुन्छ । पछिल्लो पछिल्लो प्रमाण निर्धो (कमजोर) हुन्छ । जस्तै (उदाहरणका निम्ति) 'अग्निहोत्र' को प्रकरणमा "कदाचन स्तरीरसि नेन्द्र सश्चसि दाशुषे" भन्ने मन्त्र(श्रुति) पढिएको छ । सो प्रकरणमा बताइएको यस मन्त्रमा इन्द्र 'शब्द' पढिएको छ । कुन मन्त्रले कुन देवताको उपस्थान (प्रार्थना) गर्ने भन्ने शङ्काको निर्णय दिँदा "ऐन्द्रेण गार्हपत्यमुपतिष्ठते" अर्थात् 'इन्द्र देवता भएको मन्त्रद्वारा गार्हपत्य अग्निको उपस्थान गर्नु' भनी श्रुति (वेद) ले नै टुङ्गो लगाइदिएको हुनाले दोस्रो लिङ्ग प्रमाणका आधारमा इन्द्रको उपस्थापन गर्ने व्यवस्थाको निधो गर्ने कुराको स्वतः निराकरण भएको अथवा बाध (रोक्का) भएको छ । किनभने श्रुति आफैँले श्रुतिद्वारा उपदिष्ट यज्ञमा कुन मन्त्रले कहाँ के गर्ने भन्ने व्यवस्था गर्ने अधिकार स्वतः श्रुतिलाई नै प्राप्त भएको मानिन्छ । जसरी कुनै व्यक्तिले आफ्नो घर बनाउँदै छ भने घरको निर्माण र तौर तरिकाका साथै झ्याल ढोका, भरेङ्ग राख्ने, पूजाकोठा बनाउने आदिको टुँगो घर पट्टिले नै गर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुति प्रमाणभन्दा पछिल्लो लिङ्ग प्रमाण भनेको कर्मको स्वरूप हेरी निधो दिने प्रमाण हो । जस्तै इन्द्रको उपस्थान इन्द्र देवताको नाम परेको मन्त्रले गर्नु भन्ने श्रौत कल्पना गर्नु भन्दा पहिले नै श्रुतिले पूर्वोक्त ऐन्द्र मन्त्रले गार्हपत्यको उपस्थान गर्नु भन्ने निधो दिहसकेको हुँदा लिङ्ग (मिल्दो जुल्दो स्वरूप) का आधारमा विनियोजन गर्ने श्रुतिको कल्पना गर्ने सम्भावना वा अवस्था नै आएन, किनभने प्रथम स्थानमा नै श्रुति उपस्थित भएर निर्णय दिई शङ्का समाधान गरिएको हुनाले, यस्तो स्थिति नै रहेन ।

यसरी नै लिङ्ग प्रमाणको आधारमा विनियोग गर्ने अवस्था त्यस्तो स्थानमा आउँछ जहाँ कुनै मन्त्र, द्रव्य, देवता, आदिको निधो नगरिकनै कर्मको अथवा यज्ञको उपदेश श्रुतिले गरेको हुन्छ र श्रुतिले साक्षात् स्वयं नै कुनै विनियोग (निधो) गरिएको हुँदैन । उदाहरणका निम्ति आग्नेय अष्टाकपाल पुरोडाशको तयारी गर्ने क्रममा दर्श पौर्णमास यज्ञको प्रसङ्गमा, पुरोडाश निर्माण गर्न हवि लिने कार्य (निर्वाप) का निम्ति श्रुतिले फलानो मन्त्रले "हविनिर्वाप गर्नु" भन्ने निर्देश नगरेको अवस्था भएको र त्यस प्रसङ्गमा "अग्नये जुष्टं निर्वपामि" इत्यादि मन्त्र उपदेश भएको र त्यस मन्त्रमा रहेको 'अग्नि' शब्द र 'निर्वपामि' क्रियाले अग्निका निम्ति हविर्ग्रहण गर्ने सामर्थ्य राख्ने हुँदा लिङ्ग (सामार्थ्य) का आधारमा यो "अग्नये जुष्टं निर्वपामि" मन्त्रले आग्नेय हवि निर्वाप गर्नु भन्ने लैङ्गिक विनियोग विधिको कल्पनाद्वारा निधो (निर्णय)गर्न सकिने देखिन्छ, किनभने त्यो कर्मको विधान गर्ने साक्षात् श्रुतिको यहाँ प्राप्ति अथवा उपस्थिति नभएवाट लिङ्ग प्रमाणको वाधक कोही छैन ।

## २८) लिङ्गादिप्राबल्यविचारः ।

**तथा "स्योनन्ते सदनं कृणोमि" "तस्मिन् सीद" इत्यत्र तस्मिन्निति तच्छब्दस्य पूर्ववाक्यार्थसापेक्षतया एकवाक्यत्वभानात् वाक्यप्रमाणेन द्वयोरेकमन्त्रत्वं भाति, लिङ्गेन भिन्नमन्त्रत्वं भाति । आद्यस्य सदनप्रकाशनसामर्थ्यात्, "तस्मिन् सीद" इत्यस्य सादनप्रकाशकत्वात् । तत्र वाक्यापेक्षया लिङ्गस्य प्राबल्यात् वाक्यं बाधित्वा लिङ्गेन "स्योनन्ते" इत्यस्य सदनाङ्गत्वम्, "तस्मिन् सीद" इत्यस्य सादनाङ्गत्वमिति निर्णयः। "स्योनं त" इत्यस्य "तस्मिन् सीद" इत्यनेनैकवाक्यत्वबलात् यथाकथञ्चित् सादन-सामर्थ्यरूपं लिङ्गं कल्पयित्वा "अनेन विशिष्टमन्त्रेण सादनं कुर्य्याद्" इति श्रुतिः कल्पनीया । सदनप्रकाशनरूपप्रत्यक्षलिङ्गेन कल्पितया "स्योनं त इत्यनेन सदनं कुर्य्याद्" इति श्रुत्या "स्योनन्त" इत्यस्य शीघ्रं सदने विनियोगे सति तेनैव मन्त्रस्य नैराकाङ्क्षात् वाक्यप्रमाणात् लिङ्गं कल्पयित्वा श्रुतिकल्पना प्रतिबध्यते**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**विलम्बितत्वा- दिति लिङ्गेन वाक्यस्य बाधः । एवं वाक्येन प्रकरणस्य, प्रकरणात् क्रमस्य, क्रमात् समाख्याया बाधो वेदितव्यः । तथा श्रुत्या वाक्यादेरपि बाधः । तदेवमङ्गताबोधकप्रमाणानि श्रुत्यादीनि निरूपितानि, तेषां बलाबल विचारश्च निरूपितः ।**

**अनुवाद-** यसरी नै "स्योनं ते सदनं कृणोमि, तस्मिन् सीद" भन्ने प्रसङ्ग (दर्श पूर्ण मास यज्ञको निम्ति आग्नेय आदिका लागि पुरोडाश अवदान–(सुवले पुरोडाश टुक्रा पारेर लिइने कार्य) गर्ने क्रममा पहिले घिउ राखी त्यसमाथि पुरोडाश राख्ने कार्यमा विनियुक्त मन्त्रमा नै "तिमीलाई बस्ने सजिलो ठाउँ बनाइदिन्छु (स्योनन्ते सदनं कृणोमि) भनेर त्यही प्रसङ्गका शेष वाक्यमा तस्मिन् सीद (त्यस ठाउँमा तिमी बस) भनेर पहिलो वाक्यको साथ एक वाक्यता स्थापित गरी यो पुरोडाश कहाँ राख्ने होला भन्ने जिज्ञासाको समेत समाधान गरिएको हुनाले वाक्य प्रमाणको आधारमा दुवै वाक्यको एकवाक्यताको आभास हुनाले दुवै कण्डिका (मन्त्र खण्ड) एउटै मन्त्रको रूपमा भए झैं अनुभव हुन्छ तर लिङ्ग प्रमाणका आधारमा दुवै मन्त्र भिन्न-भिन्न अर्थका हुन् भन्ने बुझिन्छ । यहाँ वाक्य प्रमाणले सदन प्रकाशन सामार्थ्यद्वारा एकवाक्यताको पत्यार पर्छ तर वाक्य भन्दा पहिलो प्रमाण भएको हुनाले लिङ्ग प्रमाणका आधारमा वाक्य प्रमाणलाई बाध (रोक्ने काम) गरी 'स्योनन्ते ....' मन्त्रलाई सदन (आसन)को अङ्ग अर्थात् सदनाङ्ग र दोस्रो "तस्मिन् सीद" मन्त्रलाई सादनाङ्ग हो भन्ने निर्णय गरिन्छ ।

यस छलफलमा "स्योनं ते....." को "तस्मिन् सीद" का साथ एक वाक्यता (एउटै कुराको परिपूरकता) को बलले जसो तसो गरेर सदनरूप लिङ्ग प्रमाणको कल्पना गर्नुपर्ने हुन्छ । तर सदनरूप लिङ्ग (स्वरूप)को प्रत्यक्ष प्रमाणले "स्योनन्ते इत्यनेन सदन कुर्यात्" भन्ने श्रुतिकल्पनागरी सदन (बस्ने स्थान)को अङ्गको रूपमा विनियोग गर्नु भन्दा पहिले तुरुन्तै उपस्थित भएर आकांक्षा शान्त भै सक्ने हुनाले वाक्य प्रमाणका आधारमा कल्पना गरिइने श्रुति भन्दा (त्यो भन्दा पहिलो) लिङ्ग प्रमाण, नै बलियो हुनाले वाक्य प्रमाणलाई लिङ्ग प्रमाणले बाध (प्रतिबन्ध, रोक्ने काम) गरेको हो ।

यसरी नै प्रकरणलाई वाक्यले, प्रकरणले स्थानलाई, स्थानले समाख्यालाई बाध (बाध्ने, रोक्ने) काम गर्दछ अर्थात् प्रकरण भन्दा वाक्य, स्थान भन्दा प्रकरण, समाख्या भन्दा स्थान प्रमाण बलियो हुन्छ भन्ने कुरा बुझ्नु पर्दछ । यस क्रममा यहाँ श्रुति प्रमाण लिङ्ग वाक्य, आदि ५ वटा भन्दा बलियो हुन्छ भनेर अङ्गता बुझाउने छ प्रमाणहरूको बलाबल विचार गरियो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## २९) अङ्गलक्षणम् ।

**तच्चाङ्गत्वं शेषत्वं–पारार्थ्यमिति यावत् । परोद्देशेन प्रवृत्तकृतिव्याप्यत्वं पारार्थ्यम् । प्रयाजादीनां दर्शपूर्णमासोद्देशेन प्रवृत्तपुरुषकृतिव्याप्यत्वात् लक्षणसङ्गतिः । दर्शादिः प्रयाजाद्युद्देश्येन प्रवृत्तकृतिविषयत्वाभावान्नातिव्याप्तिः, केवलप्रयाजानुद्दिश्य कस्यचिदपि पुरुषस्याप्रवृत्तेः ।**

**अनुवाद-** त्यसरी श्रुतिआदि ६ प्रमाणद्वारा वलियो र दुर्वल सिद्ध गराई अङ्गताको वोध (ज्ञान) गराउने श्रुति, लिङ्ग, वाक्य, प्रकरण, स्थान, समाख्या यी ६ प्रमाणको र तिनीहरूको बलावलको विषयमा विचार विमर्श (मीमांसा) गरी निरूपण गर्ने काम गरियो । । त्यसरीं जसका बारेमा मीमांसा गरियो त्यो अङ्ग भनेको के हो, कति प्रकारको छ, त्यस्को लक्षण कस्तो छ भन्ने विषयमा विचार विमर्श गर्दा अङ्ग भनेको पराइ वा अरूका निम्ति उपभोग गर्न शेष रहेको कुरा हो भन्ने बुझ्नु पर्दछ, जस्तो कि **"शेषत्वं परार्थत्वं, तस्य भावः पारार्थ्यं, पारार्थ्यं नाम परोद्देश्येन प्रवृत्तकृतिव्याप्यत्वम्"** अर्थात् अर्काको निम्ति उपभोग गर्न भनी उपदेश भएको अथवा अरूको निम्ति उपयोग होस् भनेर उपदेश (व्यवस्था) गरिएको वस्तु वा कार्यको नाम पारार्थ्य हो, परार्थको भाव क्रिया अस्तित्व जसमा छ त्यो शेष अथवा अङ्ग हो भन्ने बुझ्नु पर्दछ । पर भनेको प्रधान कार्य व्यक्ति वा पदार्थ हो । प्रधान वा पर भनेको जसको सेवा वा साथद्वारा आफू सार्थक भइन्छ आफू पनि उपयोगमा आएर आफ्नो अस्तित्व वा प्रयोजन सिद्ध गर्न सकिन्छ त्यो पर हो । उदाहरणका निम्ति दर्शयज्ञ, पौर्णमासयज्ञ आदिका निमित्तमा उपदिष्ट प्रयाज, अनुयाज, पुरोडाशनिष्पत्तिका निम्तिमा भनिएको अवघात पुरोडाश पाचनको अङ्ग कपालोपधान, त्यसको पनि अङ्ग प्रथनकार्य, गोदोहनका प्रति वत्सापाकरण, त्यो अपाकरणका प्रति पलाश शाखाच्छेदन, आदि कार्य वा पदार्थ वस्तुहरू परार्थ हुन् र ती त्यस पर भनिने प्रकृतिको उपकारक भएबाट सदुपयोगमा आएर आफ्नो सार्थकता (प्रयोजनवत्ता) सिद्ध गर्दछन् । तर प्रयोजकको सार्थकताको लागि दर्शपूर्णमासको उपदेश भएको हो त ? भनेर शङ्का गर्न भने मिल्दैन किनभने जसरी जुत्ताका निम्ति गोडा, टोपीका निम्ति टाउको खानाका निम्ति मान्छे भन्न मिल्दैन उसै गरी प्रयाज आदि अङ्गका निम्ति स्वर्गादि फलजनक, अग्नि प्रणयनादि विविध इति कर्तव्यता सम्पन्न दर्शपूर्णमास आदि यज्ञलाई अङ्ग भन्न मिल्दैन । ती अङ्गहरू सन्निपत्योपकारक र आरादुपकारक समेत २ किसिमका छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ३०) सन्निपत्योपकारकाङ्गम् ।

**तान्यङ्गानि द्विविधानि सन्निपत्योपकारकाणि, आरादुपकारकाणि चेति । यान्यङ्गानि साक्षात्परम्परया वा प्रधानयागशरीरं निष्पाद्य तद्द्वारा तदुत्पत्त्यपूर्वोपयोगीनि तानि सन्निपत्योपकारकाणि । यथा ब्रीह्यादिद्रव्याणि, तत्संयुक्तावहननप्रोक्षणादीनि, अग्न्यादिदेवतातत्संयुक्तयाज्यानुवाक्यावचनादीनिच।अत्रप्रोक्षणादेर्व्रीहिगताति-शयद्वारा, अवहननादेस्तुषविमोकादिरूपदृष्टद्वारा, ब्रीह्यादीनां पिष्टद्वारापुरोडाश-निष्पादकत्वं, तद्द्वारा यागशरीरतदुत्पत्त्यपूर्व्वोपयोगित्वञ्च । याज्यानुवाक्यादेर्द्देवता-संस्कारद्वारा देवतायाश्च साक्षाद्यागशरीरनिर्वर्तकत्वं तद्द्वारा तदुत्पत्त्यपूर्व्वोपयोगित्वञ्च । यागस्य देवतोद्देशेन द्रव्यत्यागरूपत्वात् । द्रव्यदेवते हि यागस्वरूपमिति सिद्धान्ताच्च । एतान्येव सामवायिकानीत्युच्यन्ते ।**

**अनुवाद-** २ किसिमका अङ्गमध्ये सन्निपत्योपकारक (नजिकैबाट) सँग-सँगै लगेर मद्दत गर्ने अर्थात् प्रधानलाई उसको स्वरूप बनाउन सहयोग गर्नेहरू सन्निपत्योपकारक अङ्ग हुन् अर्थात् जुन अङ्गहरू स्वयं वा जसद्वारा उत्पत्त्यपूर्व पैदा गर्दछन् ती सन्निपत्योपकारक हुन् । जस्तै ब्रीहि, यव, त्यसको अवहनन, प्रोक्षण आदि कर्म परार्थ (प्रधानका) निम्ति गरिन्छन् त्यसैले प्रोक्षणले ब्रीहि अथवा यवलाई शुद्धपारी पुरोडाश बन्न मद्दत गर्दछ । त्यो पुरोडाशले दर्शपूर्णमासको अग्नि वा सोमको होममा मद्दत गर्दछ, होमले दर्श वा पौर्णमास यागलाई मद्दत गर्छ । त्यसले स्वर्गादि सुख-शान्तिरूप अपूर्व प्राप्त गराउँदछ । यसरी उसले उसलाई उसले उसलाई गर्दै परम्परया वा साक्षात् उपकारक अङ्ग नै सन्निपत्योपकारक अङ्ग भनिएका हुन्। यसैगरी यज्ञमा विधान गरिएका ब्रीहि, यव, तिल, घीऊ आदि द्रव्यहरू र त्यो त्यो द्रव्यसँगै सम्पन्न गरिने अवहन, प्रोक्षण अग्न्यादि देवता ती देवतासँग सम्वद्ध याज्या अनुवाक्यादि सबै सन्निपत्योपकारक अङ्गमा समेटिन पुग्दछन् । यस प्रसङ्गमा प्रोक्षणले ब्रीहि आदिको अतिशय शुद्धता उत्पादन द्वारा ब्रीहिलाई, ब्रीहिले पुरोडाशलाई, अवघातले तण्डुल निष्पत्तिलाई, पिष्टले पुरोडाशलाई, पुरोडाशले अग्निलाई, अग्निले दर्शपूर्णमासयज्ञलाई, यज्ञले स्वर्गादिलाई, अपूर्वोत्पादनका निम्ति सघाउदै परम्परया सम्पूर्ण दर्शेष्टि र पौर्णमासेष्टिका अङ्ग बनेका छन् । यसलाई समवायिक, वा समूहगत रूपमा एकले आर्कालाई सघाउँदै यज्ञको पूर्णता र सफलता प्रदान गर्न सहयोग गरेका छन् भन्ने कुरा वुझ्नु पर्दछ भनिएको हो । यस प्रसङ्ग वा उदाहरणबाट व्यक्तिले परिवारलाई, परिवारले समाजलाई, समाजले राष्ट्रलाई, राष्ट्रले विश्वलाई, सुखशान्ति समृद्धि रूप अदृष्ट प्राप्त गर्नका निम्ति सघाउनु पर्दछ, अनि मात्र विश्वशान्तिरूपी अपूर्व पैदा हुन्छ भन्ने मीमांसाको आशय पनि यस प्रसङ्गबाट बुझ्नु पर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ३१) आरादुपकारकमङ्गम् ।

**आत्मसमवेतापूर्व्वजनकान्यारादुपकारकाणि । यथा– प्रयाजाज्यभागानुयाजादीनि । एतानि द्रव्यगतं देवतागतं वा संस्कारं न जनयन्ति किन्त्वात्मगतमदृष्ट जनयन्ति इत्यारादुपकारकाणि**

**अनुवाद-** आफू समेत मिलेर अपूर्व पैदा गर्ने अङ्गहरू आरादुपकारक अङ्ग हुन् । जस्तो कि प्रयाज, आज्यभाग, अनुयाज आदि । यी कर्महरूले देवता, द्रव्य आदिको संस्कार पैदा गर्ने होइनन् किन्तु प्रायः जगतमा विजय-प्राप्ति, आज्यभाग प्रदान जन्य, देवता प्रीति, अनुयाजबाट हुने यज्ञपरिपुष्टि समेत आफूसमेतबाट उत्पन्न हुने अदृष्ट उत्पत्तिद्वारा प्रधानकर्मको साक्षात् उपकारक भएबाट यी अङ्गहरू आरादुपकारक हुन् ।

## ३२) कर्मभेदविचारः ।

**तत्र सामान्यतः कर्म्म द्विविधम् – अर्थकर्म्म, गुणकर्म्म चेति । तत्रात्मगतापूर्वजनकं कर्म्म अर्थकर्म्म । यथा–अग्निहोत्रदर्शपूर्णमासप्रयाजादिकंम् । गुणकर्म्म संस्कार -जनकम् । तच्च द्विविधम्–उपयुक्तसंस्कारकम्, उपयोक्ष्यमाणसंस्कारकञ्च । तत्र उपयुक्तसंस्कारकं प्रतिपत्तिकर्म्म। उपयुक्तस्य आकीर्णकरस्य द्रव्यस्य विहितदेशे प्रक्षेपः प्रतिपत्तिरिति लक्षणात् । यथा इडाभक्षणकृष्णविषाणप्रासनचतुरवत्तहोमादिकम् । नन्विडाभक्षणस्य प्रधानयागोपयुक्ताकीर्णकरपुरोडाशद्रव्यप्रक्षेपात्मकत्वात् प्रतिपत्तित्वं युक्तम्, होमस्य तु यागोपयुक्तद्रव्यसंस्कारकत्वाभावात् कथं प्रतिपत्तित्वम्, होमस्य यागसमानकालीनत्वेन होमसंस्कार्य्यस्य चतुरवत्तादेरुपयुक्तत्वाभावादिति चेद् ।**

**अनुवाद-** सामान्यतया कर्म दुई किसिमका छन् १) अर्थ कर्म र २) गुणकर्म । तीमध्ये आफूबाट हुने अदृष्ट पैदा गर्ने कर्म, अर्थ-कर्महरू हुन् जस्तै होम, अग्निहोत्र, दर्श, पूर्णमास, प्रयाज आदि । गुणकर्म भन्नाले संस्कार पैदा गर्ने कर्म हुन् । गुण-कर्म पनि दुई प्रकारका हुन्छन् १) उपयुक्तसंस्कारक र उपयोक्ष्यमाण संस्कारक गुणकर्म ।

उपयुक्त संस्कारक कर्म भन्नाले प्रतिपत्तिकर्म हुन् । उपयोग भैसकेर यज्ञकार्यमा यत्रतत्र छरिई रहँदा काममा अलमल पार्ने अनि अशोभा दिने कुराहरू निर्धारित वा तोकिएको ठाउँमा सेलाउने वा तह लगाइने कामलाई प्रतिपत्ति कर्म भनिन्छ । जस्तै हवन गरेर इडा पात्रमा बाँकी रहेको आज्य, पुरोडाश, पायस आदि पदार्थ तोकिएका व्यक्ति (ऋत्विक र यजमानहरू) ले खाइने काम गरी त्यो इडापात्र सफा गरी अरू कामको निम्ति प्रयोग गर्न सकिने बनाउनु, यज्ञमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दीक्षित यजमानले शिर, पाउसम्मका अङ्ग चिलाएमा कन्याउन भनेर लिएको कृष्णमृगको तीखो सींग दीक्षान्तमा उत्कर प्रदेश (फोहोर सामान, काम नआउने कुराहरू तहमा राख्ने खाल्डो)मा प्रक्षेपण गर्नु, तर्पण, मार्जन, आचमन गरेपछिका कुश र पानी सेलाउनु, चतुरवत्तहोम आदि कार्य प्रतिपत्ति कर्मभित्र पर्दछन् ।

हैन (ननु) ईडा भक्षण गर्नु ईडापात्र ओगटिन नपरोस् भन्ने दृष्टिले ठीकै छ तर चतुरवत्तहोम ता यागको निम्ति उपयोग भएका द्रव्यको संस्कारकत्व धर्मरहित कार्य हुनाले कसरी प्रतिपत्ति कर्ममा पारियो ? होम भनेको यागकै समयमा गरिने काम हुनाले होमद्वारा संस्कार गरिरहने चतुरवत्त, पञ्चावत्त, षडवत्त आदि हविहरूको उपयोग भनेकै हवन हो र त्यो कार्य नै नभै सकेको हुँदा कसरी प्रतिपत्तिकर्म भयो ? भन्ने जिज्ञासामा उपयोग भै सकेकाको संस्कार (विसर्जन, तहलाउने, थान्को लाउने) कर्म नै प्रतिपत्ति कर्म हो र द्विरवत्त, चतुरवत्त पुरोडाश लिनुभन्दा पहिले र पछि घिउ चुहाउनु अनि दुई पटक अवदान गर्नु समेत चार कार्यलाई चतुरवत्त भनिन्छ र यही क्रमले पञ्चावत्त षडवत्तादिको अर्थ पनि बुझ्दै जानुपर्छ । पञ्चावत्त, षडवत्त आदि द्रव्य पनि प्रधान यज्ञसम्पन्न गर्दा त्यो त्यो काममा ती ती द्रव्यको प्रयोग भै बाँकी रहेकोले उपयोग नहुने बाँकी द्रव्य सेलाउने कार्य प्रतिपत्तिभित्रै पर्दछ भन्ने पनि जान्नुपर्दछ र यस्तो ज्ञान भएपछि त्यस्तो शंका रहँदैन ।

## ३३) प्रतिपत्तिकर्मस्वरूपम् ।

**अत्राहुः– उपयुक्तसंस्कारमात्रं प्रतिपत्तिः, न तु प्रधानयागोपयुक्तत्वम् । तथा सति पशोर्विशसनानन्तरं वपाहृदयाद्युद्धरणकालकर्त्तव्यलोहितशकृन्निरसनस्य प्रतिपत्तित्वा -भावप्रसङ्गात्–यागोपयुक्तद्रव्यप्रक्षेपरूपत्वाभावात् । तथा कृष्णविषाणप्रासनस्यापि प्रतिपत्तित्वं न स्यात्, यागाङ्गभूतकण्डूयनोपयुक्तत्वेऽपि यागोपयुक्तत्वाभावात् । अतो यत्र क्वचनोपयोगमात्रं विवक्षितम् । यत्र क्वचिदुपयोगस्त्वत्राप्यस्ति, वपाहृदया-द्युद्धरणेनोपयुक्तस्य पशोः सम्बन्धिनः शकृल्लोहितस्य आकीर्णकरस्य प्रतिपत्त्यपेक्षत्वात् । एवं यथाकथञ्चिदुपयोगो होमस्थलेऽप्यस्ति ।**

**अनुवाद-** प्रतिपत्ति कर्म कस्तो हो ? भन्ने बारे कतिपय आचार्यहरू भन्दछन् उपयुक्त (द्रव्यादि) को संस्कार जुन कर्मबाट हुन्छ त्यो प्रतिपत्ति कर्म हो, किनभने “उपयुक्तस्य संस्कारो यस्मात्” यस्तो व्यधिकरण बहुव्रीहि समास भएर उपयोग भएकाको संस्कार कार्य मात्रै प्रतिपत्ति कर्मको स्वरूप हो न कि प्रधान यागको उपयुक्तता उपयोग भैसकेकाको संस्कार (तह मिलाउनु)। प्रधानयागको उपयुक्तता पनि प्रतिपत्ति कर्मभित्रै पर्ने हो भने (तथा सति) निरुढ पशुवन्धादि पशुयागमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशु विशसन (निष्प्राणीकरण) पछि वपा, मुटु आदि झिक्ने समयमा गरिने रक्त, मल आदि बस्तु हटाउने कार्यहरू प्रतिपत्ति कर्ममा नपर्ने अवस्था आउने भएवाट यज्ञमा प्रयोग भैसकेका द्रव्यहरू तहलाउने कर्मको प्रतिपत्ति कर्मका रूपमा गणना न होला । त्यसै गरी यजमानले शिर, काखि, काछ, ढाड आदि अङ्ग चिलाउँदा कन्याउन प्रयोग गर्ने कृष्ण विषाण (रुरु मृगको सीगं) लाई यज्ञको निम्ति माटो झिक्ने वा फोहोर फाल्ने खाल्डो (उत्कर प्रदेश) मा सेलाउने कार्य पनि (यज्ञमा प्रयोगै नभएको हुनाले प्रतिपत्ति कर्मको रूपमा न आउला (किनभने) यज्ञको अङ्गरूप कन्याउने साधनका रूपमा उपयोग भैसके तापनि साक्षात् यज्ञमा त्यो सिँगको उपयोग नभएबाट, त्यसलाई उपयोग भैसकेको (प्रतिपत्ति) भनेर लिन सकिने स्थिति छैन ।

(अतएव) त्यसै कारणले जहाँ कहीँ उपयोग भएकोलाई नै उपयुक्त (उपयोग भैसकेको, उपयोग भएको) भन्न खोजिएको (विवक्षा) हो । जहाँ कहीँ उपयोग भएको भन्ने अवस्था लोहित र शकृत्को पनि छ, किनभने रगत नलागेको, मलमूत्र नभएको बोसो तयार पार्ने अथवा शुद्ध बोसो झिक्ने काममा नै रक्त र मलादि हटाउने कार्य भएको छ र पशुका ती अङ्गको प्रतिपत्तिको अपेक्षा गरिएकै भएवाट पनि यसरी जनुसुकै तरिकाबाट उपयोग गरिए पनि होमका स्थान वा प्रसङ्गमा ती वस्तुको उपयोग भएकै मान्नु पर्दछ ।

## ३४) तद्भेदाः । (प्रतिपत्तिकर्मका भेदहरू)

**तथाहि, प्रतिपत्तिस्त्रिधा–प्रभानोत्तराकाला, प्रधानसमकाला, प्रधानपूर्व्वकाला चेति । तत्र-आद्या इडाभक्षणादिका, द्वितीया होमादिका । तथाहि-दर्शपूर्णमासप्रकरणे श्रूयते "सकृदुपस्तृणाति" "द्विर्हविषोऽवद्यति" "सकृदभिधारयति" "चतुरवत्तञ्जुहोति" । तत्र चतुरवत्तवाक्ये होमानुवादेन चतुरवत्तद्रव्यं तत्साधनत्वेन न विधीयते, होमस्याप्राप्तत्वेनानुवादासम्भवात् ।**

**अनुवाद-** त्यसैगरी प्रतिपत्तिलाई तीन प्रकारको मानिएको छ । (क) प्रधान पूर्वकालिक प्रतिपत्ति, (ख) प्रधान समकालिक प्रतिपत्ति र (ग) प्रधानोत्तरकालिक प्रतिपत्ति । ती तीनमध्ये इडाभक्षण पुरोडश संस्कार आदि कार्य **उत्तर प्रतिपत्ति** कर्म हुन् । **दोस्रो प्रतिपत्ति** कर्मप्रधान याग समकाल भनेको होम, त्याग आदि हुन् । त्यसरी नै तेस्रो प्रधान पूर्वकालमा गरिइने दर्शपूर्णमासको हवि लिनुभन्दा पहिले स्रुवले लिएको पुरोडाश राख्ने ठाउँमा घीउ चुहाउनु कुशास्तरण गर्नु हविलाई स्रुवले दुई पटक टुक्रा पार्नु, चार पटक अवदान गरिएको पुरोडाश होम गर्नु जस्ता कार्यहरू प्रधान पूर्वप्रतिपत्तिकर्म भनिन्छन् । यस प्रसङ्गमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'चतुरवत्त' वाक्यमा जुहोति शब्दले होम गर्नु भन्ने अर्थको विधान गर्ने नभएर प्रधानकर्म "**दर्शपूर्णमासाभ्या जुहुयात् स्वर्गकामः**"मा विधान गरिएकै होमकार्यको अनुवादद्वारा चतुरवत्त द्रव्यलाई होमको साधनका रूपमा विधान गरिँदैन, किनभने चतुरवत्त होमको प्राप्ति नै नभएबाट त्यसको अनुवाद (फेरी उपदेश) गर्ने कुरा नै सम्भव भएन ।

## ३५) यागहोमशब्दार्थविचारः ।

**न च यदाग्नेयवाक्याद्धोमप्राप्तिः, तद्वाक्यस्य यागविधायकत्वात् । न च यागहोमयोरभेद इति वाच्यम् । देवतोद्देशेन द्रव्यत्यागस्य यागशब्दार्थत्वात्, प्रक्षेप -विशिष्टस्य यागस्य होमशब्दार्थत्वात् । तत्राग्नेयचोदनया यागस्य प्राप्तत्वेऽपि प्रक्षेपस्य शक्त्याऽप्राप्तत्वेनानुवादासम्भवात् । किन्तूपस्तरणद्विरवदानाभिधारणवाक्यैः प्राप्तं चतुरवत्तमुद्दिश्य तत्संस्कारत्वेन प्रक्षेपो जुहोतीत्यनेन विधीयते । स च संस्कारः प्रतिपत्तिरूपं एव । "अग्नये जुष्टमभिधारयामि" इत्यादिनिर्देशैर्यागाङ्गभूताग्न्यादि -देवतार्थतया यथाकथञ्चिदुपयुक्तस्य पुरोडाशस्य प्रतिपत्यपेक्षया तदवयवद्वयवदान -कर्म्मकप्रक्षेपस्य प्रतिपत्तिकर्म्मत्वौचित्यात् । स च संस्कारः प्रधानसमकालः । होमो हि "वषट्कृते जुहोति" इति विधानात्-वषट्कारोत्तरक्षणे अध्वर्युकर्त्तव्यः । यागोऽपि तस्मिन्नेव क्षणे यागस्य स्मरणार्थेन वषट्कारेण स्मारितः सन् यजमानेनानुष्ठेय इति तयोर्यौगपद्यसम्भवात् । तदिदं सर्व्वप्रदानाधिकरणवार्त्तिके स्थितम् (पू० मी० अ० ३ । पा० ४ । अधि० १४ सू० ३७) । प्रधानपूर्व्वकाला प्रतिपत्तिः यथा- "शकृत्सम्प्रविध्यति" "लोहितं निरस्यति" इति शकृत्संप्रवेधनलोहितनिरसने । इदमपि "पशावनालम्भात् लोहितशकृतोरकर्मत्वम्" इत्यधिकरणे (पू० मी० अ० ४ पा० १ अधि० १२ सू० २७) स्थितम् ।**

**अनुवाद-** न ता 'यदाग्नेयं अष्टाकपालं निर्वपति' यो वाक्यले होमको प्राप्ति (विधान) हुन्छ न त याग र होमको बीचमा फरक छैन नै भन्न मिल्छ किनभने "यदाग्नेय...)" वाक्य यज्ञको विधान गर्ने वाक्य हो र देवतालाई प्राप्त होस् भनी द्रव्य त्याग गर्नु याग हो अनि तोकिएका मन्त्रद्वारा तोकिएका देवताका निम्ति हविलाई आगोमा आहुति दिनु होम शब्दको अर्थ हो । आसनमा बसेर स्रुव आदिले स्वाहा भनेर हवि, घिउ, चरु, पुरोडाश आदि अग्निमा आहुति दिने कार्यको नाम होम हो र उभिएर याज्या र पुरोऽनुवाक्या पढी "वौषट्" भनेर घीऊ, पुरोडाश आदिको आहुति दिई यजमानले त्याग गरिइने कामको नाम याग हो भन्ने परिभाषा आचार्य कात्यायनले दिएका छन् । उनले भनेका छन् "द्रव्यं देवता त्यागः" अर्थात् देवतालाई उद्देश्य गरी द्रव्य त्याग गर्ने काम याग हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि भनिएको अग्निदेवताको अष्टाकपालको निर्वाप वाक्यले अग्निलाई आहुति दिने कुराबाट यागको नाम प्राप्त हुने बुझिए तापनि त्यो द्रव्य होमका अन्तमा यजमानले गरिइने द्रव्यत्यागको र वषट्कारको प्राप्ति न भएवाट त्यस वाक्यमा होमको विधान नहुनाले होमको अनुवाद भएको मानिँदैन किन्तु उपस्तरण, द्विरवदान र अभिधारण गर्ने वाक्यले सम्पन्न चतुरवत्त हविको संस्काररूप होम (प्रतिपत्तिकर्म) नै जुहोति भन्ने वाक्यांशवाट विधान गरिइन्छ । यसै कारणले यसलाई प्रतिपत्ति कर्म नै हो भनिन्छ । किनभने "अग्नये जुष्टं अभिघारयामि" भने जस्तै निर्दिष्ट यज्ञका अङ्गरूप अग्नि, सोम, वरुण आदि देवताका निम्ति कुनै प्रकारले उपयोग गरिएको पुरोडाशको प्रतिपत्ति कर्मको अपेक्षा गरेर त्यस कर्मको अवयवका रूपमा रहेको द्विरवदान कर्म सम्बद्ध होमलाई प्रतिपत्ति कर्म भन्नु उचित नै हो ।

यसरी गरिइने यो प्रतिपत्तिकर्म प्रधानयागको अनुष्ठान गरिने समयमा सम्पन्न गर्नुपर्दछ । 'होम' चाहिँ 'वषट्, वौषट्' भनेपछि मात्रै गर्नु भन्ने विधान भएबाट 'वषट्' भन्ने उच्चारणको लगत्तैको समय–(वषट्कारोत्तरक्षण)मा अध्वर्युले सम्पन्न गर्नुपर्दछ । याग पनि त्यही समयमा 'वौषट्' भनेर 'याग' को स्मरण गराइएका यज्ञमानले "इदं न मम' भनेर स्वत्वनिवृत्ति–(अब यस द्रव्यमा मेरो स्वामित्व छैन, तपाईं कै भयो भन्ने आशय जनाउने कार्य)गर्न सम्भव हुन्छ । होम र त्याग क्रमशः अध्वर्यु र यजमानले गरिहने कार्यको यौगपद्य अर्थात् आहुति सँगै त्याग गर्ने काम गर्नु पर्ने विधान पनि यसबाट उपकृत (सम्पन्न) हुन्छ भन्ने मानिन्छ ।

यी सबै कुरा पूर्वमीमांसा अध्याय ३ को चौथो पाउको चौधौं अधिकरणको सैतीसौं सूत्र सर्वप्रदानाधिकरण वार्तिक मा चर्चित छ । यसरी नै प्रधान पूर्वकालमा सम्पन्न गरिइने प्रतिपत्ति कर्मका रूपमा "शकृत्सम्प्रविध्यति" अर्थात् बोसोमा टाँसिएको मल हटाउँछ र "लोहितं निरस्यति" अर्थात् बोसोमा लागेको रगत हटाउँदछ भन्ने दुवै कुराको प्रतिपत्तिकर्म प्रधान याग वपाहोम भन्दा पहिले नै सम्पन्न गरिइने हुनाले प्रधानपूर्वकाल प्रतिपत्तित्व सिद्ध हुन्छ । यो प्रसङ्ग पनि पशुको आलम्भन (वध, विशसन वा स्पर्श) न गरिएबाट लोहित (रगत) र 'शकृत्'मल हटाउने काम पनि गरिँदैन भनेर छुट्टै अधिकरणका रूपमा पूर्व मीमांसासूत्रको चारौं अध्यायको प्रथम पाउको बाह्रौं अधिरणको २७ सौं सूत्रमा समाहित भएको छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ३६) उपयोक्ष्यमाणसंस्कारभेदाः ।

**उपयोक्ष्यमाणसंस्कारोऽप्यनेकविधिः- साक्षाद्विनियुक्तसंस्कारः, साक्षाद्विनियुक्तस्य यदुपकारकं तत्संस्कारः, विनियोक्ष्यमाणसंस्कारश्चेति । तत्र आद्यो यथा- "व्रीहीनवहन्ति" इत्यादिः "व्रीहिभिर्यजेत" इत्यादिवाक्यविनियुक्तव्रीहीणामवहनन -संस्कारः । द्वितीयो यथा- "वत्समालभेत" इति । दोहाङ्गत्वेन साक्षाद् विनियुक्तस्य गोद्रव्यस्य उपकारको यो वत्सः तत्संस्कारकमिदमालम्भनम् । तृतीयो यथा- "तप्ते पयसि दध्यानयति" इति । अत्र "सा वैश्वदेव्यामिक्षा" इतिवाक्येन तच्छब्देन निर्दिश्य वैश्वदेवयागाङ्गत्वेन विनियोक्ष्यमाणसंस्कारकं दध्यानयनम् । पशुपुरोडाशयागस्तूपयुक्तो-पयोक्ष्यमाणदेवतासंस्कारार्थः त्यागांशे अदृष्टार्थञ्च । अत्र तत्संस्कार्य्याग्नीषोम-देवताया वपायागे उपयुक्तार्थत्वात्, हृदयाद्यङ्गयागेषु उपयोक्षमाणत्वाच्च। स्विष्ट-कृद्यागो द्रव्यांशे देवतांशे चोपयुक्तसंस्कारार्थः, त्यागांशे अदृष्टार्थश्च । सूक्तवाक- साधनकं प्रहरणमपि तथैव । उत्तमप्रयाजो यक्ष्यमाणदेवतासंस्कारः, इतरांशे अदृष्टार्थः । हृदयादिहविर्यागात्पूर्व्वं क्रियमाणो वसाहामोऽपि वसांशे प्रतिपत्तिरितरांशे अदृष्टार्थ इत्याद्यूह्यम् ।**

**अनुवाद-** उपयोक्ष्यमाण संस्कारका पनि धेरै भेद (किसिम) छन् १) साक्षाद् विनियुक्त संस्कार, (२) साक्षाद् विनियुक्तोपकारक संस्कार, (३) विनियुक्त संस्कार । यीमध्ये पहिलो "व्रीहीन् अवहन्ति" इत्यादि । 'व्रीहीभिर्यजेत' यस वाक्यमा तोकिएको धानलाई कुट्ने अथवा वितुषीकरण जन्य संस्कारलाई साक्षाद् विनियुक्त संस्कार भनिएको हो । दोस्रो साक्षाद् विनियुक्तोपकारक भनेको गोदोहन हो । गोदोहनको उपकारक वत्स हो । वत्सलाई पलाश शाखाले अलिक पर पुग्ने गरी वत्सापाकरण (बाच्छो छुटाएर दुहुन सजिलो पार्ने काम) द्वारा विनियुक्तोपकारकत्व संस्कारको रूपमा लिएको हो । तेस्रो "वैश्वदेव्यामिक्षा" भनी आमिक्षा द्रव्य विहित हो तापनि त्यो प्रकृतिमा नभएको र गाईको दूध तातेपछि त्यसमा दही मिसाएर बन्ने हुनाले वैश्वदेव यज्ञको द्रव्य आमिक्षा सम्पन्न पार्न दूध र दही चाहिन्छ, दूध दोहन गर्न वत्सापाकरण गरिन्छ । यसरी दूधमा दही मिसाई दूध फटाएर झोल र चोक्टा पार्दा वन्ने झोलको नाम वाजिन (पयस्या) चोक्टाको नाम आमिक्षा हो । दूध दुहुनु, बाच्छो हटाउनु, दूध तताउनु, तातो दूधमा दही ि मसाउनु यी ४ काममध्ये आमिक्षा साक्षात् द्रव्य (प्राकृत, जस्ताको तस्तै) होइन किन्तु दूधको विकार हो, दूधलाई विकार गराउन तातो दूधमा दही मिसाउने कामद्वारा आमिक्षा द्रव्यको उपकारक दूधलाई पनि उपकारक (आमिक्षा बनाउन मद्दत गर्ने) हुनाले उपकार्योपकारक संस्कारको रूपमा उपयोग गरिने उपयोक्षमाण संस्कारकै तेस्रो भेद (किसिम)मानिएको छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतः एव प्रतिपत्ति संस्कार भनिने पशुपुरोडाश उपयुक्तो-पयोक्ष्यमाण देवता-संस्कारका निम्ति प्रयोग गरिने भएकोले त्यागांशमा अदृष्ट (अपूर्व), उत्पादक मानिनु ठीकै हो । यसरी नै वैश्वदेव यागमा प्रयोग गरिइने आमिक्षा द्रव्य उपयोक्ष्यमाण (प्रयोग हुनेवाला) को पनि संस्कार (दही मिसाएर दूध फटाई आमिक्षा तयार पार्ने काम)लाई उपयोक्ष्यमाण संस्कार भनिएको हो ।

**क) उपयुक्त संस्कार**

**अनुवाद-** पशु पुरोडाश चाहिँ उपयुक्त संस्कार र उपयोक्ष्यमाण संस्कार समेत दुवै प्रकारका देवताको संस्कारका निम्ति प्रयोग गरिन्छन् र तिनीहरू त्याग अंशमा अदृष्टार्थ हुन् किनभने ती दुवैवाट संस्कार गरिने अग्नि र सोम देवता वपायागमा उपयुक्तार्थ छन् तर हृदय आदि अङ्ग यागहरूमा उपयोक्ष्यमाण हुन् । स्विष्टकृत् याग द्रव्यांश र देवतांश दुवैमा उपयुक्त संस्कारार्थ हो र त्यागांशमा अदृष्टार्थ हो ।

यसरी नै 'सूक्तवाक्येन प्रस्तरं प्रहरति' यस वाक्यमा जुन दर्भमुष्टिलाई अग्निमा प्रक्षेपण हुन्छ त्यो कर्म पनि द्रव्य अंश र देवता अंशमा उपयुक्तार्थ हुन्छ भने त्याग अंशमा अदृष्टार्थ हुन्छ । 'स्वाहाकारं यजति' यस अन्तिम अथवा उत्तम (पाँचौ) प्रयाज पनि यक्षमाण देवताको संस्कार हुनाले त्यस अर्थमा उपयोक्ष्यमाण संस्कार नै हो तर इतरांश अर्थात् त्याग अंशमा अदृष्टार्थ हो । हृदय आदि अंशरूप हविर्याग भन्दा पहिले सम्पन्न गरिइने वसाहोम पनि वसांशमा प्रतिपत्ति कर्म हो, र त्याग अंशमा भने अदृष्टार्थ नै हो । र यस्ता अरू उदाहरण पनि यस्तैगरी प्रतिपत्तिकर्म, उपयोक्ष्यमाण कर्म, अदृष्टार्थ कर्म वा संस्कारको निधो गर्न उपदिष्ट हुन् भन्ने जान्नुपर्दछ ।

## ३७) मतान्तरेण प्रतिपत्तिलक्षणम् ।

**केचित्तु– उपयोक्ष्यमाणसंस्कारभिन्नसंस्कारकर्म्मत्वं प्रतिपत्तिकर्मत्त्वम् । चतुरवत्तद्रव्यस्य होमेन भस्मीभूतस्य होमानन्तरमुपयोक्ष्यमाणत्वाभावात् तद्भिन्नत्वं होमेऽस्तीति लक्षणसङ्गतिरित्याहुः ।**

**अनुवाद-** केही आचार्यहरू "**उपयोक्ष्यमाणसंस्कार भिन्न कर्मत्वं प्रतिपत्ति कर्मत्वम्**" भन्ने लक्षणद्वारा प्रतिपत्तिलाई बुझाउँछन् । उदाहरणका लागि भनौं चतुरवत्त द्रव्य होम गरेपछि चतुरवत्त द्रव्यको भस्म हुने हुनाले होम गरे पछि त्यो चतुरवत्त पुरोडाश आदि द्रव्य उपयोगमा पुनः आउन नसक्ने कारणले गर्दा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपयोक्ष्यमाण (उपयोग गर्देछ) भनिन सकिँदैन । अतएव होमे तद् भिन्नत्वम् अर्थात् यही चतुरवत्त (चारपटक ग्रहण गरिएको) पुरोडाशलाई एक पटक हवन गरेर डढी सकेको हुनाले पछि गरिने होमका निम्ति त्यसभन्दा भिन्न अर्थात् अर्कै द्रव्यको ग्रहण गरिने हुनाले त्यो भन्दा छुट्टै (अर्कै वा मिन्दै) हवि को सत्ता मान्नु पर्दछ भन्ने लक्षणद्वारा उपयोक्ष्यमाण संस्कार भिन्न संस्कार कर्मलाई प्रतिपत्ति कर्म मान्नुपर्दछ भनी एकथरि आचार्यहरू बताउँछन् । अर्थात् केही आचार्यहरूले प्रतिपत्तिकर्मको लक्षण "उपयोक्ष्यमाण-संस्कार-भिन्न संस्कार कर्मत्व प्रतिपत्ति-कर्मत्वम्" भन्ने भएअनुसार उपयोक्ष्यमाण संस्कार भन्दा भिन्न संस्कार वाला कर्मलाई नै प्रतिपत्ति कर्म भन्दछन् "जस्तो कि चतुरवत्त पुरोडाश, आज्य आदि द्रव्य होम गरी भस्म हुन्छ । तसर्थ होमपछि त्यो द्रव्य उपयोक्ष्यमाण (निकटवर्ती समयमा प्रयोगमा ल्याउन) योग्य रहँदैन । यसै कारणले त्योभन्दा अर्कै तद् भिन्नै वस्तु हुने हुनाले यो लक्षण ठिक मान्नु पर्दछ" भन्ने मान्दछन् ।

## ३८) अर्थगुणकर्मणोः प्राधान्यविचारः ।

**अत्रायं विशेषः–अर्थकर्म्मणि द्रव्यापेक्षया कर्म्मणः प्राधान्यम् कर्म्मणि द्रव्यस्य गुणत्वम् । यथा अग्निहोत्रादौ द्रव्यादेर्गुणत्वम् । गुणकर्म्मणि द्रव्यस्य प्राधान्यं, द्रव्ये च कर्म्मणो गुणत्वम् । व्रीहीन् प्रोक्षति अवहन्तीत्यादौ द्वितीयया व्रीहीणां क्रियासाध्यत्वप्रतीतेः क्रियापेक्षया द्रव्यस्य प्राधान्यं प्रोक्षणादिक्रियायास्तदपेक्षया गुणत्वमिति ।**

**अनुवाद-** अर्थ कर्महरूमा द्रव्यभन्दा कर्मको प्रधानता हुन्छ । कर्महरूमा द्रव्यको प्रधानता रहन्छ । उदाहरणका निम्ति "अग्निहोत्र" आदि कर्ममा द्रव्य गौण मानिन्छ तर गुणकर्ममा द्रव्य नै प्रधान हुन्छ । द्रव्यमा पनि कर्म गौण हुने गर्दछ । दर्श पौर्णमासमा "व्रीहीन् प्रोक्षति" अर्थात् धानलाई प्रोक्षण (पखाल्ने कार्य) द्वारा शुद्ध गर्नुपर्दछ । "व्रीहीन् अवहन्ति" अर्थात् धान कुटेर चामल बनाउनु पर्दछ । यस क्रममा द्रव्यलाई प्रधान मानेर कर्मसाधनको मुख्य वस्तु भएको हुनाले द्वितीया विभक्तिको प्रयोग भएको छ । यसकारण प्रोक्षण, अवहनन आदि कर्मलाई द्रव्यको अपेक्षा गौण मानिन्छ ।

## ३९) गुणकर्मणश्चातुर्विध्यम् ।

**पुनरपि गुणकर्म्म चतुर्विधम्– उत्पत्याप्तिविकृतिसंस्कृतिभेदात् । तत्रोत्पत्तिसंस्कारो यथा– "अग्नीनादधीत" इति । मन्त्रविशेषैः सम्भारेषु निधापिता अप्याहवनीयादय उत्पद्यन्त इत्याहवनीयाद्युत्पत्तिहेतुभूतसंस्कारजनकत्वात् आधानस्य उत्पत्तिसंस्कारत्वम् । आप्तिसंस्कारो यथा– "स्वाध्यायोऽध्येतव्य" इति । अध्ययनेन**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**स्वाध्याय आप्यत इत्याप्तिसंस्कारोऽयम् । विकृतिर्यथा– "व्रीहीन् अवहन्ति" इति व्रीहिगतवैतुष्य- रूपविकृतिजनकत्वादवहननं विकृतिसंस्कारः । संस्कृतिर्यथा "व्रीहीन् प्रोक्षति" इति । अत्राधानमध्ययनञ्च स्वतन्त्रं गुणकर्म्म न तु क्रत्वङ्गम् । प्रोक्षणादिकं सर्व्वं क्रत्वङ्गं गुणकर्मेति ध्येयम् ॥**

**अनुवाद-** गुणकर्मका ४ भेद छन् १) उत्पत्तिकर्म, २) आप्ति कर्म, ३) विकृतिकर्म, ४) संस्कृतिकर्म यी ४ वटै गुणकर्मका संस्कारजन्य पदार्थका भेद हुन् । ती ४ भेदहरूको परिचय यस प्रकार छ ।

**क) उत्पत्तिकर्म –** 'अग्नीनादधीत' इत्यादि मन्त्र विशेषले पञ्चसम्भार पानी, सुवर्ण, सर्करा (गेगर) आखुत्कर (मुसाले खनेको माटो), उषा (गोष्ठमृत्)मा राखिएपछि ती ५ सम्भारमाथि आगो सल्किन सजिलो हुन गई अरणी मन्थनबाट पैदा भएको आगो सल्किएर आहवनीय गार्हपत्य, दक्षिणाग्नि, सभ्य र आवसत्थ्य अग्नि पैदा हुन्छन् । यसै कारणले आहवनीय आदि अग्निका उत्पत्तिको कारण बनेका संस्कारलाई पैदा गराउने हुनाले आधान-संस्कार उत्पत्ति संस्कार हो । अर्थात् आहवनीय आदि अग्निको उत्पत्तिका आधारभूतकर्म पञ्चसम्भार स्थापनलाई अग्नि उत्पन्न गराउने (आगो जगाउने) आधारकर्म अन्तर्गत पर्ने उत्पत्ति संस्कार मानिन्छ, किनभने सम्भार स्थापनरूप-कर्म पूर्ण नगरी अग्नि जगाउने कार्य सम्पन्न गरिँदैन । यसकारण यो कार्य उत्पत्ति कर्म संस्कार हो ।

**ख) आप्तिसंस्कार–** "स्वाध्यायोऽध्येतव्यः" यस श्रुतिवचनअनुसार अध्ययन (अर्थावबोध पर्यन्तको अध्ययन) द्वारा नै स्वाध्याय सँस्कारजन्य अपूर्व पैदा हुन्छ अर्थात् अध्ययनद्वारा नै स्वाध्याय सम्पन्न हुन्छ, यसैकारण स्वाध्याय सम्पन्न गर्न गरिइने अर्थ ज्ञानपूर्ण स्वाध्यायलाई आप्ति-कर्म-रूपी संस्कार भनिन्छ ।

**ग) विकृतिसंस्कार–** "ब्रीहीन् अवहन्ति"यस श्रुतिअनुसार धानलाई कुटेर धानबाट भुस (तुष)लाई छुट्टा पार्ने कार्यद्वारा धानलाई विकारद्वारा अर्थात् पहिलेको धानको अवस्थाबाट (तण्डुल)चामलको रूपमा परिणत गराउने हुनाले अवहन (अथवा अवघात) लाई विकृति-संस्कार भनिन्छ ।

**घ) संस्कृति-संस्कार–** जस्तै "ब्रीहीन् प्रोक्षति" भन्ने श्रुतिअनुसार सम्पन्न गरिइने प्रोक्षणरूपी कर्म-संस्कारद्वारा ब्रीहिलाई पवित्र बनाई पवित्रता सम्पादन रूप संस्कार पैदा गरिन्छ । यसैले यज्ञमा हुने यस्तो प्रोक्षण आदि कर्महरू (जसले पात्र वा वस्तुमा यज्ञीयता पैदा गर्दछन्) लाई संस्कृति-संस्कार (गुणकर्मको चौथो भेद) मानिन्छ । यी ४ गुणकर्म संस्कारमध्ये आधान र अध्ययन स्वतन्त्र गुण कर्महरू ती क्रतु (यज्ञ)का अङ्ग होइनन् तर प्रोक्षण, अवधात, फलीकरण जस्ता कर्म संस्कारहरू क्रत्वङ्ग हुन् भन्ने कुरा पनि स्मरण (ध्यान) मा राख्नु पर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ४०) अर्थकर्म्मणस्त्रैविध्यम् ।

**अर्थकर्म्म त्रिविधम्–नित्यनैमित्तिककाम्यभेदात् । तत्र–"यावज्जीवमग्निहोत्रं जुहोति" "सायं जुहोति" "प्रातर्जुहोति" इति जीवता पुरुषेण सायंप्रातःकालयोर्नियमेन कर्त्तव्यतया अवगतमग्निहोत्रादिकं नित्यम् । "अग्नये पथिकृते पुरोडाशमष्टाकपालं निर्व्वपेत्" इति दर्शपूर्णमासातिपत्तिनिमित्तकपथिकृदिष्ट्यादिकं नैमित्तिकम् । निभ्यनैमित्तिकयोरकरणे प्रत्यवाय एव कृते फलं नास्तीति केचित् । अन्ये तु दुरित-निवृत्तिः फलमस्ति– नित्यनैमित्तिकैरेव कुर्व्वाणो दुरितक्षयम् । इत्यादिवाक्यैः प्रत्यवायनिवृत्तेःफलत्वेनश्रूयमाणत्वात्। नचैवंतयोरपिकाम्यत्वा-पत्तिःफलवत्त्वादिति वाच्यम् । फलकामनापूर्व्वकानुष्ठानाभावात्, तत्तद्विधिवाक्ये फलकाममुद्दिस्य तदर्थफलसाधनत्वेन विधानाभावाच्च काम्यत्वानुपपत्तेः ।**

**अनुवाद-** 'अर्थ' शब्दले प्रकार, विषय, कारण, वित्त(धन), वस्तु, प्रयोजन, वृत्ति र अर्थ(पदको अर्थ) समेत आठ कुरा बुझाउँदछ । यहाँ प्रयोजन अर्थ बुझाउने अर्थमा अर्थ शब्द प्रवृत्त भएको छ । अर्थ अर्थात् प्रयोजन विशेषले नित्य कर्म, नैमित्तिक कर्म काम्यकर्मका रूपमा अर्थ कर्मका ३ भेद मानिएका छन् । तीमध्ये "यावज्जीवं अग्निहोत्रं जुहोति, सायंजुहोति, प्रातर्जुहोति, इत्यादि श्रुतिवचनद्वारा आफ्नो जीवनकालमा मानिसले बिहान र बेलुका नियमित रूपले गर्नुपर्ने कर्म तथा सन्ध्यावन्दनादि कर्मलाई नित्यकर्म भनिएको छ । यसैगरी विशेष कारण वा निमित्त उत्पन्न भै सम्पन्न गर्नुपर्ने, "**भिन्ने जुहोति, स्कन्ने जुहोति, अतिपाते जुहोति, जाते सन्ताने यजति**" आदि श्रुतिअनुसार गर्नुपर्ने कर्म नैमित्तिक हुन् । हुन त यी प्रायश्चित्त कर्म हुन् तापनि निमित्त विशेषले गरिने हुनाले यी सबै नैमित्तिक कर्ममा नै समेटिएका छन् । जस्तै दर्शपूर्णमासको अतिपात (बढी घटी, छुट आदि) भएमा "**अग्नये पथिकृते पुरोडाशमष्टाकपालं निर्वपेत्**" इत्यादि कर्म विशेषलाई नैमित्तिककर्म भनिन्छ । यद्यपि "**नित्यनैमित्तकैरेव कुर्वाणो दुरितक्षयम्**" अर्थात् नित्य र नैमित्तिक कार्य-(अनुष्ठान) द्वारा दुरितक्षयरूप फल प्राप्त हुने देखिन्छ तापनि फल विशेषको प्राप्तिका निम्ति अमुक कर्म गर्नु भनेर त्यस्ता नैमित्तिकलाई फलादेशपूर्वक विधान गरेको नपाइने हुँदा ती सधैं गर्नुपर्ने(नित्य) काम हैनन् । काम्यकर्ममा फलविशेषका निम्ति गरिइने हुनाले फलेच्छा नभएमा त्यो कर्म न गर्दा बाधा वा प्रायश्चित्त विधान गरिएको छैन ।

## ४१) काम्यकर्मणस्त्रैविध्यम् ।

**काम्यमपि कर्म्म त्रिविधम्–केवलम् ऐहिकफलम्, आमुष्मिकफलकम्, ऐहिकामुष्मिकफलकञ्चेति । तत्राद्यं यथा–कारीर्य्यादि । तत्तत्समयवर्त्तिशुष्यत्सस्य**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**-सञ्जीवनहेतुवृष्टिकामिना क्रियते, न कालान्तरभाविवृष्टिकामेन, जन्मान्तरीयवृष्टि -कामेन वा । केवलामुष्मिकफलकं यथा–स्वर्गाद्यर्थदर्शपूर्णमासादिकम् । स्वर्गस्य इहलोकभोग्यत्वाभावात् । ऐहिकामुष्मिकसाधारणफलकं यथा–"वायव्यं श्वेतमालभेत भूतिकामः" इति भूत्यादिफलकमित्यन्यत्र विस्तरः ।**

**अनुवाद-** फलविशेषको कामनाले गरिइने कार्य ३ प्रकारका छन् १) केवलैहिकफलवान् काम्यकर्म, २) आमुष्मिकमात्र फलवान् काम्यकर्म, ३) ऐहिकामुष्मिक फलवान् काम्यकर्म । काम्यकर्म भन्नाले 'कारीर्यादि कर्मानुष्ठान' भन्ने वुभिन्छ । जुन बेला खेतबारीमा सुख्खा परी (वर्षा नहुनाले) खेतीपानी सुकेर नासिन लाग्छन् त्यस्ता समयमा किसानले गरिइने इष्टि (यज्ञ)को नाम कारीर्येष्टि हो । यो इष्टि तत्कालमा वृष्टि होस् र खेतीवाली राम्रो होस् भनेर नै गरिन्छ न कि भविष्यमा वा जन्मान्तरमा वृष्टि होस् भनेर गरिन्छ । अतः यो यज्ञ अहिलेको (ऐहिक) फलको आशाले गरिने हुनाले ऐहिक फलद काम्यकर्मभित्र पर्दछ । केवलामुष्मिक फलद काम्य कर्म भन्नाले 'दर्शपूर्णमासाभ्यां यजेत स्वर्गकामः, सोमेन यजेत स्वर्गकामः' अर्थात् स्वर्ग प्राप्त होस् भनेर गरिइने दर्शपौर्णमास, सोम आदि यज्ञहरू पर्दछन्, किनभने यो लोकमा यसै जीवनमा स्वर्ग प्राप्त नभएर मरेपछि मात्र अर्को जुनीमा स्वर्गमा बस्न पाउने उद्देश्यले नै ती यज्ञ गरिन्छन् अतः दर्शपूर्णमास, सोम आदि यज्ञ आमुष्मिक(परलोकमा) फलदायी काम्यकर्म हुन् भनिएको छ । यसैगरी तेस्रो काम्य कर्ममा ऐहिकामुष्मिकफलवान् काम्यकर्म पर्दछ । यो यज्ञ गर्नाले यो लोक र परलोक दुवैमा फल प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ जस्तै वायव्यं श्वेतं पशुमालभेत भूतिकाम अर्थात् भूति (ऐहिक र पारलौकिक सम्पन्नता) चाहना राख्नेले वायुदेवतालाई श्वेत पशु उपहार दिने यज्ञ गर्नु, सत्यं वदेत्, ब्रह्मचर्यं चरेत्, इष्टापूर्ते सृजेथा, (साचो बोल्नु, ब्रह्मचर्यमा रहनु, घरपरिवारको कल्याण र सार्वजनिक पाटी, पानीघाट, धारो, विद्यालय, पुल आदि निर्माण जस्ता कार्यहरू दुवै लोकका लागि फलदायी हुनाले ऐहिकामुष्मिक फलवान् काम्य कर्ममा नै समाहित हुन्छन् ।

### ४२) वेदस्यालौकिकार्थबोधकत्वम् ।

**ननु दर्शपूर्णमासादिकर्म्मणां व्रीह्यादिद्रव्याणाञ्च प्रत्यक्षत्वेन लौकिकत्वात् कथं वेदस्यालौकिकार्थबोधकत्वमिति चेन्न । कर्म्मणां प्रत्यक्षत्वेऽपि तेषां स्वर्गादिफल -साधनत्वमप्रत्यक्षमिति 'तत्फलसाधनतया तत् कर्म कर्तव्यम्' इत्येवं फलसाधनतया कर्म्मकर्त्तव्यताबोधकस्य वेदस्यालौकिकार्थबोधकत्वात् । एवं व्रीह्यादीनां यागादिक्रिया - साधनत्वं न प्रत्यक्षवेद्यमिति तद्बोधकस्यापि**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**वेदवाक्यस्यालौकिककार्यबोधकत्वमिति न दोषः ।**

**अनुवाद-** वेदलाई अलौकिक उपाय बुझाउने शास्त्रको रूपमा पनि परिभाषित गरिएको छ। वेदले स्वर्गादि अलौकिक फल प्राप्तिका निम्ति उपदिष्ट दर्शपूर्णमास, सोम, आदि यज्ञहरूमा यही लोकमा पाइने जौ, धान, आदि प्रत्यक्ष पदार्थको नै प्रयोग गरिने कुरा भनिएको हुनाले वेदहरू लौकिक अर्थ बुझाउने नै हुन भन्न मिल्दैन किनभने स्वर्गादि अलौकिक फल प्राप्तिको कुरा लोकमा वेदले मात्रै बनाएको र स्वर्ग आदि अलौकिक फल प्राप्त गर्न जौ, तिल, चामल, पुरोडाश, स्रुव आदि लौकिक वस्तुलाई पनि प्रयोग गर्न सकिन्छ भन्ने कुरासमेत वेदले नै बताएको हुनाले वेदलाई अलौकिक अर्थात् यो लोकमा कहिँ कतै नवताएको स्वर्गादि अलौकिक कुराका साथै त्यो अलौकिक स्वर्गादि प्राप्त गर्न व्रीहि, यव, घीउ, स्रुव, आदि लौकिक पदार्थको विधिवत् प्रयोग-परिचालन-(यज्ञानुष्ठान) बाट सम्भव छ भन्ने अलौकिक उपायसमेत बनाएको हुनाले वेदलाई अलौकिकार्थ-बोधकशास्त्र भनिएको हो भन्ने कुरा बुझ्नु पर्दछ र यस अर्थमा वेदलाई अलौकिकार्थ-बोधक-शास्त्र भन्नुमा कुनै दोष दिनु वा शङ्का पैदा गर्नु पर्ने देखिँदैन अर्थात् उपर्युक्त चर्चा र विचार विमर्शका आधारमा वेदलाई अलौकिक अर्थ (कुरा, काम, ज्ञान) बुझाउने शास्त्र भन्नुमा कुनै दोष छैन।

## ४३) वेदप्रामाण्यविधिविचारः ।

**इदानीं विधिवाक्यस्य विधायकत्वप्रकारः कथ्यते– तत्र "स्वर्गकामो यजेत" इत्यत्र यजिधातोरुपरितने 'त' प्रत्यये धर्मद्वयमस्ति– आख्याततत्वं लिङ्त्वञ्चेति । तत्र आख्याततत्वं सर्व्वलकारसाधारणं तदवच्छेदेन लिङ्प्रत्ययः पुरुषप्रवृत्तिरूपाम् आर्थभावनां प्रतिपादयति ।**

**अनुवाद-** अब "सोमेन यजेत स्वर्गकाम" आदि विधिवाक्यका कुन पद वा अवयवले अमुक यज्ञ, अमुक प्रकारले गरेमा अमुक फल मिल्दछ भनेर बुझाउने गर्दछन् भन्ने कुरा जान्ने इच्छा (विजिज्ञासा, जिज्ञासा)को समाधान बारे चर्चा गरौं। "सोमेन यजेत स्वर्गकाम" यहाँ तीन वटा पद छन् (१) सोमेन (२) यजेत (३) स्वर्गकामः। सोमेनले सोम द्रव्यवान् (अतः) सोमयाग नाम भएको याग (यज्ञ) भन्ने साधन रूप अर्थ बुझाउँदछ। 'यजेत' ले याग गर (वा गरोस्) भन्ने वुझाउँछ र 'स्वर्गकाम'ले र्स्वगको चाहना राख्ने व्यक्ति भन्ने बुझाउँछ। यहाँ 'यजेत' भन्ने यज्ञ विधायक (क्रिया विधान गर्ने) पदमा तिङ् 'त' प्रत्यय (लिङ्लकार) भएको यज् धातु छ। यस 'यजेत' पदले दुई वटा कुरा बुझाउने गर्दछ। (१) यजनक्रियाको आख्यान (वताउने काम) अथवा आख्याततत्त्व र (२) 'त' प्रत्ययले लिङ् लकारको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुण । सबै १० वटै लकारमा आख्याततत्त्व अर्थात् कुनै क्रिया विशेषको वोधक शक्ति रहन्छ तर लिङ् प्रत्ययले त्यो क्रियापद 'यजेत' को भित्र रहेको अर्थद्वारा मानिसलाई अमुक फल प्राप्त गर्न अमुक यज्ञ कर्म गर्नु पर्ने रहेछ, (अतः मैले त्यो कर्म गर्नुपर्ने भयो) भन्ने अर्थ वुझाउँछ । यसकारण 'यजेत' क्रियापदको शव्दगत भावना (क्रिया) र अर्थ (तत्प्रवृत्तिजन्य क्रिया) समेत दुई थरि भावना (तत्तत् कर्म भवनानुकूल व्यापार) (१) शव्दले र (२) अर्थले वुझाउने गर्दछ अर्थात् 'यजेत' मा आर्थी भावना र शाव्दी भावना यी दुई अंश छन् ।

## ४४) तत्रार्थी भावना ।

**सा चार्थीभावना किं, केन, कथमिति अंशत्रयविशिष्टा । तथाहि यजेत इत्यत्र प्रथमं 'त' प्रत्ययेन 'भावयेद्' इति प्रतीयते । सुबन्ताभिहितानां सर्व्वेषां कारकाणां तिङन्तार्थ-क्रियान्वयनियमे सति तिङन्तार्थस्य प्रधान्यात् प्रथमं प्रत्ययार्थभावनया उपस्थितिर्युक्ता । ततः करोति–समानार्थकभावयतेः सकर्म्मकत्वात् 'किम्भावयेत्' इति कर्म्माकाङ्-क्षायां भिन्नपदोपात्तोऽपि स्वर्गो भाव्यत्वेनान्वेति । भाव्यत्वेन कर्मत्वेनेत्वर्थः। साध्यत्वेनेति यावत्। न तु समानपदोपात्तोऽपि धात्वर्थो भाव्यत्वेनान्वेति। दुःखात्मकस्य यागस्य ईप्सिततमत्वरूपकर्मत्वायोग्यत्वात् । ततश्च 'स्वर्गं भावयेद्' इति बोधो भवति । ततः 'केन' इति करणाकाङ्क्षायां समानपदोपात्तो यागः करणत्वेनान्वेति 'यागेन स्वर्गं कुर्याद्' इति । ततः 'कथं यागेन स्वर्गं कुर्य्याद्' इति कथम्भावाकाङ्क्षायाम्–अग्न्यन्वाधानावहननादिजन्यदृष्टोपकारेण प्रयाजादिजनिता-दृष्टोपकारेण च सहितेन यागेन स्वर्गं कुर्य्यादिति अग्न्यन्वाधानप्रयाजादिकमङ्गजातम् इतिकर्त्तव्यतात्वेनाऽन्वेति । कथम्भावाकाङ्क्षपूरकत्वमितिकर्त्तव्यतात्वम् । यथा– 'ओदनकामः पचेत्' इत्यत्र लिङा भावना प्रतीयते, किं भावयेदित्याकाङ्क्षायाम् ओदनो भाव्यत्वेनान्वेति, केनेत्याकाङ्क्षायां पाकेनेति लभ्यते, कथमित्याकाङ्क्षायां दारुक-तृण-फूत्कारसहितेनेति । ततश्च दारुक-तृणफूत्काराद्युपकृतेन अग्निना पाचितेन पाकेन (तेजः संयोगेन) ओदनम्भावयेदिति वाक्यार्थः सम्पद्यते तद्वद्वेदेऽपि बोध्यम् ।**

**अनुवाद-** आर्थीभावना भनेको 'यजेत'बाट सङ्केत भएको क्रिया-पक्षको अर्थ हो । त्यस भावना वा क्रियामा के गर्ने, किन गर्ने, कसरी गर्ने भन्ने जिज्ञासा हुन्छ । 'यजेत' को 'त' ले केही कुरा गर्नु भन्ने प्रतीति हुन्छ । सुवन्तद्वारा वताइने सवै कारकहरूले तिङन्तका अर्थको कार्यलाई क्रियान्वयन गर्ने नियम मानिएको अवस्थामा तिङन्तका अर्थको प्रधानता रहन्छ । त्यसमा पनि प्रकृतिका अर्थको अपेक्षा भन्दा प्रत्ययका अर्थको अपेक्षा (चासो, खोजी) गर्ने कुरा नै प्रधान



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वा मुख्य) हुने हुनाले सो वाच्य (सोमेन यजेत स्वर्गकाम) सुन्ने साथ त्यसको कार्यान्वयन (कार्यका रूपमा सम्पन्नता)को कुरा आउनु उपयुक्त नै हो भन्नु पर्दछ ।

त्यो भावना 'कृ' धातुको समानार्थ बुझाउने हुनाले सकर्मक भावनाले के कुरा भावित (क्रियान्वित) गर्ने भनेर कर्मको अपेक्षा (चासो) राखिन्छ । यस अवस्थामा दोस्रो पद 'स्वर्गं भावयेत्' मा दृष्टि पर्दछ । कर्महरू दुःखरूप भएकोले मान्छे स्वतः प्रवृत्त हुँदैनन् । तर सुख आनन्द (स्वर्ग) प्राप्त गर्ने चाहना मानिसमा स्वतः नै रहने हुनाले स्वर्ग प्राप्तिका भावना (मनसाय) द्वारा त्यस कार्यमा मानिस प्रवृत्त हुन्छन् । त्यसो हुनाले नै 'किं भावयेत्' भन्ने आकाङ्क्षामा 'स्वर्गं भावयेत्' भन्ने उत्तर (समाधान) प्राप्त हुन्छ । यसैले भाव्य स्वर्ग हुन आउँछ कर्मत्वका रूपमा 'सोमेन' पदले सोमयाग रूप कार्यको प्रतीति हुन्छ । अथवा भनौं स्वार्गादि फल साध्यका रूपमा आउँछ र समान पदद्वारा प्राप्त भए तापनि धात्वर्थ भाव्यका रूपमा अन्वय हुनसक्छ, किनभने दुःखात्मक यागको इप्सिततमतारूप कर्मका रूपमा अयोग्य भएकाले यो स्थिति रहेको (भएको) हो । त्यसो हुनाले त्यसपछि पनि यागद्वारा स्वर्ग प्राप्त गरोस् अर्थात् 'स्वर्गं भावयेत्' भन्ने अर्थको बोध हुन्छ । त्यसपछि केले स्वर्ग भावना (प्राप्ति) गर्ने भनी करणको आकाङ्क्षामा समानपद 'सोमेन' ले बुझाइएको याग साधनका रूपले यागेन 'स्वर्गं भावयेत्' (साधयेत्) भन्ने कुरा अन्वय हुन पुग्दछ । त्यसपछि "कथंभावाकाङ्क्षा" अर्थात् 'कथं यागेन स्वर्गं भावयेत्' भन्ने आकाङ्क्षा प्रकट हुँदा अग्न्यन्वाधान, अवहनन आदि दृष्टोपकारककार्यहरूद्वारा (प्रयाजादिवाट उत्पन्न हुने दृष्टोपकारक कर्मद्वारा समेत) यागद्वारा स्वर्ग प्राप्त गर्नू (यागेन स्वर्गं भावयेत्) भन्ने बोध हुने हुनाले अग्न्यन्वाधान-प्रयाजादि सबै अङ्गकार्यहरू इतिकर्तव्यता (हथौडी) का रूपमा अन्वय हुन आउँछन् अनि कथंभावको आकाङ्क्षालाई इतिकर्तव्यता उपदेशले समाधान मिल्दछ । जसरी "ओदनं पचेत्" यस वाक्यमा लिङलकारले पचिरूप भावना 'क्रिया' को प्रतीति हुन्छ । किं भावयेत् (के बनाओस्) भन्ने आकाङक्षामा ओदन (भात,भुजा) भाव्य (बनाइने कुरा) का रूपमा अन्वय हुन आउँछ र केन (केले) भन्ने आकाङ्क्षामा पाकेन (पकाउने कार्यद्वारा) भन्ने उपाय (करण) का साथै कथं (कसरी) भन्ने जिज्ञासाको समाधान दाउरा, चूलो, आगो, फुत्कार आदि इतिकर्तव्यता (हथौडी प्रक्रिया) समेतको मद्दत लिई ओदन पाचनको कार्य सम्पन्न गरिन्छ भन्ने वाक्यार्थ बोध भए झैं वेदमा पनि त्यही प्रक्रियाले वाक्यार्थको बोध हुन्छ भन्ने कुरा वुझ्नुपर्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## ४५) शाब्दीभावना।

स एव लिङ्प्रत्ययो लिङ्त्वावच्छेदेन शब्दभावनां प्रेरणाख्यामभिधत्ते । लोकेऽपि "गामानय" इत्याचार्य्य- वाक्यश्रवणानन्तरम् 'अयमाचार्यो माङ्गवानयने प्रेरयति' इति प्रेरणाख्यव्यापारं ज्ञात्वैव शिष्यो गवानयने प्रवर्त्तत इत्यन्वयव्यतिरेकाभ्यां प्रेरणाज्ञानं प्रवृत्तिकारणम्। प्रेरणाज्ञानस्य चान्वयव्यतिरेकाभ्यां लिङादिश्रवणजन्यत्वावधारणात् लिङ्गादेः प्रेरणायां शक्तिर्लोके गृह्यते इति वेदेऽपि तत्रैव शक्तिकल्पनौचित्यात् । इयांस्तु विशेषः–लोके गवानयनादिप्रवृत्तनुकूलः प्रेरणाख्यो व्यापारः प्रयोक्तृपुरुष-गताभिप्रायविशेषः, वेदे तु प्रयोक्तृपुरुषाभावात् लिङादिशब्दनिष्ठ एव स इत्यङ्गीक्रियते । अत एव शब्दनिष्ठव्यापारत्वाच्छाब्दी भावनेत्युच्यते, यागहोमादिविषयकप्रवृत्ति-हेतुत्वात् प्रवर्त्तना प्रेरणेति चोच्यते। सैषा शाब्दभावनाऽपि अंशत्रयविशिष्टा। तत्र पुरुषप्रवृत्तिरूपाऽऽर्थभावना भाव्यत्वेनान्वेति। अध्ययनावगतलिङादिकं करणत्वेनान्वेति। तत्र "साङ्गवेदाध्येतारोऽधीतव्याकरणनिगम निरुक्तादिवशाद् व्युत्पत्तिमन्तः पुरुषा अध्ययनगृहीत स्वाध्यायगत लिङादिभिः प्राशस्त्यज्ञानसचिवैर्यागाद्यर्थं स्वकर्त्तव्यत्वेन बुद्ध्वा यागादीननुतिष्ठेयुः" इति शाब्दभावनाबोधः । अनुतिष्ठेयुः, अनुष्ठानं कुर्युरित्यर्थः । अनुष्ठानं प्रवृत्तिः तेन पुरुषप्रवृत्तेः शाब्दभावनाभाव्यत्वमक्षतम् । इत्थञ्च शाब्दभावना ज्योतिष्टोमादिप्रातिस्विकवाक्येषु स्वरूपेण प्रतीयमानाऽपि कर्त्तव्यत्वेन न प्रतीयते। अर्थभावनया एव तेषु कर्तव्यत्वावगमात्, किन्तु "स्वाध्यायोऽध्येतव्यः" इति वाक्ये एव कर्तव्यत्वेन प्रतीयते । न चात्रार्थभावनाया एव विधेयत्वमिति वाच्यम् । "स्वाध्यायोऽध्येतव्यः" इतिवाक्यस्यार्थभावनाया एव सकलविधिवाक्यस्थशब्द-भावनारूपत्वात्। अधिपूर्व्वकाद् "इङ् अध्ययने" इति धातोः कर्म्मणि तव्यप्रत्ययो विहितः । कर्म्म च स्वाध्यायः प्रधानम्, तत् संस्कारकमध्ययनं गुणकर्म्म । व्रीहिसंस्कारकप्रोक्षणादिवत् । अध्ययनजनितग्रहणसंस्कारविशिष्टस्वाध्यायस्य प्रयोजना-काङ्क्षायां स्वाध्यायगत तत्तल्लिङादिविशिष्ट वाक्यसामर्थ्यलभ्यं यद् अनुष्ठानौपयिक- यागादिरूपार्थज्ञानं तदेव– दृष्टत्वात्, तत्तत्कर्म्मानुष्ठानद्वारा स्वर्गादिरूपालौकिकश्रेयः साधनत्वाच्च प्रयोजनम् । कर्मावबोधं विना कर्म्मानुष्ठानायोगात् । तथा च स्वाध्यायविधिनैव स्वाध्यायगतविधिवाक्यगतलिङादिप्रतिपादिताः सर्व्वाः शाब्दभावनाः अंशत्रयविशिष्टाः कर्त्तव्यत्वेन विधीयन्ते । साङ्गवेदाध्ययनेन व्युत्पन्नाः पुरुषाः अध्ययनगृहीत-स्वाध्यायगतलिङादिभिरर्थ- वादावगतप्राशस्त्यरूपाङ्गसचिवैः फलवद्यागा-दिकर्तव्यतां बुद्ध्वा यागादीननुतिष्ठेयुरिति । अनुतिष्ठेयुः कुर्युरित्यर्थः । तत्र पुरुषप्रवृत्तेर्भाव्यत्वेनान्वयात्, अध्ययनावगतलिङादेः करणत्वेनान्वयात्



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**प्राशस्त्यज्ञान-स्येतिकर्त्तव्यतात्वेनान्वयात्। शाब्दभावनाया अपि अंशत्रयवैशिष्ट्यम् अर्थभावनाया इवेष्टम्। तत्र समीहितस्वर्गादिभाव्यकत्वभानमपि विधिवशादेव। प्रवर्त्तनापरो विधिः यागादेः पुरुषार्थऽसाधनत्वे तत्र पुरुषं प्रवर्तयितुं न शक्नोतीति स्वभाव्यपुरुष-प्रवृत्तिविषयस्य यागादेः पुरुषाभिलषितस्वर्गादिसाधनत्वमापादयति। अन्यथा स्वस्य प्रवर्तनात्वमेव न स्यात्। प्रवृत्तिहेतुव्यापारस्यैव प्रवर्तनात्वात्। लिडादिस्थले तु प्रवर्त्तनात्मकविधेरभावादार्थभावानायाः पुरुषार्थभाव्यत्वनियमो नास्ति।**

**अनुवाद-** शब्दको माध्यमबाट प्रेरित हुने क्रियारूप भावनालाई शाब्दीभावना भनिन्छ र त्यो लिङ् लकारमा रहेको शब्दमा आश्रित प्रेरणका रूपमा प्रकाशित हुन्छ। जसरी लौकिक व्यवहारमा गुरु वा मान्यजनले “गां आनय” (गाई लिएर आऊ)भनेको सुनेपछि मलाई गुरुले ‘गाई लिएर आऊ’ भन्नुभयो। यसकारण मैले गाई ल्याउने व्यवहार(व्यापार)मा लाग्नु पर्ने रहेछ भन्ने जानेर शिष्य पुत्र आदि प्रेष्यले अन्वय र व्यतिरेकद्वारा (अर्थात् मैले त्यो काम गर्ने वाक्य सुनेको छु म वाहेक अर्को त्यो वाक्य सुनेर काम गर्नेवाला यहाँ अरू कोही पनि अहिले नभएकोले मैले नै त्यो काम गर्नु पर्ने रहेछ भन्ने) बुझेर त्यस कार्यमा प्रवृत्त हुनाका कारणले गुरु पिता आदिले भनेको “गां आनय” जस्ता प्रैष(अराउने)वाक्य प्रैष नै त्यो कार्यको प्रेरक बन्दछ। उसै गरेर लिङादि प्रेरक वाक्य श्रवण गरेका कारणले तत् तत् काममा तत् तद् व्यक्तिको प्रवृत्ति हुने हुनाले लिङादिमा कर्म प्रेरक शक्ति रहने गर्दछ भन्ने कुरा लोक प्रसिद्ध कुरा झैं वेदमा पनि लिङादि लकारमा कर्म प्रेरक शक्तिको कल्पना गर्नु उचित हुन आउँछ। किन्तु वैदिक र लौकिक वाक्यमा यति मात्रै फरक छ कि लौकिक वाक्यका, पठ, आनय, गच्छ, अदि प्रेरक शब्द भन्ने गुरु अथवा अभिभावक आदि व्यक्ति प्रत्यक्ष (आफ्नै अगाडि) उपस्थित हुन्छन् भने वेदमा प्रत्यक्ष उपस्थित हुने व्यक्ति वा प्रेरक पुरुष नभएको हुनाले तिनीहरूको सट्टामा लिङादि प्रयुक्त वाक्यमा नै त्यो प्रेरकताशक्ति छ भन्ने मान्यता रहेको छ। यही कारणले “दर्शपूर्णमासाभ्यां यजेत स्वर्गकाम” “सौरं चरुं विर्वपेत् ब्रह्मवर्चसकाम” आदि लिङ्ादियुक्त वाक्य पढेर व्यक्तिले त्यही वाक्यप्रयुक्त लिङादिस्थित प्रेरकताद्वारा दर्शपूर्णमास आदि यज्ञ कार्यमा प्रवृत्त भै आफूले चाहेको स्वर्गादि फल प्राप्त गर्दछ। यसरी विधिवोधित यज्ञ कर्ममा प्रवृत्त गराउने हुनाले विधायक वाक्यमा प्रयोग भएका लिङादि शब्दमा रहेको प्रवर्तक वा प्रेरक भावना (क्रियात्मकता)लाई शाब्दीभावना भनिएको हो। यस शाब्दीभावनाका पनि तीन अंश (भाग, खण्ड) छन्। १) भाव्य अंश, (२) करण अंश (३) इतिकर्तव्यता अंश। किं केन कथं यी तीन आर्थी भावनाका अंश झैं शाब्दी भावनालाई पनि उनै



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन अंशको सहकारितामा कार्यान्वयन गरिन्छ । यस क्रममा पुरुष प्रवृत्तिरूपी आर्थीभावना भाव्य र क्रियान्वयन गरिने कर्म विशेषको फल स्वर्गादि रूपमा अन्वय हुन आउँछ । स्वाध्यायबाट जानिएको लिङादि पदद्वारा बुझिने यज्ञक्रिया दर्शपूर्णमासादि कर्म स्वर्गादि फलको साधक भएर करणका रूपमा अन्वित हुन आउँछ । अर्थवादद्वारा प्रतिपादित (प्रशंसित) अग्नि प्रणयन, प्रयाज, अनुयाज, पुर्णाहुति आदि अंग कार्यहरू इतिकर्तव्यताका रूपमा अन्वय हुन आउँछन् ।

यस प्रकारले शाब्दीभावनाको ज्ञान भनेको 'स्वाध्यायोऽध्येतव्य' भन्ने विधि अनुसार साङ्ग (अङ्गसहित) वेदको अध्ययन गर्ने व्यक्तिले व्याकरण, निरुक्त आदि ६ वेदाङ्गहरूको अध्ययनबाट समेत व्युत्पन्न भएर कुन कार्य र कुन साधनले के प्राप्त गर्न सकिन्छ भन्ने कुरा (प्राशस्त्यज्ञान) सहित वेदाध्ययन (स्वाध्याय) बाट जानिएका लिङादि प्रत्ययद्वारा दर्शपूर्णमास आदि यज्ञकर्म कार्यान्वयनका विषयलाई आफ्नो कर्तव्य सम्झिएर अध्येताले ती यज्ञकर्महरू अनुष्ठान गरौं भन्ने प्रेरणा प्राप्त गर्दछ । यो नै शाब्दी भावनाको शाब्दबोध-प्रक्रिया हो । अनुष्ठान भनेको कर्मगर्न प्रवृत्त हुनु हो । तसर्थ पुरुष व्यापार अर्थात् व्यक्तिलाई तत्तत् कर्म (स्वाध्यायकालमा पढे, जाने, सुने का कर्म) मा प्रवृत्त गराउनु नै शाब्दी भावनाको भाव्य (कार्य) हो भन्ने कुरासमेत स्पष्ट रूपमा सिद्ध भयो ।

यसै गरेर ज्योतिष्टोम आदि प्रत्येक यज्ञको विधान गर्ने हरेक वाक्यहरूमा स्वरूपतः अनुभव गरिने भएपनि शाब्दी भावना कर्तव्य रूपमा अनुभूत हुँदैन किन कि आर्थी भावनाले नै यी यज्ञहरू कर्तव्य (विधेय) रूपमा प्रतीत (अनुभूत) हुन्छन् तापनि "स्वाध्यायोऽध्येतव्य" भन्ने वाक्यमा शाब्दी भावना नै कर्तव्य (यज्ञकार्य)का रूपमा ज्ञात हुन्छ । यहाँ पनि आर्थी भावना नै विधेय हुनु पर्दछ भन्न सकिँदैन किनभने 'स्वाध्यायोऽध्येतव्य' वाक्यमा रहेको आर्थी भावनालाई नै सबै विधि वाक्यमा रहने शाब्दी भावनाको रूप मानिन्छ । यसको कारण के हो भने अधि उपसर्गपूर्वक 'इङ्' धातुदेखि कर्ममा तव्य प्रत्यय विधान गरिएको छ र यहाँ 'स्वाध्याय' नै कर्म हो र त्यो नै प्रधान कर्म हो अनि त्यसको संस्कार रूपमा सम्पन्न गरिने अध्ययन गौण कर्म हो जस्तै ब्रीहिको संस्कार गर्ने कार्य प्रोक्षण गौण कर्म हुन आउँदछ र अध्ययनबाट उत्पन्न हुने अर्थ ज्ञानपूर्वक गरिने संस्कार विशिष्ट स्वाध्यायको आकाङ्क्षा उत्पन्न हुने अवस्थामा स्वाध्यायभित्र समाहित तत्तत् लिङ्गादि प्रत्यय विशिष्ट विधिवाक्यहरूका सामर्थ्यबाट प्राप्त हुने तत्तत्कर्मानुष्ठानमा उपयोगी यागादिरूप अर्थको जो ज्ञान हुन्छ त्यो नै स्वाध्यायविधिको मुख्य प्रयोजन सिद्ध हुन्छ किनभने "दृष्टे सति नादृष्टम्" अर्थात् दृष्ट प्रयोजन उपलब्ध हुँदा हुँदै त्यस्ता ठाउँमा अदृष्टको कल्पना गर्नु अन्याय



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वा न्यायशास्त्रविरुद्ध) हुने हुँदा दृष्ट प्रयोजन भएका स्थानमा अदृष्ट प्रयोजनको कल्पना गर्न मिल्दैन । यही अर्थवोधयुक्त स्वाध्यायको दृष्ट प्रयोजन कै कारणले तत्तत् कर्मानुष्ठान स्वर्गादि रूप अलौकिक कल्याणको साधकका रूपमा ज्ञात हुन आउँछन् । कर्मज्ञानबिना कर्मको अनुष्ठान गर्न सम्भव कसरी होला अर्थात् हुँदैन, तसर्थ दृष्टफल देखिँदा देखिँदै अदृष्टफलको कल्पना गर्नु अन्याय हुन्छ भन्ने नियमको आधारमा स्वाध्यायको दृष्टफल मान्नु नै न्याय संगत हुने कुरा "अर्थाववोधपर्यन्तोऽध्ययनविधिः" भनेर अर्थज्ञान समेत भएपछि मात्र अध्ययन विधि पूर्ण हुन्छ भनिएबाट पनि अध्ययनविधिको फल दृष्ट नै हो भन्ने कुरा स्वतः स्पष्ट छ ।

**निष्कर्षमा**

यस मीमांसा (छलफल-विचार विमर्श) को निष्कर्ष यो हि कि स्वाध्यायविधिद्वारा बुझिन आउने स्वाध्यायनिष्ठ जो विधि-वाक्य छ, त्यसैका लिङादि प्रत्ययद्वारा प्रतिपादित तीन अंश (किं, केन, कथंभावरूप) ले सहित शाब्दी भावना नै कर्तव्य (कर्म)का रूपमा विहित हुन आउँदछ । वस्तुतः यस कुरालाई निम्न प्रकारले बुझेमा अझ स्पष्ट हुन्छ– "अङ्गोपाङग सहित वेदको अध्ययनद्वारा व्युत्पन्न व्यक्तिले, अध्ययनका माध्यमले ज्ञान भएका स्वाध्यायमा समाहित (स्वाध्यानिष्ठ) लिङादि प्रत्ययद्वारा अर्थवाद वाक्यहरूबाट अवगत प्राशस्त्य (प्रशंसनीय, छिटो, फल मिल्ने आदि) आदिका रूपमा पढिएका अङग (र उपाङ्ग) का सहायताले फलवान् हुने दर्शपूर्णमास आदि यज्ञहरूलाई कर्तव्य अर्थात् तत्तत् फलप्राप्तिको निम्ति गर्नुपर्ने कर्म रहेछन् भनी निश्चय गरेर ती कर्मको अनुष्ठान गरोस् ।" यस्तो निधो गर्नु यो मीमांसा (विचार विमर्श) को सार वा निर्ष्कष हो ।

यस अर्थ (प्रयोजन)ले गर्दा पुरुष प्रवृत्ति भाव्य रूपमा अन्वित हुन्छ । अध्ययनद्वारा जानिएका लिङादि प्रत्यय करण(साधन)का रूपमा र अर्थवादअनुसार ज्ञात (अग्निप्रणयन, प्रयाजानुयाजादि कर्मपद्धति) इति कर्तव्यताका रूपमा अन्वय हुन आउँछन्, तसर्थ शाब्दी भावना पनि आर्थी भावना जस्तै तीन अंशवाला हुन्छ भनेर माथि नै बताइसकियो ।

यस शाव्दी भावनामा व्यक्ति- (फलाभिकामी) ले चाहेको स्वर्ग आदि फलको उत्पादन(कसरी गर्ने भन्नेकुरा)को ज्ञान पनि "विधि" वाक्य (अर्थसहित अध्ययनको माध्यम) पछि नै प्राप्त हुन्छ । यागादि कार्यमा पुरुषको प्रवृत्ति गराउनु नै विधिवाक्यको काम हो र यसबाट कर्ता (पुरुष)को कल्याण गर्नु नै वेदको ध्येय-(धारणा) हो । यदि याग आदिले पुरुर्षार्थ सिद्ध नहुने हो भने त्यसमा (वेदाध्ययनमा) पुरुषहरूको प्रवेश वा प्रवृत्ति नै हुँदैन थियो । तसर्थ विधिको आफ्नो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम (कर्तव्य) नै पुरुषलाई स्वर्गादि सुख प्राप्ति वा पुरुषार्थ-धमार्थ-काम-मोक्ष प्राप्ति तर्फ प्रेरित गर्नु हो र त्यस्ता कुरा पूरा गर्ने माध्यम यागादि शुभकार्य नै हुन् । यी यज्ञानुष्ठानका माध्यमले पुरुषलाई स्वर्गादि फल सिद्धि प्राप्त गर्ने सामर्थ्य प्राप्त गराइदिन्छन् नत्र भने विधिको प्रवर्तकता नै सिद्ध हुँदैन । किनभने प्रवृत्तिको निदान (हेतु) रूप व्यापार (क्रियालाई) नै प्रवर्तना हो भनिएको छ । लट् आदि लकार प्रत्ययहरूमा प्रवर्तना शक्ति न भएको हुनाले त्यसको आर्थी भावना पुरुषार्थ निष्पादक हुन्छ भन्ने नियम छैन । त्यहाँ लटादिमा रहेको आर्थी भावनामा स्वर्गादि-अभीष्ट-प्राप्तगर्नका निम्ति यज्ञद्वारा साध्यरूपमा विधान गर्ने सामर्थ्य छैन । त्यसैले विधि, लिङादि को समेत आश्रय लिनै पर्दछ ।

## ४६) भावनालक्षणम् ।

**भावनात्वं नाम भवितुः प्रयोजकव्यापारत्वम् । तत्रार्थभावनायां भवितुर्जायमानस्य स्वर्गादेः प्रयोजकव्यापारत्वात् लक्षणसङ्गतिः । शाब्दभावनायामपि पुरुषप्रवृत्तिरूपस्य भवितुः प्रयोजकव्यापारत्वात् लक्षणसङ्गतिः ।**

**अनुवाद-** भावना भनेको हुनेवालाको हुनु अनुकूल व्यापार (क्रिया)को प्रेरक (प्रयोजक) हो–अर्थात् "भवितुर्भवनानुकूलो व्यापारो भावना" । आर्थी भावनामा हुनेवाला स्वर्गादि फलप्राप्त हुनका निम्ति अनुकूल प्रयोजक (प्रेरक) व्यापार रहेको छ । यसै कारणले भावनाको लक्षण र सार्थकता प्रकट भएको छ । यसैगरी शाब्दी भावनामा पनि त्यो व्यापार घटित हुने कुरा माथिका चर्चाले स्पष्ट भएको हुनाले त्यहाँ रहेको लिङ्ादि प्रत्ययका कारणले निष्पन्न (सम्पन्न) भावना-गत लक्षणसमेत मिलेको छ ।

## ४७) ज्योतिष्टोमादीनां नामत्वप्रतिपादनम् ।

**ननु "ज्योतिष्टोमेन स्वर्गकामो यजेत" इत्यत्र यागेन स्वर्गं भावयेदित्यर्थवर्णने ज्योतिष्टोमपदस्य कथमन्वयः ? –इति चेन्न । भावनाकरणत्वेनाभिमतयाग-नामत्वेनान्वयात्- 'ज्योतिष्टोमनामकेन यागेन' इति । कथं तन्नामत्वमिति चेन्न । ज्योतिराख्यास्त्रिवृदादिस्तोमा अस्मिन् सन्तीति व्युत्पत्या यागनामत्वात् । यागस्य त्रिवृदादिस्तोमसम्बन्धः केनावगम्यते इति चेन्न । "त्रिवृत्, पञ्चदशः, सप्तदशः स्तोमा" इति तत्प्रकरणत्येन वाक्यान्तरेण एतच्छब्दार्थस्य तत्सम्बन्धावगमात् । एवं शास्त्रोक्तैस्तत्प्रख्यादिभिर्हेतुभिस्तत्र तत्र नामत्वं बोध्यम् ।**

**अनुवाद-** "ज्योतिष्टोयेन यजेत स्वर्गकाम" भन्ने वाक्यमा यागेन स्वर्ग भावयेत् अर्थात् व्यक्ति र यज्ञ(अग्निहोत्र, सोम आदि तत्तन्नामपद)को कसरी



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
अन्वय हुन्छ र ? भन्ने शङ्का गर्न पर्दैन, किनभने भावना (शाब्दी र आर्थी) को प्राप्ति साधन (करण) का रूपमा आफूले चाहेको कुन चाहीँ याग (यज्ञ) हो, त्यस यागद्वारा स्वर्गादिफल प्राप्त गर्ने काम गरोस् भनेर "ज्योतिष्टोमनामकेन यागेन" "दर्शपूर्णमासनामकेन यागेन", "अग्निहोत्रनामकेन यागेन", "सोमनामकेन यागेन" आदि रूपमा नाम पदको समेत अन्वय हुने गर्दछ। त्यसैले नाम पदहरूको अन्वय हुँदैन कि भन्ने शङ्का गर्ने अवस्था नै आउँदैन।

उसो भए अब ज्योतिष्टोम, अग्निहोत्र, दर्शपूर्णमास, सोम इत्यादि नामको प्राप्ति वा ती सबै पदहरू नाम भनिने आधार वा प्रमाण के छ भन्ने शङ्का हुन्छ नि त ? भन्न पनि मिल्दैन किनभने प्रकरणगत ज्योति नामले परिचित यद्वा ज्योति भनेर जानिएको त्रिवृत् आदि (तीन पटक आवृत्ति गरेर भनिने वा पढिने) स्तोम (स्तुति, प्रशंसा परक मन्त्र समूह) जस्मा (जुन यागमा) छन् त्यसलाई ज्योतिष्टोम भनिन्छ भनेर श्रुतिसम्मत व्युत्पत्ति वा विग्रह (ज्योतिसंज्ञका-स्त्रिवृदादिस्तोमा यस्मिन् सन्ति स ज्योतिष्टोमयागः) बाट ज्योतिष्टोम नामको याग भन्ने नाम प्राप्त भएको हुनाले ती नाम हुन्, किनभने प्रत्येक नामको व्युत्पत्तिद्वारा तत्तन्नामको तत्तद्रूपले प्रसिद्धि प्राप्त छ।

पुनश्च यहाँ यागको त्रिवृदादि स्तोमका साथ सम्वन्ध छ भन्ने कुरा के गरी (के को आधार वा सहायताले) जानिन्छ भन्ने शङ्का गर्नु पर्दैन किनभने "त्रिवृत्, पञ्चदश, सप्तदशस्तोमाः" भन्ने अर्को वाक्यद्वारा एतत् शब्दका अर्थको सम्वन्ध बुझिन आउँछ, त्यस कारणले (हेतुले) गर्दा शास्त्रले बताएका तत्प्रख्य आदि कारणहरूका आधारमा ती ती प्रसङ्गमा आएका यज्ञहरूको तत्तन्नामता प्राप्त हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ।

## ४८) तत्प्रख्यादिहेतुविचारः।

**शास्त्रे हि– तत्प्रख्य- तद्व्यपदेश- यौगिक- वाक्यभेदैश्चतुर्भिर्नामित्वं प्रतिपादितम्। तथाहि "अग्निहोत्रं जुहोति" इत्यत्र अग्निहोत्रशब्देन अग्निदेवतारूपो गुणो न विधीयते, "अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहेति सायं जुहोति" इतिवाक्यविहितेन मन्त्रेण देवतायाः प्राप्तत्वात्। किन्तु अग्निप्रख्यापकम् (अग्निप्रापकं) यच्छास्त्रान्तरम्– "अग्निर्ज्योतिर्ज्योतिरग्निः" इत्यादिकम्, तेन प्राप्तमग्निसम्बन्धं निमित्तीकृत्य अग्नये होत्रं होमोऽस्मिन्निति बहुव्रीहिणा अग्निहोत्रपदस्य होमनामधेयत्वम्। न च होमस्य प्रत्ययवाच्यार्थभावनायां करणत्वात् तन्नामत्वे "अग्निहोत्रेण" इति तृतीया स्यात् "ज्योतिष्टोमेन" इतिवदिति वाच्यम्। द्वितीयाया एव लक्षणया करणार्थकत्वात्। 'नासाधितं करणम्' इति न्यायेन असाधितस्य करणत्वायोगात्। अर्थात् प्राप्तहोम**


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**-गतसाध्यत्वानुवादकत्वेन वा द्वितीयोपपत्तेः– इति तत्प्रख्यन्यायादत्र नामधेयत्वम्। तथा– "श्येनेनाभिचरन् यजेत" इत्यत्र श्येनपदं यागनामधेयम्, न तु यागाङ्गत्वेन श्येनपक्षिरूपगुणविधिः। "यथा ह वै श्येनो निपत्यादत्ते एवमेवायं द्विषन्तं भ्रातृव्यं निपत्यादत्ते यमभिचरति श्येनेन" इत्युपमानोपमेयव्यपदेशानुपपत्तिप्रसङ्गात्। 'श्येनपक्षी यथा पक्ष्यन्तरं निपत्यादत्ते' एवमयमपि श्येननामकः कर्म्मविशेषो भ्रातृव्यं शत्रुं निपत्यादत्ते इति व्यपदेशः कर्म्मनामत्वपक्षे एव युज्यते। यागाङ्गतया श्येनपक्षि-विधौ तु स्वस्य स्वेनैवोपमानोपमेयभावः स्यात्। स चायुक्तः। तस्माच्छ्येन तुल्यता-व्यपदेशाच्छ्येनपदं कर्मनामधेयम्। ततश्च 'अभिचरन् शत्रुवधकामः श्येननामकेन यागेन अभिचारं भावयेद्' इति वाक्यार्थः। नन्वेवमप्यभिचारस्यापि प्रवृत्तिः स्यादिति चेन्न। वेदोक्तोऽप्यभिचारो वेदविहितो न भवति फलत्वात्। 'फलं न विधेयं किन्तु फलमुद्दिश्य तत्साधनत्वेन कर्मैव विधेयम्' इति सिद्धान्तात्। अतोऽभिचारस्या-विहितत्वेन प्रत्यवायजनकत्वम्। एवम् "उद्भिदा यजेत पशुकामः" इत्यत्र पशुरूप-फलायविधित्सितस्य यागस्य उद्भित्पदन्नामधेयम्, न तु यथा कथञ्चित् प्राप्तयाग-मुद्दिश्य तदङ्गतयोद्भिद्रूपगुणविधिः। दध्यादिवदुद्भिन्नामकस्य गुणस्याप्रसिद्धत्वात्। यागे तु 'उद्भिद्यते फलमनेन' इति योगसम्भवाद् यागनामत्वम्। ननु 'उद्भिद्यते भूमिरनेन' इतियोगवशेन खनित्रादावप्युद्भिदः प्रयोगसम्भवात् खनित्रादिगुणविधिः किन्न स्यादिति चेन्न एतादृशस्थले गुणविधिः क्वापि वक्तुं न शक्यते, विरुद्धत्रिक- द्वयसमावेशाख्यदोषप्रसङ्गात्।**

**अनुवाद-** मीमांसाशास्त्रमा नै (१) तत्प्रख्य (त्यस पदले त्यसै (यज्ञ) लाई बताउने कारण वा हेतु) (२) तद्व्यपदेश (त्यही नाम बताउनाको कारण), (३) यौगिक (प्रवृत्ति प्रतिपत्यनुकूल पदार्थ ज्ञानको कारण) (४) वाक्यभेद (दुई अर्थ बुझाउन खोज्दा एउटै पदको दुई वटा वाक्यमा प्रयोग हुन जाने भयको कारण) समेत चार हेतु (प्रयोजकप्रमाणरूप कारण) हरूले विधिवाक्यमा उपदिष्ट यागबोधक नामता सिद्ध गरिएको छ। यसै गरेर "अग्निहोत्रं जुहोति" यस वाक्यमा अग्निहोत्र शव्दले अग्निदेवतारूप गुणको विधान गरिंदैन किनभने "अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहेति-सायं जुहोति" भन्ने वाक्यले विधान गरिएको मन्त्रद्वारा देवताको (नाम) प्राप्त (ज्ञात) भएको छ, तर अग्नि (भन्ने देवता) बुझाउने जो अर्को शास्त्र (उपदेशात्मक अनुशासन) "अग्निर्ज्योतिर्ज्योतिरग्नि" इत्यादि समुपदिष्ट छ त्यसैबाट अग्नि र यज्ञको सम्वन्धलाई निमित्त (आधार, लक्ष्य) वनाएर अग्नये होत्रं (होमो) विधीयत अस्मिन् भन्ने बहुब्रीहि समासद्वारा अग्निहोत्र पदका निम्ति होमको नामधेयता (नाम धारण शक्ति) प्राप्त हुन्छ। हैन, होमको प्रतीति गराउने आर्थी भावनामा करण (साधन) का रूपमा रहेको कारणले त्यही नाम मानेको खण्डमा 'अग्निहोत्रेण'



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी तृतीया विभक्तिको उपदेश हुनुपर्थ्यो जस्तो कि 'ज्योतिष्टोमेन' भन्ने वाक्यमा भएको छ भन्ने शंका गर्न मिल्दैन, "अग्निहोत्रं" भन्ने यस विधि वाक्यमा द्वितीया विभक्ति नै लक्षणा (अभिधालक्षणा) द्वारा करणकै प्रयोजनको निम्ति नै प्रयोग भएको छ। "न असाधिते करणम्" भन्ने न्यायका आधारमा असाधित (साधनका रूपमा सिद्ध नभएका पद (वा कुरा) लाई करणको रूपमा अन्वय गर्न सकिँदैन अर्थात् विधिद्वारा प्राप्त भएको होममा आश्रित साध्यत्वको अनुवाद गर्न सकिने हुनाले अथवा त्यहाँ द्वितीया विभक्ति उपपन्न (उपयुक्त) भएको हुँदा तत्प्रख्यन्याय (शास्त्र)का आधारमा यहाँ (अग्नि होत्रं जुहोति) वाक्यमा नामधेयत्व (अग्निहोत्र नामको याग भन्ने नाम) प्राप्त हुन्छ।

### क) तद्व्यपदेश न्यायद्वारा नामत्व

त्यसै गरेर "श्येनेनाभिचरन् यजेत" भन्ने यस विधि वाक्यमा उपदिष्ट 'श्येन' पद यागको नाम हो, यस विधिद्वारा यागको अङ्गका रूपमा श्येन पछिरूपी गुण बुझाइएको होइन। यसै कारणले श्रुतिमा श्येनयागको प्रशंसारूपी अर्थवादले श्येन यागलाई शत्रुमाथि विजय अभियान सार्थक पार्ने यज्ञको रूपमा बयान गरिएको छ। जस्तै -"यथा ह वै श्येनो निपत्यादत्ते एवमेवायं द्विषन्तं भ्रातृव्यं निपत्यादत्ते, यमभिचरति श्येयेन" अर्थात् जसरी बाजले आफ्नो सिकारलाई एकै झपटमा आक्रमण गरी समातेर खान्छ उसै गरी जसले यो 'श्येनयाग' गर्दछ उसले पनि आफ्ना शत्रुमाथि विजय प्राप्त गर्दछ।" यस श्रुतिवाक्यमा उपमानका रूपमा श्येनको आक्रमणलाई र उपमेयका रूपमा श्येनयागलाई बताउने कुरा अर्थ सङ्गत हुँदैन अर्थात् यो कुरा उपपत्तिपूर्ण नहुने अवस्था आउने हुनाले 'श्येनपक्षी यथा पक्ष्यन्तरं निपत्यादत्ते' अर्थात् श्येन भन्ने पंक्षीले जसरी आफ्नो सिकार वा विरोधी पक्षीलाई आफू ऊ भन्दा तल झरेर समात्तछ। उसै गरी त्यो श्येन याग नामक विशिष्ट कर्मले याग (श्येनयाग) कर्ताका शत्रुमाथि आक्रमण गरी आफ्नो वशमा गर्न सक्छ भन्ने यो सङ्केत वा उपदेश प्राप्त भएबाट श्येनयाग भन्ने कर्मको नाम रहेको हो भन्ने पक्ष मात्रै उपयुक्त एवं प्रमाण योग्यसमेत हुन सुहाउँछ।

यज्ञको अङ्गका रूपमा शेन भन्ने पक्षिलाई यज्ञमा विधान गर्दा ता आफैँ श्येनले आफ्नै उपमान र उपमेय रूपले दुवै कुरा सम्पन्न गर्ने काम सम्भव हुँदैन अर्थात् तर्क सङ्गत हुँदैन। यो पक्ष अनुचित पनि छ किनभने श्रुतिले नामधेयको विधान गर्ने उद्देश्यले यो वाक्य विधान (उपदेश) गरेको छ। त्यसै कारणले गर्दा श्येनले झैं झम्टिएर शत्रुनाश गर्ने श्येनसँग समानताको दृष्टिले यो 'श्येन' भन्ने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद कर्मनामधेय (श्येन याग भन्ने कामको नामका रूपमा) मान्नु नै उपयुक्त हुने देखिन्छ । यस प्रकारले अभिचार गर्ने भएर शत्रुको वधको चाहना गर्नेले श्येन याग अर्थात् श्येन भन्ने याग (यज्ञ)द्वारा आफूले चाहेको अभिचार कार्य पूरा गरोस् भन्ने वाक्यार्थ "श्येनेनाभिचरन् यजेत" वाट अवगत हुन्छ ।

हैन, यसो भनेकै हो वेदले, भनेर मान्ने हो भने अभिचार कार्य अर्थात् मारण, सम्मोहन, वशीकरण, उच्चाटन आदि कार्य पनि वेदले अभिमति दिएको भनेर दुर्जनहरूले झैँ आस्तिक मान्छेले पनि अभिचार कार्यमा लाग्ने भय पैदा हुन सक्छ भन्न चाहिँ मिल्दैन, किनभने जनुसुकै पनि कर्म फलवान् हुन्छन् र फलवान् नदेखिए पनि फलकल्पना गर्नुपर्ने हुन्छ, कर्मद्वारा नै फल प्राप्त गर्नु पर्ने हुन्छ र फलको विधान गरेर कर्म उत्पन्न हुने होइन किन्तु कर्मवाट अर्थात् यस श्येनयागको अनुष्ठानवाट शत्रुनाश रूपी फल विहितै छ । फलेच्छाले कर्ममा प्रवृत्ति हुन्छ तर शत्रुले पनि सोही याग गरेर आफ्नो पक्षको पूर्व श्येनयाजीको विनाश पनि गर्न सक्ने र मार्ने विगार्ने कामबाट कर्ताहरूले दण्ड वा पाप भोग्नै पर्ने कुरामा वेदादि शास्त्रको सर्वसम्मति रहेको छ । यस्तो काम गरेर फेरि प्रायश्चित गर्नुपर्ने विधान वेदमा छ । अतएव प्रायश्चित्त गर्नुपर्ने आभिचारिक यागमा प्रवृत्त न हुनुमा नै कल्याण छ । लोकमा पनि "प्रक्षालनाद्धि पङ्कस्य दूरादस्पर्शनं वरम्" अर्थात् हिलो वा फोहोर चलाएर हात गोडा कपडाहरू धुने कष्ट गर्नु भन्दा हिलो वा फोहोर नचलाउनु नै वेस(वुद्धिमानी)हो अर्थात् कुकर्म गरी प्रायश्चित गर्नु भन्दा कुकाम नै नगर्नु राम्रो हो भनिएको छ ।

## ख) यौगिक न्यायद्वारा नामकरण

यसै प्रकारले 'उद्भिदा यजेत पशुकामः' यस श्रुतिवाक्यमा पशुरूप फलका लागि विधान गर्न खोजेको उद्भित्" पदनामधेय (श्रुति) हो । न कि जसरी तसरी प्राप्त भएको 'उद्भिद्' यागको निम्ति त्यस यागको अङ्गीका रूपमा उद्भिद् रूपी गुणविधान गर्ने वाक्य 'उद्भिदा यजेत' पशुकाम हो । संसारमा दधि, पय, घृत, यव, तिल, पुरोडाश, आदि कुरा प्रसिद्ध द्रव्य भए झैं "उद्भित्" भन्ने कुनै एककुरा मात्र द्रव्य नभएको र धर्ती छेडेर जन्मने जति सबैले द्रव्य हुन सक्ने अवस्थासमेत आएको हुनाले "उद्भिद्यते फलमनेन" अर्थात् यसले फल उत्पन्न गराउँने छ भन्ने देखिने हुँदा यौगिक शब्द व्युत्पत्तिसमेत मान्नु पर्ने उद्भिद् भन्ने नाम भएको यागको विधान गरेको मानेर "उद्भिद्यते पशुरूपं फलं अनेन" यस्तो यौगिक प्रत्यय सम्झेर उद्भिद नामको यागको विधान भएको मान्नैपर्दछ । होइन, यो उद्भिन्नामको याग भन्नाले कुटो, कोदालो आदि खेतबारी खन्ने साधन मात्रै



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
हुन सक्छन् अतः ती वस्तुद्वारा याग सफल हुन सक्ने होइन र त्यसो भन्न पनि मिल्दैन ।

## ४९) विरुद्धत्रिकविचारः ।

तथाहि– "उद्भिदा यजेत पशुकामः" इत्यत्र मानान्तरेणाप्राप्तस्य यागस्यानुवादासम्भवात् पशुकर्म्मकभावनायां करणत्वेन यागो विधेयः-'यागेन पशून् भावयेद्' इति । ततश्च यागस्य विधेयत्वम् , फलं प्रति शेषतया प्रतीयमानत्वात् गुणत्वम्, 'शेषतया, अङ्गतयेत्यर्थः, फलसिद्धचर्थं पुंसाऽनुष्ठीयमानत्वात् उपादेयत्वमिति विधेयत्वगुणत्वोपादेयत्वात्मकमेकं त्रिकं यागेऽस्ति । तथा यागोद्देशेनोद्भिद्गुणविधौ विधित्सितगुणापेक्षया प्राधान्यम्, उद्देश्यत्वम्, अनुवाद्यत्वञ्चेति द्वितीयं त्रिकम् । तदेतत् त्रिकद्वयं परस्परविरुद्धम् एकस्मिन् यागे प्रसज्येत, अतो न गुणविधिः । न च "सोमेन यजेत" इत्यत्र विरुद्धत्रिकं विनैव सोमशब्दस्य सोमवति यागे लक्षणमङ्गीकृत्य, 'सोमवता यागेनेष्टं भावयेत् 'इति सोमविशिष्टयागविधानाद् यथा सोमरूपगुणविधिः, तद्वद् उद्भित्पदस्यापि मत्वर्थलक्षणया उद्भिद्विशिष्टयागविधानाद् अत्रोद्भिद्गुणविधिः स्यादिति वाच्यम् । सोमादौ गत्यन्तराभावान्मत्वर्थलक्षणया विशिष्टविध्यङ्गीकाराद् उद्भिदादौ नामत्वेन गतिसम्भवाद्विशिष्टविध्यङ्गीकारायोगात् । तस्माद्योगवशा- दुद्भिदादीनां नामत्वम् । तथा–"चित्रया यजेत पशुकामः" इत्यत्र चित्रापदं प्राजापत्य-नामधेयम् । "दधिमधुघृतमापो धानास्तण्डुलास्तत्संसृष्टे प्राजापत्यम्" इति सामानाधिकरण्याद् यो दध्यादिद्रव्यषट्कस्य प्रजापतिदेवतासम्बन्धः श्रुतः तेनानुमितो यागो विधीयते । विहितस्य यागस्य फलाकाङ्क्षायां "चित्रया यजेत" इति वाक्यं फलसम्बन्धविधायकम् । तत्र फलार्थत्वेन पुनर्विधिरिति तस्य प्राजापत्ययागस्य दध्यादिविचित्रद्रव्यकत्वात् चित्रापदं कर्मनामधेयम्, न तु "अग्नीषोमीयं पशुमालभते" इतिवाक्यप्राप्तपशुयागं 'यजेत' इत्यनुद्य चित्रत्वरूपगुणद्वयविधानम् । मानान्तरप्राप्तं कर्म उद्दिश्य तत्रानेकगुणविधाने वाक्यभेदात् । तदुक्तम् 'प्राप्ते कर्म्मणि नानेको विधातुं शक्यते गुणः' । इति ।

मानान्तरप्राप्ते कर्म्मणि त्वनेकदेवताऽ ष्टाकपालपुरोडाशामावास्यापौर्णमास्या- द्यनेकगुणविशिष्टो द्रव्यदेवता-सम्बन्धेनानुमितो यागो विधीयते इति सिद्धान्तः । तदुक्तम्– 'अप्राप्ते तु विधीयन्ते बहवोऽप्येकयत्नतः' । इति ।

अथ–यथा "पशुना यजेत" इत्यत्र मानान्तरप्राप्तयागमुद्दिश्य तदङ्गतया 'पशुना' इत्येकपदोपात्तानां पशुद्रव्यतद्गतलिङ्गसङ्ख्यानां त्रयाणां वाक्यभेदं विनैव विधिरङ्गीकृतः, तद्वदत्राप्येकपदोपात्तचित्रत्वस्त्रीत्वविशेषितपशुद्रव्यकारकस्य विधानान्न



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यभेदः । अत एव तत्र विधेयस्य पशोरूपादेयत्वात् तद्गतमेकत्वं यज्ञाङ्गतया विवक्षितमित्येकेनैव पशुना यष्टव्यम्। "ग्रहं सम्मार्ष्टि" इत्यत्र 'ग्रहम्' इति द्वितीयया ग्रहस्येप्सिततमत्वेनोद्देश्यत्वात् प्रयोजनवत्वाच्च प्राधान्यं गम्यते, संमार्गस्तु ग्रहं प्रति गुणभूतः । 'प्रतिप्रधानं गुण आवर्त्तनीयः' इति न्यायाद् 'यावन्तो ग्रहास्तेषां सर्वेषां संमार्गः' इति निश्चये सति, 'कति ग्रहाः सम्मार्जनीयाः' इति बुभुत्साया अभावादुद्देश्यगतमेकत्वं श्रूयमाणमप्यविवक्षितम् । यद्युच्येत– 'नेदमुद्देश्यगतं किन्तु स्वयं विधेयम्' 'ग्रहं संमृज्याद्' 'यं संमृज्यात्त ञ्चैकम्' इति । तथा सति विधेयभेदाद्वाक्यभेदः स्यात्। तथा बुभुत्साया अभावात् विधानाऽयोगाच्चोद्देश्यगता सङ्ख्या न विवक्षिता (पू० मी० अ० ३पा, १ अधि० ७) उद्देश्यगतमपि विशेषणं किञ्चिद्विवक्षितं, यस्य विशेषणस्य विवक्षां विना उद्देश्यप्रतीतिर्न पर्यवस्यति। यथा-तत्रैव ग्रहत्वं विवक्षितम्। तद्विवक्षया विना उद्देश्यस्वरूपस्य ज्ञातुमशक्यत्वात् तेन ग्रहजातीयसाधनकसोमयागापूर्वार्थत्वाच्चमसेषु न संमार्ग इति स्थितम्। (पू० मी० अ० ३पा० १ अधि० ८)। "पशुना यजेत" इत्यत्र तु यागं प्रति पशुर्विधेयत्वाद् गुणभूतः, प्रतिगुणं प्रधानावृत्तिर्नास्तीति कियद्भिः पशुभिः यागः कर्त्तव्य इत्याकाङ्क्षायाम् एकवचनेन प्रतीयमानं विधेयगतमेकत्वं विवक्षितम् बुभुत्सितत्वात् (पू० मी० अ० ४पा० १ अधि० ५) किञ्च लिङ्गसङ्ख्याविशेषितस्य पशुद्रव्यरूप-कारकस्य एकपदोपात्तस्य विधेयत्वाद्विधेयपशुद्वारा तद्गतलिङ्गसङ्ख्यादेरपि क्रियाङ्गत्वादेकत्वं विवक्षितम्। अथवा तृतीयया विभक्त्याऽभिहितयो -र्लिङ्गसङ्ख्ययोर्विभक्त्यभिहितया करणकारकशक्त्याऽऽत्मसात्कृतयोः प्रातिपदिकार्थ-पशुद्रव्येण सम्बन्धमनादृत्य तद्वदेव साक्षात् क्रियाङ्गत्वेन विधाने सति पश्चादरुणैकहायनीन्यायेन परस्परमन्वयः–यागाङ्गत्वेन विहितो यः पशुः स एकः पुमांश्चेति। यथा–"अरुणया पिङ्गाक्ष्या एकहायन्या गवा सोमं क्रीणाति" इत्यत्र कारकाणां क्रियान्वयनियमात् करणविभक्तिभिरारुण्यपिङ्गाक्षीत्वादीनां चतुर्णां परस्परमनन्वितानामेव सोमक्रयणाङ्गत्वेन अन्वये सति आरुण्यादेर्गुणस्यामूर्त्तस्य स्वतः क्रियासाधनत्वायोगात् क्रियासाधनैकहायनीगोपरिच्छेदकत्वेन पश्चात् परस्परं पार्ष्णिकान्वयः–या एकहायनी गौः सा पिङ्गाक्षी अरुणेति, तद्वत्। (पू० मी० अ० ३ पा० १ अधि० ६)। तदेवमुद्देश्यगतविशेषणमविवक्षितम्, उपादेयगतमेव विवक्षितमिति स्थितम्। एवञ्च चित्रापदेनचित्रत्वस्त्रीत्वोभयविशेषितपशुकारकस्ययजेतेति-पदानूदितेऽग्नीषोमीयपशुयागे विधातुं शक्यत्वात् कथं नामत्वमिति चेन्न। तथा सति प्रकृतस्य प्राजापत्ययागस्य फलसम्बन्धाकाङ्क्षस्य हानम्, अप्रकृतस्य अग्नीषोमीययागस्य कल्पना च स्यात्। तद्द्वयमयुक्तम् । तस्माच्चित्रापदं कर्म्मनामधेयम् । एवं तत्प्रख्यादिभिरन्यतमेन सर्वत्र कर्म्मनामत्वमूह्यम्।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**अनुवाद-** "उद्भिदा यजेत पशुकामः" यस विधिवाक्यमा खनित्र आदिलाई स्थानविशेष विधिको रूपमा कहीँ पनि गुणविधि भएको भन्न मिल्दैन । किनभने यस व्युत्पत्तिलाई मानेर गुणविधि स्वीकार गर्दा विरुद्ध-त्रिक-दोष आइपर्दछ अथवा विरुद्ध-त्रिक-दोष पर्न सक्दछ । प्रधानत्व, उद्देश्यत्व, अनुवाद्यत्व प्रधान(मुख्य) यागमा हुन्छन् । अङ्गत्व (गुणत्व) उपादेयत्व र विधेयत्व अङ्गमा रहने गुण हुन् । यी विरुद्ध-त्रिकहरू एउटैमा हुन्छन् भन्ने कुरा मान्य हुन सक्दैन । यी तीन तीन कुरा परस्पर विरुद्ध-त्रिक-दोष भनिन्छन् किनभने 'उद्भिदा यजेत पशुकामः' यस स्थलमा अर्को कुनै दोस्रो प्रमाणले गर्दा यो 'उद्भिद्' याग प्राप्त भएको ता छैन ताकि त्यस विधि वाक्यको अनुवाद गरेर 'खनित्ररूपी गुणको विधान गर्न सकिन्थ्यो, किन्तु पशुकर्मक भावनामा करणरूपले यागको नै विधान हुन्छ । अनि"यागद्वारा पशु प्राप्त गरियोस्"भन्ने यस्तो यागको नाम अन्यत्र कतै विधान नभएको समेत कारणबाट पनि यो नै 'उद्भिद्' याग हो भन्ने कुरा स्पष्ट हुन्छ । यसो नमानेर यसलाई गुणविधि मानेको खण्डमा भने यागमा विधेयत्व आउने छ, अर्को कुरा के भने फलका प्रति अङ्गरूपले प्रतीत हुने कारणले गर्दा त्यसमा गुण (पशुरूप द्रव्यं) पनि सँगै आएकै देखिन्छ र फल सिद्धिका निम्ति पुरुषद्वारा अनुष्ठित हुने हुँदा त्यसमा उपादेयत्व पनि छ । यस प्रकार विधेयत्व गुणत्व र उपादेयत्व रूप तीन कुरा (त्रिक) ता यागमा नै रहने गर्दछ । अनि जब यागको उद्देश्यले उद्भिद् (कुटो, कोदालो, कोदाली आदि) खन्ने साधनले याग सम्पन्न हुनै सक्दैन र यस्तो(कुटो यज्ञ, कोदालो यज्ञ आदि) विधान गर्ने कुरा पनि हुँदैन । त्यसो गरे तापनि त्यस प्रकारको विधानमा अभीष्ट (आफूले चाहेको) गुणको अपेक्षा (चाह) गरेमा अघि भनेका अङ्गमा बस्ने विधेयत्व, गुणत्व र उपादेयत्वका विरोधी तीन कुराहरूः- प्रधानत्व, उद्देश्यत्व र अनुवाद्यत्व जो कि मुख्य (यागकर्म) मा बस्छन्, एकै ठाउँमा क्रमशः प्रधान र अङ्गमा तीन/तीन कुराका विशेष पहिचानहरू समेत पालैपालो घट्न(वस्न) आउने छन् । यसरी उही एउटा 'उद्भिद्' उही समयमा क्रमशः गुणकर्म र प्रधानकर्म हुनु अनुचित हुन्छ । यसो गर्दा "उद्भिदा यागं भावयेत् भन्यो अनि फेरि 'यागेन पशुं भावयेत्' भन्नुपर्ने हुन्छ र दुई वाक्य हुने अवस्था पनि पर्दछ, यो पनि ठीक हुँदैन । किनभने एउटा त्रिकमा पर्ने पशु प्राप्त गराउने कर्मको (भावनाको) साधन (करण) का रूपमा यागको विधान हुन्छ र त्यहाँ याग फलसाधन गर्ने सहयोगी हुनाले गुणत्व, पशुरूप फल प्राप्तिको निम्ति पुरुषले अनुष्ठान गरिइने हुनाले उपादेयत्व, फलका निम्ति ग्रहण गरिइने हुँदा विधेयत्व पनि हुन जाँदा विरुद्ध त्रिक दोष पर्ने भयो । यस्तो दोष विधिवाक्यमा आउनु स्वीकार्य हुँदैन । यसकारणले उद्भिद्यते पशुरूपं फलं अनेन यागेन" (यो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञले पशुरूपी फल पैदा हुन्छ) भन्ने यौगिक -व्युत्पत्ति) का आधारमा उद्भित् भन्ने 'याग' विशेष हो भनेर 'उद्भिदा यजेत पशुकाम' ले याग विधान गरेको हो भन्ने कल्पना गर्ने कुरा ठीक मान्नु पर्दछ किनभने पूर्वोक्त विरुद्ध त्रिक दोषका भयले यस वाक्यलाई गुणविधि भन्न सकिँदैन ।

यहाँ अब फेरि अर्को शङ्का हुन सक्छ, त्यो के भने– "सोमेन यजेत" यहाँ पनि विरुद्ध त्रिक दोषतर्फ नलगाएर मत्वर्थका आधारमा लक्षणा गरी 'सोमवता यागेन इष्टं भावयेत्' यस्तो वाक्यद्वारा सोमद्रव्यविशिष्ट यागको विधानद्वारा सोमलतारूप गुणको नै विधान भए झैँ यहाँ पनि उद्भित् पदमा मत्वर्थ लक्षणा गरेर 'उद्भिद्' द्रव्यविशिष्ट यागको विधानद्वारा उद्भिद् रूप गुणको विधान गरौँ न त के दोष वा के नै फरक पर्ला र ? भन्ने तर्क गर्ने हो भने सोम प्रभृति शब्द परेका विधिवाक्यमा ता अरू कुनै उपाय नभएबाट (विधिवाक्य व्यर्थ हुने अवस्था परेको हुँदा) अर्को कुनै उपाय नदेखेर मत्वर्थलक्षणाद्वारा 'सोमवता' यस्तो सोमविशिष्ट विधि स्वीकार गरिएको हो । तर 'उद्भित्' प्रभृतिमा ता 'उद्भित्' भन्ने नामको विधान गर्ने वाक्य मान्दा कुनै आपत्ति नपर्ने र त्यस्तो नाम अन्यत्र विधान गरेको पनि नभएबाट कुनै आपत्ति वा शङ्का गर्ने ठाउँ थिएन । त्यसो हुँदा यसरी विशिष्ट (मत्वर्थ) लक्षणा गर्नु किन पर्छ र ? अर्को कुरा गुण विधायक मान्दा कुटो, कोदालो (उद्भिद्)ले यज्ञ गर्ने वा गराउने भए गरेको कुरा कतै विहित वा सुनेको पनि नहुनाले यहाँ 'उद्भिद्' भन्ने नाम भएको याग भनेर नाम विधि मान्नु नै (नामकल्पना गर्नु नै) ठीक हुन्छ ।

**वाक्य भेद भयले नामत्व**

**अ)** यसै प्रकारले 'चित्रया यजेत पशुकामः' वाक्यभेदका भयले गर्दा यस वाक्यमा 'चित्रा' पदले प्राजापतय यागकै नाम हो भन्ने बोध हुन्छ । किनभने दही, घीउ अप् (जल) धाना(भुटेको जौ वा भुटेको धान), तण्डुल आदि मिलाएका द्रव्यको स्वामी प्रजापति अर्थात् ती द्रव्य प्राजापत्य प्रजापतिका निम्ति भन्ने मान्यता वैदिक (याज्ञिक) हरूको रहिआएको छ । जस्तैः दधि, मधु, घृत्म, आपः, धाना स्तण्डुला स्तत् संसृष्टं च प्राजापत्यम् ।" इत्यादि स्थलहरूमा भएका पदार्थहरूको (एउटै स्थान वा वाक्यरूपी) सामानाधिकारण्य छ भन्ने कारणले दही आदि ६ प्रकारको पूर्वोक्त द्रव्यहरूका देवता प्रजापति मानिएबाट तिनीहरू प्रजापतिसँग सम्बन्धित छन् भन्ने श्रवण (श्रुति) हुन्छ । यो यज्ञलाई मानेपछि यसको फल (यज्ञफल) के हो त भन्ने जिज्ञासा हुँदा "चित्रया यजेत पशुकामः" भन्ने यस श्रुतिवाक्यबाट पशुप्राप्ति रूप फलको साथ यो यज्ञको सम्बन्ध स्थापित हुने नजिर मिल्दछ र फलसिद्धिका करण (अर्थात् साधनरूप द्रव्य) का रूपमा पुनः



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोही विधिबाट त्यस प्राजापत्ययागका दधि, घृत, मधु, धानापः करम्भादि रूप चित्र द्रव्यको विधान गरेर चित्र विचित्र (धेरै थरि) द्रव्यद्वारा सिद्ध (सम्पन्न) हुने यस यज्ञलाई चित्र यागको नाम दिइएको हो ।

**आ)** अब यसरी नै एउटै वाक्यलाई दुई, तीन पटक (चित्रायाग, चित्रहवि, पशुफल) अनुवाद गर्ने नै हो भने "अग्निषोमीयं पशुं आलभेत" यस वाक्यमा प्राप्त पशुयागलाई नै 'यजेत' ले अनुवाद गरी चित्रत्व र स्त्रीत्व जस्ता दुई वटा गुणहरूको विधान गरेको हो भनेर मान्न किन नहुने भन्ने शङ्का गर्ने ठाउँ छ तर अर्को प्रमाण (विधिवाक्य) द्वारा प्राप्त कर्मका निम्ति अनेकौं गुण (द्रव्य) विधान गर्दा वाक्य भेद रूप दोष आइपर्दछ। त्यसैले (प्राप्त भइसकेको ठाउँमा पुनः द्रव्यादिको विधान गर्दा वाक्यभेद हुने हुनाले) पुनर्विधान गरिँदैन, भनिन्छ– प्राप्ते "कर्माणि नानेको विधातुं शक्यते गुणः" । मीमांसा शास्त्र भन्छ– कुनै अरू प्रमाणले द्रव्य(गुण)प्राप्त नभएर नै विहित(प्राप्त) कर्ममा भने अनेक देवताको अष्टकपाल पुरोडाशको विधान हेरेर अमावास्येष्टि, पौर्णमास्येष्टिका अनेक देवता र अनेक द्रव्यरूप द्रव्यदेवता सम्बन्धद्वारा अनुमित यागको विधान हुन्छ । जस्तैः- "प्राप्ते कर्मणि नानेको विधातुं शक्यते गुणः। अप्राप्ते तु विधीयन्ते बहवोऽप्येक-यत्नतः (श्लो.वा.) ॥

**इ)** जब वाक्यभेदका डरले नाम (कर्मनाम वा द्रव्यनाम) विधान हुन्छ तर त्यो ठाउँमा कुनै अर्कोले विधान नगरेको भए मात्र हुन्छ भन्ने यस सिद्धान्तमा शङ्का(पूर्वपक्ष) हुन्छ कि जसरी "पशुना यजेत" यसमा अर्को प्रमाणबाट प्राप्त भएको यागलाई लक्ष्य गरेर त्यसका अङ्गका रूपमा पशुना भन्ने यस एउटै शब्द (पद)द्वारा मात्रै प्राप्त पशुरूप द्रव्य, त्यसको लिङ्ग र सङ्ख्यासमेत धेरै कुराको विधान गर्दा पनि वाक्यभेद दोषबिना नै सम्भव भयो । उसै गरेर यहाँ चित्रया भन्ने एउटै पदले नै विचित्रत्व र स्त्रीत्व गुणविशिष्ट रूप कारक (विभक्ति)द्वारा विधान गरे ता वाक्यभेदरूप दोष आइपर्ने थिएन । किन्तु यहाँ विधेय पशुलाई उपादेय (द्रव्य) भएबाट त्यसको विधेय यागको अङ्गका रूपमा ऐक्य मानिएको छ । अर्थात् एउटै पशु (द्रव्य)ले यज्ञ गर्नु पर्दछ, अर्को प्रयोग गर्न पाइँदैन भन्ने निर्क्यौल गरिएको छ र "ग्रहं सम्मार्ष्टि" यहाँ ग्रहको एकत्व विवक्षित नभएर ग्रहगत एकत्वको विवक्षा भएबाट सबै ग्रह (सोम ग्रहण गर्ने पात्र) हरूको सम्मार्ग (माझ्ने चोखो पार्ने कार्य) को विधान भएको भन्ने बुझिएको मानियो । ग्रहपदमा भएको द्वितीया विभक्ति (कर्म संज्ञा भएको हुनाले कर्ताको ईप्सिततम मानेर माझ्ने वा शुद्ध गर्ने उद्देश्यगत एकताको ग्रहण गरिएको हुँदा ग्रहगत एकत्व पनि व्यर्थ नभएको मानिएको हो र सम्मार्जन कार्य ग्रहको अपेक्षामा गौण हुन गएको पनि हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**इ)** वास्तवमा हरेक प्रधानमा गुणको आवृत्ति हुन्छ । गुण भनेको जल, चन्दन, फूल आदि पूजा सामान वा चरु, पुरोडाश, पशु, आज्य आदि द्रव्य हुन् । देवताको पूजा होम आदि गर्दा पनि जसरी देवताको नाम होइन द्रव्य मात्र पुनः पुनः दोहोऱ्याएर प्रदान गरिन्छन् । उसैगरी "ग्रहं सम्मार्ष्टि"मा पनि ग्रह माझ्ने वा पवित्रीकरण गर्ने कुरा मात्र विवक्षित (भन्न खोज्या) हो तर कति वटा माझ्ने भनेर सङ्ख्या सोध्ने वा तोक्ने विवक्षा (इच्छा)लाई गौण मानिएको हो । गौणलाई पनि कर्म संज्ञा हुने कुरा दृश्यादि, (दुत्याच् पच् आदि)लाई कर्म संज्ञा गर्ने क्रममा स्पष्ट गरिएकै छ । यसैले सङ्ख्या विवक्षित होइन यद्यपि त्यो श्रूयमाण थियो ।

**उ)** यदि मानौं कि त्यो "ग्रहं सम्मार्ष्टि" मा आएको एकवचन वा एकत्व उद्देश्यअन्तर्गत पर्दैन, तर स्वयं विधेय ता हुँदै हो । जस्तो कि ग्रहलाई माझ्ने काम गर्न र त्यो ग्रह एउटा हुनुपर्ने होइन र ? भन्ने हो भने भिन्न-भिन्न ग्रहहरूको सम्मार्जन गर्नुपर्ने हुँदा त्यसै शास्त्रले (वाक्यले) भन्यो र यहाँ व्यक्तिले बुझ्यो त्यो के भने ग्रह माझेर अर्को नमाझ्दा यो के गर्ने नि ? भन्ने प्रश्न आउन सक्छ । गां आनय, ब्राह्मणं भोजय (गाई ल्याउ, ब्राह्मण भोजज गराउ) भनेको सुनेर वरिपरि भेटिएका निम्ता गरिएका जम्मा भएका ब्राह्मण र चराउन लगेका गाई मात्रै ल्याइन्छ दुनियाँभरिका ब्राह्मणलाई जम्मा गरी भोजन गराउने यजमान वा फाँटमा भएजति सबै (अरूका पनि) गाई ल्याउने कुरा गोठालेको र अह्राउनेका मनसाय (शाव्दी र आर्थी भावना) पनि होइन । उसैगरी ग्रह एउटा माझ्ने अर्को नमाझ्ने झैँ आफ्ना गाई केही ल्याउने केही नल्याउने पनि होइन । अर्को कुरा सँगै बसेका ब्राह्मण र सँगै चर्न लगिएका गाईमध्ये कुनै छुटाएमा अपमान वा हेला गरेको हुने र भोजन गर्न जाउँ भन्दा सबै आउने र अरू गाई घर गएको देखेपछि बाँकी भएको पनि घर आउने कुरा स्वतः सिद्ध हुन्छ भने अब्राह्मण र गाई भिन्नले आफ्नो गण वा जात गए जाने नत्र नजाने कुरा बुझे झैँ ग्रह माझ्ने कुराले चमस माझ्ने कुराको विधान पनि नभएको नै हो भन्ने बुझेर अर्ध्वयुगणका ऋत्विक् अग्नीदादिले चमस पात्र माझ भनेको होइन भनेर पनि स्वतः बुझ्दछन् । जसरी हरि आऊ भन्दाः हरिसँगै बसेको राम आउँदैन हरि मात्रै आउँछ भन्ने स्पष्ट छ ।

**ऊ)** 'पशुना यजेत' यहाँ यागका निम्ति विधेय भएको हुँदा पशु गुण भूत वन्दछ । प्रत्येक गुणमा प्रधानको आवृत्ति हुँदैन । यसैले "कति पशुद्वारा यज्ञ सम्पन्न होस्" भन्ने जब आकाङ्क्षा हुन्छ तब पशुमा (गणमा देखिएको) वचन (सङ्ख्या) 'पशुना' ले विधेय पशुको सङ्ख्या पनि निक्र्यौल हुने हुँदा "तृतीया" ले निर्देशन गरेको हो भन्ने वुझ्नुपर्ने हुन्छ र यसै निम्ति तृतीयाको प्रयोग भएको हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकार लिङ्ग र सङ्ख्या युक्त भएको पशुद्रव्य रूप कारक एकै पदमा उपस्थित भएर तत्तत् कर्ममा विधेय (बोध्य, गम्यं, प्रयुज्य) हुन्छन् यज्ञ कर्मादिमा विधेय पशु आदि द्रव्यद्वारा कर्मका अङ्ग(साधन द्रव्य)का साथ त्यसका लिङ्ग, विभक्ति (कारक= गराउने, गर्ने कुरा) र वचन (संख्या) पनि त्यो विधि वाक्यमा प्रयुक्त "ग्रहं' पशुना" समिधा आदिका रूपमा रहेर एकत्वको वा अनेकत्वको विवक्षा गर्छन् भन्ने कुरा पनि एकै पटक बुझाउँदछन् ।

**ऋ)** अथवा भनौं विभक्तिले बताइएका करण कारकको शक्तिद्वारा आफ्ना अधीन गरिएका प्रथमा द्वितीया तृतीया आदि विभक्ति मार्फत् बताइएका वचन (सङ्ख्या) र लिङ्गको प्रातिपदिक (शब्द) को अर्थ पशुद्रव्य आदिका साथ रहेको सम्वन्धलाई बेवास्ता गरेर त्यो (वचनादि) अनुसार साक्षात् क्रिया (भावना शाब्दी एवं आर्थी) को अङ्गका रूपले विधान गरिएपछि (प्रकरण प्रसङ्गानुसार) अन्वय (सँगसँगै अर्थ बुझाउने काम) हुन्छ र त्यो काम "अरूणा एकहायनी" न्यायद्वारा हुन्छ । याग वा यज्ञमा अङ्गरूपले विहित जो पशु वा द्रव्य छन् । ती एक छन् स्त्री हुन् या पुरुष हुन् भनी बुझ्न बुझाउन सक्छन् । जस्तैः–

"अरूणया एकहायन्या, पिङ्गाक्षा' इत्यादि स्थलहरूमा कारकका क्रियाका साथ अन्वय हुनुपर्ने नियम भएको हुनाले करण विभक्ति (तृतीया) द्वारा आरुण्य, पिङ्गाक्ष्य, आदि ४ पदार्थ (विशेषण) हरूको आपसमा अन्वय भएरै सोम क्रयणीको अङ्गरूपले सँगै लागेर (अन्वित भएर) अरूण्यादि अमूर्त (गुणभूत) पदार्थ स्वतः क्रयणरूप क्रियाका साधन हुन सक्तैनन् किनभने रातो, पहेँलो, आदि रङ्ग आफैं क्रयसाधन नभएर एक वर्षकी कोरली बाछीका परिच्छेदक (त्यसलाई अरूवाट भिन्नै पार्ने) का रूपमा सँगै अन्वय भएर त्यो बाच्छीको परिचय गराउने गुण राता आँखा, रातो वर्णका रूपमा गाईकै साथमा सोमक्रयण गर्ने स्थानमा पुगी मद्दत गर्छन् । यहाँ सम्मको हाम्रो चर्चाको निष्कर्ष अथवा सार कुरा के भने रङ्ग (वर्ण) अर्मूत अर्थात् समाउन बाँधन नमिल्ने र कुट्न पिट्न नमिल्ने कुरा हुन् उसरी नै उद्देश्यका सँगै आएका विशेषण अविवक्षित हुन्छन् र विधेयगत रूपमा विवक्षित हुन्छन् । यसबाट 'चित्र' पद द्वारा चित्रत्व र स्त्रीत्व यी दुवै विशेषणद्वारा पशु रूप कारक (शब्द, नाम) सँगै जब अनुदित भै अग्नीषोमीय पशुयागमा विहित भएको हो, त्यो चित्र वा स्त्रीत्व मात्रै न होम गर्न सकिन्छ न त बोली व्यवहार गर्न नै, किन भने ती जीवाश्रित (जीव हिंडे हिँड्ने, बसे, बस्ने, गुण हुन् । ती आफैं हिँड्न बोल्नसमेत सक्तैनन् । त्यसैले यहाँ चित्र पद पशुयागको यजेतसँग अन्वय भयो भने त्यो नाम बन्न अथवा त्यसलाई 'नाम' भन्ने अवस्था रहँदैन कि ?

**ए)** यो शङ्का (जिज्ञासा)को उत्तर वा समाधान यस्तो छ कि हैन ?



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसरी अग्नीषोमादि पशुका विधानवाक्यको अनुवाद गरेर त्यही यजेत का आधारमा चित्राको नामत्व हुने पक्ष स्वीकार्य हुन सक्तैन, यदि त्यसो हुँदो हो त फलसम्बन्धाकाङक्षी प्रकृत प्राजायत्य यागलाई परित्याग गर्नुपर्ने अवस्था हुनेछ र प्रसङ्ग नपरेको (अप्रकृत) अग्नीषोमय यागको कल्पना गर्नु पर्नेछ, यी दुवै अवस्था ल्याउने पक्ष (कुरा) अनुपयुक्त छ। यसैले यहाँ चित्रापदवाट कर्मको नाम हो भन्ने प्रतीति (प्रत्यय, विश्वास, निधो) हुन्छ। यसै प्रकारको तत्प्रख्या आदि (तत्प्रख्य, तद्, व्ययदेश, यौगिक, वाक्यभेदभीति, न्याय)मध्ये कुनै एक प्रमाणवाट सवै यस्ता विशेष स्थान जहाँ यागनाम द्रव्य, वचनादिको जिज्ञासा हुन्छ त्यसमा कर्मको अभिधान संज्ञा वा द्रव्य देवतादिको निधो गर्नुपर्ने कुरा स्मरणमा राख्नु पर्दछ। यस प्रकार विधिवाक्यको प्रामाण्य स्थापित हुन्छ भन्ने कुरा (विषय) को यहाँ विस्तृत चर्चापूर्वक विवेचन गरी निधो गरियो।

## ५०) अथार्थवादो विचार्यते।

**अर्थवादानां तु स्वार्थपरत्वे प्रयोजनाभावात् अध्ययनविधिवशेन फलवदर्थज्ञानार्थत्वस्यावस्यकत्वाद् विधेयगतप्राशस्त्यप्रतिपादनद्वारा विध्येकवाक्यतया प्रामाण्यम्। स च चतुर्विधः– निन्दा–प्रशंसा-परकृति-पुराकल्पभेदात्। तत्र निन्दार्थवादो यथा– "असत्रं वा एतद्यदच्छन्दोगम्" "अश्रुजं हि रजतं यो वर्हिषि ददाति पुराऽस्य संवत्सराद् गृहे रुदन्ति" इत्यादि। प्रशंसा यथा- "शोभतेऽस्य मुखं य एवं वेद" "वायुर्वै क्षेपिष्ठा देवता, वायुमेव स्वेन भागधेयेन उपधावति स, एव एनं भूतिं गमयति।" इत्येवमादि। परेण महता पुरुषेणेदं कर्म्म कृतमिति प्रतिपादकोऽर्थवादः परकृतिः, यथा-"अग्निर्वा अकामयत" इत्यादिः। परप्रवक्तृकार्थादिप्रतिपादकः पुराकल्पः, यथा-"तमशपद् धिया धिया त्वा वध्यासुः" इत्यादिः। तत्र निन्दाऽर्थवादस्य विधेयान्यनिन्दाद्वारा विधेय-प्राशस्त्यपरत्वम्। "अश्रुजम्" इत्यादिरजतनिन्दाद्वारा विधेयभूतरजतदाननिषेध-प्राशस्त्यपरत्वे विरोधाभावात्। इतरेषां त्रयाणां साक्षात् प्राशस्त्यपरत्वमेव। "वायुर्वै" इत्यर्थवादस्य वायुः क्षिप्रगामित्वादतीव प्रशस्ता देवता, अतस्तद्दैवत्यं कर्म्म प्रशस्तमिति विधेयदेवतागतप्राशस्त्यप्रतिपादनद्वारा विध्येकवाक्यत्वम्। "अग्निर्वा अकामयत" इत्यस्य अग्निदैवत्यो यागः पूर्वकाले अग्निना कृतत्वात् प्रशस्तः। आधिक्यादिदानीमप्यन्यैर्यजमानैरवश्यंकर्तव्य इति विधेय- कर्मगतप्राशस्त्यद्वारा विधिना सह एकवाक्यत्वेनार्थवादस्य प्रामाण्यम् अस्ति। एवमन्यत्र अपि ऊह्यम्। क्वचित् कार्यान्तरमप्यस्ति यथा–"अक्ताः शर्कराः आदधति" इति विधौ अक्ताः इति पदेन द्रव्यसामान्यं प्रतीयते। तच्च द्रव्यं किं स्यादितिसन्देहे "तेजो वै घृतम्" इति अर्थवादात् घृतमिति निश्चयो विधीयते।**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**इति सन्दिग्धार्थनिर्णयात्मकतया अर्थवादस्य प्रामाण्यं विधिना एकवाक्यता च ज्ञायते । इत्यर्थवादविचारः ।**

**अनुवाद-** अर्थवादको आफ्नो अर्थमा कुनै प्रयोजन (फल) नभए तापनि अध्ययन विधिका आधारमा अर्थवादहरू फलयुक्त अर्थवान् (प्रयोजन, उद्देश्य भएको सार्थक) हुन् भन्ने ज्ञान चाहिँ अवश्य नै हुन्छ । वेदका मात्रा मात्रको पनि प्रयोजन छ । व्यर्थमा वेदका मन्त्र ब्राह्मण, आरण्यक, उपनिषद् का कुनै पदको त विशेष उद्देश्य वा प्रयोजन छ नै कुनै मात्राको पनि व्यर्थता (प्रयोजनहीनता) छैन । "नहि मात्रामात्रस्याप्यानर्थक्यं वेदे" भन्ने हाम्रो मान्यता (सिद्धान्तर व्यवहार दुवै पक्षबाट) स्थापित छ । यसकारण अर्थवाद (प्रशंसा परक वर्णन बयान) वाक्यले पनि विधिद्वारा विधान गरिइने यज्ञ वा कर्मको वा विधिको प्रशंसा र निषेध वा निन्दाको प्रतिपादक भएर विधि निषेधपरक वाक्यका साथ एक-वाक्यता (उही कुराको समर्थन वा समन्वय) द्वारा प्रमाणको रूपमा आफ्नो मान्यता मर्यादा स्थापित गर्दछन् । अतएव अर्थवाद पनि प्रमाणिक मानिएका छन् र (अर्थं= विधिवोधितं कर्म द्रव्यं गुण वस्तु (तदेव) वदन्ति= कर्मप्रशंसनेन द्रव्य प्रशंसनेन, ग्राह्याग्राह्य, लाभा-लाभ-प्रदत्वादि पक्ष-दर्शनमुखेन वा विधिमेव स्तुवन्ति, विधिवोधिते कर्मणि लोकान् प्रर्वतयन्ति चेति वर्ततेऽर्थवादानां सार्थकता प्रयोजनवत्ता वेति मीमांसकानां प्रसिद्धः सिद्धान्तो वरीवर्त्ति" यो वेद मीमांसकहरूको सर्वसम्मत सुपसिद्ध सिद्धान्त रहेको छ । यो कुरा अर्थवाद शब्दका बनोटले (अर्थात् अर्थं वदति, तेनार्थवादः) बनोटले स्वतः स्पष्ट पारेको छ ।

**अर्थवादको भेद**

अर्थवादका समग्र पक्षलाई केलाउँदा वेद मीमांसकले अर्थवादलाई चार भागमा वा किसिममा वर्णन गरेका छन् (१) प्रशंसा, (२) निन्दा, (३) परकृति, (४) पुराकल्पका बोधक । हामी यहाँ ती चारै किसिमका अर्थवादको एक एक गरी चर्चा निक्यौंल गर्दछौं ।

**क) प्रशंसापरक अर्थवादः**

विधिले "वायव्यं श्वेत पशुं आलभेत भूतिकामः" भनेर वायुयागको विधान गरेकोमा अर्थवादले यस विधिद्वारा भनिएको वायु देवता अतिशय चाँडो हिँड्ने देवता हुन् । तिनको आराधना वा यज्ञ गरेमा तुरन्तै फल दिन्छन् । त्यसो हुनाले "मलाई कुन देवताले छिट्टै ऐश्वर्य सम्पन्न पर्लान् म कुन देवतालाई यजन गरौं होला ?" भनेर विचार वा जिज्ञासा वा सन्देह बोकेको यजमानले वायुदेवता छिटो आउँछन् छिट्टै फल दिन्छन् भन्ने विशेष अर्थको बयान(विधिबोधित कर्मको वर्णन अर्थात् अर्थवादको वाक्य) सुने, पढे, जानेर त्यो कर्ममा मान्छे प्रवृत्त हुन्छ । यसरी अर्थवाद अथवा विज्ञापन पनि एक प्रकारले विधिकै प्रशंसा गरेर विधिसँग एक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यता राख्ने काम गरेर आफ्नो सार्थकता सिद्ध गर्दछन् र तिनीहरूको प्रयोजन वा उद्देश्य विधिले बताएका काममा मनुष्यलाई प्रवृत्त गराउनु नै हो । आज विश्वका बजारमा आफ्ना उत्पादनप्रति ग्राहकलाई आकर्षित गर्न यो अर्थवादको अथवा विज्ञापन अर्थात् यो यस्तो हो, यति राम्रो, यति हितकारी, ग्राह्य र उपयोगी छ आदि व्यहोरा बुझाउने कार्य को प्रयोग गर्न पनि वेदबाटै सिक्दै आएका कुरा प्रशंसा परक अर्थवादको परिचायक हो भन्ने हाम्रो अनुभवले भन्दछ ।

**ख) निन्दापरक अर्थवादः**

सोमयाग आदि यज्ञमा स्तोत्र (स्तोम) पाठ न भए त्यो यज्ञ नै हुँदैन । त्यसैले यज्ञलाई पूर्ण सुन्दर र सफल वनाउन स्तोम (साम गान) हुनैपर्छ भनेर त्यो यज्ञमा साम गायनको विधान गर्ने विधिवाक्य बोधित सामको प्रशंसा गरेर त्यसमा यजमानको प्रवृत्ति गराउने काम गरी विधिका साथ एक वाक्यता (एउटै मत) स्थापना गरेको छ निन्दापरक अर्थवादले । यसै गरी दक्षिणामा 'सुवर्णं देयम्' भनेर श्रुतिले रजत दान यज्ञमा नगर्नु भनेको नभए तापनि निन्दार्थवाला अर्थवादले जसले चाँदी दान-दक्षिणा दिएर दाक्षायण यज्ञ गर्दछ त्यसको घरमा चाँदी झै टल्कने आँशु झर्दछ, त्यो वर्षभरमा त्यस घरमा रुनु पर्ने घटना पर्दछ "भनेर यजमानलाई सुवर्ण नै दक्षिणा दिउँ दिउँ गराई विधिका साथ एकमत कायम गर्दछ । (जस्तो कि आजभोलि सुत्केरी स्याहार गर्ने, सावनले हात धुने जस्ता कुरा विज्ञापन गरी साबुन व्यापारी साबुन उद्योगहरूलाई र सुत्केरी स्याहारमा चाहिने सरसामान र पौष्टिक आहार उत्पादन कर्ताको सामान किन्न दुनियाँलाई प्रेरित गर्दछ ।)

**ग) परकृति अर्थवाद**

"यज्ञेन यज्ञं अयजन्त, ते स्वः(स्वर्ग)अगच्छन" जस्ता अर्थवाद अर्थात् उहिले फलाना फलानाले यस्तो गरेर यस्तो भयो भनेर अर्थ वादले विधिद्वारा विधान गरिएको कार्य वा यज्ञ वा नियममा दुनियाँलाई प्रवृत्त गराउने काम गरेर परकृति बोधक अर्थवादले पनि आफ्नो उद्देश्य अनुसार वैदिक विधानमा समर्थन गरी त्यस कार्यमा मानिसहरूलाई प्रवृत्त हुन प्रेरित गरेर विधिसँग एकवाक्यता स्थापित गरेका छन् ।

**घ) पुराकल्प अर्थवाद**

"पहिलेकाले त्यो नगर्नाले त्यस्तो नराम्रो फल पाए । त्यो गरेर त्यो शुभ फल पाए भनी पहिलेको इतिहास बताएर शुभकर्ममा वेद विहित लोककल्याण गर्ने वेदको लक्ष्यमा सहायक बनेर यी अर्थवादले विधिले भनेको काममा मानिसलाई प्रवृत्त पारेर आफ्नो लक्ष्य (प्रयोजन) सार्थक पारेका छन् । तसर्थ हामी इतिहास पढेर प्रेरणा वा शिक्षा लिने गर्दछौं ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्त ४ प्रकारका अर्थवादमध्ये निन्दा अर्थवादले विधेयबाट भिन्न कुराको निन्दा गरेर विधेय कुराको प्रशंसा स्वतः उत्पन्न गराएको छ। जस्तो कि अश्रु र चाँदीको सादृश्य देखाउँदै चाँदीको निन्दा गरेर विधेयभूत रजतदानको निषेधलाई बल दिएको छ तर विधेयको विरोध नगरी समर्थन गरेको छ र बाँकी तीन अर्थवादहरूले साक्षात् रूपबाट नैं विधेयको प्रशंसा व्यक्त गरेर लोक प्रवृत्तिका निम्ति आकर्षण बढाएका छन्। जस्तो कि "वायुर्वै क्षेपिष्ठा देवता" इत्यादि वर्णन गरेर विधिवाक्यसँग एकवाक्यता स्थापित गरेको छ।

"अग्निर्वा" इत्यादि परकृति अर्थवादमा पनि अग्निदेवताको याग "याने पूर्व कालमा अग्नि देवताले यो याग गरेका थिए, यसकारण यो याग प्रशंसनीय छ र यसलाई म पनि अनुष्ठान गरौँ भनी श्रोता पाठकलाई विधि विहित कर्ममा प्रवृत्त गराएर विधिकै प्रशंसा गरी एकवाक्यता कायम गरेकै छ। यसै गरी अन्यत्र पनि यो कुरा जान्नुपर्दछ।

कहिले कहीँ अर्थवादले अर्को तरिकाले पनि विधिको प्रशंसा गर्दछ र विधिबोधित कार्यको साधक तत्त्व पात्र लगाउन सघाएर विधिसँग एक वाक्यता स्थापित गर्दछ। जस्तै अग्नि आधानका निम्ति पाचँ प्रकारका वा ७ प्रकारका सम्भार अग्निकुण्डमा राखिनु आवश्यक छ भनेर विधिले भनेको छ र ती सम्भार मध्ये सर्करा (गेगर)लाई भिजाएर विछ्याउनु भनेको छ तर त्यहाँ के ले त्यो सर्करा अज्जन (भिजाउने) काम गर्ने हो भनेको छैन यस सन्देह वा जिज्ञासा शान्त पार्नु आवश्यक छ। त्यही स्थानमा "तेजो वै घृतम्" इत्यादि अर्थवादले घीऊ तैजस छ यसले आगो छिटो बाल्न सहयोग गर्छ भन्दछ। यसबाट गेगर (बालुवालाई) घीउले भिजाउन पर्ने रहेछ आगो छिटो सल्कने रहेछ भन्ने बुझेर घृताक्तसर्करा बेदीमा ओछ्याएर अग्न्याधान गर्दछ। यसरी अर्थवादले गुण विधायक श्रुतिको पनि काम गर्दछ। यी सबै कुराहरूले गर्दा अर्थवादको सार्थकता र प्रामाण्य स्थापित गर्नसमेत धेरै सजिलो पृष्ठवल दिइरहेको कुरा पनि मननीय रहेको छ।

## ५१) अथ मन्त्रविचारः।

**मन्त्राणामध्ययनविधिना यथानियमं गुरुमुखेन कृतस्य कृत्स्नस्वाध्यायस्य फलवदर्थज्ञानार्थत्वमेव,न त्वदृष्टार्थत्वम्। दृष्टे सम्भवत्यदृष्टकल्पनाऽयोगात्। प्रयोगकाले कर्म्मज्ञानं विना कर्म्मानुष्ठानायोगात् कर्मौपयिकमर्थज्ञानं मन्त्रैः क्रियते। न चोपदेष्टृवचनादिनाऽप्यर्थस्मरणसम्भवादनुष्ठा-नोपपत्तिरिति वाच्यम्। मन्त्रैरेवार्थं स्मृत्वाऽनुष्ठाने सति फलं भवति नान्यथेति नियमाङ्गीकारात्। नियमेनादृष्टस्याङ्गीकारात्। तदभावे तज्जन्यादृष्टलोपे तन्मूलं फलं न सिध्यतीति**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**कल्पनात् । नन्वेवं मन्त्राणां स्वप्रकाश्येऽर्थे विनियोग इति फलितम् । विनियोगो नाम शेषत्वेनान्वयः । शेषत्वं नाम अङ्गत्वम् । ततश्च "इमामगृभ्णन् रशनाम्" इतिमन्त्रस्य रशनाग्रहणसामर्थ्यमस्तीति रशनाग्रहणप्रकाशनसामर्थ्यरूपात् लिङ्गादेव रशनाग्रहणाङ्गत्वोपपत्तेः "इमामगृभ्णन् रशनामृतस्य इत्यश्वाभिधानीमादत्ते" इति वचनं किमर्थमिति चेत् न । परिसङ्ख्याऽर्थत्वात् । चयनप्रकरणेऽश्वरशनाग्रहणम्, गर्दभरशनाग्रहणञ्चेति द्वयमस्ति । तत्र लिङ्गादश्वरशनायां मन्त्रप्राप्तावुच्यमानानां लिङ्गविशेषाद्गर्दभरशनायामपि मन्त्रः प्राप्तः, अतोऽश्वरशनायामेव मन्त्र पाठः कार्य्यो न गर्दभरशनायामिति मन्त्रनिवृत्तिरूपपरिसङ्ख्याऽर्थोऽयं विधिः ।**

**अनुवाद-** मन्त्रको पनि स्वाध्यायविधि (अध्ययन-विधि) अनुसार स्वाध्याय अर्थात् स्वशाखाको वेद पढ्दा जस्तै अर्थज्ञान रूप फल हो, कुनै अदृष्ट फल मात्रै छैन, किनभने दृष्ट फल छँदा छँदै अदृष्ट फल कल्पना गर्नु अन्याय हुन्छ । "ब्राह्मणं आनय" "गां आनय" आदि वाक्यअनुसार शिष्यले ब्राह्मण ल्याउनु पर्दा अगाडि सामुन्ने नै ब्राह्मण भेटिँदा भेटिँदै त्यस ब्राहणलाई छोडेर अर्को खोज्न जाँदा उपस्थित ब्राह्मणको अनादर हुन्छ र अर्को ब्राह्मण खोज्दा दुःख हुन्छ अर्थात् सजिलै नजिकै तत्कालै मिल्छ भन्ने निधोसमेत नभएको काममा प्रवृत्त हुनुपर्दछ र तत्कालै कार्यान्वयन गर्नुपर्ने गुरुका आज्ञाको कार्यान्वयनमा विलम्व हुन गई गुरुको वचनप्रति अनादरका साथै गुरुप्रति पनि अनादर हुन्छ, अतः जो उपस्थित ब्राह्मण वा गाई जे अगाडि भेटिएको छ त्यही ल्याउनु बुद्धिमानी हुन्छ । त्यसैगरी वेद पढेबाट अर्थज्ञान रूप फल (दृष्टफल) मिल्दा मिल्दै अदृष्टको कल्पना गर्नु न्यायसङ्गत हुँदैन । कर्मानुष्ठान गर्दा कर्मको ज्ञान आवश्यक पर्दछ र प्रयोग-कालमा कर्मज्ञान हुने दृष्ट फल मन्त्रहरूद्वारा प्राप्त हुने कुरा-नै स्वीकार गर्नु उचित हुन्छ ।

यो कुरामा एउटा आपत्ति आउँछ त्यो के भने उपेदशहरूले गुरुले भनेको वचनद्वारा नै अनुष्ठानमा उपयोगी अर्थको ज्ञान भइजान्छ र सोही ज्ञानबाट अनुष्ठेय कर्मको ज्ञानभै काम चलिजान्छ भने मन्त्रको प्रयोजन वा मन्त्रार्थ बोधको प्रयोजन के त ? यसको उत्तरमा अर्थात् यो जिज्ञासाको समाधानार्थ भनिन्छ कि मन्त्रद्वारा स्मरण गरिएको अर्थानुसारी कर्म (अनुष्ठान)गरेमा मात्र पूर्ण फल मिल्छ वा अदृष्ट पैदा हुन्छ अन्यथा हुँदैन भन्ने नियम मानिएको छ । यसरी "मन्त्रोक्तं कर्म कर्तव्यम्" भनेर अदृष्टको उत्पत्तिका निम्ति पनि मन्त्रपूर्वक काम गर्नैपर्ने अथवा वेद विहित कर्म गर्दा वेदमन्त्र पढ्नैपर्दछ ।" यो नियमलाई स्वीकार गरिएको छ ।

यसो भन्ने हो भने मन्त्रको विनोयोग ता मन्त्र ले बुझाउने काममा हुने कुरा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धभै गयो । अनि फेरी त्यो कार्यको अङ्गकै रूपमा मन्त्रलाइ विनियोग गर्नु किन ? जब कि मन्त्रोक्त कर्म (लगाम पक्रने) झै अनुष्ठान गर्दा "इमामगृभ्णन् रशनामृतस्य" यो मन्त्रको स्वरूप (लिङ्ग)बाट नै लगाम ग्रहण गर्ने अर्थ अगृभ्णन्को ज्ञान भएकै छ । यो "इमारम्" मन्त्रले अश्वाभिधानी (घोडाको लगामको डोरी) पक्रने काम गर्नु भन्ने विनियोग श्रुतिको किन आवश्यकता पऱ्यो त । त्यो विनियोग श्रुति व्यर्थै भएन र ? यो शङ्का उठे त्यसको समाधानमा भनिन्छ कि यहाँ परिसंख्या विधिद्वारा विहित विनियोग भएको छ । यसै भएको हुँदा चयन प्रकरण (चयन सहित को अश्वमेध) मा अश्व र गर्दभ दुवैको रशना लगाम पक्रन पर्नेमा घोडाको चाहिँ यो इमामगृम्णन् ........ मन्त्रले लगाम पक्रने र गर्दभरशना (गधाको लगाम) चाही अमन्त्रक (यो मन्त्र बिना नै) पक्रने कुरा यही विधि (परिसङख्याविधि) का आधारमा निर्णय गरिएको छ । यसकारण विनियोग श्रुतिलाई व्यर्थै विधान गरेको भन्ने शङ्का हटेर सार्थक सिद्ध गरिएको छ । अतः श्रुति वेद, मन्त्र वेद वचन कुनै पनि व्यर्थ छैनन् सार्थक नै छन् भनी वेदमीमांसा शास्त्रको निर्णयात्मक सिद्धान्त रहेको छ । यही कारण वा नजिरले गर्दा उही ऐन कहीँ लाग्ने कही  न लाग्ने गरी आशय बुझेर प्रयोग गर्ने वा व्याख्या गर्ने काम न्यायाधीशको मानिन्छ । वेदमा व्यक्ति न हुँदा विधिनै न्यायाधीश हो ।

## ५२) परिसङ्ख्याया दोषत्रयम् ।

**सा च परिसङ्ख्या त्रिदोषा– स्वार्थत्यागः, परार्थस्वीकारः, प्राप्तबाधश्चेति । तत्र "अश्वाभिधानीमादत्ते" इति वाक्यस्य अनेन मन्त्रेणाश्वरशनाऽऽदानं कुर्यादिति स्वार्थः, स च त्यक्तः । गर्दभरशनातो मन्त्रनिवृत्तिः परार्थः, स च स्वीकृतः । गर्दभरशनायामपि लिङ्गात् प्राप्तस्य मन्त्रस्यानेन बाधश्च-इति त्रिदोषा परिसङ्ख्या गत्यभावादङ्गीकृता । गत्यन्तरे सति सा न युक्ता । एवमष्टदोषदुष्टविकल्पोऽप्यगतिकोऽङ्गीकृतः । यथा यदाग्नेयोऽष्टाकपालः संस्कृतः पुरोडाशो यागाङ्गत्वेनावगतः । तत्र अपूपविशेषस्य पुरोडाशस्य प्रकृतिद्रव्याकाङ्क्षायाम् अनियमेन यस्य कस्यचिद् द्रव्यस्य प्राप्तौ "व्रीहिभिर्यजेत" इतिवाक्यात् व्रीहयो नियम्यन्ते, एवं "यवैर्यजेत" इतिवाक्याद्यवा अपि नियम्यन्ते, तयोरेकार्थत्वाद्विकल्पः । एवम् "अतिरात्रे षोडशिनं गृह्णाति" इति षोडशिग्रहो विहितः । तथा "नातिरात्रे षोडशिनं गृह्णाति" इति प्रतिषेधात् ग्रहणाभावो विहितः, तयोर्ग्रहणाग्रहणयोः परस्परविरुद्धयोरेकस्मिन् प्रयोगेऽनुष्ठातुमशक्यत्वात् क्वचित् प्रयोगे ग्रहणानुष्ठानम्, प्रयोगान्तरे तदभावानुष्ठानमिति तत्रापि विकल्पः ।**

**अनुवाद-** उपयुक्त (माथि चर्चित) परिसङ्ख्या विधिमा तीन वटा दोष दिने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेष शक्ति छ । अर्थात् यो विधिले तीन वटा कमजोरी देखाएर (दोष निरूपण गरेर) मात्रै निर्णय गर्दछ, ती तीन दोष हुन्- १) स्वार्थत्याग, २) परार्थस्वीकार ३) प्राप्तको बाध (विरोध) । यसै भएर "अश्वाभिधानीं मादत्ते" भनेर स्पष्ट भनेको अश्वाभिधानी ग्रहण रूप स्वार्थलाई यो विधिले त्याग गर्दछ (मान्दैन) त्यसो हुँदा स्व (आफो, स्वतः प्राप्त) अर्थ (प्रयोजन) लाई त्याग गर्नु नै स्वार्थ त्याग रूप एउटा दोष हो ।

दोस्रो हो परार्थ- अर्थात् स्वतः प्राप्त अश्वरशनालाई वास्ता नगरेर । गर्दभ-रशनालाई लिने कार्यवाट यो मन्त्र हटाउनु परार्थ दोष हो । तेस्रो दोष भनेको अश्व-रशनाग्रहण र गर्दभरशना-ग्रहणमा गर्दभ र अश्व-पदलाई वास्ता नगरेर रशन्नाग्रहणको कार्य दुवैमा हुनसक्ने हुनाले सो मन्त्रले अश्वाभिधानी बाहेक गर्दभ-रशनाग्रहणलाई रोक्नु (बाध) गर्नु अप्राप्तको बाधरूप दोष हो । हुन त अश्वाभिधानीग्रहणलाई मात्र विधान गरेको छ तापनि रशना (लगामको डोरी) रूपसामान्य (समानताको भाव)का आधारमा गर्दभाभिधानी ग्रहणमा पनि सो मन्त्र विनियोग प्राप्त होला, वा गर्न पर्ला कि ? भन्ने भयले लिङ्मा अप्राप्त गर्दभ रशनाग्रहणलाई बाध (विरोध) गर्ने कामलाई तेस्रो दोष भनिएको छ । यसरी तीन वटा दोषवाला परिसङ्ख्या विधिलाई सकभर प्रयोगै नगरौँ तर अर्को कुनै विधिले त्यो काम हुन सम्भव नभएबाट अगत्या (परिसंख्या विधिले त्यो काम हुने सम्भव भएबाट) परिसंख्या विधिको आश्रय लिनै पर्ने भएर नै यहाँ सो विधिको सहारा लिइएको हो भन्ने कुरा मीमांसा शास्त्रको निष्कर्ष हो ।

यसैगरी ब्रीहि यव आदिमा विकल्प विधान गर्दा तीन दोषवाला परिसंख्या विधिलाई अगत्यास्वीकारे झैं अरू उपाय नभएका कारणले गर्दा अष्टा कपाल आग्नेय पुरोडाश यागका निम्ति प्राप्त छ । अव यहाँ त्यो पुरोडाश केबाट बनाउने ब्रीहि अथवा यव भन्ने शङ्का (जिज्ञासा) पैदा हुन्छ किनभने "ब्रीहियवान् वा हविषि" भन्ने विधिले ब्रीहि र यव दुवैलाई हविका निम्ति उपयोग गर्ने विकल्प दिएको छ तर जहाँ ब्रीहि लिइन्छ त्यहाँ यव लिइन्न र जहाँ यव लिइन्छ त्यहाँ ब्रीहि रहँदैन यसैले यी दुई पदार्थमध्ये कुनै एउटा लिनुपर्ने हुन्छ किनभने 'ब्रीहिभिरेव यवैरेव' भन्ने विशेष विधि छैन । यसैले अर्को कुनै उपाय वा आधार नभएको कारणले अगत्या हविको विकल्प स्वीकार्य हुन्छ नै ।

यसै गरेर "अतिरात्रे षोडशीनं गृह्णाति" भन्ने विधिवाक्यका आधारमा षोडशीग्रह ग्रहण गर्ने विधान भएको छ भने 'नातिरात्रे षोडशिनं गृह्णाति" ले त्यो ग्रह(सोमलताको रस लिने ओखलको आकारको काठको यज्ञपात्र) ग्रहणलाई निषेध गरेको छ। ग्रह ग्रहण र ग्रहणनिषेध यी दुवै कुरा एउटै अतिरात्र यागमा कसरी कार्यान्वयन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने हो भन्ने जिज्ञासा वा प्रश्न उठ्दछ यस परिस्थितिमा अतिरात्रेष्टिमा कहीं षोडशी ग्रह लिने अथवा कहीं नलिन सकिने गरी विकल्पीकै रूपमा यो विकल्प विधि स्वीकार गरिएको छ ।

## ५३) विकल्पे दोषाष्टकम् ।

**स च विकल्पः, अष्टदोषदुष्टः । तथाहि– पूर्वं व्रीहिप्रयोगे यवशास्त्रस्य स्वार्थानुष्ठापकत्वलक्षणप्रामाण्यपरित्यागः अनुष्ठापकत्वलक्षणाप्रामाण्यस्वीकारः ततो द्वितीयप्रयोगे यवानुष्ठाने पूर्वं त्यक्तं यत् प्रामाण्यं तत्स्वीकारः, स्वीकृतं यदप्रामाण्यं तत्परित्यागश्चेति यवशास्त्रे चत्वारो दोषाः । एवं पूर्वं यवप्रयोगे व्रीहिशास्त्रस्य स्वार्थानुष्ठापकत्वलक्षणं यत्प्रामाण्यं तत्परित्यागः, अनुष्ठापकत्वलक्षणं यदप्रामाण्यं तत्स्वीकारः, पुनर्द्वितीयप्रयोगे व्रीह्यनुष्ठाने व्रीहिशास्त्रस्य त्यक्तप्रामाण्यस्वीकारः, स्वीकृताप्रामाण्यपरित्यागश्चेति, व्रीहिशास्त्रे चत्वारो दोषाः । इत्यष्टदोषदुष्टो विकल्पः । स च विकल्पः क्वचिदेकार्थत्वात्, (एककार्यकारित्वादित्यर्थः) । यथा, व्रीहियवयोरे-कैकस्य पुरोडाशनिष्पादनक्षमत्वाद्विकल्पः । क्वचित् वचनबलात्; यथा–"वृहत्पृष्ठं भवति" इति बृहत्सामसाध्यं पृष्ठनामकं स्तोत्रं विहितम्, "रथन्तरं पृष्ठम्भवति" इति रथन्तरसामसाध्यं पृष्ठस्तोत्रान्तरं विधीयते । स्तोत्रं च प्रयाजादिवदपूर्वार्थत्वादर्थकर्म्म । साम तु संस्कारकर्म्मत्वाद् गुणकर्म्म । स्तोत्रसाधनीभूतस्तोत्रीयाक्षराभिव्यक्तिरूप-संस्कारद्वारा साम्नां स्तोत्रसाधनत्वाङ्गीकारात् । प्रगीतमन्त्रसाध्यमिन्द्रादिगुणि-निष्ठगुणाभिधानं स्तोत्रम् । प्रगीतमन्त्रसाध्यं सामाभिव्यक्तऋगक्षरसाध्यमित्यर्थः । अप्रगीतमन्त्रसाध्यगुणिनिष्ठगुणाभिधानं शस्त्रम् । गानक्रियाविशेषः साम । स्तोत्रसाधनीभूता ऋचः स्तोत्रीयाः । तदेतत्त्रिवृत्पञ्चदशत्वादिसङ्ख्याविशेषः स्तोमः । इत्येतेषां भेदः । तथा च बृहद्रथन्तरपृष्ठयोः भिन्नापूर्व्वार्थत्वेन एकार्थत्वाभावेऽपि 'बृहद्वा पृष्ठं कार्य्यं, रथन्तरं वा पृष्ठं कार्य्यम्' इति वचनबलादेव विकल्पः । क्वचित् व्यवस्थितविकल्पः– द्वितीयप्रयाजादिकर्म्मणि नराशंसतनूनपान्मन्त्रयोः एकार्थत्वाद् विकल्पः । स च "राजन्यवसिष्ठादीनां द्वितीयः प्रयाजस्तनूनपादन्येषाम्" इति वाक्याद् व्यवस्थित इति व्यवस्थितविकल्पः ।**

**अनुवाद-** व्रीहि, यव, तण्डुल, तिल, यवागु, घृत, चरु पुरोडाश प्रभृति यज्ञीय द्रव्यहरूमा विकल्प स्वीकार गर्दा आठ वटा दोषहरू घठित हुन्छन् । जस्तै यव वा व्रीहिको विकल्पमा कुनै एउटा पक्ष ग्रहण गर्दा जब व्रीहि लिइन्छ तब यव विधायक शास्त्रको स्वार्थानुष्ठापकत्वरूप प्रामाणयको त्यग हुनु (१) यवद्वारा यज्ञ अनुष्ठापकत्व रूप अप्रामाण्य स्वीकार गर्नु (२) अर्को दोस्रो प्रयोगमा, यवको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुष्ठानकालमा पूर्वोक्त यवमय हविद्वारा यज्ञसम्पन्न गर्ने कुराको प्रामाण्य स्वीकार गर्नु (३) पूर्वस्वीकृति दिइएको वा पूर्वप्रयोगमा स्वीकृत गरेको यवाप्रामाण्यको त्याग गर्नु (४) समेत ४ दोष रहन्छन् । यसैगरी पहिले ब्रीहि प्रयोग गर्दाको समयमा यव विधायक शास्त्रको स्वार्थानुष्ठापकत्व रूप प्रामाण्यको त्याग गर्नु १) यवद्वारा अनुष्ठान नगर्ने भनेर यव विधायक शास्त्रलाई स्वीकार गर्नु २) दास्रो प्रयोगको समयमा ब्रीहिको सट्टा यवले अनुष्ठान गर्दाका वखतमा पहिले छोडेको यव शास्त्र विधान गर्ने वाक्यलाई स्वीकार्नु ३) र अगाडि स्वीकृत अप्रामाण्यलाई पुनः स्वीकार्नु ४) समेत ४ दोषहरू यवले यज्ञ गर्दाका समयमा आइपर्दछन् । अतः दुवै पक्षमा देखिने यी ४/४ दोषको योग गर्दा जम्मा ८ दोष हुनेकुरा स्पष्टै छ ।

**क) एकार्थकारिता**

एउटै प्रयोजन वा अर्थका निम्ति निधारित विकल्पलाई एकार्थकारी विकल्प भनिन्छ । जस्तै पुरोडाश रूप अर्थ (प्रयोजन) का निम्ति ब्रीहिको विधान वा यवको विधान को उद्देश्य एउटै अर्थ वा प्रयोजन सिद्ध गर्न नै हुने हुनाले यस्ता विकल्पहरू एकार्थकारी हुन्छन् । जुन कुनै (यव वा ब्रीही) द्रव्य लिए ता पनि त्यो पिधेर पीठो बनाई पुरोडाश (भुङ्ग्रे रोटी) वनाउनुरूप एउटै प्रयोजनका लागि त्यो द्रव्य लिइने हुनाले एकार्थकारी विकल्प भनिएको हो ।

**ख) वचन बल विकल्पता**

कुनै प्रसङ्गमा (विकल्पको क्रममा) प्रयुक्त वचनको बलले पनि विकल्प विधान हुन्छ । जस्तै 'बृहत् पृष्ठं भवति' यो वाक्यको बलले वृहत्सामद्वारा सिद्ध हुने पृष्ठनामक स्तोत्र विधान हुन्छ । "रथन्तरं पृष्ठं भवति" यस वाक्यद्वारा रथन्तर सामवाट निष्पन्न हुनेवाला दोस्रो पृष्ठ स्तोत्र विहित हुन्छ ।

स्त्रोत्रले प्रयाजआदिको निम्ति यस्तो अपूर्व उत्पादन गर्ने हुनाले यो अर्थकर्म हो र साम गायन चाहिँ संस्कार कर्म रहेको हुँदा गुणकर्म भनिन्छ किनभने स्तोत्रका साधन स्वरूप स्तोत्रीयका अक्षरहरूको अभिव्यक्ति रूप संस्कार सम्पादनद्वारा सामका समूह स्तोत्रंको साधन मानिएको छ ।

प्रगीत मन्त्रहरूद्वारा साध्य इन्द्रप्रभृति गुणीनिष्ठ गुणहरूलाई वयान गर्ने कुराहरू नै स्तोत्र हुन- प्रगीतमन्त्रहरूद्वारा साध्य इन्द्र आदि गुणीनिष्ठ गुणहरूलाई वताउने मन्त्र नै स्तोत्र हुन् । प्रगीतमन्त्र- साध्यको अर्थ हो । सामद्वारा अभिव्यक्त ऋक्का अक्षरद्वारा साध्य जो अप्रगीत मन्त्रहरूद्वारा साध्य गुणीगत गुणका नामलाई शस्त्र भनिन्छ र गायन क्रिया विशेषलाई साम भनिन्छ । स्तोत्रका साधनस्वरूप ऋक्लाई स्तोत्रीय भनिन्छ । त्यही स्तोत्रीय (स्तुतिरूपमा प्रयोग हुने) ऋक्लाई तिन गुना वा पन्ध्र पटक भन्नु आदि संख्या लगाई दिंदा त्यसको समूहलाई स्तोम



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिन्छ । तीन, पाँच, पन्द्र आदि आवृत्ति गरी गायन गर्नु नै स्तोम (सामसमूह) गत भेद भनिन्छ र यस्ता भेद सबैका हुन्छन् यस प्रसङ्गमा यस्तो देखिन्छ कि बृहद् रथन्तर र पृष्ठ गायनका भिन्न भिन्न अपूर्व उत्पन्न हुने हुनाले ती सबैमा एकार्थ साधना नभए तापनि बृहत्पृष्ठ गायन गर्नुपर्दछ । रथन्तर पृष्ठ गायन गर्नुपर्दछ । इत्यादि वचनका बलले नै पृष्ठ गायनविधान सिद्ध हुन्छ ।

**ग) व्यवस्थित विकल्प**

श्रुतिविहित द्रव्यगुणकर्महरूमा कहीँ कहीँ व्यवस्थित विकल्पको विधान पनि भएको छ । जस्तै द्वितीय प्रयाजादि कर्महरूमा 'नराशंस र तनूनपात्' यी दुई मन्त्रको एकार्थता प्रयुक्त विकल्प हुन्छ । त्यो कसरी त भन्दा राजन्य, वसिष्ठ, कण्व, का सम्बन्धमा नाराशंशीय द्वितीय प्रयाज हुनुपर्दछ र अरूका पक्षमा भने तनूनपात् दोस्रो प्रयाज हुनुपर्दछ इत्यादि अर्थबोधक राजन्य वसिष्ठ आदि वाक्यहरूद्वारा यस्ता विकल्पहरूलाई व्यवस्थित गरिएको छ । यस्तो विधान छन्दःशास्त्र (पिङ्गलकृत) मा पनि आएको छ "पूरण यदि ऋग्वेदको मन्त्रको गणनामा अक्षर गन्तिमा पुगेन भने यियङ, उवङ् आीद गरेर पनि अक्षर पुऱ्याउनु पर्दछ जस्तै वरेण्यम वरणीयम् स्वः सुव" गराएर भएपनि छन्दका पादगत अक्षर गणना गरेर तेकिएको संख्या पुऱ्याउनु । पाणिनीले पनि "सैष दाशरथी" शब्दमा पादश्न्चेत् पूर्येत" र पूर्वत्रासिद्धम्" आदि भनेर व्यवस्थित विकल्प दिएका कुरा समेत उदाहरणीय हुनसक्छन् ।

## ५४) वेदस्य प्रामाण्यविचारः (धर्माधर्ममा वेदको प्रामाण्य)

**तदेवं चोदनाऽपरपर्य्यायाणां विधिवाक्यानां अंशत्रयविशिष्टभावनाविधायकत्वात् प्रामाण्यम् । उद्भिदादीनां नामतया, अर्थवादानां विधेयप्राशस्त्यपरतया, मन्त्राणा-मनुष्ठेयार्थस्मारकतया प्रामाण्यमिति कृत्स्नस्य वेदस्यालौकिके धर्म्माधर्म्माख्येऽर्थे प्रामाण्यं स्थितम् ।**

**अनुवाद-** मीमांसा शास्त्रानुसार यो धर्म हो यो अधर्म हो भन्ने कुराको अन्तिम प्रमाण वेद वचन नै हो । "चोदना लक्षणोऽर्थो धर्मः अर्थात् स्वर्गादि फल प्राप्त गर्न श्रुति (चोदना) ले लक्ष्यित गरी बताएका काम गर्नु धर्म हो । वेदमा मानिसले झैँ भन्ने अह्राउने व्यक्ति वा पुरुष नरहने हुनाले "यजेत" जुहुयात् क्रियापदोक्त भावना (क्रिया)ले नै विधिवाक्यको प्रामाण्य स्थापित गर्दछ अर्थात् बताउँदछ । 'न कलञ्जं भक्षयेत्' मान्छेको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने कलञ्ज (सूर्ति मद्य सुरा, आदि नखानु भनेर वेदले बताएको हुनाले ती-ती कुरा नखानु धर्म हो । वेदले "इष्टापूर्ते सृजेथाः" अर्थात् इष्ट (सुख, शान्ति, समुन्नति, नीरोगता



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र स्वर्ग मोक्ष आदि प्राप्त गर्नका निम्ति गर्नुपर्ने वेदोक्त) कार्य र आपूर्ति अर्थात् दान परोपकार कुवा, इनार पाटी सत्तल, उद्यान, बाटो, सडक, विद्यालय, सदावर्त सत्र आदि निर्माणद्वारा समाजको हित समुन्तति सुख सुविधा वृद्धि गर्ने गराउने काम गर भनेर वेदले बताएको छ । त्यस्तो काम गरे धर्म हुन्छ । धर्म भनेको मानव किंवा प्राणीहरूको आपसी सहयोग, अस्तित्व, सहजीवन र सुखशान्तिका निम्ति गरिइने समझदारीपूर्ण आचार व्यवहार हो । धर्म नै मानवोचित मर्यादा र अनुशासनको सीमा हो । त्यसको अस्तित्व स्वीकार नगरेमा समाज नष्ट भ्रष्ट भै अधःपतनको सिकार बन्दछ । यसरी लौकिक (यो लोकमा सुखशान्ति) र परलोक (मरेपछि पुगिने लोक) समेत दुवै लोकका कल्याणको मार्ग वेदले बताएको छ । मनुष्य र पशुमा अन्तर पार्ने वेदोक्त त्यस्तो कर्म गर्नु धर्म हो ।

## ५५) अथ स्मृत्यादिप्रामाण्यविचारः ।

**मन्वादिप्रणीतानां स्मृतीनामपि वेदमूलकत्वात्स्याद् अष्टकादौ धर्मे प्रामाण्यम् । "औदुम्बरी सर्व्वा वेष्टयितव्या" इतिस्मृतिरप्रमाणम्, "औदुम्बरीं स्पृष्टोद्गायेद्" इति प्रत्यक्षश्रुतिविरुद्धत्वात् । सर्ववेष्टने सति श्रुत्युक्तस्पर्शनस्य कर्तुमशक्यत्वात् । "वैसर्जनहोमीयं वासोऽध्वर्युर्गृह्णाति" इत्यादिस्मृतिरप्रमाणम् । श्रुत्यर्थाविरुद्धत्वेऽपि लोभमूलकत्वात् । तथा शिष्टाचारोऽपि स्मृतिद्वारा श्रुतिमूलकत्वात् प्रमाणम् । मातुलसुतापरिणयनादिशिष्टाचारस्त्वप्रमाणम् । "मातुलस्य सुतामूढ्वा" इत्यादिस्मृत्या निषिद्धत्वेन स्मृतिविरुद्धत्वात् । तदेवं श्रुतिस्मृत्याचाराणां धर्म्माधर्म्मयोः प्रामाण्यमुक्तम् । स च धर्म्मः परस्परं भिन्नः । भेदकप्रमाणानि तु शब्दान्तरादीनि ।**

**अनुवाद-** वेदले सङ्क्षेपमा अथवा सूत्र रूपपा बताएको कुरालाई धर्मशास्त्रले त्यो त्यो (वदोक्त) कर्म गर्नु धर्म हो भनेर (वेदले) बताएको कुरालाई विस्तृत रूपमा वयानसहित समर्थन गरी त्यसमा सहयोग पुऱ्याउने काम कर्तव्य र अधिकार बताउने धर्मशास्त्रहरू पनि वेदमूलक भएकै कारणले धर्ममा प्रमाण मानिन्छन् । धर्म भनेकै मान्छेले मान्छे भएर मान्छेसँग गर्ने मानवोचित व्यवहारको नाम हो र वेदले नै यसलाई प्रमाणित गर्दछ । धर्मशास्त्रले पनि वेदार्थमा विरोध नपर्ने काम कर्तव्य बताएको खण्डमा मात्रै ती कुरालाई प्रमाण मान्दछन् । वेद विरोधी कुरा गर्ने धर्मशास्त्रको वचन स्वीकार्य हुँदैन । यसै कारणले गर्दा धर्मशास्त्रले बताएको "औदुम्बर शाखालाई वस्त्रले पूरै ढाक्नु" भन्दा श्रुतिले "औदुम्बरीम् स्पृशन् गायेत्" (औदुम्बर शाखा छुँदै सामगायन गर्नू) भन्ने श्रुति (वेद) वाणीका साथ विरोध पार्ने हुँदा त्यो धर्मशास्त्रको वचन 'औदुम्बरी सर्वा वेष्टनीया" लाई प्रमाण मानिँदैन । यसैगरी यज्ञको विसर्जन-होम वा अवभृथ स्नानका बेला प्रयुक्त नव (नयाँ लामो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लुगा) आचार्य वा अध्वर्युलाई दिनुपर्छ भन्ने धर्मशास्त्रको विधि लोभमूलक भएकोले प्रमाण मानिँदैन ।

**ख) शिष्टाचारको प्रमाणिकता पनि**

शिष्टको अर्थ वेदोक्त कर्म र अनुशासनको मर्यादामा रहेर समाजमा आदर्श एवम् अनुकरणीय काम गर्दै मन, वचन र कर्ममा सधैँ एक रूपता वा सामञ्जस्य राखी दैनिक व्यवहार गर्ने सज्जन मान्छेलाई शिष्ट भनिएको छ । यस्ता शिष्टले गरिइने शिष्टाचार पनि स्मृतिद्वारा विहित र श्रुतिमूलक भएमा मात्रै प्रमाणको रूपमा लिनुपर्दछ । मामाचेला फुपूचेला बीच आपसमा विवाह गर्नु अधर्म हुन्छ । "मातुलस्य सुतां ऊढ्वा त्यक्तवा चान्द्रायणं चरेत्" सगोत्रां कन्यकां उढ्वा व्रतं चान्द्रायण-चरेत्" जस्ता स्मृति भएको र वेदले पनि त्यो प्रायश्चित्तीय कर्मलाई समर्थन नगरेको समेत हुनाले त्यसरी अनजानमा मावलीको गोत्र परेछ भने ती कन्यालाई त्याग गरी चान्द्रायण व्रत रूप प्रायश्चित्त गर्नुपर्दछ । यस्तै सगोत्री कन्या विहे गरेको भए पनि त्यो अनजानले भएकोमा उक्त प्रायश्चित्त गरी त्यो कन्या त्यागेर अर्को विवाह गर्नुपर्दछ । कन्याले पनि अर्को विवाह गर्न पाउँछन् । वेदले पनि स्मृतिले पनि मान्यता नदिएको हुनाले वर्जित छ । श्रुति (वेद) र स्मृति (धर्मशास्त्र) दुवैले अनुचित मानेको हुनाले मातुल-कन्या विहा गर्ने काम द्वापरमा अर्जुनले गरेको भए तापनि वेद र धर्मशास्त्र विरुद्ध भएकोले कलिकालमा यस्तो विवाह गर्न निषेध गरिएको छ ।

## ५६) कर्मभेदनिरूपणम् ।

**तथाहि– यागदानहोमानां यजतिददातिजुहोत्यपरपर्यायशब्द-प्रतिपाद्यत्वाच्छब्दान्तराद्भेदः । स्वस्वत्वनिवृत्तिपूर्वकं परस्वत्वापादनं दानम् ।" समिधो यजति" इत्यादीनां पञ्चानां वाक्यानां मध्ये एकस्य कर्म्मविधायकत्वमन्येषां तस्मिन् कर्म्मणि गुणविधायकत्वमित्यत्र नियामकाभावात्सर्वेषां सर्वविधायकत्वे स्थिते विहितस्य कर्म्मणः पुनर्विधानं व्यर्थमिति पुनर्विधानसामर्थ्यात् पूर्ववाक्यविहितकर्मापेक्षयोत्तरोत्तर-वाक्यविहितस्य कर्म्मणो भेदः सिध्यतीत्येतादृशस्थलेष्वविशेषस्तु पुनः श्रुतिरूपाद्यजति-पदाभ्यासात् कर्मभेदः । "तिस्र आहुतीर्जुहोति" इत्यत्र जुहोतिपदाभ्यासाभावेऽपि जुहोतीत्यर्थे होमे त्रित्वसङ्ख्याऽन्वयात्परस्परं भिन्नास्त्रयो होमा इति सङ्ख्याऽत्र कर्म्मभेदः । "अथैष ज्योतिरथैष विश्वज्योतिरथैष सर्वज्योतिरेतेन सहस्रदक्षिणेन यजेत" इति ज्योतिष्टोमप्रकरणे श्रुतानामपि ज्योतिराख्यानां त्रयाणां यागानां ज्योतिष्टोमसंज्ञा-ऽपेक्षया पृथक् संज्ञाकरणात् ज्योतिष्टोमापेक्षया भेदः ।**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिन्नसंज्ञावशादेव त्रयाणां परस्परं भेद इति संज्ञया कर्म्मभेदः । तथा "तप्ते पयसि दध्यानयति सा वैश्वदेव्या-मिक्षा वाजिभ्यो वाजिनम्" इत्यत्र "वैश्वदेवी" इतिवाक्ये विश्वदेवदेवता-ऽऽमिक्षाद्रव्यसम्बन्धानुमितोयागो विधीयते । "वाजिभ्यो वाजिनम्" इत्यत्रापि वाजिदैवत्य–वाजिनद्रव्यकं कर्मान्तरं विधीयते। न तु पूर्वविहिते वैश्वदेवयागो वाजिनद्रव्यरूपो गुणो विधीयते । पूर्वयागस्याऽऽमिक्षागुणाविरुद्धत्वेन तत्र वाजिनस्य निवेशायोगात् । न च व्रीहियववद्विकल्पः वाजिनामिक्षयोः समशिष्टत्वाभावात् विषमशिष्टयोर्विकल्पयोगात् । वैश्वदेवयागोत्पत्तिवाक्ये एवामिक्षागुणः शिष्यत इत्युत्पत्तिशिष्टः । शिष्यते विधीयते इत्यर्थः । वैश्वदेववाक्यादुत्पन्ने कर्म्मणि वाक्यान्तरेण शिष्टो विहितो वाजिनगुण उत्पन्नशिष्टः । तयोर्मध्ये ह्युत्पत्तिशिष्टः प्रबलः, कर्मोत्पत्तिवेलायामेव कर्माङ्गत्वेन प्राप्तत्वात्। उत्पन्नशिष्टो वाजिनगुणोऽनन्तरं प्रमितोऽपि विलम्बितत्वेन दुर्बलत्वात् तत्पूर्वकर्म्मणि निवेशमलभमानो वाजिरूपदेवतान्तरसम्बन्धात् स्ववाक्यस्य कर्मान्तरविधायकत्वमानयतीति गुणाद्भेदः। तत्र घनीभूतं पय आमिक्षा, शिष्टं जलं वाजिनम्। तथा कुण्डपायिनामयने श्रूयते–"उपसद्भिश्चरित्वा मासमग्निहोत्रं जुहोति" इति। अत्र पूर्वं कर्म्म किञ्चिदपि सन्निहितं न भवति अपूर्वकर्मसन्निधानरूपात् प्रकरणान्तरात् प्रसिद्धाग्निहोत्रधर्म्मकं तन्नामकं कर्मान्तरं विधीयते । नत्वग्निहोत्रशब्देन प्रसिद्धाग्निहोत्रमनूद्य गुणविधिः । प्राप्ते कर्म्मणि आनन्तर्यमासरूपानेकगुणविधौ वाक्यभेदापत्तेरिति प्रकरणान्तरादत्र कर्म्म भेदः । प्रसिद्धाग्निहोत्रं नैयमिकाग्निहोत्रम्-नित्याग्निहोत्रमिति यावत् । तदेवं शब्दान्तरा-भ्यास-सङ्ख्या-संज्ञा-गुण-नामधेय-प्रकरणान्तरैः कर्म्मभेदो दर्शितः ॥

**अनुवाद-** धर्म अथवा कर्म भन्नु एकै कुरा हो । वेद र धर्मशास्त्रले एउटा वर्णको धर्म र अर्को वर्णको धर्म फरक फरक बताएका छन् । वेदले ती वर्णाश्रम धर्मका अतिरिक्त कैयौं यज्ञको उपदेश गरेको छ जो एक अर्कासँग शब्द वा हस्तक्रिया (इतिकर्तव्यता) मिल्दैनन् । जस्तो कि– याग, दान, होम यी सबैलाई एक अर्कोको पर्याय नहुने भिन्नार्थक भावना (क्रिया) "यजति" "ददाति", "जुहोति", यी क्रियापद शब्द अथवा अर्थ दुवै दृष्टिले भिन्नै छन् अतः एक आपसमा भिन्नै छन् ।

दान भनेको कुनै कुरा जो दिइन्छ त्यसमा आफ्नो अधिकार वा स्वामित्व अरूका हातमा दिनु हो । होम भनेको देवताका निम्ति प्राप्त होस् भन्ने उद्देश्यले आफूसित भएको प्रिय वस्तु द्रव्यादि त्याग्नु हो द्रव्यं देवता त्याग । अग्नि वा जलमा देवतोदेश्यपूर्वक द्रव्य त्याग गर्नु वा अग्निमा आहुति प्रक्षेपण गुर्न होम हो । सन्जनसँग सङ्गत गरी सदाचार र सद् धर्मको बोध गर्नुलाई सत्संगति भनिन्छ । यज् धातुले देव पूजा संगतीकरण र दानसमेतको अर्थ बुझाउँदछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"समिधो यजति, इडो यजति स्वाहाकारं यजति, बर्हिर्यजति, तनूनपात यजति" भनेर हरेक वाक्यमा यजति कै आवृत्ति भएबाट एउटै यजन कार्य किन दोहोऱ्याएर तेऱ्याएर उपदेश गरेको हो भन्ने शङ्का उठाउन मिल्दैन किनभने ती सबै याग भिन्नै भिन्नै पदार्थद्वारा भिन्न भिनै समयमा सम्पन्न गरिने हुनाले भिन्नै कर्म हुन् । नाम साम्य भए तापनि अर्थात् प्रयाज याग सामान्यता भए तापनि द्रव्य देश कालका भेदले कर्म भेदनै हुन् भनी स्वीकार गरिएको छ । यसरी पुनः पुनः श्रुत यजति जुहोति आदिशब्द देश काल द्रव्य कर्ता देवता आदिका भेदले भिन्न कर्म नै हुन् भन्ने वेदमीमांसा शास्त्रको मान्यता रहेको छ, किनभने निरर्थक शब्द त के मात्रा मात्रै पनि वेदमा खेर जाने कुरा छैन भने पूरै क्रियापद वा कार्य नै निरर्थक रूपमा दोहोऱ्याएर उही कर्मको पुनरावृत्ति गरेको होइन । अपितु कर्म भेदका कारणले तिनीहरूको उल्लेख भएको हो आवृत्ति मात्रै (सित्तै बिनाप्रयोजन आवृत्ति गर्ने काम) भएको छैन र होइन पनि । यसैले पूर्व पूर्व यजतिद्वारा विहित याग र द्रव्यको आवृत्ति नभएर नयाँ नयाँ भिन्न द्रव्यद्वारा सम्पन्न हुने भिन्न भिन्न प्रयाजानुष्ठान रूप कर्मको विधान यी ५ वटा प्रकृष्ट याग विधिबाट भएको मानिएको हुनाले यी विधि कर्म भेद विधायक विधि नै हुन् भन्ने निर्णय गरिएको छ ।

"तिस्त्र आहुति र्जुहोति" यस विधिमा जुहोति पदको अभ्यास (दुई पटक पाठ) नभएको भए तापनि एकार्थक नै भएबाट जुहोति पदको अर्थ होम नै हुन आउँदछ र त्यही होममा त्रित्वसंख्याको अन्वय हुन्छ । यस कारण यहाँ परस्पर भिन्न तीन तीन होम गरिन्छन् यसैले यो संख्याबाट पनि कर्म भदेको बोध हुन्छ ।

"अथैष ज्योतिः, अथैष विश्वज्योतिः, अथैष सर्वज्योतिः, एतेन सहस्र दीक्षिणेन यजेत ।" भन्ने श्रुति वचनमा ज्योतिष्टोम प्रकरणमा सुनिएका ज्योति नामका ती याग (ज्योति= विश्वज्योति सर्वज्योति सहस्त्र ज्योतिहरूको नाम ज्योतिष्टोम भन्दा भिन्नै अर्थात् ज्योतिष्टोम भन्ने संज्ञाको अपेक्षा फरक (भिन्न, भेद) देखिएको छ । भिन्न संख्याका आधारले नै तीन प्रकारका ज्योतियागमध्ये परस्परमा भिन्नता बुझाउन छुट्टै नामद्वारा व्यवहार भएबाट कर्म भेदको ज्ञान हुन्छ ।

त्यसो भए "तप्ते दध्यानयति सादैव्य व्यामिक्षा वाजिभ्यो बाजिनम्" यस प्रसङ्गमा "सा वैश्वदेवी" यस वाक्यमा विश्वेदेवदेवताका निम्ति आमिक्षा द्रव्यले होम गर्ने र वाजिदेवताका निम्ति वासिन द्रव्यले होम गर्ने र वाजिदेवताका निम्ति वाजिन द्रव्यरूपगुण विधान गरेर द्रव्य र देवता भिन्न भएबाट कर्म भेद हुनाले छुट्टै-छुट्टै (भिन्न-भिन्न) कर्म हुन् भन्ने बोध हुन्छ । दुध तातेपछि त्यसमा दही मिसाइदिएमा त्यो दुध फाट्छ । झोल र चोक्टामध्ये झोलको नाम पयस्या अथवा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाजिन र चोक्टालाई आमिक्षा भनिएको हुनाले पयवाट नै त्यसलाई फटाएर झोल चोक्टा पारी झोल वाजि देवता र चोक्टा विश्वेदेव देवताको निम्ति छुट्टा छुट्टै याग विधान भएको छ। तर पूर्व विहित वैश्वदेवको विकल्पमा वाजिन द्रव्य वाजिदेवताको विधान गरेको नभएर दुई छुट्टै याग हुन् भन्ने स्पष्ट भएको छ।

'आमिक्षा' र 'पयस्या' दुई द्रव्य र वैश्वदेव र वाजि दुई देवतालाई "व्रीहि यवान् वा हविषि" अर्थात् हवि भन्नाले व्रीहि अथवा 'यव' लाई बुझ्नु पर्दछ भनेझैं द्रव्य र देवतालाई विकल्पका रूपमा विधान गरिएको नभएर यी दुई भिन्नै भिन्नै कर्म हुन् भनी निधो गरिएको छ किनभने समशिष्ट अर्थात् उस्तै उही उपदेश भए कर्म भेद हुँदैन थियो यहाँ त विषम शिष्ट अर्थात् द्रव्य र देवता नै फरक फरक बताएको छ। उत्पत्ति र गुणशिष्टमध्ये उत्पत्ति शिष्ट (अर्थात् याग विधानसँगै द्रव्य पनि बताएकोलाई प्रवल मानिन्छ।

कर्मको उत्पत्ति वा विधानकै समय र प्रसङ्गमा देवतासँगै द्रव्यको पनि विधान भएको विधिलाई उत्पत्ति शिष्ट भनिन्छ। यस प्रकारले गुणका कारणले अर्थात् द्रव्यका कारणले गर्दा र देवता पनि भिन्न भएका कारणले समेत यो कर्म भेद नै हो भन्ने सिद्ध हुन्छ।

यसै गरेर कुण्डपायीहरूको अयन प्रकरणमा श्रुतिवचन छ कि उपसद् इष्टि गरेपछि एक महिनासम्म लगातार अग्निहोत्र गर्नुपर्दछ। यहाँ अग्निहोत्र शब्द समान भएकोले प्रसिद्ध कर्म अग्निहोत्र कै अनुवादरूप विधान हो भने यवागु तण्डुल दधि, आज्य आदिमध्ये कुनै एक द्रव्यको प्राप्ति पनि हुने थियो तर यहाँ त्यसो नभएर अर्कै प्रकरण हुनाले प्रकरण भेदात् कर्म भेद अर्थात् प्रकरण नै भिन्नै भएबाट कर्म भेद हो भन्ने ज्ञान हुन्छ। सुप्रसिद्ध अग्निहोत्र यावजीवन वा ३० वर्षसम्म नित्य रूपले गरिने हुँदा यो मासव्यापी अग्निहोत्र मात्र भएबाट अग्निहोत्र प्रकरणसँग सम्बन्धित पनि नहुनाले प्रकरणका आधारमा कर्म भेद (भिन्नै कर्म) भन्ने बुझ्नु पर्दछ। यस प्रकारले कर्मभेद शब्दान्तर अभ्यास, संख्या, गुण र प्रकरणान्तरका आधारमा हुन्छ भन्ने कुरा को टुङ्गोमा पुगियो।

## ५७) अथ प्रमेयादिविचारः।

**तत्र वेदादिप्रमेयोऽर्थस्त्रिविधः–क्रत्वर्थः, पुरुषार्थः, उभयार्थश्चेति। तत्र प्रयाजादिकं केवलं क्रत्वर्थः, फलं तत्करणं च पुरुषार्थः, यथा ज्योतिष्टोमादिः स्वर्गश्च। दध्यादि तूभयरूपम्–"दध्ना जुहुयाद्" इति फलासंयुक्तवाक्येन क्रत्वर्थत्वात् "दध्नेन्द्रियकामस्य जुहुयात्" इत्यनेन फलाय विधानात् पुरुषार्थत्वात्। तदुक्तम्–"एकस्य तूभयरूपत्वे संयोगपृथक्त्वम्" इति (पू० मी० अ० ४ पा० ३**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**अधि० ३३ सू० ३)। संयोगो वाक्यं तस्य पृथक्त्वं भेदः एकस्य उभयार्थत्वे नियामक इत्यर्थः। क्रत्वर्थे प्रयाजादौ क्रतुः प्रयोजकः। पुरुषार्थे फलं प्रयोजकम्। प्रयोजकत्वं नामानुष्ठापकत्वमित्यर्थः। विधिर्यदर्थं यदनुष्ठापयति स तत्र प्रयोजकः। दर्शादिविधिः स्वर्गार्थं दर्शादिक-मनुष्ठापयतीति स्वर्गादिर्दशादौ प्रयोजकः। प्रयाजादिविधिः प्रयाजान् दर्शाद्यर्थम् अनुष्ठापयतीति दर्शादिः प्रयाजानां प्रयोजकः। दध्यानयनविधिः दध्यानयनमामिक्षार्थ-मनुष्ठापयति, न वाजिनार्थम्, आमिक्षार्थं दध्यानयनानुष्ठाने सति वाजिनस्य स्वतः सिद्धत्वात्, अत आमिक्षैव दध्यानयने प्रयोजिका, न वाजिनम्। "पुरोडाशकपालेन तुषानुपवपति" इति तुषोपवापाङ्गत्वेन पुरोडाशकपालं विधीयते, तथापि तुषोपवापः कपालस्य प्रयोजको न भवति, पुरोडाशार्थमुपात्तेनैव कपालेन तुषोपवापसिद्धेः। किन्तु पुरोडाश एव कपालस्य प्रयोजक इत्याद्यूह्यम्॥**

**अनुवाद-** प्रमेय अर्थात् प्रमाणद्वारा बुझाइने कुराका ३ भेद छन्– १. क्रत्वर्थ, २. पुरुषार्थ, ३. उभयार्थ। वेदादिशास्त्रले प्रमाणित गरिइने अर्थ (वस्तु, कर्म, कर्ता, द्रव्य, काल, याग आदि) लाई प्रमेय भनिएको छ।

कत्वर्थ भनेको कुनै यज्ञका निम्ति भनेर तोकिने कर्म जस्तै प्रयाजादि, त्यस्तोमा ती प्रयाजादिले मुख्य यज्ञ (क्रतु)को उपकारक भएर मात्रै फलवान् हुने हुनाले सन्निपत्योपकारक अङ्ग हुन्। प्रधान कर्म साक्षादुपकारक हुन्। (यसैगरी शम्याहनन, पेषण, मृगचर्मास्तरण, कुशास्तरण, अपःप्रणयन, आज्यग्रहण आदि कर्म सन्निपत्योपकारक हुन्। साक्षादुपकारक र आरादुपकारक भन्नु उस्तै उस्तै कुरा हो।)

पुरुषार्थ भन्नाले यज्ञ र यज्ञफललाई लिइन्छ। दधि, ब्रीहि, आज्य आदि द्रव्यहरू उभयार्थक हुन्। दध्ना जुहुयात् भनेर दधिरूप द्रव्यको विधानलाई कत्वर्थ भनिन्छ। दध्ना इन्द्रियकामस्य जुहुयात्" यस विधिमा फलको समेत बोध हुनाले यो पुरुषार्थ हो। भनिएको पनि छ एकस्य तूमयरूप-संयोगत्वे पृथक्त्वम्" अर्थात् एउटै वाक्यमा हुनु संयोग र फलविधानसहित पृथक् विधान पृथक्त्व भेद हो। त्यही भेद संयोग र पृथक्त्वको नियामक हो।

**क) प्रयोजक लक्षणः**

क्रत्वर्थ प्रयाजादिमा क्रतु (यज्ञ) प्रयोजक हो। क्रतु (यज्ञ)ले प्रयाजादि अङ्गहरूलाई आफ्नो अनुकूलताका निम्ति प्रयोग गर्ने हुनाले प्रयाजादिका निम्ति यज्ञ (क्रतु) प्रयोजक हो। प्रयोजक भनेको अनुष्ठापक हो। विधिले जुन फलका निम्ति जे जस्तो कर्म गर्न प्रेरणा दिन्छ त्यो प्रयोजक हो। दर्श-पौर्णमास आदि विधिले स्वर्गका निम्ति ती दर्शादि यागको अनुष्ठान गराउँदछन्। तसर्थ स्वर्गादि फलहरू दर्श-पौर्णामासादिका प्रयोजक मानिन्छन्। प्रयाज आदि-विधिले दर्श-पूर्णमास आदि यज्ञहरूका निम्ति प्रयाजादिको अनुष्ठान गराउँदछन्। यसकारण दर्श-पौर्णमास



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि यज्ञहरू प्रयाजादिका निम्ति प्रयोजक मानिन्छन् ।

दुध तातेपछि दधि ल्याएर मिसाइदिने विधि "तप्ते पयसि दध्यानयति"ले आमिक्षाका निम्ति दही मिसाउने विधिको अनुष्ठापक हुन जान्छ, वाजिनका निम्ति होइन, किनभने आमिक्षा भएर बाँकी वाजिन हुन्छ नै जो स्वतः सिद्ध हुन्छ । त्यसैले आमिक्षार्थ दध्यानयन-प्रयोज्य, आमिक्षा प्रयोजक हो वाजिन स्वतः सिद्ध हुन जाने हुनाले प्रयोजक होइन ।

यसैगरी "पुरोडाश-कपालेन तुषानुपवपति" यस विधि वाक्यमा 'तुष' हटाउनकै निम्ति अङ्गरूपले पुरोडाश कपालको विधान भएको छ तापनि यहाँ तुषापनयन क्रिया कपालको प्रयोजक हुन सक्दैन किनभने पुरोडाश बनाउन भनेर लिएको कपालद्वारा नै 'तुष' (भूष धूलो फोहोर) हटाउने कुरा पनि सिद्ध भै जान्छ । अतः पुरोडाश नै कपालको प्रयोजक हो । पुरोडाश वनाउनकै निम्ति कपाल (ताउ, टुक्रेताउ) को विधान भएको हुनाले कपाल प्रयोज्य र पुरोडाश प्रयोजक हो भन्ने सम्झनु पर्दछ ।

## ५८) अथ क्रमनिरूपणम् ।

**ननु विधिना साङ्गं प्रधानं कर्त्तव्यतया चोद्यते । तत्राङ्गानां प्रधानानां च कर्म्मणां बहुत्वात् क्रमेणानुष्ठानं वाच्यम् । तत्क्रमनियामकं प्रमाणं किम् ? इति चेत्, न श्रुत्यादीनामेव क्रमनियामकत्वात् । तथाहि–"अध्वर्युर्गृहपतिं दीक्षयित्वा ब्रह्माणं दीक्षयति" इत्यत्र क्त्वाश्रुत्या गृहपतिदीक्षाऽनन्तरं ब्रह्मदीक्षेति श्रौतक्रमः । "समिधो यजति" "तनूनपातं यजति" इत्यादौ विधिवाक्यपाठक्रमादेव समिदादियागा-नुष्ठानक्रमः । "अग्निहोत्रं जुहोति यवागूं पचति" इत्यत्र यवागूपाकस्य होमार्थत्वेन पाकात् पूर्वं होमस्य कर्तुमशक्यत्वात् पाठक्रमं त्यक्त्वाऽर्थक्रमः स्वीकर्तव्यः । अर्थः प्रयोजनं होमादिरूपं तदर्थक्रमः, अर्थक्रमः । तेन पूर्वं पाकः पश्चाद्धोमः ॥ तथा "सप्तदश प्राजापत्यान् पशूनालभते" इत्यत्र सप्तदशपशुद्रव्यकप्रजापतिदेवताकाः सप्तदश यागाः कर्त्तव्यत्वेन बोधिताः । तत्रोपाकरणाख्य आद्यः पदार्थः यतः कुतश्चि-दारभ्य यत्र क्वचित् समापनीयः, नियोजनादिकन्तु येन क्रमेण उपाकरणं प्रवृत्तं तेनैव क्रमेण कर्त्तव्यम् । कथम्–प्रकृतावग्नीषोमीयपशोरेकत्वेन उपाकरणमादौ कृत्वा द्वितीयक्षणे एव नियोजनं तृतीयक्षण एव प्रोक्षणम्, व्यवधानप्रयोजकाभावात् । अत्र तु सप्तदशपशूनां सहानुष्ठेयत्ववचनात् प्रथमतो यत्र क्वचित् पशौ कृतमुपाकरणं स्वाश्रयकर्त्तव्यनियोजनाय षोडशभिः क्षणैः व्यवधानं सहते न त्वधिकम् । तत्रोपाकरणक्रमेण नियोजनं प्रथमपशावकृत्वा पश्वन्तरे नियोजनं कृत्वाऽनन्तरं प्रथमपशौ नियोजनकरणे षोडशक्षणाधिकक्षणव्यवधानं शास्त्राननुमतमापद्यते, तन्निरासायोपाकरणं येन क्रमेण प्रवृत्तं तेनैव नियोजनादिकं कार्य्यमिति प्रवृत्तिक्रमः**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**(अथवा काण्डानुसमय पदार्थानुसमययो र्मध्ये पदार्थानुसमय आश्रयणीय इत्यर्थः)। तथा ज्योतिष्टोमे औपवसथ्यमहरारभ्य क्रमेणानुष्ठेयानाम् अग्नीषोमीयसवनीयानुबन्ध्यानां पशूनां त्रयाणां साद्यस्काख्ये सोमयागे "सह पशूनालभते" इत्येकदाऽनुष्ठानलक्षणं साहित्यं बोधितम् । तदपि सवनीयस्य स्थाने विहितम् । तत्र प्राकृतक्रमं परित्यज्य सवनीयस्य स्थाने साहित्यावधानादादौ सवनीयपशोरुपाकरणे ततोऽग्नीषोमीयस्य ततोऽनूबन्ध्याया इति स्थानात् क्रमः । सुत्यादिवसात् पूर्वमहरौपवसथ्यम्। तथा दर्शे सान्नाय्यधर्माणां शाखाच्छेदादीनां पूर्वम्, आग्नेयधर्माणां निर्वापादीनाञ्चानन्तरं प्रवृत्तावपि मुख्ययोराग्नेयसान्नाय्ययागयोर्मध्ये आग्नेययागस्य पूर्वमनुष्ठानान्मुख्य-यागक्रमेणादावाग्नेयपुरोडाशस्य प्रयाजशेषाभिघारणम्, ततः पयसोऽभिघारणम् इति मुख्ययागक्रमादभिघारणक्रमः। इत्येवं श्रुति-अर्थ-पाठ-स्थान मुख्यप्रवृत्तिक्रमैरेव कर्मानुष्ठानम्। अन्यथाऽनुष्ठाने वैगुण्यमित्यलम्।**

**अनुवाद-** जहाँ विधिद्वारा अङ्ग कार्य र प्रधान कार्यहरू गर्नुपर्ने कुरा बताइन्छ त्यहाँ धेरै अङ्ग कार्य र थुप्रै प्रधान कार्यहरूको क्रमैले अनुष्ठान गर्नुपर्ने कुरा हुनुपर्दछ र त्यो क्रम बताउने विधि कुन हो अथवा त्यो क्रम बताउने प्रमाण कुन हो भन्ने जिज्ञासाको उत्तर यही हुन आउँछ कि श्रुति लिङ्ग आदि ६ वटा प्रमाणहरू नै क्रमका नियामक अर्थात् क्रमलाई तह लगाएर यथाक्रम अनुष्ठानको व्यवस्था मिलाउने प्रमाण हुन्। यी प्रमाणहरूले गर्दा क्रमानुष्ठानमा कुनै विषमता हुँदैन। ती छ प्रमाण जसले क्रम निर्धारण गर्दछन् ती देहायअनुसार छन् र नामको उपदेश क्रमनै क्रमनिर्धारक प्रमाण हो।

**क) श्रुतिक्रम**

सत्र यागमा सोमयागोक्त १६ जना ऋत्विक्नै यजमानका रूपमा रहन्छन् र तीमध्ये १ जना गृहपति नामक ऋत्विक् यजमान स्थानीय हुन्छन्। ती गृहपतिलाई दीक्षा दिएपछि मात्रै अध्वर्युले ब्रह्मालाई दीक्षित गर्दछन्। यहाँ 'क्त्वा' प्रत्ययको श्रुति (श्रवण) भएको हुनाले अध्वर्युले पहिले गृहपतिलाई दीक्षा दिएर त्यसपछि मात्रै ब्रह्मालाई दीक्षा दिनुपर्ने क्रम निर्धारित भएको छ। यसो गरेर (यो गरी) त्यो गर्नु भन्ने श्रुति श्रवण (विधि) नै पहिलो क्रमको अनुष्ठापक प्रमाण हो। श्रुतिले नै जहाँ (प्रमाणद्वारा) निर्देश गरेको छ त्यहाँ त्यही प्रमाणले क्रम निर्धारण गर्नुपर्दछ। श्रृति क्रमलाई कुनैले उल्लङ्घन गर्न मिल्दैन। किनभने श्रुतिप्रमाण नै छवटा प्रमाणहरूमध्ये सबैभन्दा वलियो प्रमाण हो।

**ख) पाठक्रम**

"समिधो यजति", 'तनूतपातं यजति' इत्यादि स्थलहरूमा विधिवाक्यमा उपदिष्ट पाठको पौर्वापर्य क्रमवाट नै समिदादि यागहरूको अनुष्ठानक्रम सिद्ध हुन्छ। यसै गरेर एकै प्रकरण (प्रसङ्ग) मा धेरै अङ्ग कार्यहरू गर्नुपर्नेमा पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठक्रमलाई आधार मानेर सोही पाठक्रमबमोजिम कर्मानुष्ठान गर्नुपर्दछ । यसरी पाठक्रमद्वारा अनुष्ठानको क्रम निधो गरिएको हुनाले यसलाई पाठक्रम भनिन्छ ।

**ग) अर्थक्रम**

"अग्निहोत्रं जुहोति" । यवागूं पचति । इषेत्वोर्जेत्वा" इत्यादि स्थलमा पाठक्रमअनुसार अग्निहोत्र होम गर्नु अनि यवागु पकाउनुपर्ने हुन्छ । 'इषेत्वा' ले पलास शाखा च्छेदन गर्ने र 'ऊर्जेत्वा' ले पलास शाखामा लागेको धुलिकादि हटाएर सन्नमन (पलास शाखालाई छेदन गर्न सजिलो हुने गरी निहुराउने काम) गर्नुपर्ने कुरा पाठ क्रमले सिद्ध भए ता पनि "पाठक्रमादर्थक्रमो बलीयः" अर्थात् पाठक्रमभन्दा अर्थक्रम बलियो हुन्छ भन्ने विशेष नियम छ । अतएव अग्निहोत्र कर्मको द्रव्य रूप गुणको अभावमा होमको काम गर्न सम्भव नहुने भएकोले पहिले यवागु अर्थात् जौका पीठोको हलुवा बनाएर त्यही द्रव्यले अग्निहोत्रको होम गर्नुपर्दछ भन्ने शास्त्रीय मान्यता रहेको छ । पलास शाखा छेदन गर्नुभन्दा पहिला त्यो पलास शाखामा जम्मा भएको धूलो झारेर त्यस शाखालाई केही निहुराएर छेदन गर्नु व्यावहारिक हुन्छ भनेर नै पाठ गर्दा र अर्थ गर्दा गराउँदाको क्रमलाई तलमाथि गरी हेरफेर गर्ने कुरालाई समेत यस छलफलले टुङ्गो पनि लाएको छ । श्रृतिमा (वेदमा) पढ्दा अन्य क्रममा परेपनि अर्थ गर्दा त्यो क्रम फेरि अर्थानुसार (प्रयोगानुसारी अथवा गुणकर्मानुसारी) क्रमलाई बलियो मानिएको हो । यस हेतुले पलास शाखा च्छेदन गर्नुपूर्व पलाँसमा भएको घुलि अथवा यज्ञमा नभनेकै अनावश्यक कुरा हटाएर पलाँस शाखालाई च्छेदन गर्न सजिलो पार्ने गरी निहुराउने कुरा गर्नुपर्दछ र अर्थक्रम लोक व्यवहारमा अर्थानुसार शब्द मिलाएर राख्ने कार्य (अन्वय) लाई समेत यज्ञमा भएको व्यवस्था अनुरूप नै स्वीकार गरिएको देखिन्छ । यी सवै चर्चाबाट पाठक्रमभन्दा अर्थक्रम बलियो हुन्छ भन्ने कुरा टुङ्गो लाएको छ ।

**घ) प्रवृत्तिक्रम**

"सप्तदश प्राजापत्यान् पशूनालभते" यस पशुयागमा सत्रवटा पशु द्रव्य भएको प्रजापति देवतात्मक सत्रबढा यागहरू गर्नुपर्दछ भनेर बोधन गराइएको (विहित) छ । त्यस यागमा उपाकरण नामको प्रथम यागको विधान भएको छ, र त्यो प्रथम याग ती सय पशु मध्ये जुनसुकै पशुयागबाट आरम्भ गरेर कुनै एउटा पशुयागका बीचमा नै समाप्त (पूर्ण) गर्नुपर्दछ । यसपछि गरिहने बाँकी सोह्रवटा पशुयागहरूमा प्रथम कर्तव्य (आद्य) उपाकरणनामको यागमा पशुनियोजन, पशुप्रोक्षण, आदि कार्य उपाकरण नामको प्रथम कर्तव्य यागमा जुन क्रमले गरियो सोही क्रमले गर्नुपर्दछ। पशुयागको प्रकृति अग्निषोमीय पशुयाग हो । अग्निषोमीय



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुयागमा एउटा मात्रै पशुको विधान छ । त्यहाँ पशुलाई प्रथम क्षणमा उपाकरण गरी द्वितीय क्षणमा पशु नियोजन र तृतीय क्षणमा प्रोक्षण हुन्छ । त्यो प्रकृतियाग (अग्नीषोमीय पशुयाग) मा एकमात्र पशुको विधान भएको हुनाले कुनै व्यवधान हुँदैन थियो र ठीक थियो । तर यहाँ त सत्रवटा पशुहरूको विधान एकैपटक, एकैमसाथमा गर्नुपर्ने विधान छ । यसकारण जुनसकै पशुको पहिले उपाकरण गरेपनि आद्य पशुयाग जुन पशुको बीचमा शुरु गरेपनि उपाकरणपछि गरिहने नियोजन कार्यका निम्ति सत्रमध्ये १६ पशुको उपाकरण गर्दा प्रथम यागको पशुको नियोजन कार्य उपाकरणको लगतै द्वितीयक्षणमा गर्न व्यवधान हुन्छ नै, किनभने "पदार्थानुसमय" अनुसार १७ वटा १/१ पशुको १/१ वटा गरेर उपाकरण नियोजन र प्रेक्षण हुनुपर्ने हुनाले प्रथम पशुको उपाकरण लगत्तै (द्वित्तीय क्षणमा) नियोजन हुने भएन । पहिलो पशुको प्रथम क्षणमा उपाकरण (तृणद्वारा स्पर्श) गरी दोस्रो क्षणमा नियोजन नभएर सोह्रौं क्षणमा पुगेर मात्रै प्रथम पशुको उपाकरणपछिको लगत्तै हुनुपर्ने नियोजन र त्यसपछिको १६ रौं क्षणमा प्रोक्षणकार्य गरिइरहने अवस्था भयो । यसो गर्दा शास्त्रसँग (विधानसँग) सामञ्जस्य हुनसक्ने भएन र शास्त्रसम्मति रहेन । यस कारण जुन क्रमले शुरुमा उपाकरण भयो सोही क्रमले बाँकी सोह्र पशुहरूको पनि नियोजन आदि कार्य गर्नुपर्दछ । जुन प्रथम पशुको प्रथम संस्कार काममा प्रवृत्त भइन्छ, त्यो क्रम प्रवृत्ति क्रम हो, त्यही प्रवृत्ति क्रमले अरूको पनि (बाँकी पशुको पनि) संस्कार कर्म सम्पन्न गर्नुपर्दछ । अत एव प्रवृत्तिक्रम अर्थात् सँगै प्रयोगमा ल्याइने प्रधान (द्रव्य गुण कर्म) हरूमा आवृत्ति गरिहने अुनष्ठानमा द्वितीयादि पदार्थहरूको प्रयोगक्रम प्रथम क्षणमा गरिएको प्रथममा प्रयुक्त पदार्थ क्रमको पहिलो क्रम नै प्रवृत्तक्रम हो । यसैअनुसार अरू पशुहरूको पनि ती ती संस्कार गरिनु पर्ने हुनाले यस क्रमलाई प्रवृत्तिक्रम भनिएको हो । यो क्रम पाञ्चायन देवता पूजा आदिमा अपनाइने पदार्थक्रमले पनि निर्दिष्ट छ ।

### ङ) स्थान-क्रम

यस्तै सन्देह हुने स्थलहरूमध्ये ज्योतिष्टोम यागमा उपवसथ (यज्ञारम्भको प्रथम दिनभन्दा पहिलेको रात एकभक्तिको रात) देखि लिएर क्रमशः अनुष्ठित हुनेवाला अग्निषोमीय, सवनीय र आनुवन्ध्य नामका ३ वटा पशुयागको अनुष्ठान 'साद्यस्क' नामको सोमयाग (एकैदिन गरिने सोमयाग) मा 'सह पशुनालभेत' यस वाक्यद्वारा एकै साथमा अुनष्ठान गर्नु भनेर बताएको छ । र त्यो अनुष्ठानको स्थल पनि सवनीय पशुको ठाउँमा विधान भएको छ । तसर्थ प्रकृत्ति याग अग्नीषोमीय मा पढिएको अग्नीषामीय सवनीय आनुबन्ध्यको यो क्रमलाई छोडेर



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो सहानुष्ठान सवनीय पशुको स्थानमा विधान भएको व्यवस्था अनुगमन (स्मरण) गरेर क्रमशः सवनीय, अग्नीषोमीय, र आनुवन्धन पशुहरू उपाकरण नियोजन प्रोक्षण संस्कारहरू काण्डानुसमयअनुसार अथवा पदार्थानुसमयअनुसार जो क्रम आरम्भमा अवलम्बन गरियो सोअनुसार सम्पन्न गर्नुपर्दछ । यसले श्रुतिविहित क्रमभन्दा यज्ञ अनुष्ठानको सुविधा र निरन्तरताका दृष्टिले स्थान क्रमलाई आधार मानेर अनुष्ठान गर्नुपर्दछ र यसलाई स्थान क्रम भनिएको छ भन्ने कुरा स्पष्ट भएको छ ।

**च) मुख्यक्रम**

यसै गरेर दर्शेष्टिमा पलास शाखाच्छेदन वत्सापाकरण गोः प्रशंसा (स्तुति), शाखा निखातन, पवित्रबन्धन, पयः पवित्रीकरण उखास्थापन, प्रतपनादि सान्नाय्ययागका कर्महरूको प्रथमानुष्ठान गरेर त्यसपछि अग्निषोमीय याग निम्ति निर्वापादिको प्रवृत्ति आदिमा पनि मुख्य आग्नेय र सान्नाय्य यागहरूमध्ये पहिले आग्नेयाष्टाकपालको अुनष्ठान हुनाका कारण मुख्य यागका अुनष्ठान क्रमद्वारा पहिले आग्नेय पुरोडाशका प्रयाजशेषद्वारा अभिघारण कार्य हुन्छ । त्यसपछि मात्रै पयको अभिघारण (स्रुवद्वारा घृतासेक) हुन्छ । यसप्रकार मुख्य यागको अनुष्ठान गर्ने क्रमअनुसार अभिघारणको क्रम पनि निर्धारित गरिएको छ ।

## ५९) उपसंहार

यस प्रकारले श्रुतिक्रम, पाठक्रम-अर्थ क्रम-प्रवृत्तिक्रम- स्थानक्रम -मुख्यक्रमका आधारमा मात्रै यज्ञानुष्ठान गर्नुपर्दछ अन्यमा कर्ममा वैगुण्य (काम वैगुनी) हुन्छ र त्यसबाट मिल्ने फलवैगुण्य (फल वैगुनी) मिल्ने कुरा पनि राम्रोसँग मनन गर्नु अत्यावश्यक छ । यी सबै कारणहरूले गर्दा मीमांसाशास्त्र र त्यसका आधारमा बताइएका परिभाषा राम्ररी बुझिकन श्रौत स्मार्तकर्म अनुष्ठान गर्ने गराउने कार्य भएमा आफूले अनुष्ठान गरिएका कर्महरूको फल (परिणाम) पनि शुभकारी कल्याणकारी हुने कुरामा वैदिकमीमांसाशास्त्र पूर्ण विश्वास गर्दछ । वास्तवमा यजमानले जुन उद्देश्य वा फल प्राप्तिका निमित्त कर्म गरेको हो त्यो फल पूर्णरूपमा प्राप्त गर्नका निम्ति यजमान, द्रव्य, देश, काल, पात्र, सामग्री, मन्त्र, विधि र ब्राह्मण(याजक वा पुरोहित) समेत शुद्ध (दोष रहित) हुनु अत्यन्त जरुरी छ भन्ने कुरा सबै कर्ता र पुरोहित वा याजक ऋत्विकहरूले राम्ररी मनन गर्नु आवश्यक छ ।

॥ इति श्रीकृष्णयज्वकृता मीमांसापरिभाषा समाप्ता ॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# परिशिष्ट

## क) मीमांसापरिभाषामा प्रसङ्गअनुसार उद्धरण गरिएका श्रुति (वेद) का वचनहरू

| वचन | प्रसङ्ग |
|---|---|
| १ अग्निहोत्रं जुहोति | अग्निहोत्र चर्चा |
| २. दध्ना जुहुयात् | द्रव्य चर्चा |
| ३. अग्निहोत्रं जुहुयात् स्वर्गकाम | फलचर्चा |
| ४. दध्नेन्द्रियकामस्य जुहुयात् | कामनाविशेषद्रव्य |
| ५. सोमेन यजेत | मत्वर्थ लक्षण |
| ६. उद्भिदा यजेत पशुकाम | तत्प्रख्य चर्चा |
| ७. अग्नि प्रणयति | प्रणयन प्रसंग |
| ८. अग्निषु समिधम् आदधाति | अग्निप्रज्वालन |
| ९. यदाग्नेयोऽष्टाकपालोऽमावास्यायां पौर्णमास्यां चाच्युतो भवति | दर्शपूर्णमास |
| १०. ताभ्यामेतमग्नीषोमीयमेकादशकपालं पूर्णमासे प्रायच्छत् | युगल देवताक एकादशकपाल पुरोडाश विधान |
| ११. उपांशुयाजमन्तरा यजति | होमकाल |
| १२. तावब्रूतामग्नीषोमावाज्यस्यैन | युग्मदेवताको उपांशु |
| १३. य एवं विद्वान् पौर्णमासी यजते | अर्थवाद |
| १४. सौर्य चरु निर्वपेत् | सकामयाग |
| १५. ब्रीहीन् प्रोक्षति | द्रव्यसंस्कार |
| १६. समिधो यजति | प्रयाज |
| १७. ऐन्द्रं दध्यवास्यायाम् | सान्नाय्य |
| १८. य एवं विद्वान यजते अमावास्याम् | सान्नाय्य |
| १९. दर्शपूर्णमासाम्या स्वर्गकामो यजेत | कामपक्ष |
| २०. ब्रीहीन् अवहन्ति | अपूर्व चिन्तन |
| २१. ऐन्द्र पयोऽमावास्यायाम् | सान्नाय्य |
| २२. इमामगृभ्णन् रशनामृतस्येत्यश्वाभिधानीमादत्ते | परिसंख्या |
| २३. स्त्रुवेणवद्यति | अवदान |
| २४. अग्नये त्वा जुष्टं निर्वपामि | निर्वाप |
| २५. इषेत्वेति छिनत्ति | क्रमचर्चा |
| २६. तनूनपातं यजति | प्रयाज |
| २७. आज्यमागौ यजति | याग |
| २८. शुन्धध्वं दैव्याय कर्मणे देवयज्यायै | प्रोक्षण |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९. ऐन्द्राग्नं एकादशकपालं निर्वपेत् प्रजाकामः — काम्ययाग
३०. उमावामिन्द्राग्नी — देवताद्वन्द्वपक्ष
३१. कदाचन स्तरीरसि (नेद्रशश्चसि दाशुषे) इत्यैन्द्या गार्हपत्य — उपस्थान
३२. स्योनं ते सदनं कृणोमि घृतस्य धारया सुशेवं कल्पयामि... पुरोडाश याज्या
३३. सकृदुपस्तृणाति, द्विर्हविषोऽवद्यति सकृदभिघारयति — क्रम विवेक
३४. अग्नये जुष्टमभिघारयामि — अभिघारण
३५. वषट्कृते जुहोति — होमकाल
३६. शकृत् सम्प्रविध्यति — वेधन
३७. लोहित निरस्यति — अपद्रव्यनिरसन
३८. व्रीहिभिर्यजेत यवैर्यजेत — व्यवस्थित विकल्प
३९. वत्समालभेत — अभिमन्त्रण
४०. तप्ते पयसि दध्यानयति सा वैश्वदेव्यामिक्षा,वाजिभ्यो वाजिनम् — आतञ्चन
४१. अग्नीनादधीत — अग्नि आधान
४२. स्वाध्यायोऽध्येतव्य — अध्ययनविधि
४३. यावज्जीवमग्निहोत्रं जुहोति — यावज्रीवपक्ष
४४. सायं जुहोति प्रातर्जुहोति — होमव्यवस्था
४५. अग्नये पथिकृते पुरोडाशमष्टाकपालं निर्वपेत् — स्वागत्
४६. वायव्यं श्वेतं पशुमालभेत भूतिकामः — काम्ययाग
४७. स्वर्गकामो यजेत — काम्ययाग
४८. ज्योतिष्टोमेन स्वर्गकामो यजेत — काम्ययाग
४९. त्रिवृत् पञ्चदशः सप्तदशः स्तोमाः — स्तोमचर्चा
५०. अग्निर्ज्योति ज्योतिरग्निः स्वाहेति सायं जुहोति — व्यवस्थापन
५१. श्येनेनाभिचरन् यजेत — अभिचारयाग
५२. यथाह वै श्येनो निपत्यादत्ते एवमयं द्विषन्त भातृव्यं निपत्यादत्ते यमभिचरति श्येनेन — अर्थवाद
५३. चित्रया यजेत पशुकामः — तद्व्यपेदश
५४. दधि मधु, धृतम्, आपः, धानाः तत्संसृस्टं, प्राजापत्यम् — चित्रद्रव्य
५५. अग्निषोमीयं पशुमालभते — अग्निषोमीय याग
५६. पशुना यजेत — अग्निषामीष्य याग
५७. ग्रहं सम्मार्ष्टि — जाति विवक्षा
५८. अरुणया पिङ्गाक्ष्या एकहायन्या गवा सोमं क्रीणाति — गुणद्रव्य योग
५९. असत्रं वा एतद्यदच्छन्दोगम् — अर्थवाद
६०. अश्रुजं हि रजतं यो वर्हिषि......... — अर्थवाद



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| ६१. | शोभते अस्य मुखं य एवं वेद | अर्थवाद |
| ६२. | वायुर्वै क्षेपिष्ठा देवता, वायुमेव स्वेन भागधेयेन उप...... | अर्थवाद |
| ६३. | अग्निर्वा अकामयत | अर्थवाद |
| ६४. | तमशपद् धिया धिया त्वा वध्यासुसम् | अर्थवाद |
| ६५. | अक्ता शर्करा उपदद्याति, | विधि |
| ६६. | तेजो वै धृतम् | अर्थवाद |
| ६७. | अतिरात्रे षोडशिनं गृहणाति, नातिरात्रे षोदशिनं गृह्णाति | संशय |
| ६८. | बृहत् पृष्ठं भवति, रथन्तरं पृष्ठं भवति । | व्यवस्थापक्ष |
| ६९. | राजन्य वाशिष्ठादीनां नाराशंसी द्वितीय प्रयाज : तनूनपादन्येषाम् | व्यवस्थापक्ष |
| ७०. | औदुम्वरीं स्पृष्ट्वोद्गायेत् | विधि |
| ७१. | तिस्र आहुतीर्जुहोतिः | विधि |
| ७२. | अथैषज्योतिः अथैष विश्वज्योतिः...... | ज्योतिष्टोमि |
| ७३. | उपसद्भिश्चा रित्वा मासमग्निहोत्रं जुहोति | क्रमभेदचर्चा |
| ७४. | पुरोडाशकपालेन, तुषानुपवपति । | क्रम |
| ७५. | अध्वर्यु :, गृहपतिं दीक्षयित्वा ब्रह्माणं दीक्षयति | क्रम |
| ७६. | अग्निहोत्रं जुहोति, यवागुं पचति | अनुष्ठानक्रम |
| ७७. | सप्तदश प्राजापत्यान् पशुनालभते । | प्रयोगक्रम |
| ७८. | सह पशूनालभते | तथा |

**ख) पारिभाषिक शब्दको अर्थ**

| | | |
|---|---|---|
| १. | मीमांसा | प्रमाण निक्र्योल गर्नु, हो होइन भनी, तर्क वितर्क गर्नु |
| २. | वेदमीमांसा | वेद के हो ? के भन्छ ? किन ? के काम गर्छ ? बारेका विचार । |
| ३. | यज्ञ | देव पूजा, संगतिकरण, दान र सो अर्थमा यज् धातुबाट बनेको शब्द । |
| ४. | जिज्ञासा | जान्ने इच्छा, खसखसी । |
| ५. | धर्म जिज्ञासा | धर्मवारे जान्ने इच्छा, धर्मवारे तर्कवितर्क |
| ६. | धर्मस्वरूप जिज्ञासा | धर्मको स्वरूप जान्ने इच्छा । |
| ७. | धर्मप्रमाण जिज्ञासा | धर्मका बारेमा के प्रमाण भनी जान्ने इच्छा |
| ८. | धर्म साधना जिज्ञासा | के साधनले धर्म हुन्छ भनी जान्ने इच्छा धर्मको साधनलाई जान्न खोज्नु । |
| ९. | धर्मफल जिज्ञासा | धर्मबाट के फल मिल्छ भनी जान्ने इच्छा । |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| १०. | वेद | विद्धातुबाट णल् प्रत्यय गरेर बनेको शब्द, ईश्वर छ भन्ने ज्ञान गराउने, विचारशील गराउने । लाभ गराउने, फाइदा गराउने, यो कि त्यो बारे निधो गराउने शास्त्र वा ग्रन्थको नाम, ऋक् यजुः सम र अथर्व वेदलाई बुझाउने साझा नाम । |
| ११. | प्रयोजन | किन चाहियो ? के गर्छ ? भन्ने आधारभूत कुरा |
| १२. | अनुबन्ध | अधिकारी, विषय, सम्बन्ध र प्रयोजनसँगै गाँसिएका ४ कुरा |
| १३. | प्रतीति | प्रत्यय, विश्वास, पत्यार |
| १४. | परिभाषा | सबैतिरबाट चिनाउने कुरा, हरतरहले चिनाउनु, परिभाषित गर्नु, कुनै कुराको निर्क्योल गराउनु |
| १५. | स्व | आफू अथवा, धन |
| १६. | स्वधन | आफ्नो धन, आफूले आर्जेको धन, आफूलाई आनन्द दिने कुरा । |
| १८. | स्वकर्म | आफ्नो काम, आफूले गर्नुपर्ने काम, आफ्नो कर्तव्य |
| १९. | स्वधर्म | आफ्नो धर्म, आफूलाई चिनाउने, आफूलाई थाम्ने आधार, आफ्नो धारणा, आत्मपरिचय, |
| २०. | अध्येय, अध्याय | अध्ययन गर्नुपर्ने कुरा, जान्नुपर्ने कुरा, एउटा जान्नुपर्ने कुरा, एउटा सन्दर्भ एउटा कुरालाई बुझाउने प्रसङ्ग |
| २१. | स्वाध्याय | आफूलाई चिनाउने कुरा, आफूले जान्नै पर्ने कुरा, आफूले चाहेको कुरा, आत्मपरिचय, |
| २२. | पूर्व मीमांसा | पहिले जान्नुपर्ने कुराको निर्क्योल गराउने, कर्म के किन, कसरी, कहिले कहाँ कुन, कसले भन्ने निधो गराउने शास्त्र, |
| २३. | उत्तरमीमांसा | वेदान्त, ब्रह्मविद्याबारे चिन्तन, वेदकोआखिरको कुरा के कस्तो किन, कसरी, कहाँ कहिले कसबाट, आदि कुराबारे चर्चाबोध गराउने शास्त्र, |
| २४. | भावना | क्रिया, चाहना, आशय, हुनपर्ने काम, भवनानुकुल क्रिया । |
| २५. | धातु | सुन चाँदी आदि पदार्थ, क्रिया जनाउने कुरा, क्रियापदको मूल । |
| २६ | शस्त्र | काट्ने, नास्ने कुरा, मास्ने कुरा वा काम प्रशंसा बयान |
| | शास्त्र | यसो गर उसो नगर भनेर सिकाउने कुरा, के गर्ने, के |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगर्ने किन गर्ने किन नगर्ने कसरी गर्ने, कहाँ गर्ने कसले गर्ने, कहिले गर्ने भनेर सिकाउने कुरा, अनुशासान, मर्यादा, आचार, शिक्षा दिने ग्रन्थ ।

२७. प्रवृत्ति — लाग्ने काम, संलग्न हुनु, राम्रैसँग लाग्नु व्यवहार गर्नु लागि पर्ने प्रकिया

२८. निवृत्ति — प्रवृत्ति नहुनु, प्रवृत्तिको निरास निकास

२९. नित्य — सँधै रहने, ननाशिने

३०. कृत — गरेको, सत्ययुग, साँचो कुरा

३१. शासन — सास्ति, सिकाउनु, तहमा राख्नु, अनुशासनमा बस्ने गराउनु, तह लगाउनु, आज्ञा दिनु, हुकुम दिनु

३२. समाधान — राम्ररी राख्नु, राम्ररी बुझाउनु, बराबरी गरेर राख्नु एकैनास पार्नु

३३. पुराण — पुरानो, पहिलेको नयाँ, पुराकथा, पहिलेको समस्या र समाधानको नालीबेली

३४. इतिहास — यस्तो यस्तो भएको थियो भन्ने बयान ।

३५. ऊह — तर्क, वितर्क, अर्थानुसार लिङ्ग, धातु, विभक्ति र वचनको फेर बदल, प्रयोग कालमा संस्कार र पुरुषअनुसार हेरफेर गर्ने काम ।

३६. विकार — सन्धिको एक स्वरूप, एकथरिबाट अर्कोथरि शब्दको वा वर्णको स्वर वा वर्ण स्वरूपको परिवर्तन वा फेरबदली

३७. विश्लेषण — शब्द, पद वा वाक्यको चिराफारा, शब्दको प्रकृति प्रत्यय वाक्यको भाव, वाच्य आदिको छुट्टाछुट्टै प्रस्तुति, सामपाठमा पद-पदको पृथक करण ।

३८. विकर्षण — एउटै कुरा वा पदमा मात्रै न लागेर त्यसलाई मात्रा (ह्रस्व, दीर्घ प्लूत) स्वर उदात्त, अनुदात्त स्वरित)का आधारमा फरक फरक उच्चारण गर्नु ।

३९. अभ्यास — आवृत्ति, दोहोराएर व्याख्या वा उचारण गर्नु, कुनै कुरालाई पुनः पुनः प्रयोग गर्नु

४०. विराम — विश्राम, कुनै काम गर्दा गर्दै, रोकिनु केही कुरा भन्दा भन्दै उच्चारण गर्दा गर्दै रोकिनु

४१. स्तोभ — शब्द समूह, सामगानका क्रममा प्रयोग हुने ओ, हाऊ, हा, आउ, हा हुवा आदि पदहरू ।

४२. स्तोम — साम गानका समूह स्तोत्र र शस्त्रका समूह ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| ४३. | उद्भित् | भूमि छेडेर उम्रिने, बोट, विरुवा, झार पात, यन्त्रविशेष, कुटो कोदालो आदि । |
| ४४. | चित्र | रङ्गीविरङ्गी, धेरैथरि, भिन्नभिन्न प्रकारका अनेक हवि भएको यज्ञ, यागविशेषको नाम । |
| ४५. | अग्निहोत्र | कर्म विशेष, अग्निमा होम गर्ने काम, यज्ञ विशेष, |
| ४६. | धर्म | धारणा, मान्यता मर्यादा, कर्तव्य, आपसी सहजीवनको समझदारी, वेदोक्त यज्ञ कर्मादि । |
| ४७. | पुरुष | जीवात्मा, शरीरधारी, पुंशरीरी, प्रथम मध्यम वा उत्तम पदले बुझाइने व्यक्ति, कर्ता, भोक्ता । |
| ४८. | पुरुषार्थ | धर्मार्थकाममोक्ष, पुरुषको प्रयोजन, पुरुष हुनाको उद्देश्य |
| ४९. | न्याय | सन्मार्गमालानु, सर्वथा मार्गमा हिडाउनु, निसाफ, |
| ५०. | प्रकाश | उन्यालो, ज्ञान, जानकारी दिनु, चिनिनु |
| ५१. | विधि | यसो गर उसो नगर भनी सिकाउने कुरा, विधान, तौरतरिका, किसिम । |
| ५२. | भावना | धातु वा क्रियाको अर्थ, तत्तत्कर्मानुकूल व्यापार वा क्रिया, हुनेवाला (क्रिया) को अनुकूल हुने कामकुरा, |
| ५३. | प्रत्यक्षम् | आँखा, नाक, कान, जिब्रो र छाला यी ५ इन्द्रियद्वारा जानेको, जान्न सकिने कुरा, आँखाले देखिएको कुरा, अनेकौं प्रमाणमध्ये एउटा प्रमाणको नाम |
| ५४. | इन्द्रिय | नाक, काम, आँखा, जिब्रो, छालासमेत ५ ज्ञान गर्ने तथा हात, गोडा, मुख, पायु र उपस्थ यी ५ कर्म गर्नेहरूको साझा नाम, वस्तु प्रकाशित गर्ने र आनन्द गराउने शारीरिक अङ्ग । सुख दुःखको अनुभव गराउने साधन । |
| ५५. | सन्निकर्ष | संयोग, सँगै रहनु, साथ लाग्नु, सामीप्य । |
| ५६. | अनुमान | अन्दाज गर्नु, कल्पना गर्नु, अड्कल गर्नु पहिले देखे जाने सुनेपछि यो यस्तो भएको हुँदा त्यो पनि यस्तो होला भनी अन्दाज गर्नु |
| ५७. | साधन | उपकरण, काम गर्न सघाउने कुरा, लक्ष्यमा पुग्न सघाउने कुरा, सहयोगी कुरा |
| ५८. | हेतु | कारण |
| ५९. | हेत्वाभास | यो कारण हो कि जस्तो लाग्ने कुरा |
| ६०. | दृष्टान्त | अरूलाई देखाउने कुरा उदाहरण दिने काम, उदाहरण, |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै उस्तै, यस्तै त्यस्तै भनेर देखाउने भन्ने काम कुराहरू

६१. व्याप्ति — चाहेको भन्दा बढी कुरा (अरू नचाहेको)मा, त्यो कुरा पुग्नु, सबैतिर पुग्ने काम

६२. अभिहित — बताएको, भनिएको

६३. अभिहितान्वयवाद — एक पटक भनेको कुरोलाई दोहोराउने पक्ष, भनिसकेको कुरामा सहमति, मिलान गर्ने कुरा,

६४. अन्विताभिदान — मिलेको वा भनेको कुरालाई बताउने पक्ष, मिल्ने कुरा मात्र भन्ने, बुझ्ने कुरा ।

६५. वाक्य — बोलेको कुरा, भनेको कुरा अर्थ लाग्ने पूर्ण बोली वचन, कर्ता, कर्म, क्रियापद भएको पूर्ण कथन,

६६. उपमान — उस्तै उस्तै मान्ने, लगभग मिल्ने काम कुरा, एकथरि प्रमाण ।

६७. अर्थापत्ति — भन्दा गर्दा अर्थवाट बुझ्नुपर्ने कुरा, एकथोक भन्दा अर्को थोक बुझ्ने कुरा, एकथरी प्रमाण

६८. ऐतिह्य — इतिहास, हिजो यस्तो थियो रे भन्ने कुरा, पुरानो बयान,

६९ उपलब्ध — एक किसिमको प्रमाणं पाएको कुरा, भएको कुरा,

७० अनुपलब्ध — नपाएको नभएको कुरा, (जस्तै आकाशको फल, खरायोको सिङ्ग, बाँझीको छोरो) टुङ्गे नभएको कुरा, एकथरि प्रमाण ।

७१ स्वतः प्रमाण — आफैँ मान्ने, आफैँ मान्य, कसैको मद्दत नलिई मान्य कुरा जस्तै घाम लाग्यो भने उज्यालो आफैँ आउँछ । घाम (सूर्य)लाई बत्तीले देखाउनु पर्दैन ।

७२. मन्त्र — मनन गर्नु पर्ने कुरा, ईश्वरीय कुरा, पवित्र वचन, वेदका मन्त्र वा ऋचा, फुकफाक गर्ने सूत्र

७३ नामधेय — नाउ, नाम, संज्ञा नामको ध्यान ।

७४ निषेध — हटाइ बन्द गराई रोकाइ, रोक्ने काम,

७५ शक्ति — तागत, बल ।

७६. शब्दशक्ति — शब्दमा भएको बल

७७. लक्षण — लक्षणले जान्ने, अन्दाजले जान्ने जस्तै गङ्गामा घर भन्दा गंगा तीरमा घर भन्ने बुझिन्छ ।

७८. व्यञ्जना — आशयले बुझाउने कुरा घुमाउरो बोली

७९. अभिधा — सिधा बोली



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| ८०. | ध्वनि | आवाज, सङ्केत |
| ८१ | गौण | भन्नै नपर्ने, सामान्य कुरा |
| ८२ | सामान्य | उस्तै, साधारण, समान अर्थवाला अर्को पनि उस्तै । |
| ८३. | जाति | असल, राम्रो जात, किसिम, एक प्रकारको फूल, फूलको एउटा नाम |
| ८४. | शब्द | आवाज, पद, ध्वनि, एकथरि प्रमाण, प्रमाणशास्त्र |
| ८५. | पूर्वपक्ष | वादी, शङ्का, पहिलो पक्ष । |
| ८६. | उत्तरपक्ष | दोस्रो पक्ष, प्रतिवादी यसै हो भन्ने दाविवाला, निर्णय |
| ८७. | समाधान | शङ्का हटाउने काम, खाँचो पूर्ति राम्ररी सम्झाउनु राम्ररी राख्नु, टुङ्गो । |
| ८८. | श्रुति | सुन्ने काम, वेद, सुनेर जानिने कुरा । |
| ८९. | अर्थवाद | श्रुति (वेद)ले बताएका कुरोको प्रशंसा विज्ञापन, बयान |
| ९०. | गुण | सत्व, रज, तम, तीनवटा तत्त्व, गुणीलाई चिनाउने कुरा । |
| ९१. | पञ्चावयव | मीमांसा शास्त्र अनुसारका ५ वटा अधिकरण (अवयव)हरू तर्क वितर्क पछि निर्णयमा पुग्ने पाँच अंग १-विषय, २-विशय(शङ्का) ३-पूर्वपक्ष, ४-उत्तरपक्ष, र ५-सिद्धान्त जस्तै– विषयः संशयश्चैव, पूर्वपक्षस्तथोत्तरम् । सिद्धान्तश्चेति पञ्चैव शास्त्रेऽधिकरणं स्मृतम् ॥ |
| ९२. | अधिकरण | अधि कृ ल्युट+अन, विचार-विमर्श गरी निर्णयमा पुग्ने आधारभूमि न्यायालय, छलफल गर्ने र निधोमा पुने ठाउँ । |
| ९३. | न्याय | निश्चय निर्क्योलमा पुग्ने आधार निसाफ, (मीमांसाका आचार्य जैमिनि महर्षिले करिव १००० न्यायाधिकरण (विचारविमर्शका आधारभूमि) को चर्चा गरेका छन् ती न्याय वा अधिकरणलाई परवर्ती आचार्य एवं दर्शनहरूले पनि आधार मानेका छन्) । |
| ९४. | वाध | रोक, अर्को पक्षले भनेकोमा विरोध, अड्काउ, बाधा |
| ९५. | पृषदाज्यम् | दधिमिश्र आज्य (दही मिसाएको घीउ)लाई पृषदाज्य भनिन्छ, अग्निषोमीय पशुयागको विकृति यागमा दर्शको दधि र घृत दुवै द्रव्य मिलाएर बनेको हवनीय द्रव्य पृषदाज्यको विधान भएको छ । |
| ९६. | सन्दंश | सन्यासो, कुनै विशेष प्रसङ्गको बीचमा परेको चर्चा |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषलाई पनि प्रकरणमा ग्रहण गर्ने न्याय ।

| | |
|---|---|
| ९७. लिङ्ग | परिचायक चिन्ह, परिचय, चिनारीको आधार, मीमांसाका ६ प्रकारका प्रमाणहरूमध्ये एक प्रमाण |
| ९८. वाक्य | कुनै कुरा बुझाउन अथवा विधान गर्न भनेर उच्चरित सार्थक शब्द समुदाय, मीमांसाका ६ प्रमाणमध्ये तेस्रो प्रमाण |
| ९९. प्रकरण | खास कुनै एउटा कुरा बुझाउन प्रयुक्त वाक्यहरू मीमांसाशास्त्रोक्त प्रमाण षट्कमध्ये चौथोमा पर्ने एउटा प्रमाण । |
| १००. स्थान | प्रकरण, अनुष्ठान, स्थल आदिका नामले व्यवहार गरिने मीमांसाका प्रमाण षट्कमध्ये पाचौंमा पर्ने एउटा प्रमाण |
| १०१. समाख्या | सँगै, एकै स्थान वा प्रसङ्गमा बताइएको कुरालाई आधार मानेर निधोमा पुग्ने आधारभूत प्रमाण षट्क मध्ये छैटौं । |
| १०२. पार-दौर्बल्य | पछि पछिकालाई कमजोर दुर्वल कम बल दिने प्रमाणका रूपमा लिने विशेष व्यवस्थापक नियम, उत्तरोतर दुर्वलता |
| १०३. यथासंख्या विधि | आदेश र प्रत्ययको संख्याअनुसारको विधान वा देवता र द्रव्यविधानको क्रमानुसारी विधान गर्ने नीति । |
| १०४. आरादुपकारक | प्रधानसँग साक्षात् सम्वन्ध राख्ने यागेन स्वर्गं भावयेत् मा भैँ सम्वन्ध राखेर मद्दत गर्ने अङ्ग कर्म वा संस्कार |
| १०५. सन्निपत्योपकारक | -पुरोडाशेन यज्ञं भावयेत्, अथवा प्रोक्षणेन हविः शोधयेत् जस्ता परम्परया स्वर्गादि फलजनक अङ्गोपाङ्ग कार्य वा संस्कार |
| १०६. मत्वर्थलक्षण | मतुप्, वतुप् प्रत्ययको समेत मद्दतले द्रव्य र यज्ञको विधायक आधार सोमेन यजेत जस्तै मनय् लक्षणद्वारा विधिनिर्दिष्टार्थ बोधको आधार |
| १०७. पर्युदास | अपसारण, निराकरण, परिहार |
| १०८. निषेध | निवारण |
| १०९. प्रतिषेध | निषिद्धको प्रयोगलाई पुनः निषेधको कार्य |
| ११०. इडा | हुतशेष पुरोडाश खण्ड |
| १११. इडापात्र | पुरोडाश खण्डराख्ने काठको पात्र |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| ११२. | इडाभक्षण | छुटशेष पुरोडाशादि (यज्ञ प्रसाद) अध्वर्यु आदिले खाने कार्य । |
| ११३. | श्रृतावदान | पाकेको पुरोडाशादि हवि, स्फ्यले काटेर स्रुवमा लिनु |
| ११४. | प्राशित्र | ब्रम्हाले खाने (यज्ञशेष प्रसादको) भाग |
| ११५. | प्राशिभप्तत्र | ब्रम्हाले खाने यज्ञको प्रसाद राख्ने पात्र |
| ११६. | स्फ्य | खड्ग आकारको काठको यज्ञ पात्र |
| ११७. | स्वरु | यूप (मौलो) काट्दा आएको पहिलो चोइटो । |
| ११८. | परिसङ्ख्या विधि | विधि वाक्यका आधारमा दुवैतिर प्राप्तभएको अवस्थामा एउटालाई छोडेर अर्कोलाई पनि न लिएर तेस्रो पक्ष मध्यमार्ग रोज्ने प्रमाण जस्तै : पञ्चनख भक्षण प्राप्तलाई छोडेर पञ्चातिरिक्त पञ्चनखाभक्षण अर्थपरक निर्णय गर्ने विधिको नाम |
| ११९. | उत्कर | फोहोर फाल्ने ठाउँ वा रद्दीको टोकरी |
| १२०. | अकर, विकिर, उत्कर | फाल्तु कुरा, फोहोर |
| २२१. | चात्वाल | माटो झिक्ने खाल्टो |

परिसङ्ख्याका दोषत्रय १. प्राप्तार्थ त्याग, २. अप्राप्तार्थ वाधः, ३.अन्यार्थकल्पना

पञ्चनखा : शल्यकः, श्वाविधो गोधाः, शशः, कूर्मश्च पञ्चमः । एते पञ्चनखा भक्षाः ।

१) प्राप्तार्थत्याग (पञ्चनखभक्षणरूप अर्थको त्याग),

२) पञ्चातिरिक्त पञ्चनखाभक्षणमा वाध,

३) पञ्चातिरिक्त पञ्चनखको अभक्षणमा तात्पर्य ग्रहण

**ॐ चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पञ्चभिरेव च ।**
**हूयते च पुनर्द्वाभ्यां स मे विष्णुः (यज्ञ) प्रसीदतु ॥**

अर्थ : "ओश्रावय" चार अक्षरले आश्रावण (खान बोलाउने) **"अस्तु श्रौषट्"** हुन्छ भनेर **चार अक्षर**ले प्रत्याश्रवण (सहमति) जनाउने, **"यज"-होम(दान)** गर भनेर, **दुई अक्षर**ले आज्ञा दिने, **"ये यजामहे"** – हुन्छ होम गर्छौं भनेर पाँच अक्षरले आज्ञा मानेर, **"वौषट्"** भन्ने दुई अक्षरले जो यज्ञ पुरुष (विष्णु) को पूजा हुन्छ ती (सप्तदशाक्षरको सूक्ष्म शरीरवाला) विष्णु प्रसन्न रहून् ।

**श्री कर्मेश्वरार्पणमस्तु**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ।।

नेपालसर्वकारतः स्वीकृता सामाजिकी प्राशिकी च सर्वकारीयेतरा संस्था

## जयतु संस्कृतम् संस्थायाः प्रकाशनानि

१. मङ्गलग्रहः (काव्यम्) - डा. टीकारामपन्थी
२. कृष्णाभिसर्पणम् (काव्यम्) - महाकविः भरतराजः 'मन्थलीयः'
३. मीमांसातर्कभाषा - डा. काशीनाथन्यौपाने
४. चन्द्रप्रभा (काव्यम्) - डा. टीकारामअधिकारी
५. संस्कृतकवितासङ्ग्रहः (प्रथमपुष्पम्) - संयुक्तसम्पादनम्
६. कलमाक्षरचरितकाव्यम् - प्रा. तेजकेशरीशर्मा
७. संस्कृतमा के छ ? - अनुसन्धानात्मकलेखसङ्ग्रहः
८. जयतु संस्कृतम् (अनुसन्धानपत्रम्) - संयुक्तसम्पादनम्
९. प्राकृतपोखरा (संस्कृते) - अनुवादकः डा.लक्ष्मीकान्तपन्थी
१०. लङ्कावतारसूत्रम् - अनु.डा. काशीनाथन्यौपाने
११. चार्वाकदर्शनम् - प्रा. रेवतीरमणखनालः
१२. गौतमन्यायसूत्रम् - अनु.प्रा. पद्मप्रसादभट्टराई
१३. ब्रह्मसूत्रम् - अनु.प्रा.डा. दीर्घराजघिमिरे
१४. जयतु संस्कृतम् (अनुसन्धानपत्रम्) - संयुक्तसम्पादनम्
१५. संस्कृतकवितासङ्ग्रहः (द्वितीयपुष्पम्) - संयुक्तसम्पादनम्
१६. कामकलाविलासः - प्रा. विद्यानाथ-उपाध्यायः
१७. जैन दर्शन-तत्त्वार्थ सूत्रम् - डा. चन्द्रमणिनेपालः
१८. दर्शनसारामृतम् - लोकनाथलुइँटेलः
१९. मीमांसापरिभाषा- प्रा.डा. ऋषिरामपोखरेलः
२०. समिक्षात्मकग्रथ - ध्रुवभट्टराई


## जयतु संस्कृतम्

केन्द्रीयकार्यालयः, काष्ठमण्डपः, नेपालः
दूरभाषः ०१- ५७०५३७१

9789937858878


Jayatu Sanskritam, Kathmandu, Nepal